# ज्वाला उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत भैरहवा बहुमुखी क्याम्पस
नेपाली विभाग, स्नातकोत्तर तह
दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

शोधपत्र

शोधार्थी
अनन्तराम भण्डारी
त्रि.वि. भैरहवा बहुमुखी क्याम्पस
नेपाली विभाग
सिद्धार्थनगर, रूपन्देही
२०६९

शोधनिर्देशक
डा.दामोदर ढकाल
सहप्राध्यापक

# ज्वाला उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत भैरहवा बहुमुखी क्याम्पस
नेपाली विभाग, स्नातकोत्तर तह
दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
अनन्तराम भण्डारी
त्रि.वि. दर्ता नं. ६-२-१९-७४९-२००२, रोल.नं. ५२०००१, शैक्षिक सत्र २०६६-२०६८
भैरहवा बहुमुखी क्याम्पस नेपाली विभाग
सिद्धार्थनगर, भैरहवा

# त्रिभुवन विश्वविद्यालय
# भैरहवा बहुमुखी क्याम्पस
# सिद्धार्थनगर, रूपन्देही

## शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पसका छात्र अनन्तराम भण्डारीले स्नातकोत्तर तह नेपाली दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको लागि **ज्वाला उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार गर्नुभएको हो । उहाँले परिश्रमपूर्वक यो शोधकार्य तयार पार्नुभएकोले म यो कार्यबाट पूर्ण सन्तुष्ट छु । त्यसैले यसको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. भैरहवा बहुमुखी क्याम्पस नेपाली विभाग मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मिति :- २०६९/१०/०७

..............................

**डा.दामोदर ढकाल**
सहप्राध्यापक
नेपाली विभाग
भैरहवा बहुमुखी क्याम्पस
सिद्धार्थनगर, रूपन्देही

# कृतज्ञता ज्ञापन

रामचन्द्र भट्टराईको **ज्वाला उपन्यासको कृतिपरक अध्ययन** विषयक शोधपत्र मैले आदरणीय गुरू सहप्राध्यापक डा.दामोदर ढकालज्यूको आत्मीय सहयोग एवम् कुशल निर्देशनमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार गरेको हुँ । आफ्नो अति व्यस्त समयबाट फुर्सद निकालेर प्रस्तुत शोधपत्र तयार नहुन्जेलसम्म आवश्यक सल्लाह सुझाव एवम् निर्देशन प्रदान गर्नुहुने शोधनिर्देशक गुरूप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधप्रस्तावलाई स्वीकृत प्रदान गरी आवश्यक सुझावसहित प्रस्तुत शोधपत्र तयार पार्नको लागि अमूल्य ज्ञान प्रदान गर्नुहुने विभागीय प्रमुख आदरणीय गुरू सहप्राध्यापक डा. कपिलदेव लामिछाने ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।प्रस्तुत शोधपत्र तयार पार्ने सन्दर्भमा आवश्यक सुझावसहित उचित सल्लाह दिनुहुने आदरणीय गुरू क्याम्पस प्रमुख सहप्राध्यापक डा. घनश्याम न्यौपाने 'परिश्रमी' प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।साथै अन्य आदरणीय गुरूहरू सहप्राध्यापक डिल्लीराज भट्टराई, सहप्राध्यापक मदनप्रसाद दवाडी, सहप्राध्यापक बालकृष्ण भट्टराई, उपप्राध्यापक वनमाली निराकार, उपप्राध्यापक त्रिभुवन बरई, शिक्षण सहायक कृष्णप्रसाद बस्याल, शिक्षण सहायक श्रीमती कविता रिजाल प्रति पनि हार्दिक कृतज्ञता सहित आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्यका लागि आवश्यक सामग्री उपलब्ध गराई विषयात्मक एवम् भावनात्मक सहयोग गर्नुहुने शोधनायक रामचन्द्र भट्टराई तथा उहाँकी धर्मपत्नी मैँया भट्टराई प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्रको सिलसिलामा आवश्यक पुस्तकीय सामग्रीहरू उपलब्ध गराईदिने भैरहवा बहुमुखी क्याम्पस पुस्तकालय तथा भैरहवा क्याम्पस नेपाली विभाग प्रति पनि आभार प्रकट गर्दछु ।

जसजसका पुस्तक र लेखहरूबाट शोधपत्र तयार पार्न सहयोग लिइयो ती सम्पूर्ण लेखक साहित्यकार तथा विद्वानज्यूहरू प्रति आभार प्रकट गर्दछु । मलाई अध्ययनको उचित वतावरण सिर्जना गरी यहाँसम्म ल्याउन हर्दम श्रम, पसिना बगाउने पूजनीय बुबा कर्ण भण्डारी, आमा नर्मता भण्डारी तथा मेरी धर्म पत्नी मेनुका भण्डारी प्रति सधैँ ऋणी रहनेछु । यो शोधपत्र तयार गर्नका लागि आवश्यक सामग्री खोज अनुशन्धान गर्न सहयोग गरिदिने सम्पूर्ण संघ संस्था प्रति कृतज्ञता ज्ञापन गर्दछु।

अन्त्यमा आफ्नो अथक परिश्रमबाट तयार गरिएको यस शोधपत्र आवश्यक मूल्याङ्कनको लागि भैरहवा बहुमुखी क्याम्पस नेपाली विभाग समक्ष पेस गर्दछु ।

......................

मिति : २०६९/१०/०७/

अनन्तराम भण्डारी
स्नातकोत्तर नेपाली विभाग
त्रि.वि.भैरहवा बहुमुखी क्याम्पस
सिद्धार्थनगर, रूपन्देही

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| **शोध-निर्देशकको सिफारिस** | | |
| **स्वीकृति-पत्र** | | |
| **कृतज्ञता ज्ञापन** | | **क** |
| **सङ्क्षेपीकृत सूची** | | **ख** |
| **विषयसूची** | | **ग-ङ** |
| | **अध्याय एक : शोध परिचय** | **१-४** |
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधपत्रको प्रयोजन | १ |
| १.३ | समस्याकथन | १ |
| १.४ | शोधको उद्देश्य | १ |
| १.५ | पूर्वकार्यको समीक्षा | २ |
| १.६ | शोधको औचित्य, महत्त्व र उपयोगिता | ३ |
| १.७ | अध्ययनको सीमाङ्कन | ३ |
| १.८ | सामग्री सङ्कलन विधि | ३ |
| १.९ | शोधविधि र शोधको सैद्धान्तिक आधार | ३ |
| १.१० | शोधपत्रको रूपरेखा | ४ |
| **अध्याय दुई : उपन्यासको सैद्धान्तिक स्वरूप** | | **५-३७** |
| २.१ | उपन्यासको परिचय | ५ |
| २.२ | उपन्यासको परिभाषा | ६-७ |
| २.३ | उपन्यासको स्वरूप | ७ |
| | २.३.१ उपन्यासमा सत्य, तथ्य र इतिहासको प्रस्तुति हुन्छ | ८ |
| | २.३.२ उपन्यासमा जीवनको प्रक्षेपण हुन्छ | ८ |
| | २.३.३ उपन्यासमा समाजको प्रस्तुतीकरण हुन्छ ८ | |
| | २.३.४ उपन्यासको आफ्नै समाजशास्त्र हुन्छ | ८ |
| | २.३.५ उपन्यास साहित्यिक विधा हो | ९ |
| | २.३.६ उपन्यास आख्यान हो | ९ |
| | २.३.७ उपन्यास गद्यमा लेखिन्छ | ९ |
| २.४ | उपन्यासका तत्त्व | ९ |
| | २.४.१ प्रमुख तत्त्व | १० |
| | २.४.१.१ कथानक | १०-११ |

२.४.१.२ पात्र वा चरित्र चित्रण १२-१३
२.४.१.३ पर्यावरण १३
२.४.१.४ सारवस्तु १४
२.४.१.५ भाषा शैली १४
२.४.२ सहायक तत्त्व १५
२.४.२.१ दृष्टिविन्दु १५
२.४.२.२ प्रतीक,विम्ब १५
२.४.२.३ गति र लय १५
२.५ उपन्यासको वर्गीकरण १६
२.५.१ विषयवस्तुको आधारमा १६-१८
२.५.२ कथानकका आधारमा १८-१९
२.५.३ शैलीका आधारमा १९-२०
२.५.४ धारागत आधारमा २०-३६
२.६ निष्कर्ष ३७

**अध्याय तीन : ज्वाला उपन्यासको कथानकको अध्ययन ३८-६१**

३.१ ज्वाला उपन्यासको कथानकको अध्ययन ३८-४९
३.२ कथानकको ढाँचा ४९-५२
३.३ कथानकको स्रोत
५२
३.४ कथानकको प्रकार ५२-५४
३.५ कथानकको आङ्गिक विकास ५४-६०
३.६ निष्कर्ष ६०-६१

**अध्याय चार : ज्वाला उपन्यासका पात्र र चरित्रको अध्ययन ६२-७९**

४.१ पात्र र चरित्रको वर्गीकरण ६२-६६
४.२ ज्वाला उपन्यासको चरित्रका प्रकार ६६-६८
४.३ ज्वाला उपन्यासको पात्रको चरित्र चित्रण
६८
४.३.१ प्रमुख पात्रहरू ६८
४.३.१.१ ज्वाला ६८-७०
४.३.१.२ झपट ७०-७१
४.३.१.३ दीना ७१-७२
४.३.१.४विप्लव ७२-७३
४.३.१.५ गञ्जबहादुर ७३-७४
४.३.२ सहायक पात्रहरू ७४

| | | |
|---|---|---|
| | ४.३.२.१ अरुणा | ७४-७५ |
| | ४.३.२.२ चाँदनी | ७५-७६ |
| | ४.३.३ गौण पात्रहरू | ७६ |
| | ४.३.३.१ कविता | ७६-७७ |
| | ४.३.३.२ जर्नेल | ७७-७८ |
| | ४.३.४ अन्य पात्रहरू | ७८ |
| ४.४ | पात्र र चरित्रचित्रणको तालिका | ७८ |
| ४.५ | निष्कर्ष | ७८-७९ |
| **अध्याय पाँच : ज्वाला उपन्यासको परिवेश, उद्देश्य विचार र भाषाशैलीको अध्ययन** | | **८०-९४** |
| ५.१ | परिचय | ८०-८१ |
| ५.२ | ज्वाला उपन्यासको परिवेश | ८१-८३ |
| | ५.२.१ देश | ८३-८४ |
| | ५.२.२ काल | ८४ |
| | ५.२.३ वातावरण | ८४ |
| ५.३ | ज्वाला उपन्यासमा उद्देश्य र विचार | ८४-८७ |
| ५.४ | ज्वाला उपन्यासको भाषाशैली | ८७-८९ |
| ५.५ | ज्वाला उपन्यासको दृष्टिविन्दु | ८९-९० |
| ५.६ | ज्वाला उपन्यासमा कौतूहल | ९०-९१ |
| ५.७ | ज्वाला उपन्यासमा द्वन्द्व | ९१-९२ |
| ५.८ | ज्वाला उपन्यासको रूपविन्यास | ९२ |
| ५.९ | निष्कर्ष | ९२-९४ |
| | **अध्याय छ : शोधनिष्कर्ष** | **९५-१००** |
| ६.१ | सारसङ्क्षेप | ९५-९६ |
| ६.२ | निष्कर्ष | ९६-१०० |
| सन्दर्भ सामग्री सूची | | १०१-१०३ |

# सङ्क्षेपीकृत सूची

| | |
|---|---|
| अनु. | अनुवादक |
| अप्र. | अप्रकाशित |
| आइ.ए. | इन्टरमिडियट अफ आर्टस् |
| ई.सं. | ईस्वी संवत् |
| एम.ए . | मास्टर्स अफ आर्टस् |
| एस.एल.सी. | स्कूल लिभिङ् सर्टिफिकेट |
| क्र.सं. | क्रम सङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| डा. | डाक्टर |
| ते.सं. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | दोस्रो संस्करण |
| नं. | नम्बर |
| ने.क.पा. | नेपाल कम्युनिष्ट पार्टी |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्रा. | प्राध्यापक |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| पृ. | पृष्ठ |
| बी.ए. | ब्याचलर अफ आर्टस् |
| बु.न.पा. | बुटवल नगरपालिका |
| भै.ब.क्या. | भैरहवा बहुमुखी क्याम्पस |
| वि.सं. | विक्रम संवत |
| सम्पा. | सम्पादक |
| संस्क. | संस्करण |
| सि.न. | सिरियल नम्बर |
| संशो. | संशोधन |

# अध्याय एक

# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक “ज्वाला उपन्यासको कृतिपरक अध्ययन” रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस नेपाली विभागको स्नातकोत्तर तह, दोस्रो वर्षको दसौं पत्रको पाठ्यभार परिपूर्ति गर्ने प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ समस्याकथन

प्रस्तुत शोधपत्र रामचन्द्र भट्टराईको “ज्वाला उपन्यासको कृतिपरक अध्ययन” शीर्षकमा केन्द्रित रहेको छ । कवि तथा उपन्यासकार रामचन्द्र भट्टराई नेपाली सहित्यका सिर्जनशील व्यक्तित्व हुन् । उनको **ज्वाला** उपन्यासको बारेमा कतिपय लेखकहरूले फाटफुट चर्चा गरे तापनि ज्वाला उपन्यासको विषयमा गहन अध्ययन र विश्लेषण भएको देखिँदैन । तसर्थ यससँग सम्बन्धित निम्न समस्याहरू रहेका छन् :

(क) **ज्वाला** उपन्यासको कथानक के कस्तो रहेको छ ?

(ख) **ज्वाला** उपन्यासमा पात्र र चरित्रचित्रण के कस्तो देखिन्छ ?

(ग) **ज्वाला** उपन्यासको परिवेश के कस्तो रहेको छ ?

(घ) **ज्वाला** उपन्यासको उद्देश्य र विचार के कस्तो छ ?

(ङ) **ज्वाला** उपन्यासको भाषाशैली के कस्तो छ ?

## १.४ शोधको उद्देश्य

**ज्वाला** उपन्यासको कृतिपरक अध्ययन शीर्षकमा गरिएको शोधकार्यको मुख्यतया निम्नानुसारको उद्देश्य रहेका छन् :

(क) **ज्वाला** उपन्यासको कथानकको विश्लेषण गर्ने,

(ख) **ज्वाला** उपन्यासमा रहेका पात्र र चरित्र चित्रणका बारेमा अध्ययन गर्ने,

(ग) **ज्वाला** उपन्यासको परिवेशको बारेमा व्याख्या गर्ने,

(घ) **ज्वाला** उपन्यासमा रहेको उद्देश्य र विचारको बारेमा प्रस्ट पार्ने,

(ङ) **ज्वाला** उपन्यासको भाषाशैलीको बारेमा प्रकाश पार्ने,

## १.५ पूर्वकार्यको समीक्षा

उपन्यासकार रामचन्द्र भट्टराई आधुनिक नेपाली साहित्यका एक बहुमुखी प्रतिभा हुन् । मूलत: कविको रूपमा प्रतिष्ठित भट्टराईको योगदान उपन्यासको साथै गीतिकाव्यको क्षेत्रमा पनि देखिन्छ झण्डै तीन दशकदेखि नेपाली साहित्यमा औपचारिक रूपले प्रवेश गरेका भट्टराईका हालसम्म थुप्रै कविता सङ्ग्रह, गीतिकाव्य, गीतिसङ्ग्रह, उपन्यास र आत्मवृत्तान्तसमेत प्रकाशित भएका छन् । उपन्यासकार भट्टराईको ज्वाला उपन्यासका बारेमा पत्रपत्रिकाहरूमा सामान्य टिप्पणी समालोचना गरिए तापनि कृतिको समग्र पक्षको गहन अध्ययन हुन सकेको छैन । जे जति चर्चा भएको छ त्यसलाई यसप्रकार प्रस्तुत गरिन्छ :

कल्पना बस्नेतले "बोई गीतिकाव्यको कृतिपरक अध्ययन" अप्र. स्नातकोत्तर शोधपत्र नेपाली विभाग भैरहवा बहुमुखी क्याम्पस (२०६६) शीर्षकमा **ज्वाला** उपन्यासको बारेमा सामान्य चर्चा गरेकी छन् । उनले नेपाली शोषित, उत्पीडित, दमित जनताको मुक्ति सङ्घर्षको लागि देशमा चलेको दशवर्षे जनयुद्धमा केन्द्रित रही तीसको दशकदेखि यताको राजनीतिक पृष्ठभूमिलाई यो उपन्यासले समेटेको छ साथै सामन्तवादी र साम्राज्यवादी आर्थिक, राजनीतिक र साँस्कृतिक संरचनाका विरूद्ध महान् विद्रोहका रूपमा सञ्चालित सशस्त्र जनयुद्धमा देखेका, भोगेका, पढेका, सुनेका र अनुभूत गरेका कुराहरूलाई यस उपन्यासले यथार्थ रूपमा चित्रण गरेको छ भनेकी छिन् ।

पदमराज शर्माले 'प्रत्युत्तर बोई गीतिकाव्य' **सुस्केरा**, (वर्ष ११, पूर्णाङ्क ३९,२०३८) लेखमार्फत बोई गीतिकाव्यले समाजसुधारको सन्देश सञ्चार गर्नमा अग्रणी भूमिका खेलेको कुरा व्यक्त गरेका छन् । यसमा उनले रामचन्द्र भट्टराईको **बोई** गीतिकाव्यको बारेमा चर्चा गरे पनि **ज्वाला** उपन्यासको बारेमा कुनै चर्चा छैन ।

रविलाल अधिकारीले 'प्रगतिवादी नेपाली कविताका आशाका ज्योतिहरू' (२०४४) शीर्षकमा भट्टराईको **बोई** गीतिकाव्यको विवेचना गर्दै प्रगतिवादी नेपाली कवितामा यसको स्थान निर्धारण गर्ने प्रयत्न गर्दै काव्यको मात्र चर्चा गरेका छन् तर **ज्वाला** उपन्यासको बारेमा चर्चा गरेका छैनन् ।

हीरामणि शर्माले 'रचना विवेचना' (२०४३) नामक कृतिमा 'साहित्यिक फाँटमा लुम्बिनी अञ्चलका काव्यकार र तिनका काव्यहरू' शीर्षक लेखमार्फत भट्टराईको साहित्यिक व्यक्तित्त्वको चर्चा गरे पनि **ज्वाला** उपन्यासको बारेमा यथेष्ट चर्चा छैन ।

दिल साहनीले **मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य** (२०६७) मा 'रामचन्द्र भट्टराईको ज्वाला उपन्यास बारे' (पृ-७५) शीर्षकमा **ज्वाला** उपन्यासको बारेमा समालोचना गर्दै जनयुद्धको कथानकलाई समेटी मार्क्सवादी विचारधारालाई अंगालेको प्रगतिवादी उपन्यास भनेका छन् । तर पनि यस उपन्यासको बारेमा विस्तृत चर्चा भएको छैन ।

बाबुराम भट्टराईले **ज्वाला** उपन्यासको भूमिकामा 'जनयुद्धको महत्त्वपूर्ण सौन्दर्यशास्त्रीय अभिलेख'(२०६४) शीर्षक मार्फत ज्वाला उपन्यासको बारेमा चर्चा परिचर्चा गरेका छन् । उनले उक्त लेखमा ज्वाला उपन्यास नेपाली शोषित, उत्पीडित जनताको मुक्ति सङ्घर्षको एक उल्लेखनीय सौन्दर्यशास्त्रीय अभिलेख हो भनेका छन् । ज्वाला उपन्यास नेपाली सर्वहारा वर्गको मुक्ति अभियानको सशक्त सौन्दर्यशास्त्रीय अभिलेख हो । यसले सामाजिक यथार्थवादी नेपाली

उपन्यासको शृङ्खलामा एउटा नयाँ  कडी थपेको छ । यो उपन्यासले पक्षपोषण गरेको क्रान्तिकारी सर्वहारावर्गीय विचार र प्रवाहित गरेको क्रान्तिकारी आशावादिताले विजयोन्मुख नेपाली सर्वहारावादी आन्दोलनलाई थप ऊर्जादिने निश्चित छ भन्दै ज्वाला उपन्यासको बारेमा विश्लेषण गरेपनि व्यापक अध्ययन भएको छैन ।

यसप्रकार रामचन्द्र भट्टराईको व्यक्तित्त्व र उनका काव्य कृतिका बारेमा सामान्य चर्चा भए पनि **ज्वाला** उपन्यासको गहन अध्ययन विश्लेषण हुन नसकेको परिप्रेक्ष्यमा यस शोधपत्रमा समग्र पक्षको अध्ययन विश्लेषण गरिएको छ ।

## १.६ शोधको औचित्य, महत्त्व र उपयोगिता

नेपाली साहित्यमा कवि र उपन्यासकारको रूपमा प्रतिष्ठित रामचन्द्र भट्टराई आधुनिक नेपाली उपन्यास परम्पराका सशक्त प्रगतिवादी उपन्यासकार हुन् । साहित्यका विभिन्न विधामा कलम चलाउदै आएका भट्टराईले उपन्यासको क्षेत्रमा पनि सफलतापूर्वक कलम चलाएको देखिन्छ तापनि उनको **ज्वाला** उपन्यासको कृतिपरक अध्ययन विश्लेषण नभएको अवस्थामा यस विषयको शोध गर्न आफैमा उपयोगितामूलक, औचित्यपूर्ण र महत्त्वपूर्ण छ । यस शोधकार्यबाट नेपाली साहित्यका पाठक अध्यापक तथा सबै वर्गका व्यक्तिहरू लाभान्वित हुनेछन् ।

## १.७ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधमा रामचन्द्र भट्टराईको **ज्वाला** उपन्यासको अध्ययन विश्लेषण रहेको छ । **ज्वाला** उपन्यासलाई उपन्यास विधा र तत्त्वका आधारमा विश्लेषण गर्नु नै प्रस्तुत शोधकार्यको मूल सीमा रहेको छ ।

## १.८ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि आवश्यक पर्ने सामग्रीको सङ्कलन गर्न पुस्तकालयीय अध्ययन विधि अपनाइएको छ ।

## १.९ शोधविधि र शोधको सैद्धान्तिक आधार

प्रस्तुत शोधकार्यका लागि सामान्यतया वर्णनात्मक विधिबाट अध्ययन गरिएको छ साथै उपन्यासको सैद्धान्तिक तत्त्वहरूका आधारमा समेत अध्ययन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

रामचन्द्र भट्टराईको **ज्वाला उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको प्रस्तुत शोधकार्यको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : उपन्यासको सैद्धान्तिक स्वरूप

अध्याय तीन : **ज्वाला** उपन्यासको कथानकको अध्ययन

अध्याय चार : **ज्वाला** उपन्यासका पात्र र चरित्रको अध्ययन

अध्याय पाँच : **ज्वाला** उपन्यासको परिवेश, उद्देश्य, विचार र भाषाशैलीको अध्ययन

अध्याय छ : शोधनिष्कर्ष

सन्दर्भसूची

# अध्याय दुई
# उपन्यासको सैद्धान्तिक स्वरूप

## २.१ उपन्यासको परिचय

'उप' उपसर्गवाची पद पूर्वमा हुने ...न्यास' शब्दको संयोजनबाट निर्मित 'उपन्यास' शब्दले समीपमा विन्यास गरिने भन्ने अर्थ व्यक्त गर्दछ । उपन्यासले हाम्रो जीवनको सामीप्यता मात्र होइन, हामीमध्येका जीवनलाई हामीमध्येमै प्रस्तुत गरिदिन्छ । उप+नि+अस्+अ अर्थात् हुनु अर्थ बोध गराउने 'अस्' धातुमा 'नि' र 'उप' दुईवटा उपसर्ग मिलेर निर्मित भएको 'उपन्यास' शब्द नेपाली सहित्यको ललित गद्यकाव्यको आख्यानात्मक प्रविधालाई संकेत गर्नमा प्रवृत छ । आख्यानतत्त्व प्रवल भएको र जीवनका सत्य बिम्बलाई ग्रहणीय, मननीय र अनुकरणीय बनाएर प्रस्तुत गरिने रचना विधानलाई उपन्यास नामाकरण गरियो तर यस रचना विशेषले उपन्यास नाम प्राप्त गरेको त त्यति लामो समय नै बितेको छैन । परन्तु उपन्यासमा निहित तत्त्वले मानवजीवनसँग सम्बन्ध राखेको समय भने मानवसभ्यताको समयक्रमजत्तिकै प्राचीन र शाश्वत भइसकेको छ । [1]

संस्कृत साहित्यमा उपन्यास शब्दको प्रयोजनपरक अर्थ यसरी गरिएको छ -'उपपत्ति कृतो हि, अर्थ उपन्यास सङ्कीर्तित' अर्थात कुशलतापूर्वक विशेष अर्थ प्रकट गर्ने प्रक्रिया विशेष नै उपन्यास हो भन्ने अर्थ प्रवर्तन गरिएको छ । अथवा जीवनका सत्य पक्षलई भाषाद्वारा आफ्नै नजिकमा विन्यास गरिनु उपन्यास हो । जुन प्रस्तुति छ त्यो आफैमा जिवनको प्रतिरूप भएर समीपमा विन्यस्त हुन्छ । अर्थात लोकप्रचलनका भाषामा आख्यानात्मक शैलीमा जीवनको इतिवृत्त अभिव्यक्त गर्दै जानु उपन्यास हो भन्ने कुरा सिद्ध हुन आउँछ ।

उपन्यासलाई अंग्रेजीमा नोबेल ९ल्यखभℓ० भनिन्छ । ल्यखभℓ शब्द ल्याटिन भाषाको ल्यखबℓथिधक बाट विकसित भएको हो । यसै ल्याटिन भाषाबाट विकसित हुँदै फ्रान्समा पुगेको नोवेला ल्यखभℓℓबि शब्द उपन्यासका अर्थमा प्रयोग हुन पुगेको छ । आज नोवेल शब्दको प्राविधिक अर्थ उपन्यास बनेको छ । यसको ल्याटिनमूलको अर्थ के हो भने नोवेल अर्थात समाचारपत्र । समाचारपत्रलाई संकेत गर्न नोवेला ९ल्यखभℓℓबि० शब्द प्रयोग हुन्थ्यो । यसको सामान्य अर्थ केवल घटनालाई समाचारका रूपमा सम्प्रेषित गर्नु भन्ने हुन्थ्यो तर यसको अर्थगत प्रयोजनीयता आज अर्कै भएको छ । अथवा घटना, वस्तु, पात्र, परिवेश, कुतूहलता द्वन्द्व प्रस्तुति विशेषसमेतको आख्यानात्मक प्रतिपादनलाई उपन्यास भन्ने अर्थ दिन थालिएको छ । आज उपन्यास शब्दले गद्यात्मक आख्यानको जीवनसापेक्ष प्रस्तुति हो र नोवेल शब्द आधुनिक उत्पत्ति हो भन्ने कुराको बोध गराउँछ ।[2]

---

[1] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** काठमाडौँ: साझा प्रकाशन, २०५३, पृ.१ ।

[2] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** काठमाडौँ : साझा प्रकाशन, पूर्ववत, पृ.५।

## २.२ उपन्यासको परिभाषा

उपन्यासको लेखन तथा प्रकाशन हुन थालेपछि यसको व्याख्या,विश्लेषण तथा समालोचना पनि हुन थाल्यो भने यिनमा निहित विशेषताहरूलाई आधार बनाएर परिचय तथा परिभाषा दिने क्रम पनि प्रारम्भ भयो । विभिन्न आधारमा विभिन्न समयमा विभिन्न किसिमले परिभाषा दिएका छन् । यी मध्ये केही पूर्वीय तथा पाश्चात्य विद्वानहरूका महत्त्वपूर्ण परिभाषाहरू यस प्रकारका रहेका छन् :

"विशेष देशकाल र चारित्रिक समूह समावेश भएको क्रमबद्ध घटनाहरूको माध्यमद्वारा अभिव्यक्त हुने आवश्यक लम्बाइ भएको तथा बनाइएको त्यस्तो साहित्यिक वर्णनात्मक गद्यविधालाई उपन्यास भनिन्छ जसमा मान्छेका अनुभवहरूलाई केही जटिलताका साथ कल्पनाको सहयोगले प्रस्तुत गरिन्छ ।"

**–द न्यू इन्साइक्लोपिडीया ब्रिटानीया**

"विस्तारित गद्याख्यानाको साझा विशेषता भएका सबै खाले कृतिहरूलाई उपन्यास भनिन्छ।"

–एम.एच.अब्राम.**अ ग्लोसरी अफ लिटरेरी. टर्म्स**

"उपन्यासको रूचि र अस्तित्व जहाँ पनि नारी र पुरूषका जीवन साथै मानवीय कार्य र भावनाको भव्य चित्रण गर्नमा रहेको छ"

–डब्लु.एच.हुडसन.**एन इन्ट्रोडक्सन टु द स्टडी अफ लिटरेचर**

"हालको जटिल एवं सङ्कटग्रस्त सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक आदि संस्कारद्वारा पीडित मानवजातिको एउटा प्रतिनिधिमूलक अभिव्यक्ति नै उपन्यास हो।"

–इ.एम.फोस्टर, **एस्पेक्ट अफ द नोवेल**

"उपन्यास कोरा कथात्मक गद्य लेखन होइन, यो त मानवजीवनको गद्य हो । उपन्यासकला नै पहिलो कला हो, जसले मानवको सम्पूर्ण जीवनलाई अभिव्यक्त गर्ने प्रयास गर्छ ।"

–राल्फ फक्स, **द नोवेल एन्ड द पिपल**

"उपन्यासले मानवजीवनको सम्पूर्णताको अध्ययन गर्ने भएकाले यसको महत्त्व अन्य कला र साहित्यभन्दा स्वभाविकरूपले बढी छ ।"

–डि.एच.लरेन्स,**ह्वाइ द नोवेल म्याटर**

"उपन्यास मानवजीवनकै सम्पूर्णताको अभिव्यक्ति हो ।"

–कृष्णचन्द्रसिंह प्रधान नेपाली उपन्यास र उपन्यासकार

"यथार्थसँ ग परिचयन, सत्यको सन्धान, मूल्यको संरक्षण जीवन वैविध्यमाथि एकरूपता प्रदान, जीवनशिक्षण व्यक्तित्त्वको पुनरन्वेषण र मानवताको प्राप्ति उपन्यासका प्रमुख दायित्त्व हुन् ।"

–इन्द्रवहादुर राई, **नेपाली उपन्यासका आधारहरू**

“मानव मस्तिष्कको चिरफारका साथै शारीरिक हिस्सी, सौष्ठव र संयोजनको वर्णनदेखि लिएर मानव बीचका सम्पर्क,सामाजिक दायित्त्व, धार्मिक र आध्यात्मिकका चिन्तनको उच्चता सभ्यता, संस्कृति र कलालाई संरक्षण गर्ने समस्त भावनात्मक, विचारात्मक र शारीरिक, भौतिक तथ्य र तत्त्वहरूको गद्यिक विवेचना नै उपन्यास हो ।”

–तारा नाथ शर्मा

“कुनै शाश्वत मानवीय मर्मको अविस्मरणीय कलात्मकताले नै उपन्यासलाई महान् बनाउँ छ ।”

–हिमांशु थापा,**साहित्य परिचय**

“उपन्यास मानवीय जीवनको चित्रण गर्ने विशालकाय आख्यानात्मक गद्यसंरचना हो ।”

–मोहन राज शर्मा, **समकालीन समालोचना**

“पूर्वपार तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ।”

–राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**

यसरी उपर्युक्त परिभाषाहरूलाई विश्लेषण गर्दा के निष्कर्ष निस्कन्छ भने उपन्यासलाई जीवनको नवीन रस सिर्जनागर्ने वस्तुका रूपमा लिने गरिन्छ।जीवनको यथार्थ चित्रणका प्रस्तुतिहरू, जीवनका क्रियाकलापहरूलाई प्रतिपादन गरिएको हुन्छ । वस्तु र घटनाहरूको प्रयोग गरिएको हुन्छ । पात्रहरूको यथार्थ जीवन पनि प्रस्तुत गरिएको हुन्छ । वस्तुलाई शिल्पले र शिल्पलाई शैलीले संयोजन गरिदिएको हुन्छ । समाजका जीवनमा आएका परम्परा र साँस्कृतिक पक्षहरू चिन्तन परम्परा र मान्यताका मापदण्डहरू उपन्यासमा समीकरण गरिएको हुन्छ । रचनामा अन्तर्वस्तु र रूपले समन्वय गरिनु पर्छ भन्ने धारणा प्रस्तुत गरिएको हुन्छ । रचनामा कथ्य र कथनको भाषा र शैलीको युग र जीवनको परिवेश र विचारको शिल्प र प्रस्तुतिको अवस्थालाई उपयुक्त ढङ्गले मानव जीवनका इतिवृत्तमा बिम्वन गर्ने काम गरिएको हुन्छ । दृष्टिकोण र उद्देश्यमा चिन्तन र जीवनशैलीमा युगले थप्दै जाने, परिष्कार गर्दै जाने र नयाँ मूल्यको प्रतिष्ठा गर्दै जाने प्रवृतिको पनि विकास गर्दै जाने परम्परा पनि उपन्यासको महत्त्वपूर्ण उपलब्धि बनेको छ । मानव र मानवसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने आवश्यक लम्बाइ भएको गद्याख्यानलाई उपन्यास भनिन्छ ।[३]

## २.३ उपन्यासको स्वरूप

उपन्यास एउटा छुट्टै गद्याख्यान विधा हो त्यसैले यसको आफ्नो छुट्टै प्रकारको स्वरूप र ढाँचा हुन्छ । उपन्यास निश्चित स्वरूप र ढाँचामा रचना गरिएको हुन्छ । हरेक गद्याख्यान उपन्यास बन्न सक्दैनन् । उपन्यासका स्वरूपलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

[३] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपान्यास,** काठमाडौँ : साझा प्रकाशन, २०५६, पृ. ९

### २.३.१ उपन्यासमा सत्य, तथ्य र इतिहासको प्रस्तुति हुन्छ

उपन्यास विभिन्न प्रकारका हुन्छन„ । उपन्यासले विभिन्न विषयवस्तु समेटेको हुन्छ । ऐतिहासिक उपन्यासहरू प्राय सत्य तथ्य घटनामा आधारित भएर लेखिएका हुन्छन„ भने अरू उपन्यासमा पनि विगतमा घटेका सत्य घटना, वर्तमानमा घटिरहेको घटनार भविष्यमा घट्न सक्ने सत्य घटनालाई आधार बनाएर लेखिन्छ त्यसैले उपन्यासमा सत्य, तथ्य र इतिहासको प्रस्तुति हुन्छ ।

### २.३.२ उपन्यासमा जीवनको प्रक्षेपण हुन्छ

मानिसले जीवनलाई सम्पूर्णरूपमा भोग्न वा अनुभव गर्न सक्तैनअरूको त के कुरा उसले आफ्नो जीवनका सार्वजनिक पाटाहरूमा समेत दृष्टि दिन सकेको हुँदैन । यसरी जीवनको जटीलतामा पौडिँदा पौडिँदै नियाल्न नसकिएका जीवनका पक्षहरू पनि उपन्यासका दृष्यपटमा प्रक्षेपण गरिएका हुन्छन„ । उपन्यासले मानवको जीवन जगतको समग्र पक्षको अध्ययन गरेको हुन्छ ।

### २.३.३ उपन्यासमा समाजको प्रस्तुतीकरण हुन्छ

उपन्यासमा सामाजिक परिवेश र समाजको यथार्थ चित्रण पनि गरिएको हुन्छ । यसमा व्यक्ति र समाजको सङ्घर्ष प्रस्तुत गर्न सकिन्छ भने व्यक्ति र समाजका बीचको सुमधुर सम्बन्धलाई पनि देखाउन सकिन्छ । व्यक्तिको समाजप्रतिको विद्रोह, समर्थन, व्यक्तिले समाजलाई पुऱ्याएको लाभ अर्थात संसारमा समाज र व्यक्तिबीच जे जस्ता सम्बन्धहरू घटित हुन्छन ती सबै अथवा तिनै मध्ये केही प्रस्तुत गरिने भएकाले उपन्यासलाई समाजको ऐना पनि भनिन्छ ।[४]

### २.३.४ उपन्यासको आफ्नै समाजशास्त्र हुन्छ

साहित्य समाजको अनुकरण मात्र नभई पुनर्सिजना पनि हो भन्ने एरिस्टोटलको भनाइ यसको आफ्नै समाजशास्त्र हुन्छ भन्ने सन्र्दभमा निकै महत्त्वपूर्ण अनुभव हुन्छ । उपन्यासकारले पनि उपन्यास लेखनका क्रममा जीवन र जगतलाई पुनसिर्जन गर्ने गर्छ । अतीतको समाजको वर्णन गर्ने ऐतिहासिक उपन्यास होस् वा वर्तमान समाजको वर्णनमा केन्द्रित आधुनिक सामाजिक उपन्यास सबैमा समाजमा घटेका घटनाहरू मात्र वर्णित हुन्छन् भन्ने जरूरी छैन । समय चेतनाको स्वरूपलाई समेट्ने वास्तविक र उपन्यासकारद्वारा कल्पित विषय वस्तुको योगबाट जुन समाजको निर्माण हुन्छ त्यो नै उपन्यासको समाजशाास्त्रीय आधार हो ।[५]

---

४कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत, पृ., १२
५कृष्णहरि बराल र नेत्रएटम, पूर्ववत, पृ., १३

### २.३.५ उपन्यास साहित्यिक विधा हो

उपन्यास साहित्यिक विधा हो । विषयवस्तुको भावपूर्ण तथा घतलाग्दो प्रस्तुति साहित्यका लागि आवश्यक मानिन्छ भने भाषाको आलङ्कारिक तथा प्रतीकात्मक प्रयोग पनि यसका लागि महत्त्वपूर्ण हुन्छ । साहित्यका विभिन्न विधा छन् जसमध्ये उपन्यास पनि महत्त्वपूर्ण विधाका रूपमा स्थापित छ । कथ्यको भावपूर्ण प्रस्तुतिका साथै भाषाको विशिष्ट प्रयोग पनि साहित्यको विशेषता हो । उपन्यासमा भाषाको विशिष्ट प्रयोग हुने भएकाले पनि यसले साहित्यिक विधा बन्ने सौभाग्य पाएको छ । भाषिक विशिष्टताले उपन्यासमा सौन्दर्यको सृष्टि गर्छ । साहित्यिक भाषामा हुने विचलन उपन्यासमा पनि प्रशस्त पाइन्छ भने अलङ्कार बिम्ब तथा प्रतीकको प्रयोगले पनि उपन्यासको भाषा सम्पन्न बन्छ ।

### २.३.६ उपन्यास आख्यान हो

साहित्यका विभिन्न विधामध्ये उपन्यास एक आख्यानात्मक विधा हो । आख्यानको अर्थ बनाइएको कथा भन्ने हुन्छ । आख्यानात्मक विधामा कथाको श्रृङ्खला अर्थात किस्साहरूको प्रयोग हुन्छ । आख्यानका लागि कुनै कथन र त्यस कथनलाई भन्ने मान्छे वा कथयिताको उपस्थिति अनिवार्य ठानिन्छ । आख्यानका लागि चरित्र तथा उपयुक्त पर्यावरण प्रस्तुत गरिएको हुन्छ । कथाका तुलनामा उपन्यास वृहत आख्यान हो । कथाले जीवनको एउटा वा केही घटनाहरूलाई एउटै प्रवाहमा प्रस्तुत गर्ने र उपन्यासमाचाहिँ समग्र जीवनको चित्र उतारिएको हुन्छ । हुनत खण्डकाव्य, महाकाव्य, नाटकमा पनि आख्यानको प्रयोग गरिएको हुन्छ तर तिनीहरूमा विचारको प्राधान्यता रहन्छ भने उपन्यासमा आख्यानको नै प्राधान्यता रहन्छ ।

### २.३.७ उपन्यास गद्यमा लेखिन्छ

साहित्यका विभिन्न विधामध्ये उपन्यास गद्यमा लेखिने गद्यात्मक विधा हो । साहित्यलाई छुट्याउने आधार गद्य र पद्य पनि हो र कविता, खण्डकाव्य, महाकाव्य पद्यमा लेखिन्छन भने उपन्यास, निबन्ध, कथा गद्यमा लेखिन्छ । नाटक भने गद्य पद्य दुबैमा लेखिन्छ उपन्यास यथार्थसँ ग प्रत्यक्ष रूपमा सम्बन्ध राख्ने साहित्यिक विधा हो । साहित्यमा दुवै विधाले भन्दा यसले नै मानवीय सत्यलाई कलात्मक रूपमा पाठकका सामु प्रस्तुत गर्ने सामर्थ्य राख्तछ । जीवनका विविधता र यससँ ग सम्बन्धित विषय वस्तुलाई प्रस्तुत गर्ने भएकाले उपन्यासको भाषा पनि स्वभाविक यथार्थ सम्मत हुनु अनिवार्य नै हुन्छ । संसारमा मानिसहरूको विचारको आदान प्रदान गद्यमा नै गरिन्छ । यसले गर्दा उपन्यास पनि गद्यमा नै लेखिने गरेको हो ।

### २.४ उपन्यासका तत्त्व

उपन्यासलाई जीवनको प्रतिरूप मानिन्छ र जीवन विविधताले भरिएको हुन्छ । यस प्रकारको विविधताले प्रत्येक दिन विभिन्न घटनाहरू, सोचाइहरू, कार्यव्यापार घातप्रतिघात पारस्परिक सम्बन्धका माध्यमबाट आफ्नोअनेक रूप देखाउने गर्दछ । उपन्यासमा यी सबरूपहरूको चित्रण हुन्छ र यिनैले उपन्यासलाई पूर्णता दिने गर्छन । वास्तवमा उपन्यासलाई पूर्णता प्रदान गर्ने यी पक्षलाई नै उपन्यासका तत्त्व भनिन्छ । उपन्यास रचनाका आधारभूत तत्त्वका बारेमा सबै विद्वानहरूको एक मत पाइँदैन । विद्वानहरूका आ-आफ्नै किसिमका

मतमतान्तर रहेका छन् । जस्तै:-दयाराम श्रेष्ठले उपन्यासको तत्त्व उल्लेख गर्ने क्रममा कथानक, दृष्टिकोण, सारवस्तु, कार्यपिठिका, गति, प्रतीक र बिम्ब, भावपरिमण्डल पात्र र रूपविन्यास गरी आठ तत्त्व लाई अगाडि सारेका छन् ।[६] कृष्ण चन्द्रसिंह प्रधानले कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्य गरी सातवटा तत्त्वको उल्लेख गरेका छन् ।[७] मोहनराज शर्माले कथानक, चरित्र, परिवेश, विषयसूत्र, भाषा, शैली, उद्देश्य र दृष्टिविन्दु गरी आठवटा तत्त्वको उल्लेख गरेका छन् [८] भने कृष्णहरि बराल र नेत्र एटमले कथानक, चरित्र र चरित्र चित्रण पर्यावरण, दृष्टिविन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब, गति र लय गरी आठवटा हुने जनाएका छन् । यसरी उपन्यासका तत्त्वका बारेमा विभिन्न विद्वानहरूले पृथक-पृथकरूपमा उल्लेख गरे पनि समग्र निष्कर्ष एकै किसिमको निस्कन आउँछ । सबै विद्वानहरूका धारणालाई विश्लेषण गर्दा यहाँ  उपन्यासका निम्न तत्त्वहरूको उल्लेख गरिएको छ ।

## २.४.१ प्रमुख तत्त्व

उपन्यासका प्रमुख तत्त्वहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

### २.४.१.१ कथानक

उपन्यासको सबै भन्दा महत्त्वपूर्ण र आवश्यक तत्त्वकथानक हो । कथानकबिना उपन्यासको कल्पना नै गर्न सकिँदैन । उपन्यासमा घट्ने घटनाहरूको योजनावद्ध र संगठित रूप नै कथानक हो । कथानकलाई कथावस्तु वा विषयवस्तु पनि भनिन्छ । कथावस्तु जति सङ्गठित हुन्छ त्यति नै उपन्यास पनि महत्वपूर्ण हुन जान्छ । चरित्र, बुद्धि, विचार र कल्पना जस्ता कुरालाई कथानकमा समावेश गरिएको हुन्छ। कथावस्तु उपन्यासको कच्चा सामग्री हो । यसलाई संगठित र परिष्कृत गरेर उपन्यासको रचना गरिन्छ । यसैको व्यवस्थित विन्यासलाई कथानक भनिन्छ । उपन्यासको सफलता असफलता कथानक र यसको प्रस्तुतिमा निर्भर रहन्छ । कथानकले उपन्यासको खाका तयार पार्ने काम गरेको हुन्छ । घटनाहरूलाई एकअर्कोसित उनेर सम्बन्ध जोर्ने र सुगठितता प्रदान गर्ने काम कथानकले गर्दछ।[९] कथानक आफैमा उपन्यासलाई गतिशील बनाउने मुख्य कारक तत्त्व हो ।उपन्यास लेखनका क्रममा उपन्यासकारले कुनै न कुनै स्रोतबाट कथानक ग्रहण गरेको हुन्छ । त्यस्ता स्रोतबाट प्राप्त सामग्रीलाई उपन्यासकारले जस्ताको तस्तै प्रयोग नगरी अन्तर्मिश्रण गर्नाका साथै त्यसलाई आफ्नोकलात्मक चेतनाले छानेर मात्र कथानकको सिर्जना गर्दछ ।

---

६ दयाराम श्रेष्ठ,**पच्चीस वर्षका नेपाली कथा**, काठमाडौँ, साझा प्रकाशन, २०३९ ।

७ कृष्णचन्द्रसिंह प्रधान **नेपाली उपन्यास र उपन्यासकार** काठमाडौँ, साझा प्रकाशन, २०४३पृ.१०-१३

८ मोहनराज शर्मा, **समकालीन समालोचना सिद्वान्त र प्रयोग** काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५, पृ.३०४ ।

[९] कृष्ण चन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, पूर्ववत पृ.१० ।

कथानकका स्रोतहरू इतिहास, यथार्थमूलक अनुभव,मिथक, रागात्मक सौन्दर्य, स्वैरकल्पना गरी पाँच किसिमका छन् ।[१०]त्यस्तै उपन्यासमा प्रयोग हुने कथानकका‡ पनि विभिन्न ढाँचा हुन्छ । रैखिक र वृत्ताकारीय हुन्छ । रैखिक ढाँचामा कथानक पछाडि फर्कदैन भने वृत्ताकारीय ढाँचामा कथानक जहाँबाट शुरू भएको हो त्यहीँ पुगेर अन्त्य हुन्छ । उपन्यासमा प्रयोग हुने कथानक पनि विभिन्न प्रकारका हुन्छन„ । जस्तै : मुख्य र सहायक कथानक, सुगठित र व्यवस्थित कथानक, सरल र संयुक्त कथानक ।[११] कथानक उपन्यासको मुख्य आधार शीला

स्तम्भ हो । यसमा कुतुहल र द्वन्द्वको ठूलो भूमिका रहेको हुन्छ । कथानक आदि मध्य र अन्त्य जहाँ बाट आरम्भ गरिए पनि यो चरमोत्कर्षमा पुग्नु अपरिहार्य छ र चरमोत्कर्ष पश्चात विस्तारै-विस्तारै उद्देश्य प्राप्तितिर लम्कँ दै कथानकको समाप्ति हुन्छ ।

कथानक व्यक्ति तथा समाजमा घटेका घटनाहरूको उपन्यासमा योजनाबद्ध तथा सङ्गठित रूपान्तरण हो । यसमा चरित्रले घटाएका घटना, उपन्यासकारका चिन्तन मनन र कल्पना समाविष्ट हुन्छन् । कथानक उपन्यासको कच्चा सामग्री हो । यसलाई सङ्गठित र परिष्कृत गरेर उपन्यासको रचना गरिन्छ । यस अर्थमा कथानक उपन्यासको सबैभन्दा महत्वपूर्ण तत्व हो । उपन्यासको सफलता, असफलता कथानक र यसको प्रस्तुतिमा निर्भर रहन्छ । उपन्यासमा वेद, पुराण, इतिहास लोकपरम्परा, यथार्थ समाज, स्वैरकल्पना आदि स्रोतबाट कथानकको छनोट गरिन्छ । कथानकलाई पात्रपात्रा बीचको द्वन्द्व र कौतुहलले गति दिएर अगाडि बढाउँ छ । सामान्यत कथानकको विकास आदि, मध्य र अन्त्यको ढाँ चामा हुन्छ, तर आधुनिक उपन्यासमा यसको विकास सरल, रैखिक र वृत्ताकारीय ढाँ चामा हुन्छ । यसको विकासमा आरम्भ, सङ्घर्ष विकास, चरमोत्कर्ष, अपकर्ष र उपसंहार गरी पाँ च अवस्था हुन्छन् । प्रारम्भकालीन उपन्यासमा घटना तथा कथा वस्तुलाई बढी जोड दिइन्थ्यो । बदलिँ दो चिन्तनसँ गै घटना प्रधान र चरित्र प्रधान गरी उपन्यास दुई समूहमा विभाजित भएको पाइन्छ । आधुनिक उपन्यास आख्यानमा कथावस्तु तथा कथानकलाई कम महत्त्व दिँ दै चरित्रको चित्रणलाई बढी जोड दिइएको देखिन्छ । वीसौँ शतकका उपन्यासले कथानकबाट चरित्र र चरित्र चित्रणमा फड्को मारेको छ भन्ने यसका ज्ञाताहरूको मत रहेको छ । उपन्यासको विकाससँ गै कथावस्तुको महत्त्व घट्दै गएको भनिए तापनि यसमा कथानकको आवश्यकता छैन भन्ने होइन, बरू यसको महत्त्व र आवश्यकता अक्षुण्ण नै रहेको छ ।

कथानकमा उपन्यासकारले जीवनका विस्तृत क्षेत्रका केही घटनाहरू र स्थितिहरू चुनेर यसप्रकारले सजाउँ छ जुन परस्परमा गाँ सिएको देखिन्छ र एक सुसङ्गठित कथा बन्दछ । यस्ता घटनामा पाठकको मन तब मात्र रम्न पुग्दछ, जब त्यसमा आ फ्ना वरिपरिको स्वभाविक चित्र देखा पर्दछ । कथानकको यही प्रथम कसीलाई स्वभाविकता भनिन्छ । यसैलाई सम्भाव्यता वा विश्वसनीयता पनि भन्न सकिन्छ । रोचकता कथानकको अर्को महत्त्वपूर्ण कसी हो। मानवहृदय सधैँ रागात्मक संवेदनाका लागि भोको हुन्छ । त्यसैले उपन्यासको कथानकमा जति धेरै संवेदनामय क्षण हुन्छ , त्यति रोचकता थपिन्छ । कथानकमा कुतूहल सिर्जना गर्दा पनि

[१०] कृष्ण हरिबराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** पूर्ववत ,पृ.२५ ।
[११] कृष्ण हरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, पूर्ववत, पृ.२९ ।

रोचकता थपिन पुग्छ । यसैले गर्दा पाठकलाई पूरा उपन्यास पढ्न करै लाग्छ । कथानकको तेस्रो कसी हो-सुगठितता । यसले घटना र क्रिया प्रतिक्रियालाई यस्तरी मजबुतसँ ग कसेको हुन्छ जसबाट कुनै एक मात्र पक्ष झिकिदियो भने उपन्यास पूरै भत्किन्छ । यदि यतिखेर उपन्यास पूरै भत्कदैन भने त्यसमा सुगठन राम्रो नभएको ठहर्दछ जसले कृतिको सफलताको सम्भावना कमै मात्र हुन्छ ।

## २.४.१.२ पात्र वा चरित्रचित्रण

पात्र वा चरित्रचित्रण उपन्यासको दोस्रो महत्त्वपूर्ण तत्त्व हो । पात्र वा चरित्र बिना उपन्यास रचना हुन सक्दैन । उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । कथानक उपन्यासको कंकाल हो भने त्यसलाई प्राण भरेर सजीव तुल्याउने काम चरित्र वा पात्रले गरेको हुन्छ । मानव जीवनको व्यापक अर्थ उतार्ने तत्त्व नै चरित्र हो ।[१२] चरित्र भनेको मानिसका अन्तरिक र बाह्य पक्षका प्रवृत्तिको उद्घाटन गर्ने तत्त्व हो । उपन्यासमा प्रयोग गरिने चरित्रका विभिन्न प्रकारका हुन्छन । जस्तै : गतिशील र गतिहिन, यथार्थ र आदर्श, अन्तरमुखी र बहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक । [१३] त्यसैगरी पात्र वा चरित्र चित्रणलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । कार्यका आधारमा, लिङ्गका आधारमा, प्रवृत्तिका आधारमा, स्भावको आधारमा, जीवन चेतनाका आधारमा, आसन्नताका आधारमा र आवद्धताका आधारमा । कार्यका आधारमा प्रमुख, सहायक र गौण हुन्छन । लिङ्गका आधारमा पुलिङ्ग र स्त्रीलिङ्ग हुन्छन् । प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल हुन्छन् । स्वभावका आधारमा स्थिर र गतिशील हुन्छन् । जीवन चेतनाका आधारमा वैयक्तिक र वर्गीय हुन्छन् । आसन्नताका आधारमा मञ्चीय र नेपथ्य हुन्छन् भने आवद्धताका आधारमा बद्ध र मुक्त हुन्छन् । उपन्यासमा देखिने मानवीय तथा मानवेतर प्राणीलाई चरित्र भनिन्छ । चरित्रलाई पात्र पनि भनिन्छ । उपन्यासमा चरित्रको भूमिका देखाउने ढङ्गलाई चरित्रचित्रण भनिन्छ । अर्को अर्थमा पात्रको संवाद तथा कार्यव्यापारलाई चरित्रचिण भनिन्छ । चरित्र आख्यानको प्रतिनिधी व्यक्ति हो । आधुनिक उपन्यासमा कथावस्तुको भन्दा चरित्रको महत्त्व सर्वोपरि मानिन्छ । चरित्र व्यक्ति तथा समाजको आन्तरिक तथा बाÞय प्रवृत्तिहरूको प्रस्तुति हो । चरित्रको चित्रणमार्फत् व्यक्ति तथा वृहत् समाजको उद्घाटन गर्ने काम उपन्यासले गर्दछ । काल्पनिक पात्रको माध्यमले उपन्यासमा जीवनजगत्लाई यथार्थ चित्रण गरिने मात्र होइन, कथावस्तुलाई आवश्यक गति र उपयुक्त मार्ग निर्देशन समेत गर्दछ । आधुनिक उपन्यास परम्परामा चरित्र प्रधान उपन्यासको महत्ता बढ्दो छ । चरित्रहरू उपन्यासको सारतत्त्व तथा विचारलाई संवहन गर्ने माध्यम हुन् । उपन्यासकार उपन्यासमा के अभिव्यक्त गर्न चाहन्छ, उसको जीवनजगत् सम्वन्धी कस्तो दृष्टिकोण छ भन्ने चरित्रको प्रस्तुति र कार्यव्यापारबाट अवगत हुन्छ । कथानकको विस्तार कथोपकथनमा निकै भर पर्छ । उपन्यासकारका दृष्टिकोण

[१२] राजेन्द्र सुवेदी **नेपाली उपन्यास परम्परा र प्रवृति**, पूर्ववत , पृ. १७ ।

[१२] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** पूर्ववत . पृ. ३१ ।

को प्रतिनिधी वा वाहक चरित्र हुने भएकाले कथोपकथन तथा दृष्टिविन्दुलाई चरित्रचित्रणको सहायक मानेर अध्ययन गर्न सकिन्छ ।

उपन्यासमा प्रशस्तै पात्रहरू हुन्छन् । यथार्थ परिवेशमा घट्ने घटनाहरूलाई उपन्यासका यीनै पात्रहरूले प्रस्तुत गर्दछन् । उपन्यासमा निर्वाह गरेको भूमिका अनुसार पात्र अर्थात् चरित्रलाई विभिन्न वर्गमा वर्गीकरण गर्न सकिन्छ । सामान्यत: पात्रहरूलाई प्रमुख, सहायक र गौण पात्रमा वर्गीकरण गरिन्छ । यस्तै गोला तथा च्याप्टा पात्र, अर्न्तमूखी तथा बहिर्मूखी पात्र, दृश्य तथा अदृश्य पात्र, यथार्थ तथा आदर्श पात्र, सार्वभौम तथा आञ्चलिक

पात्र, पारम्परिक तथा मौलिक पात्रमा पनि वर्गीकरण गर्न सकिन्छ । यस्तै लिङ्गका आधारमा स्त्री र पुरूष, प्रवृत्तिका आधारमा सत् तथा असत् पात्र, स्वभावका आधारमा गतिशील तथा स्थिर पात्रका रूपमा वर्गीकरण गरिन्छ । पात्रलाई जीवनचेतना र आसन्नता तथा आवद्धताका आधारमा पनि चरित्रको वर्गीकरण गरिन्छ । यसर्थ उपन्यासमा थुप्रै चरित्रहरू रहन्छन् र उपन्यास बहुपात्रीय आख्यान विधा ठहरिन्छ ।पात्रको दृष्टिले उपन्यासको सफलता तिनको सङ्ख्यामा निर्भर हुन्छ जुन पात्रबाट कथावस्तुको विकास र उपन्यासको उद्देश्यको सिद्धिमा सहायता मिल्छ, त्यही पात्रलाई मात्र उपन्यासमा राख्नु उपयुक्त हुन्छ । अनावश्यक पात्रहरूको भिडले उपन्यासलाई विशृङ्खल बनाएर बोझिलो तुल्याईदिन्छ । चरित्र तत्त्वसँग सम्बन्धित अर्को कसी 'यथार्थता' हो । उपन्यासमा उल्लेखित चरित्र अर्थात पात्र चिरपरिचित जस्तै हुन आवश्यक छ यस्ता चरित्रहरूले दु:ख सुखका स्थितिहरू रागद्वेषादि अनुभूतिहरू र सफलता असफलतामा त्यसैगरी जिऊन् जसरी हामी जिउँदछौँ । कुनै पात्रमा कुनै विशिष्ट गुणको प्रवलता हुन र कुनै पात्रमा कुनै अवगुणको सीमा हुन दुवैथरी सम्भव छ तर अति मानव अर्थात् अलौकिक शक्तिसम्पन्न र हीनमानव अर्थात् सर्वथा पशुवत् स्वभाव सम्पन्न पात्रको सृष्टि स्वभाविकै मानिदैन । आफूसमान रूने, हाँस्ने र बोल्ने, खेल्ने खालका पात्रसँग नै पाठक तादात्म्यको अनुभव गर्न सक्दछ । कहिलै नदेखेको विलक्षण पात्र पाठकलाई एकछिन अचम्मित पार्न त समर्थ हुन्छ तर उसको हृदय जित्न भने असमर्थ नै रहन्छ । उपन्यासको अर्को महत्त्वपूर्ण कसी मनोवैज्ञानिकता पनि हो । उपन्यासमा कुनै पनि चरित्र 'यस्तो छ' वा 'उस्तो छ' भन्ने उद्घाटन गरेर मात्र हुँदैन । यदि कुनै चरित्र 'यस्तो छ' भने 'किन यस्तो छ' र 'किन त्यस्तो छैन' अनि उसको मनमा 'के छ' जसले उसको स्वभावलाई एक विशेष रूप प्रदान गर्छ । यस किसिमका मनोवैज्ञानिकतालाई अघि सार्नु नितान्त जरूरी छ किनभने मनको गहिराईको विश्लेषणकै आधारमा कुनै पात्रको चरित्रलाई सही अर्थमा बुझ्न सकिन्छ ।

### २.४.१.३ पर्यावरण

उपन्यासमा पात्रहरूको कार्यकलाप गर्ने वा घटनाहरू घटने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । पर्यावरण अन्तर्गत देशकाल र वातावरण पर्दछन । देशकाल र वातावरणले उपन्यासको कथानकलाई अगाडि बढाउन सहयोग गर्दछ । जुन स्थान र समयमा उपन्यासको निर्माण हुन्छ त्यो देशकाल हो । देशकाल समाजको बाहिरी पक्षसँग सम्बद्ध हुने हुनाले यो दृश्यात्मक पनि हुन्छ । वातावरण पात्रको अन्तरिक मनोभावना सँग सम्बद्ध रहेको हुन्छ । यसले उपन्यासका अध्येताहरूमा माया, दया, सहानुभूति, दु:ख, रिस, वेदना, विषाद जस्ता भाव प्रकटीकरण गर्नमा सहयोग पुऱ्याउँछ ।

### २.४.१.४ सारवस्तु

उपन्यासमा समाविष्ट रहने केन्द्रीय वा आधारभूत विचारलाई सारवस्तु भनिन्छ । कुनै पनि उपन्यासकारले मूल विचारलाई नाटकीकरण गरेर साधारणीकृत अवस्थामा पुऱ्याएको हुन्छ र त्यसैको बोध पाठकले गर्छ ।[१४] उपन्यासमा सारवस्तुकै मध्यमले सन्देश वा उद्देश्यको अनावरण गरिएको हुन्छ । उपन्यासमा प्रयोग गरिने सारवस्तुलाई प्रस्तुतिकरणका दृष्टिले दुई भागमा बँाड्न सकिन्छ । ती हुन् :- स्थानीय र विश्वजनीन । स्थानीय सारवस्तुले कुनै

देशकालमा मात्र संकुचित भएर त्यसको सत्यको उद्घाटन गर्दछ भने विश्वजनीन सारवस्तुले मानव जीवन दर्शनको शाश्वत सत्यको खोजीगर्ने काम गर्दछ । यस प्रकार उपन्यासको सारवस्तुको कलात्मक प्रस्तुतिकरण उपन्यासको उद्देश्य हो । अर्थात एउटा खास जीवन दर्शनमा आधारित रही पुन : सिर्जना गरिएको बृहत आख्यानका माध्यमबाट पाठकलाई खास संज्ञा प्रदान गर्नका साथै उसको सौन्दर्य, रूची वा आकांक्षा समेतको वा विरेचन गर्नु उपन्यासको उद्देश्य हो ।

### २.४.१.५ भाषा शैली

साहित्य भाषाको नै चरम रूपको प्रतिफल हो । उपन्यासका तत्त्वहरूलाई आन्तरिक एकात्मकता दिने क्रममा भाषा सर्वाधिक महत्त्वपूर्ण मानिन्छ । भाषाकै माध्यमबाट कथानक व्यक्तहुने र चरित्रको अभिव्यक्ति हुन्छ । उपन्यासमा चित्रित पात्रहरूको अनुकूलता प्रति कति सीमासम्म ध्यान दिइएको छ  त्यसैमा भाषाको सफलता निर्भर रहन्छ । ऐतिहासिक उपन्यासका पात्रहरूको समाजिक र जातीय स्तर अनुकूल भाषा जस्तो पनि हुनसक्छ, तर वर्तमान युगको जीवनजगतलाई चित्रित गर्ने खालको उपन्यासको भाषा सामान्यत: प्रचलित एवम् व्यवहारिक शब्दावली मुक्त हुनै पर्छ । यसमा शिक्षित, अशिक्षित, अभिजात्य, निम्नस्तरीय पात्रहरूका भाषामा निश्चय नै विविधताको पुट पाइनु स्वभाविकै हो । यो भिन्नता मूलशब्द भण्डारमा भन्दा उच्चारण शैलीमा देखिन्छ। त्यसैले सामान्य रूपको अतिरिक्त भाषाको प्रभावशीलता र पाठकानुकूलताप्रति पनि उपन्यासकार सजग रहनु पर्दछ । कथ्य आदिलाई अभिव्यक्त गर्ने विशिष्ट पद्धति नै शैली हो । शैलीको सम्बन्ध उपन्यासकारको रूचीसित   हुन्छ । कथानक अभिव्यक्त गर्ने र चरित्रको निर्माण गर्ने शैली प्रत्येक उपन्यासकारको आफ्नो- आफ्नो किसिमको हुन्छ ।वर्णनात्मक विश्लेषणात्मक, आत्मकथनात्मक, पूर्वदीप्ति, परदीप्ति आदि विभिन्न शैली हुन सक्छन । शैली भिन्न भए पनि यसको मुख्य कार्य भने कथ्यलाई रोचक पार्नु हो ।[१५]

---

१४ कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** पूर्ववत, पृ. ३१ ।
[१५] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** पूर्ववत, पृ. ४३-४४ ।

## २.४.२ सहायक तत्त्व

उपन्यासका सहायक तत्त्वहरू निम्नानुसार रहेका छन् ।

### २.४.२.१ दृष्टिविन्दु

उपन्यासको सहायक तत्त्व मध्ये दृष्टिविन्दु पनि एक महत्त्वपूर्ण तत्त्व हो । उपन्यासको कथानक कस्को दृष्टिबाट चित्रित भएको छ भन्ने कुरा दृष्टिविन्दुबाट स्पष्ट हुन्छ । अर्को शब्दमा उपन्यासको समाख्याताको हो भन्ने कुरा दृष्टिविन्दु हो । यसैबाट कार्यव्यापार परिवेश, चरित्र आदिलाई पाठकसामु राख्दछ । उपन्यासमा प्रयुक्त हुने दृष्टिविन्दु बाह्य र आन्तरिक गरी दुई किसिमका हुन्छन„ । बाह्य दृष्टिविन्दुमा पनि सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन प्रकार

हुन्छन„ । त्यस्तै आन्तरिक दृष्टिविन्दुका केन्द्रीय दृष्टिविन्दु र परिधीय दृष्टिविन्दु हुन्छन„ । केन्द्रीय दृष्टिविन्दुमा कथयिता नै उपन्यासको प्रमुख पात्र हुन्छ र उसले आफ्नो कुराहरू निजीतवरले भनिरहेको हुन्छ । परिधीय दृष्टिविन्दुमा उपन्यासको कथयिता त्यसको पात्र त हुन्छ तर केन्द्रीय घटना र चरित्रहरूभन्दा अलिकति टाढा बसेर वृत्तान्त सुनाइरहेको हुन्छ ।

## २.४.२.२ प्रतीक र बिम्ब

कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भावको उल्लेख गर्न सकिन्छ । यसरी प्रयोग गरिने वस्तु वा घटना जसले सामान्य वा सोझो अर्थ नबुझाएर त्यस भन्दा निकै परको अर्थ बुझाउँ छ भने त्यस्तो वस्तु वा घटनालाई प्रतीक भनिन्छ । प्रतीकले एकातिर अमूर्त र अव्यक्त भागलाई भिन्न ढाँ चाले मूर्तता र अभिव्यक्ति दिने काम गर्दछ भने अर्कातिर धेरै शब्द खर्च गरेर भन्नु पर्ने कुरालाई थोरै शब्दमा मिठोसँ ग भन्दछ । उपन्यासमा प्रयोग गरिने प्रतीकहरू वैयक्तिक र सार्वभौमिक गरी दुई प्रकारका हुन्छन । वैयक्तिक प्रतीक लेखकको मौलिक सिर्जना हो । यसलाई बुझ्न लेखकीय सिर्जनाको परिवेश, अनुभूति र विचार धाराको प्रयाप्त ज्ञान हुनुपर्छ । बिम्ब भनेको कुनै पनि वस्तुको मस्तिष्कमा पर्ने छायाँ हो । उपन्यासमा यस्तो छायाँ बसाउँ ने माध्यम भाषा हुन्छ । शब्दका माध्यमबाट श्रोता वा पाठकका मस्तिष्कमा कुनै स्थिति स्थान, घटना वा पात्रको यथार्थ सदृश छायाँ पारिदिने पद्धतिलाई बिम्ब बिधान भनिन्छ । बिम्बले अमूर्तलाई मूर्तता दिन अमूर्तकै प्रयोग गर्दछ । प्रतीकमा जस्तो मूर्त वस्तुको सहयोग लिदैन । बिम्बको भाषा संबेदनाको निकट हुन्छ जसले गर्दा मान्छेको हृदयलाई छुने सामर्थ्य राख्दछ । उपन्यासकारले उपन्यासमा यथार्थ झै लाग्ने गरी चाहेको चित्र उभ्याइदिएको हुन्छ । विशेषगरी परिवेशको वर्णनमा बिम्बको चमत्कृति देखिन्छ जसले गर्दा पाठकको आँ खा अगाडि वर्णित दृष्य नाटकमा झै नाच्न थाल्छ ।[१६]

## २.४.२.३ गति र लय

गति र लय पनि उपन्यासको आवश्यक तत्त्व अन्तर्गत पर्दछन । उपन्यासमा गति भनेको कथानकको विकासमा रहेको वेग हो । उपन्यासमा कथयिताले प्रयोग गर्ने भाषामा गतिको तीव्रता र मन्दता भर पर्दछ । लामा लामा वाक्य, जटिल तथा संयुक्त वाक्यको योजना

१६ कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्वान्त र नेपाली उपन्यास**, पूर्ववत, पृ. ५२ ।

र संवादको प्रयोगले मन्दता बढाउँ छ भने छोटा वाक्य र काव्यात्मक प्रस्तुतिले तीव्रता बढाउँ छ।

तीव्र गतिले पाठकलाई सोचाइमा डुबाउँ दैन केवल कुतुहल सिर्जना मात्र गर्छ भने मन्द गतिले बैचारिक गुम्फनमा वृद्धि गर्दछ । नेपाली उपन्यासमा यी दुवै पद्धतिको प्रयोग गरेर गति दिने काम भएको छ । उपन्यासमा गतिकै उतारचढावबाट तरङ्ग र तरङ्गबाट लयको सिर्जना हुन्छ । उपन्यासको जीवनमा कल्पनाको प्रचूरता हुने भएकोले पनि यसमा लयको मिठास पाइन्छ । द्वन्द्वले गति र भाषालाई लयात्मक बनाउन कथानकमा रहेको द्वन्द्व तथा तनावले विशेष भूमिका खेल्दछ । गद्य भाषामा आफ्नै भाषा वा छन्द हुन्छ । यसरी उपन्यासमा गति र लय पनि आवश्यक तत्त्वका रूपमा देखिएका छन ।

## २.५ उपन्यासको वर्गीकरण

उपन्यास आधुनिक साहित्यको नयाँ विधाका रूपमा परिचित छ । उपन्यासको विभिन्न स्वरूप र विषयगत विविधता पाइन्छ । उपन्यासको वर्गीकरण विभिन्न आधारमा गरिएको पाइन्छ । साधारणतया विषयवस्तु कथानक शैली र धारागत आधारमा उपन्यासको वर्गीकरण गर्दा अध्ययनमा सुगमता आउने हुनाले यहाँ सर्वप्रथम यिनै चार आधारमा वर्गीकरण गरिएको छ ।[१७]

### २.५.१ विषयवस्तुको आधारमा

विषयवस्तुका आधारमा उपन्यासलाई निम्नानुसार वर्णन गरिएको छ ।

#### २.५.१.१ सामाजिक उपन्यास

समाजका साँस्कृतिक, धार्मिक, आर्थिक, राजनैतिक, सत्यतथ्य घटनालाई विषयवस्तु वनाएर लेखिएका उपन्यास सामाजिक उपन्यास हुन् । यसमा समाजको परिवेश, वर्ग, व्यवहार र अवस्थालाई समेटिएको हुन्छ । समाजका विविध विसङ्गति, विकृति, पिडा, व्यथा र वेदनाहरू उपन्यासका माध्यबाट टिपेर व्यक्त गरिएको हुन्छ । सामाजिक धरातलमा लेखिएका उपन्यास रूद्रराज पाण्डेको **रूपमती**, लीलवहादुर क्षेत्रीको **बसाईँ** सामाजिक उपन्यासका दृष्टान्त हुन„ । सामाजिक उपन्यासलाई सामाजिक विषयवस्तुका आधारमा आदर्शवादी, समस्याप्रधान, नीतिप्रधान र भावप्रधान गरी चार भागमा समेत वर्गीकरण गरेको पाइन्छ ।

#### २.५.१.२ साँस्कृतिक उपन्यास

साँस्कृतिक उपन्यासले कुनै खास समयको साँस्कृतिक पक्षलाई उदङ्ग्याउने उद्देश्य राखेको हुन्छ । यस्ता खाले उपन्यासमा संस्कार, रीतिरिवाज, परम्परा, रहनसहन आदिको विस्तृत चित्रण गरिएको हुन्छ । यस प्रकारका उपन्यासमा पौराणिक, ऐतिहासिक अथवा आधुनिक समयको संस्कार चित्रणमा बढी जोड दिएर लेखिएको हुन्छ । जस्तै मदनमणिदीक्षितको **माधवी** दौलतविक्रम विष्टको **ज्योति**, **महाज्योति** साँस्कृतिक उपन्यास हुन ।

---

[१७] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्वान्त र नेपाली उपन्यास,** पूर्ववत, पृ. ५२ ।

#### २.५.१.३ साहसिक उपन्यास

साहसिक उपन्यासमा रहस्य, चमत्कार, साहसिक यात्रा तिलस्मीपन एवम् ऐयारी आदि घटनाको प्राधान्य रहेको उपन्यास साहसिक उपन्यास हो । यस्ता उपन्यास घटना प्रधान हुने र मानवीय घटनाको सिर्जना गर्न र त्यसको वहादुरी पूर्वक शमन गरेर पाठकलाई आनन्द लिनु यस्ता उपन्यासको उद्देश्य रहेको हुन्छ । गिरीशबल्लभ जोशीको **वीरचरित्र**, सदाशिव शर्माको महेन्द्र प्रभा साहसिक उपन्यासका उदाहरण हुन„ ।

### २.५.१.४ ऐतिहासिक उपन्यास

इतिहासको कुनै कालखण्डमा घटित घटनाबाट विषयवस्तु लिएर लेखिएको उपन्यास ऐतिहासिक उपन्यास हो । इतिहासबाट विषयवस्तु लिएको यस्ता उपन्यासमा इतिहाससँग सम्वद्ध घटना र पात्रहरूको छनौट गरी विगतमा घटेका महत्त्वपूर्ण घटनाको बारेमा जानकारी दिन तथा त्यस समयका शासक, प्रशासकहरूका चारित्रिक सबलता र दुर्बलताको विवेचना तथा विश्लेषण गर्ने कार्य हुन्छ । यस्ता उपन्यासले युगविशेष घटनालाई विशेषस्थान दिएको हुन्छ । डायमन शमसेर राणाको **सेतो बाघ**, **बसन्ती** ऐतिहासिक उपन्यासका राम्रा उदाहरण हुन् ।

### २.५.१.५ मनोवैज्ञानिक उपन्यास

मनोवैज्ञानिक उपन्यासमा व्यक्तिमनका आन्तरिक यथार्थहरूको उद्घाटन गर्ने कार्य हुन्छ । फ्रायडको अचेतन, कामवृत्ति, ग्रन्थिसिद्वान्त, एडलरको व्यक्तित्व रचना तथा जुङको सामूहिक अचेतन जस्ता सिद्वान्तको पृष्ठभूमिमा यस्ता उपन्यासको रचना भएको हुन्छ । मानव मनलाइŠ चेतन, अवचेतन, र अचेतन गरी तीन तहमा बाँडिएको छ । अवचेतन र अचेतनले चेतनलाई नियन्त्रण र प्रभाव पार्दछ । अवचेतन र अचेतन अवस्थामा रहेका मानसिक अतृप्त वासनाहरू अवसर पाउन साथ जागृत हुन्छन र त्यसैले मानिसलाई प्रभाव पार्ने काम गर्छ । मनोवैज्ञानिक उपन्यासका माध्यमले मानिसभित्र रहेका यिनै भावहरू बुझ्न सकिन्छ । यस्ता उपन्यासहरूमा मानवका अन्तर्मनका कुराको विश्लेषण गरिन्छ । यस्ता उपन्यास चरित्र केन्द्रित हुने हुँदा मानसिकताको असामान्य स्थितिको चित्रण र मानसिक कुण्ठा निराशा आदिलाई देखाउने कार्य गरिएको हुन्छ ।

### २.५.१.६ आञ्चलिक उपन्यास

आञ्चलिक उपन्यासमा स्थानीय रङविवरणलाई विशेष महत्त्व दिइएको हुन्छ । यस्ता उपन्यासमा कुनै खास क्षेत्र तथाभौगोलिकतालाई समेट्दै त्यस क्षेत्रका मानिसले बोल्ने भाषाशैली, भेषभूषा, चालचलन, रहनसहन, रीतिरिवज आदि कुरालाई स्पष्ट रूपमा दर्शाइएको हुन्छ । शङकर कोइरालाको **खैरेनी घाट,**हिरण्य भोजपुरेको **छिटेन** यसै प्रवृतिका उपन्यास हुन्।

### २.५.१.७ जासुसी उपन्यास

जासुसी उपन्यासमा रहस्य चमत्कार आदि तत्त्वको प्रधानता रहेको हुन्छ । उपन्यासकारले आफ्नो रहस्यमय कल्पना र स्वैरकल्पनाको जोडाइबाट यथार्थको सिर्जना गरी रोमाञ्चक उपन्यासको सिर्जना गर्दछ । यस्ता उपन्यास चोरी, हत्या, बलात्कार तथा अपराधी गतिविधिसँग निकटस्थ रहेका हुन्छन । दीर्धबाहुको **डा डेमोन**, एस.पी आशाको **नक्कली औंठी**, जासुसी महत्त्व राख्ने उपन्यास हुन् ।

### २.५.१.८ जीवनीमूलक उपन्यास

कुनै राष्ट्रिय विभूति तथा महापूरूषका जीवन कथामा आधारित भएर लेखिएको उपन्यास जीवनीमूलक उपन्यास हो । यसप्रकारका उपन्यासमा ख्यातिप्राप्त व्यक्तिको जीवनलाई प्रतिपाद्य विषय बनाएर उपन्यासको रचना गरिएको हुनछ । लैनसिह बाङ्देलको **रेम्ब्रान्ट** जीवनीमुलक उपन्यासको नमुना हो ।

### २.५.१.९ मिथकीय उपन्यास

आदिम मानवीय स्वभाव तथा कार्यक्रमहरूको वर्णन गरेको उपन्यास मिथकीय उपन्यास हो यस्ता उपन्यासको कथावस्तु पुराण दन्त्यकथा तथा जनस्रोतबाट लिइएको हुन्छ । मिथकको पुनसिर्जनाबाट जीवनका जटिलताहरू उद्घाटन गरिने यस्ता उपन्यासमा पाठकको मनस्थितिलाई आकर्षण गर्ने कला हुन्छ । पुराण तथा प्राचीन परम्पराबाट घटना लिएर वर्तमानको उद्घाटन गर्नु यस प्रकारका उपन्यासको उद्देश्य हो । विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा**तथा **मोदिआइन**, मिथकीय उपन्यासका नमुना हुन् ।

### २.५.२ कथानकका आधारमा

कथानकका आधारमा उपन्यासलाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

### २.५.२.१ चरित्रप्रधान उपन्यास

चरित्रको प्रधानता भएको, मनोवैज्ञानिक पक्षमा केन्द्रित रहेको, पात्रहरूको मानसिकता चिरफार गरिएको उपन्यास चरित्रप्रधान उपन्यास हो । यसमा कथावस्तुभित्र चरित्रले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । घटित हुने उपन्यासका घटनाहरू पात्रका अधीनमा रहेका हुन्छन् । चरित्र अनुकूलको घटनाको संयोजन गर्नु चरित्रप्रधान उपन्यासको विशेषता हो । लैनसिंह वाङ्देलको **लङ्गडाको साथी**, विश्वेश्वरप्रसाद कोइरालाको **तीनघुम्ती** चरित्र केन्द्रित उपन्यासका उदाहरण हुन् ।

### २.५.२.२ घटनाप्रधान उपन्यास

घटनाप्रधान उपन्यासले व्यक्ति तथा सामाजिक जीवनमा घट्ने घट्नाहरूको वर्णन तथा विवरणलाई प्रधानता दिएको हुन्छ । यस्ता उपन्यासमा चरित्र कमजोर र कथानक सबल रहन्छ । पाठकलाई मनोरञ्जन प्रदान गराउन आकस्मिक घटनाको संयोजन गरी कौतुहलता उत्पन्न गराउनु यस्ता उपन्यासको प्रमुख उद्देश्य हो । जासुसी र साहसिक उपन्यास पनि घटनाप्रधान रहेका हुन्छन् । पारिजातको **अनिदो पहाडसँ गै** यस्तै उपन्यास हो ।

### २.५.२.३ मिश्रित वा चित्रात्मक उपन्यास

मिश्रित उपन्यासमा कुनै समय र स्थानमा चरित्रले घटनालाई र कतै घटनाले चरित्रलाई निर्देश गरेको हुन्छ । यस्ता उपन्यासमा घटना र चरित्रलाई बरावर महत्त्व दिइने हुनाले मिश्रित उपन्यास भनिएको हो । नायकको केन्द्रमा कथानक केन्द्रित हुने गर्दछ । उपन्यासको चरित्र घुम्दै हिड्ने स्वभावको हुन्छ । शिवकुमार राईको **डाकबङ्**गला रूपानारायण सिंहको **भ्रमर** यस्तै चित्रात्मक उपन्यास हुन् ।

### २.५.२.४ नाटकीय उपन्यास

नाटकीय उपन्यासमा चरित्र र घटनाका माध्यमले अभिनयात्मक ढङ्गबाट उपन्यासको विषयवस्तुलाई अगाडि बढाइएको हुन्छ । यसखाले उपन्यासमा संवाद र अभिनयात्मक कलाको प्रभावकारी भूमिका रहनाले नाटकीयताको उपस्थित भएको हुन्छ । लीलाध्वज थापाको **मन**, लीलबहादुर क्षेत्रीको **बसाईं** नाटकीय उपन्यासका उदाहरण हुन् ।

### २.५.३ शैलीका आधारमा

आधुनिक उपन्यासको विकासक्रमसँगै नयाँ-नयाँ शैलीमा उपन्यास रचिन थालिएको छ । शैली उपन्यासकारको नीजि पहिचान हो । प्रस्तुतीकरणको शैलीका आधारमा उपन्यासलाई निम्न वर्गमा विभाजन गर्न सकिन्छ :

### २.५.३.१ वर्णनात्मक उपन्यास

उपन्यासमा उपन्यासकारले घटना, पात्र, देशकाल, वातावरणलाई सिलसिलेवार रूपमा वर्णन गर्दछ भने त्यस्तो उपन्यास वर्णनात्मक उपन्यास हो । यसमा उपन्यासकार कथावस्तुलाई तृतीय पुरूष शैलीमा प्रस्तुत गरेको हुन्छ । यस्तो उपन्यासमा पात्रका बानी, विचार र स्वरूपको सीधा र प्रत्यक्ष वर्णन गरिएको हुन्छ । लैनसिंह वाङ्देलको **मुलुकबाहिर** इन्द्रबहादुर राईको **आज रमिता छ** यस्तै उपन्यासका उदाहरण हुन्।

### २.५.३.२ पत्रात्मक उपन्यास

पत्रात्मक उपन्यासमा पात्रका आधारमा कथानकको विकासका साथै घटना, कार्यव्यापार अघि राखिएको हुन्छ । पत्रलेखक नै । प्रमुख पात्रका रूपमा देखापरेको हुन्छ । उपन्यासमा लेखकका व्यक्तिगत भावनाले स्थान पाउँदछ र स्वतन्त्र अभिव्यक्तिमा केन्द्रित रहने यस किसिमका उपन्यासमा पात्रहरू उपन्यासकारको कुशलतामा मूर्त भएर देखापर्दछन् । असित राईको **पहिरो जाने पहाड** पत्रात्मक उपन्यासको नमुना हो ।

### २.५.३.३ आत्मकथानात्मक उपन्यास

प्रथम पुरूष शैलीमा लेखिएको वा आफ्नै जीवनीको प्रस्तुति भएको उपन्यास आत्मकथानात्मक उपन्यास हो । यस्ता उपन्यासमा पात्रले घटनाहरू आत्मकथाकै रूपमा प्रस्तुत गरेको हुन्छ र यसले आत्मस्मरणकै अभिव्यक्ति प्रकट गरेको हुन्छ । चरित्रलाई बढी महत्व दिइने यी उपन्यासमा घटनालाई आत्मकेन्द्री कथाको रूपमा लिइएको हुन्छ। विजय मल्लको **अनुराधा**, पारिजातको **शिरीषको फूल** यस्तै उपन्यास हुन् ।

### २.५.३.४ चेतनप्रवाह शैलीका उपन्यास

पात्रको असङ्गत कल्पना र चेतनाको सीधा प्रस्तुति द्वारा उसको स्वभावको विश्लेषण गरी लेखिने उपन्यास नै चेतनप्रवाह शैलीका उपन्यास हुन् । यसका स्वतन्त्र मन र चिन्तन

द्वारा व्यक्तिको आन्तरिक जीवनको पाटोलाई प्रस्तुत गरिएको हुन्छ । उपन्यासकारमा जे जस्ता वैचारिक चिन्तन आउँदछन् ।त्यसलाई त्यस्तै धाराप्रवाहको रूपमा प्रस्तुत गरिन्छ । यसरी उपन्यासकारले पात्रका माध्यमबाट मानव मनमा उब्जेका विविध तरङग भूत, वर्तमान र भविष्यसँग सम्बन्धित गराएर स्मरणका माध्यमबाट प्रकट गर्ने काम चेतनप्रवाह शैलीका उपन्यासमा भएको हुन्छ । ध्रुबचन्द्र गौतमको **उपसंहार अर्थात् चौथो अन्त्य**, मञ्जुल राल्फाको **छेकुडोल्मा** चेतनप्रवाह शैलीका उत्कृष्ट औपन्यासिक रचना हुन् ।

## २.५.४ धारागत आधारमा

धारागत आधारमा उपन्यासलाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

## २.५.४.१ आदर्शोन्मुख सामाजिक यथार्थवादी धारा

आदर्शवाद र यथार्थवादको मिश्रण भई आदर्शतिर उन्मुख कथानक भएका औपन्यासिक रचनालाई आदर्शोन्मुख यथार्थवादी उपन्यास भनिन्छ (बराल, २०५८:९९) । रहस्य र मनोजगत्का अदृष्य तत्त्वलाई महत्वदिएर ईश्वरीय न्यायमा भर पर्ने प्रवृत्ति आदर्शवादमा हुन्छ । परिवर्तनशील मुल्यलाई ग्रहण गर्न नसक्ने चिन्तन आदर्शवाद हो । यसले प्राकृतिक संयोगलाई दैवी चमत्कार, आकस्मिक दुर्घटनालाई ईश्वरीय दण्ड र सफलतालाई प्रभुको निगाहा सम्भन्छ (बराल २०५८:९६) । भने यथार्थवादको आधार भौतिकवाद हो । यसमा वास्तविक संसारलाई सत्य स्वीकार गरेर त्यसका घटना र चरित्रलाई क्रमबद्ध विकासका आधारमा बुझ्ने गरिन्छ । प्रत्यक्ष जगत्लाई आत्मसात् गरेर यथार्थवादले सार्वजनिक सत्यको खोजी गर्दछ । सामान्य एवं मूर्त चिजले यसमा प्रश्रय पाउँछ । यथार्थवादमा व्यङ्ग्यात्मक उद्गार हुन्छ, सत्य एवं तथ्यको वस्तुगत चित्रण हुन्छ र लौकिक वास्तविकता र सङ्घर्षको क्रियात्मक रूपले मानिसलाई नयाँ भविष्य निर्माणमा प्रवृत्त गराउँछ भन्ने विश्वास हुन्छ (सुवेदी, २०६४:६५) । उपन्यासमा यथार्थवाद भनेको लेखनको इमान्दारीता हो (बराल, २०५८:९८) ।
आदर्शोन्मुख यथार्थवादी धारा भनेको यी दुवैको मिश्रण भएको औपन्यासिक धारा हो ।

नेपाली साहित्यमा आधुनिक नेपाली उपन्यासको प्रारम्भ नै आदर्शोन्मुख यथार्थवादी उपन्यास **रूपमती**बाट भएको पाइन्छ (बराल, २०५८:९१) । यसबाहेक नेपाली साहित्यको उपन्यासको विकासक्रममा निम्न उपन्यासहरू देखापरेका छन„। रूद्रराज पाण्डेको **रूपमती** (१९९१), **चम्पाकाजी** (१९९३), **प्रायश्चित** (१९९५) र **प्रेम** (२००५), काशीबहादुर श्रेष्ठका **उषा** (१९९५) **बचन** (२००१), टुकराज पद्मराज मिश्रको **रजबन्धकी** (१९९६) र **रामकृष्ण कुँवर राणा** ( १९९९), शोभाचन्द्र उपाध्यायको **पातली पुत्र** (२००३), सुरेन्द्र बहादुर शाहको **पारीजात** ( २००३), मोहनबहादुर मल्लको **समयको हुरी** (२०१५) आदि आदर्शोन्मुख यथार्थवादी उपन्यास हुन् । यसै धारालाई आधार बनाएर निम्न लिखित महिला उपन्यासकारले निम्न औपन्यासिक कृतिहरू अम्बालिक देवीको **राजपुत रमणी** (१९८९) । गीता केशरीका **खोज** (२०५०) र **विश्वास** (२०५२), भारती खरेलको **गंगाजमुना** (२०४६), **एउटी आमाको कथा** (२०४६), **कुमारी आमा** (२०४६), **लाहुरे** (२०५२) लगायतका रचना गरेको पाइन्छ र आदर्शलाई लक्ष्यबनाएर सामाजिक यथार्थलाई प्रस्तुत गर्ने उपन्यासहरू आदर्शोन्मुख यथार्थवादी धारा अन्तर्गत पर्दछन् ।यस धाराका उपन्यासमा चरित्रको आन्तरिक निरीक्षण भन्दा बाहिरीबाधा र

अड्चनका कुरावर्णन गरिएका छन„ ।यस्ता उपन्यासको मूल निष्कर्ष र प्राणचाहिँ जीवनमा आदर्शका माध्यमबाट मात्र सफल, सुखी र सन्तुष्ट हुन सकिन्छ भन्ने रहेको पाइन्छ ।

### २.५.४.२ स्वच्छन्दतावादी धारा

कोरा नीतिनियम र आदर्शका पर्खालहरू ढाल्दै फ्रान्स र बेलायतमा उन्नाइसौँ शताब्दीमा चलेको आन्दोलनको नाम स्वछन्दतावाद हो । स्वछन्दवादी काव्यमा सामान्यताका सट्टामा विशिष्ट, स्वभाविकताका सट्टामा विलक्षण तथा प्रवृतिको विविध रूपको प्रस्तुति हुन्छ ( पौड्याल,२०६३:२६७) । नवपरिस्कार वादी साहित्य लेखनका विरूद्धमा जन्मिएको, भावुकता र संवेगलाई प्रधानता दिएको नियमको कडा छेकवारलाई तोडी स्वतन्त्रताको बाटो अन्वेषण गर्ने भएकोले स्वछन्दतावादमा जीवनबाट पलायनमा आनन्दित हुने प्रवृत्ति पनि पाइन्छ । सन् १७९८ मा प्रकाशित **लिरिकल व्यालेड्स**को वड्वर्थको भूमिकाले स्वछन्दतावादको घोषणापत्रको काम गऱ्यो र त्यहाँ बाट विश्वसाहित्यमा स्वछन्दतावादको प्रारम्भ भएको पाइन्छ । स्वछन्दतावादले शास्त्रीय रूपका विरूद्ध अविराम युद्व छेडेको छ । यसले रूढीवादी नैतिकता र एकाधिकारवादी सरकारका विरूद्व आवाज उठाएको छ । यसको चाहना भनेको व्यक्तिगत रूवतन्त्रता र अहम्‌को प्रकाशन हो । यो वाद अङग्रेजी साहित्यमा फलेफुलेको वाद ( बराल,२०५८:१०३) को रूपमा विकास भएको पाइन्छ । यसले नेपाली साहित्यको उपन्यासमा पनि प्रभाव पारेको पाइन्छ ।

नेपाली उपन्यासका क्षेत्रमा स्वछन्दतावादको प्रभाव अङग्रेजी बङगाली र हिन्दीको प्रभावबाट प्रवेश (बराल,२०५८:१००) गरेको पाइन्छ । दार्जिलिङ्गमा अङ्ग्रेजी र बङगाली भाषामा निकै दक्ष रहेका उपन्यासकार रूपनारायण सिंहको **भ्रमर** (१९९३) को प्रकाशन पछि नेपाली उपन्यास साहित्यमा स्वछन्दतावादले प्रवेश गरेको देखिन्छ । यस धाराका उपन्यासमा अतिभावुकता, मानवतावादी दृष्टिकोण, स्वत:स्फूर्त प्रेम, हार्दिक संवेग, काल्पनिकता जस्ता सन्दर्भलाई समेटेको पाइन्छ । यस धाराका उपन्यासहरूमा रूपनारायण सिंहको **भ्रमर** (१९९३), **बिजुली** (अपूर्ण, २००६), मोहन बहादुर मल्लको **उजेली छामा** (२००८), अच्छा राई रसिकको **लगन** (२०११), शिवकुमार राईको **डाकबङ्ला** (२०१३), समीरण प्रियदर्शीको **पोखिएको जीन्दगी** (२०२८), हिरण्य भोजपुरेको **छिटेन** (२०५४), होमराज आचार्यको **निर्दोश कैदी** (२०५४) लगायतका उपन्यासहरू पर्दछन् । नेपाली साहित्यको स्वच्छन्दतावादी धारामा रहेर महिला साहित्य सर्जकहरूल‡ पनि उपन्यासको सिर्जनाको लागि आफ्नो कलम चलाएको पाइन्छ ।

स्वच्छन्दतावादी धारामा रहेर कलम चलाउने महिला उपन्यास सर्जक साहित्यकारहरू र तिनका औपन्यासिक रचनाहरू निम्ननुसार रहेका छन् । पवन कुमारी देवीको **प्रतिज्ञा** ( २०१७), सरिता प्रधानको **अर्चना** (२०२८), कृष्णाकुमारी राईको **समर्पिताको अस्तित्त्व** (२०२९), उषा सुन्दासको **बिन्दु** (सन् १९७८), सङगिता 'स्वेच्छा' को **पखालिएको सिउँ दो** (२०४९), श्रेष्ठ प्रिया पत्थरको **पुकार** (२०४९), कविता पौडेलको **हीरा** (२०६३), ललिता दाषीको **निलकमल** (२०६४), राधिका रायको **कला** (२०६६) लगायतका उपन्यासहरू स्वच्छन्दतावादी धारामा आधारित रहेको पाइन्छ ।

स्वच्छन्दतावादी उपन्यासहरूमा जातीय जागरण तथा अस्तित्त्वबोधको राम्रो नमुना प्रस्तुत गरिएको पाइन्छ भने गरिब जनजीवनको उदासी चित्रण, ईश्वरको भरोसामा रहेर पलायित भएका सन्दर्भहरू एवं धनीहुन खोज्ने स्वच्छन्द आचरण गरेर आधुनिक हुन रहर गर्नेहरूको होडमा विकृत संस्कृतिलाई भित्र्याएका उच्छ्रिङ्खलहरूको दुर्दशा देखाई आदर्शको मार्ग प्रशस्त गरिएको पनि देखिन्छ । कलात्मक रूपले रहस्य र विचित्रताका माध्यमबाट सौन्दर्य सिर्जना गर्नमा यस्ता उपन्यासहरू सक्षम देखिएको पाइन्छ । कलात्मक रूपले रहस्य र विचित्रताका माध्यमबाट सौन्दर्य सिर्जना गर्न यस्ता उपन्यासहरू सक्षम देखिएको पाइन्छ ।

### २.५.४.३ सामाजिक यथार्थवादी धारा

समाज, जीवन र घटनाहरूको यथार्थपरक प्रस्तुति पाइने औपन्यासिक धारालाई सामाजिक यथार्थवादी धारा (बराल,२०५८:१०५) भनेको पाइन्छ । यथार्थवाद विशेषत:जीवनका कारूणिक तथ्यहरूमा निरीक्षण हुने सत्यतालाई प्रकट गर्ने साहित्यिक शब्दावली हो । विश्वसाहित्यमा स्वच्छन्दतावादी धाराका विरूद्धमा चलेको यथार्थवादी आन्दोलनले सबैभन्दा प्रभाव आख्यान साहित्यमा पारेको छ ।

समाज र साहित्यलाई सूक्ष्मरूपमा अन्तर्सम्बन्धित बनाउने आन्दोलनको रूपमा आएको यस वादको उद्भवमा अगस्त कोम्तेको भाववाद, डार्विनको विकासवादी सिद्वान्त र मार्क्सको द्वन्द्वात्मक भौतिकवादसमेत कारण रहेको (पौड्याल,२०६३:२७१) पाइन्छ । इन्द्रियग्राह्य र लौकिक संसारलाई नै सत्य ठान्ने यथार्थवाद बस्तुपरक र आधुनिक जीवन दृष्टि हो (सुवेदी,२०६४:१०४) । उपन्यासकारको विचारका आक्रमक औजारको समाजका कच्चावस्तुलाई आकृति दिने कलाकार भएकोले (फक्स,सन् १९७६:५७) इन्द्रियबाट प्राप्त ज्ञानलाई महत्त्व दिने र मान्छेलाई मान्छेकै रूपमा चित्रण गर्ने हुँदा यसले वास्तविकतामा विश्वास गर्दछ । समाजको चित्रण गर्दा यसले सामान्यत:निम्न वर्गीय चरित्र, स्वीकृत यथार्थ र कटु सत्यलाई प्राथमिकता दिन्छ । वैज्ञानिक तथ्यलाई सिरोधार्य गर्दै यसले सुदुर गाउल‡ जीवनको संस्कार प्रस्तुत गरी जीन्दगीको अन्वेषण गर्दछ र प्रत्येक दिन घट्ने सामान्य घटनामा पनि नयाँ पनको अनुभूति गराउँछ । स्थानीय बोलीचाली र रहनसहनको झाँकी प्रस्तुत गरेर यथार्थवादको चित्रणमा स्वाभाविकता भरिदिन्छ । फ्रान्सेली उपन्यासकार गुस्ताभ फ्लुवर्टको **म्याडम बोभरी** यसै धाराको उपन्यास (बराल,२०५८:१०५) भएको पाइन्छ । यसरी सामाजिक यथार्थवादी धारा नेपाली साहित्य सम्म आएको पाइन्छ ।

नेपाली साहित्यमा सामाजिक यथार्थवादी उपन्यासको थालनी **रूपमती** (१९९१) बाटै आंशिक रूपमा पाइए पनि वास्तविक थालनी फ्रन्सेली यथार्थवादी रचनाका विशेषताहरूलाई आत्मसात गरेर युरोपबाट फर्केका उपन्यासकार लैनसिंह बाङ्देलको **मुलुकबाहिर** (२००४) सालबाट (बराल,२०५८:१०६) भएको पाइन्छ । **मुलुकबाहिर** (२००४) लाई पहिलो सामाजिक यथार्थवादी उपन्यासको रूपमा मानिन्छ । यसमा स्वाभाविक कथानक, प्रस्तुतिमा सत्यता र विश्वसनीयता रहेको पाइन्छ । यस धाराका उपन्यास र उपन्यासकारहरू निम्नानुसार रहेको पाइन्छ । लैनसिंह बाङ्देलको **माइतघर** (२००७), **लङ्गडाको साथी** (२००८) र **रेम्ब्रान्ट** (२०२३), लीलबहादुर क्षेत्रीको **बसाईं** (२०१४), **अतृप्त** (२०२६) र **ब्रह्मपुत्रको छेउछाउ** (२०४३), लीलध्वज थापाको **मन** (२०१५), दौलत विक्रम विष्टको **मञ्जरी** (२०१६), शंकर

कोइरालाको **खैरेनी घाट** (२०१८), तुलसीराम कुवरको **रने** (२०१८) र **उज्यालोतिर** (२०३३), केशवराज पिंडालीको **बाच्ने एउटाजीन्दगी** (२०४३), भवानी भिक्षुको **आगत** (२०३२), डोरबहादुर विष्टको **सोताला** (२०३२), ध.च. गोताको **घामका पाइलाहरू** (२०३५), **यहाँदखी त्यहाँ सम्म** (२०४२), राजेश्वर देवकोटाको **आवर्तन** (२०४१), **पूर्व कथा** (२०४३), **उत्सर्ग प्रेम** (२०४४) आदि सामाजिक यथार्थवादी धाराका महत्त्वपूर्ण आख्यानात्मक कृतिका रूपमा देखिएका छन् ।

नेपाली साहित्यमा सामाजिक यथार्थवादी धारामा सबैभन्दाबढी उपन्यासहरू रचना गरिउको पाइन्छ । यस धाराका अन्य उपन्यासहरूमा गोबिन्दराज भट्टाराईको **मुगलान** (२०३१), **मणिपुरको चिठी** (२०३४), चेतन कार्कीको **हनिमून** (२०२५), **आत्मा बेचेको छैन** (२०३३) र **ढलेकोगिलास** (२०४०), नरेन्द्रराज शर्माको **महापुरूष** (२०२८), निर्मोही व्यासको **एलबमका पानाहरू** (२०४३), परशु प्रधानको **सबै बिर्सिएका अनुहारहरू** (२०२४), लक्ष्मीप्रसाद देवकोटाको **चम्पा, वासु** रिमाल यात्रीको **मायाकी मूर्ती** बासु शशीको **फूल ओइलाए पछि**, बिनोध प्रसाद धितालको **उज्यालोहुनुअघि** (२०२८), मुरारी प्रसाल रेग्मीको **जीवन क्यानभासको वृत्तचित्र** (२०३४), ऋषिराज बरालको **भावना** (२०३४), मुकुन्द शरण कार्कीको **वरदान** (२०३७), शिव अधिकारीको **विदिशा** (२०४३), धुस्सा सायमीको **गंकी** (२०२१), **अग्निगर्भ** (२०४२), **खरानीको बस्ती** (२०४६) र **दीपा** (२०४६), भागिरथी श्रेष्ठको **मालती** (२०३४) आदि रहेको पाइन्छ । बखत बहादुर थापाको **कुहिरो रकाग** (२०६०), कृष्ण अविरलको **रक्तकुण्ड** (२०६५) कृष्ण धरावासीको **टुडाल** (२०६५), धनराज गिरीको **अनन्तपाइला** (२०६८) लगायतका उपन्यासहरू यस धारामै रहेको पाइन्छ ।

नेपाली उपन्यास साहित्यको यस उर्वर धारामा रहेर महिला साहित्यकारहरूले पनि आफ्ना औपन्यासिक रचना गरेका छन् । यस धारामा आधारित रहेर कलम चलाउने महिला साहित्यकारहरू र तिनका साहित्यिक रचनाहरू निम्नानुसार रहेको देखिन्छ । पारिजातको **अन्तर्मुखी** (२०३५), बानीरा गिरीको **कारागार** (२०३५), **निर्बन्ध** (२०४४), **शब्दातीत शान्तनु** (२०५६), **बिन्द्या सुब्बाका फूलहरू, पहाडहरू:धर्साहरू** (२०४६) र **अथाहा** (२०५६), **श्रेष्ठ प्रिया पत्थरकापतिङ्गर** (२०४८) **पुकार** (२०४९), **रङ्गभूमि** (२०५०), **मर्यादा** (२०५२), **कसिङ्गर** (२०५२), **पुनरावृत्ति** (२०५७), सुस्मिता नेपालको **एकान्त पनि रून्छ** (२०५३), **कालाकाला रातहरू टेक्दै** (२०६०), इन्दिरा प्रसाई **रनमाया** (२०५८), ललिता दोषीको **उन्माद** (२०६६) कविता पौडेल **बालचीत्कार** (२०६२) र **विस्थापित आमाहरू** (२०६८), बुद्धिसागरको **कर्णाली ब्लुज** (२०६७), **प्रभाकैनी अनावृत्त** (२०६७) लगायतका सर्जक र साहित्य सामाजिक यथार्थवादी धारामा आधारित रहेको पाइन्छ ।

सामाजिक यथार्थवादीहरूको ठूलो उपस्थिति नेपाली उपन्यासका क्षेत्रमा जीवनको घेरालाई मानवीय चरित्रले सजाएर प्रस्तुत गर्ने क्रममा पात्रहरूको सामाजिक क्रियाकलाप र भूमिकाको नजिकबाट गरिने प्रस्तुतीकरणमा सफलता मिलेको छ । यसरी आधुनिक नेपाली उपन्यास साहित्य अगाडि बढेको पाइन्छ ।

### २.५.४.४ ऐतिहासिक यथार्थवादी धारा

लेखकको जन्म समयभन्दा अगाडिको समयावधिका घटना र ऐतिहासिक चरित्रलाई लिएर लेखिएका उपन्यास ऐतिहासिक हुन्छन् (बराल,२०५८:११२) । यसले ऐतिहासिक घटना, व्यक्ति वा परिवेशलाई लिएर यथार्थवादी ढङ्गले प्रस्तुत गर्दछ । यसमा स्वतन्त्र कल्पनाको पनि स्थान रहन्छ अन्यथा कृति अभिलेख वा दस्तावेज मात्र हुन सक्छ । ऐतिहासिक यथार्थवादी उपन्यासमा लेखकको सबै भन्दा ठूलो काम यथार्थको भ्रम सिर्जना गर्नु रहन्छ । ऐतिहासिक यथार्थले वर्तमानलाई प्रेरणा दिन्छ र इतिहासले अन्याय गरेका पात्र, घटना र पृष्ठभूमिलाई पनि सच्याउन मद्दत गर्दछ । यसले पाठकमा उल्लिखित व्यक्तिप्रति सच्चा भाव निर्माण गरी सिंहावलोकन गर्ने तथा औपन्यासिक आनन्द प्रदान गर्ने क्षमता राख्दछ । अङग्रेजीमा वाल्टर स्कटका **ओल्ड मोरालिटी** अत्यन्त महत्त्वपूर्ण ऐतिहासिक यथार्थवादी उपन्यास रहेको देखिन्छ । ( बराल,२०५८:११३) । यिनै उपन्यासका आधारमा ऐतिहासिक यथार्थवादी धारा नेपाली साहित्यमा प्रवेश गरेको पाइन्छ ।

नेपाली उपन्यास परम्परामा डायमनशमशेर राणाको **वसन्ती** (२००६) बाट ऐतिहासिक यथार्थवादी धाराको थालनी भएको पाइन्छ (बराल,२०५८:११३) । ऐतिहासिक धाराको पृष्ठभूमिका रचनाका रूपमा टुकराज पद्यराज मिश्रको **रजबन्धकी** (१९९६) र **रामकृष्ण कुँवर राणा** (१९९९) लाई मानिए पनि यी रचना ऐतिहासिक विषयवस्तुमा आधारित भए पनि तीनमा इतिहासको शुष्क वर्णन मात्र भएका र तत्कालीन सामाजिक पृष्ठभूमि, सूक्ष्म यथार्थ एवं औपन्यासिक कलाको अभाव भएकाले यस धाराको थालनी **वसन्ती** (२००६) बाट मानिएको हो । ऐतिहासिक यथार्थवादी धाराका अन्य महत्त्वपूर्ण ऐतिहासिक कृतिहरूमा डायमनशमशेर राणाकै **सेतोबाघ** (२०३०), **प्रतिबद्ध**(२०३४), **सत्प्रयास** (२०३८) र **अनिता** (२०४३), केशवराज पिंडालीको **एकादेशकी महारानी**(२०२६), खगेन्द्र के.सी.को **खानदान** (२०३५), सुन्दरप्रसाद शाहका **प्रतिवाद** (२०४०) र **त्रिफट्** (२०४२), श्रीकृष्ण श्रेष्ठको **जङ्गबहादुर** (२०५१) दौलत विक्रम विष्टको **फाँसीको फन्दामा** (२०५३), मोदनाथ प्रश्रितको **झासीकी रानी** (?), कविताराम श्रेष्ठको **माभिनिष्क्रमणका अस्वीकृत पाइला** (२०६७), कविता पौडेलको **विस्थापित आमाहरू** (२०६८) लगायतका उपन्यासहरू यस धारामा रहेर रचिएका पाइन्छन् ।

**वसन्ती** (२००६) नेपालको इतिहासमा अत्यन्त महत्व राख्ने गगनसिंहको दरबारिया चकचकी, महारानीसितको अवैध सम्बन्ध रहेको हुनाले उनलाई विवाह गर्न स्वीकृति नदिने अवस्था जङ्गबहादुरको महत्त्वाकाङक्षा, बढ्दो शक्ति र षडयन्त्र तथा तिनबाट सिर्जनाहुने आकर्षण, लोभ र व्यक्तित्व निर्माणका घटनाहरू प्रस्तुत गरेर सङकुचित लालसा र त्यसको प्रेरणाले कत्रो असर पार्छ भन्ने देखाउन यो उपन्यास सफल भएको पाइन्छ । यसरी नेपालीमा देखिएका उपन्यासहरूको विश्लेषण गर्दा डायमन शमशेरको औपन्यासिक शिल्प र कथ्य चयन सबैभन्दा उपयुक्त देखा परेको पाइन्छ । नेपाली पाठकलाई ऐतिहासिक पात्र र घटनाहरूसँग पूर्वाग्रह रहित भएर साक्षातकार गराउने काममा राणाको योगदान महत्त्वपूर्ण भएको पाइन्छ । अन्य उपन्यासमा पनि यस्तो स्थिति र देशकालको सिर्जनाद्वारा कथ्यको स्वाभाविकता वृद्धि गर्नमा ऐतिहासिक यथार्थवादी उपन्यास सफल रहेको पाइन्छ ।

### २.५.४.५ अतियथार्थवादी धारा

फ्रान्समा चलेको दादावादबाट विद्रोह र परम्परासँग असहमतिका कुराहरू लिएको सन् १९१६ मा अतियथार्थवादको औपचारिक थालनी फ्रान्सको पेरिसमा आन्द्रें ब्रतोँ ले **सुरेलिस्ट मेनिफेस्टो** सन् १९२४ प्रकाशित गरे पछि (बराल,२०५८:११८) भएको पाइन्छ । यो साहित्यका सन्दर्भमा यथार्थको अतिक्रमण गर्ने र आन्तरिक पक्ष तथा नाङगो रूपमा बढी महत्त्व दिने सिद्वान्त भएको पाइन्छ । अतियथार्थवादलाई राजनीति, दर्शनशास्त्र, मनोविज्ञान तथा साहित्य, कलामा आएको क्रान्तिकारी मोड ल्याउने सिद्वान्तका रूपमा स्वीकारेको पाइन्छ । अतियथार्थवादको घोषणपत्रले बुद्विवाद र सङकुचित तार्किक प्रणाली माथी कडा आक्रमण गरेर फ्रायडको अचेतन र स्वप्न सिद्वान्तलाई आफ्नो आधार बनाएको पाइन्छ । यसलाई वेवास्ता गरिएको मानवीय मनको लुप्त क्षेत्रका खोजीका रूपमा पनि लिइएक‡ा देखिन्छ । मनोविश्लेषण र सपना विपर्यासयुक्त तत्त्वका रूपमा पनि लिइएको देखिन्छ । मनोविश्लेषण र सपना विपर्यासयुक्त तत्त्वका संश्लेषण गरेर मानवको आन्तरिक पक्षको उद्घाटना गर्ने पद्वतिका रूपमा यसलाई अपनाइएको पाइन्छ भने मानवताको ह्रास, मार्क्सवादी साँच तथा जादु-यथार्थको प्रयोग पनि गरिएको हुन्छ । यसमा काल्पनिक, भौतिकीको पनि प्रयोग हुन्छ भने स्वत:स्फूर्त बिम्बको सिर्जना हुन सक्छ भन्ने मान्यता यसमा लिएको देखिन्छ । सन् १९१९ मा प्रकाशित ब्रतोँ को **सुरेलिस्ट मेनिफेस्टो**मा फ्रायड र मार्क्सको सिद्वान्तलाई संयोजक गरिएको पाइन्छ । अतियथार्थवादी धारामा भाषालाई भाँचेर साहित्यको विशृङखलिततामा ध्यान दिएको पाइन्छ । परम्परागत मूल्य र मान्यताबाट मानवमनलाई मूक्त गराउने उद्देश्य यसवादमा (बराल,२०५८:११५) रहेको पाइन्छ । चेतनप्रवाह शैली र आशुलेखनमा जोड दिदै सचेत लेखनले मान्छेलाई चिनाउँदैनन् झन् लुकाउँछ, त्यसैले तन्द्रा अवस्थाको मानसिक अवस्थाले नै मान्छेको वास्तविक परिचय दिन्छ भन्ने मान्यतालाई यसले अपनाएको देखिन्छ । आन्द्रें ब्रतोँ, हर्बट रिड, अरारो इलुवार्ड आदि अति यथार्थवादी साहित्यकारहरूको रूपमा परेको पाइन्छ ।

नेपाली साहित्यमा अतियथार्थवादीको प्रयोग गरिएको साहित्यिक कृति लैनसिंह वाङ्देलको **लङ्गडाको साथी** (२००८) लाई मानिएको पाइन्छ । मानिसको यथार्थरूप बाहिर होइन उसको मन भित्र हुन्छ भन्ने विचारले ती कुराहरू प्रकट गर्नका लागि लङ्गडाका सुषुप्त इच्छाहरू तन्द्राका रूपमा उपस्थित गरिएको पाइन्छ । लङ्गडाले सपनामा कुकुरसँग डुलेको, घुमेको र अन्य कार्य गरेको देख्नुमा अतियथार्थवादीको प्रभाव परेको पाइन्छ । यान्त्रिक सभ्यता र पारस्परिक जीवन पद्वति प्रति अतियथार्थवाद घृणा व्यक्त गरेको पाइन्छ । लङ्गडा साथी कुकुर हुनु र लङ्गडा प्रति यथार्थवाद घृणा व्यक्त गरेको पाइन्छ । मानवीय उच्चता प्रकट हुन नसक्नु मानिसको आन्तरिक यथार्थ नै हो । कुकुर हराए पछि लङ्गडाको तन्द्रा बढ्दै गएको छ र त ऊ भित्ताका चित्रलाई कहिले कुकुर देख्छ त कहिले मान्छे र भैसी पनि देखेको, सपनामा आफूलाई गिद्वले लुछेको देखेको, चील भएर देश विदेश घुम्ने स्वतन्त्रताको चाहना राखेको आदि स्वप्निल भाव तरङ्गहरू अचेतन मनका आकाङ्क्षाका रूपमा उपन्यासकारले देखाएको पाइन्छ । लङ्गडा र कुकुरको हाड जोडिनु चाहिँ काल्पनिक भौतिकीको प्रयोग हो भने केही मात्रामा स्वत:स्फूर्त लेखनको प्रयोग पनि यसमा पाइन्छ (बराल,२०५८:११६) । यस धारामा आधारित उपन्यासहरूमा गोबिन्दबहादुर मल्ल गोठालेको **अपर्णा** (२०५३), गोबिन्दबहादुर मल्ल

'गोठाले' को **पल्लो घरको झ्याल** (२०१६), अर्जुन निरौलाको **घामडुबेपछि** (२०३३), हिरण्य भोजपुरेको **गोरी** (२०५४), ध्रुवचन्द्र गौतमको **अलिखित** (२०२१), **एक असफल आख्यानको आरम्भ** (२०६५), **अप्रिय** (२०६७), **सातौँ ऋतु** (२०६८), मोहनराज शर्माको **सलिजो** (२०६६) लगायतका उपन्यासहरू यस धारामा पर्दछन् ।

अतियथार्थवादको प्रयोग गरेर नेपाली उपन्यासकारहरूको उपन्यासमा व्यक्तित्वका स्वप्निल भाव तरङ्गका सहायताले व्यक्ति भित्र निहित वास्तविकता स्वरूपलाई उदाङ्गो पारी प्रस्तुत गरेको पाइन्छ । मान्छे बाहिरबाट देख्दा जस्तो देखिए तापनि उसको मानसिकतामा भिन्दै र बृहत् संसार रहेको पाइन्छ जहाँ उसले यथार्थ रूप र धारणा लुकेका पक्षको अन्तनिरीक्षण गर्ने कार्य यस्ता उपन्यासमा भएको देखिन्छ ।

## २.५.४.६ आलोचनात्मक यथार्थवादी धारा

समाजमा देखिएका कुरीति, शोषण र अन्य विसङगत तत्त्वहरूलाई औल्याएर तिनको विरोध गर्ने तथा तिनलाई सुधार्नु पर्ने आकाङक्षा राख्ने लेखन पद्धतिलाई 'आलोचनात्मक यथार्थवाद' (प्रधान,२०५३:११४) भनेको पाइन्छ । उन्नाइसौँ शताब्दीमा यस्तो लेखनका माध्यमबाट पुँजीवादी सभ्यताबाट उत्पन्न विकृति र विसङ्गतिको यथार्थ चित्रण र तिनको आलोचनागर्ने प्रवृत्ति विकास भएको हो । अमेरिकाका सातजना दार्शनिकहरू मिलेर सन् १९२० मा प्रकाशित गरेको **क्रिटिकल रियालिज्म** (आलोचनात्मक यथार्थवाद) पुस्तकले यसको महत्त्व र आधार स्थापना गर्न सघाएको ठानिन्छ (बराल,२०५८:११७) । आलोचनात्मक यथार्थवादीहरूले समाजको यथार्थ स्थितिले आफै पनि केही न केही सन्देश दिइरहने भएकाले त्यसको प्रकटीकरण साहित्यमा हुन्छ भन्दछन् । समाजवादी यथार्थवाद र प्रकृतवाद भन्दा भिन्दै पद्धतिका रूपमा साहित्यिक अर्थमा गोर्कीले आलोचनात्मक यथार्थवाद शब्दको प्रयोग सन् १९३४ को लेखक सम्मेलनमा गरेका हुन् (मिश्र, सन् १९७८:४०) । विश्व प्रसिद्ध उपन्यासकार बाल्जाक, फ्लुवर्ट, डिकेन्स, टल्सटाय, दोस्तोएभ्स्की आदिले आलोचनात्मक यथार्थवादी धारालाई स्थापित गरेर आफ्नो अग्रगामितालाई प्रमाणित गरेका देखिन्छन । यस धारामा लेखिने उपन्यासमा प्रगतिवादी उपन्यासमा जस्तो सामाजिक विकृतिको जरो खोतलेर त्यसको निराकरणको लागि स्पष्ट दिशा र ठोस आधार दिइएको पाईदैन । बरू ती विकृति र विभिन्न पक्षहरू तथा तिनका असरहरूको विवेचना गर्दै तीव्र आलोचना, मार्मिक व्यङ्ग्य र गम्भीर चिन्ता प्रकट गरिएको पाइन्छ ।

नेपाली उपन्यास साहित्यमा आलोचनात्मक यथार्थवादको थालनी हृदयचन्द्र सिंह प्रधानको **स्वस्नीमान्छे** (२०११) बाट भएको पाइन्छ । त्यस पछि यो धारा विस्तृत र विकसित हुँदै आजसम्म पनि चलिरहेको पाइन्छ । **स्वस्नीमान्छे** उपन्यासले नारी माथि गरिने भेदभाव र भोगवादी प्रवृत्तिलाई हाँक दिदै सङ्घर्षकालागि एकजुट हुने प्रेरणा दिएको छ । यस समाजमा रहेका शोषक वर्गको क्रियाकलापलाई उदाङ्गो पारी नारी शोषणको अन्त्य गर्ने पहलका लागि आवाज उठाइएको देखिन्छ । वेश्या सम्बन्धी सामाजिक धारणामा परिवर्तन आउनु पर्ने कुरामा पनि यसले जोड दिएको पाइन्छ । यस धाराका अन्य उपन्यासहरूमा प्रधानकै **एक चिहान** (२०१७), **खड्ग बहादुर सिंहको भाग १ र २** (२०११-२०१३), र **हुरीको चरा** (२०१३), दौलत विक्रम विष्टका **मञ्जरी** (२०१६), **एक पालुवा अनेकौँ याम(२०२६), विग्रिएको बाटो** (२०३३),

**थालेको आकाश** (२०३४), **भोक रभित्ताहरू** (२०३८) र **ज्योति-ज्योतिमाहा ज्योति** (२०४५), तारानाथ शर्मा १९९१ को **मेरो कथा** (२०२६), **ओझेल पर्दा** (२०२६), **सुली** (२०३०) **झझल्को** (२०४५), **नेपाल देखि अमेरिका सम्म** (२०४६), ध्रुवचन्द्र गौतमको **कट्टेल सरको चोटपटक** (२०३७), **अलिखित** (२०४०), **निमित्तनायक** (२०४३), **स्वर्गीय हीरादेवीको खोज** (२०४५), **एक सहरमा एक कोठा** (२०४६), **उपसंहार अर्थात,, चा‡था‡अन्त्य** (२०४८), **दुविधा** (२०५२), **अग्निदत्त+अग्निदत्त** (२०५३), **फूलको आतंक** (२०५५०, नारायण ढकालको **प्रेतकल्प** (२०६५) लगायतका औपन्यासिक कृतिहरू यस धारामा परेको पाइन्छ ।

यस धारामा रहेर कलम चलाउने महिला सर्जकहरू र उनीहरूका कृतिहरू निम्न रहेका पाइन्छन् । पारिजातका **तोरीबारी बाटा र सपनाहरू** (२०३३), **परिभाषित आँखाहरू** (२०४६), **ब‡ानी** (२०४८), गीता केशरीका **कसिङ्गर** (२०३४), **नोकरी** (२०५५), सुस्मिता नेपालका **मेराछातीका कोलाजहरू** (२०५५) आदि पर्दछन् । यस धाराका उपन्यासहरूले सामाजिक कुरीति, विकृति, विसङ्गति, शा‡षणजस्ता सन्दर्भहरूको विरोध गर्दै समाजबाट तिनलाई निर्मूल गर्नुपर्ने चाहना अभिव्यञ्जित उपन्यासमा व्यक्त गरेको पाइन्छ ।

## २.५.४.७ नारीवादी धारा

साहित्यमा भएको लैङ्गिक विभेदलाई हटाएर नारी उत्थान र साहित्यिक मूल्यलाई अगाडि बढाउने साहित्यिक धारा हा‡या‡ । यसको सम्बन्ध नारीवादसँग रहेको पाइन्छ । नारीवाद समतामूलक विचार बोकेर सन् १९६० तिर थालनी भएको पुरूष प्रधान समाजका विरूद्धको नारी आन्दोलन भएको देखिन्छ । यो लैङ्गिक विभेदका दृष्टिले हेर्दा जातीय मानिने विश्वका आधाभन्दा धेरै सङ्ख्याका नारीहरूको साहित्यिक स्वतन्त्रताको शङ्खघोष गर्ने परम्परालाई नारीका पक्षमा नवीकरण गर्ने अध्यायको थालनीको रूपमा विकास भएको पाइन्छ । पुरूष प्रधान समाजका नारीले भोग्नुपर्ने पीडाको अनुभूति पनि नारीवादी लेखनमा रहेको पाइन्छ ।

नारीलाई कमजोर ठानेर पुरूष केन्द्री साहित्य रचना गर्नेहरूका विरूद्ध नारीहरूले चलाएको स्त्रीलिङ्ग केन्द्री आन्दोलनलाई नारीवाद भनेको पाइन्छ । नारीहरूमा पुरूष लिङ्गको अभावका कारण हिन भावना उत्पन्न हुन्छ भन्ने फ्रायडको भनाइको खण्डन गर्दै फ्रान्सेली नारीवादी लेखिका जुलिया क्रिस्तेवाले स्थापना गरेको नारीहरूमा हिनताबोध नभइ म जस्तै मेरी आमा पनि छिन् भन्ने सोचले गौरवान्वित हुन्छन् भन्ने मतको स्थापना गरेको पाइन्छ । एलेन सेवाल्टरले नारीहरूका बारेमा खोजमेल गर्ने स्त्रीवादको आरम्भ गरिन भने उग्र नारीवादीहरूको समलिङ्गी नारीवादको विकृत स्वरूप पनि प्रस्तुत गरेको पाइन्छ । यसरी नारीवादको वास्तविक रूप एकाधिकारवादी पितृसत्तात्मक मानसिकताबाट नारीहरूको मुक्तिमा देखिन्छ र यस्ता रचनामा पनि त्यही आग्रह राखेको पाइन्छ । यौनका रूढिलाई चिरेर जीवनको नयाँ आकाशमा समान जिजीविषाका साथ उड्ने प्रवृति पनि नारीवादको मूल तन्तुको रूपमा देखिएको पाइन्छ । नारीवादमा लिङ्गभेदलाई शरीर रचना, अनुभव, सङ्कथन, अचेतन र सामाजिक तथा आर्थिक अवस्थाहरू गरी पाँचबाट मुख्य आधारमा चर्चा गरिएको पाइन्छ । विश्वसात्यिमा

नारीवादी उपन्यासहरूमा एलिस वाकारको **द कलर पर्पल,** टोनी मारिसको **टार बेबी** आदि उपन्यासहरू रहेको पाइन्छ ।

नेपाली उपन्यास साहित्यमा नारीवादको उदय नारीलाई आत्मनिर्णय गर्न पाउने अवस्थाको चित्रण सहित रूपनारायण सिंहको **भ्रमर** (१९९३) बाट भएको पाइन्छ । यसमा भन्दा सशक्त रूपमा नारीवादको चित्रण हृदयचन्द्र सिंहको**स्वास्नीमान्छे** (२०१८) बाट भएको पाइन्छ । तसर्थ स्वास्नीमान्छे उपन्यास नै पहिलो नारीवादी उपन्यास भएको पाइन्छ ( बराल,२०५८:१२७) । नेपाली उपन्यास साहित्यका अन्य नारीवादी उपन्यासहरूमा हृदयचन्द्र सिंह प्रधानको **एकचिहान** (२०१७), विजय मल्लको **अनुराधा** (२०३९), विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** (२०२५), मदनमणी दीक्षितको **माधवी** (२०३९), नकुल सिलवालको **तेस्रो पाइला** (२०४५), शवनम श्रेष्ठको **मनिषा** (२०५०), पद्मावती सिंहको **समानान्तर आकाश** (२०६२), भागिरथी श्रेष्ठको **मालती** (२०३४), **यस्तो एउटा आकाश** (२०४६), प्रभा कैनीको **अनावृत** (२०६७), कविता पौडेलका **हीरा** (२०६३), **विस्थापित आमाहरू** (२०६८), कृष्ण धरावासीको **राधा** (२०६२) आदि उपन्यासहरू नारीवादी महत्वका रहेको पाइन्छ । पुरूषद्वारा शोषित नारीको मानसिकतालाई उठाउन प्रेरणा र सहयोग दिइएको पाइन्छ । नारीका अचेतनमा दविएर बसेका रूढी र अनावश्यक संस्कारका भण्डारहरू रित्याइएको पाइन्छ, नारी आत्म सम्मानलाई वृद्धि गर्न लेखनलाई मोडिएको पाइन्छ । लिङ्गभेदलाई प्रश्रय दिने भाषाको प्रयोग नगरी समानता बोधक भाषामा जोड दिइएको पाइन्छ ।

यसरी समग्र नेपाली उपन्यासका क्षेत्रमा नारीवादी चेतनाको मार्क्सवादी प्रकटीकरणका दृष्टिले पारिजातका‡ नाम अगाडि आएको पाइन्छ । नारी मुक्ति केवल पुरूषसँग बदला लिएर मात्र पुरा नभएको पाइन्छ । त्यसका लागि नारीलाई भोग्या, कमजोर र साधना विहीन बनाउने सामन्ती संस्कृति र पूजीवादी व्यवस्थाको समुल नष्ट पार्दै नारीलाई पनि स्वतन्त्रता प्रदान गर्नुपर्छ भन्ने मान्यता देखा परेको पाइन्छ । नारीवादी लेखनमा महिला सशक्तीकरणको कुरालाई प्राथमिकता दिँदै लेखनमा जोड दिएको पाइन्छ । सामाजिक र राजनीतिक चेतनाको विस्तारमा नारीवादी लेखनमा जोडदिएको पाइन्छ ।

## २.५.४.८ प्रकृतवादी धारा

डार्विनको विकासवादी सिद्धान्त र भौतिकवादी सिद्धान्तलाई आधार मान्ने उपन्यास साहित्यको एउटा धारालाई प्रकृतवादी धारा (बराल,२०५८:१२९) भनेको पाइन्छ । साहित्यमा प्रकृतवादको अर्थ इ.सन् १८६५ देखि फ्रान्समा उपन्यासको क्षेत्रमा चलेको आन्दोलन भन्ने अर्थलागेको पाइन्छ । प्रकृति स्वसम्पन्न, स्वअस्तित्ववान् स्वव्याख्येय तथा स्वसञ्चालित भएको हुँदा यसलाई चलाउने अन्य सत्ता नभएको पाइन्छ । मानवीय व्यवहार पनि प्रकृतिकै नियमका आधारमा बुझ्न सकिन्छ भन्ने धारणा (बराल,२०५८:१२९) प्रकृतिकै रहेको पाइन्छ । फ्रान्सेली उपन्यासकार एमिल जोलाले प्रकृतवादी धाराको थालनी गरेको पाइन्छ । उनको **जेरेमिने ल्यासेरटेक्स** (१८६५) प्रकृतवादको उदाहरण रहेको पाइन्छ । सन् १८८० मा प्रकाशित जोलाको **द एक्सपेरिमेन्टलनोभेल** प्रकृतवादको आधारशिलाका रूपमा लिइने सौन्दर्यशास्त्रीय विवेचना भएको पाइन्छ । प्रकृतवादले मानिसको इन्द्रियजन्य प्रकृति, स्वभाव वा प्रवृत्तिजन्य

व्यवहारसँ ग सम्बन्धित (पौड्याल, २०६३:२७३) रहेको पाइन्छ । विश्वविख्यात उपन्यासकारहरू मोपासाँ, फ्लुवर्ट, डी.एच लरेन्स आदि प्रकृतवादी धाराका सशक्त प्रयोक्ता भएको पाइन्छ ।

नेपाली उपन्यास परम्परामा प्रकृतवादको थालनी गोबिन्द बहादुर मल्ल गोठालेको **पल्लोघरको झ्याल** (२०१६) बाट भएको पाइन्छ । शंकर कोइरालाको **खैरेनीघाट** (२०२८) मा पनि प्रकृतवादको प्रयोग गरिएको पाइन्छ । अन्य प्रकृतवादी नेपाली उपन्यासहरूमा भवानी भिक्षुको **पाइप नं.२** (२०३४), इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१), ध्रुवचन्द्र गौतमको उपसंहार अर्थात **चौथो अन्त्य** (२०४८), **अलिखित** (२०४०), **जेलिएको** (२०६२), **एक असफल आख्यानको आरम्भ** (२०६५), **अप्रिय** (२०६७) लगायतका उपन्यासमा केही मात्रामा प्रकृतवादको प्रयोग गरिएको पाइन्छ । त्यसै गरी **अनुराधा** (२०१८), **आज रमिता छ** (२०२१), **शिरीषको फूल** (२०२२), **छेकु डोल्मा,घाम डुबेपछि, माधवी** (२०३९), विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा** (२०२७), **मोदिआइन** (२०२९), **अलिखित, ज्योति महाज्वाति, तरूनी खेती, मेरा** छातीका **कोलाजहरू** आदि उपन्यासहरूमा पनि आंशिकरूपमा प्रकृतवादको प्रयोग भएको पाइन्छ । प्रकृतवादी उपन्यासहरूले समाजमा चलि आएका रूढ खोक्रा आदर्शका भित्ताहरू भत्काउने काममा सÅलता पाए पनि त्यस्ता उपन्यासले स्वस्थ्य वातावरणको तयार गर्न सकेको पाईदैन । यी उपन्यासहरूले जीवनको आन्तरिक मनोकांक्षाहरूको उद्घाटन गर्न र पाशविक यथार्थको नाङ्गो रूप पहिल्याउन सकेको पाइन्छ । सम्पूर्ण रूपमा प्रकृतवादी हुनमा भन्दा आवश्यक प्रसङ्ग र चरित्रको उद्घाटनमा यसको प्रयोग गर्दा उपन्यासले राम्रो प्रभाव छाड्ने कुराको पुष्टि प्रकृतवादी उपन्यासले देखाएको पाइन्छ । प्रकृतवादले कृत्रिमताका विरूद्ध प्राकृतिक नाङ्गोपनमा चासो देखाएको पाइन्छ ।

### २.५.४.९ मनोविश्लेषणवादी धारा

अमूर्त तत्त्वहरूको अध्ययन र विश्लेषणका माध्यमबाट मूर्त वस्तु र कार्यात्मक रूपलाई उद्घाटना गर्ने विज्ञानलाई (सुवेदी, २०६४:२४५) मनोविज्ञान भनेको पाइन्छ । अचेतन मनको अज्ञात रहस्यमय शक्तिबाट परिचित हुने र त्यसलाई उद्घाटित गर्ने मुख्य उद्देश्य मनोविश्लेषण वादको रहेको (प्रधान, २०६१:१७१) पाइन्छ । यसका प्रवर्तक सिग्मन्ड फ्रायडलाई मानिन्छ । उनले मनोरोगीका अचेतन मनका प्रक्रियाहरूको प्रकाश पार्ने क्रममा सपना तथा व्यक्तिका दैनिक जीवनमा हुने गल्तिहरूको अध्ययन र विश्लेषण गरी आफ्नो अध्ययनबाट बला, धर्म, साहित्य आदि कुराहरू मानवका दमित इच्छाहरूका परिस्कृत रूप (बराल, २०६६:१२४) हुन् भन्ने मान्यता अघि सारेको पाइन्छ । यसरी उपन्यासमा पात्रका मनको विविध पक्षको विश्लेषण गरेर रचिएको कृतिहरू मनोविश्लेषणवादी धारामा परेको पाइन्छ ।

आधुनिक नेपाली उपन्यास साहित्यमा मनोविश्लेषणवादी उपन्यासको थालनी गोबिन्द बहादुर मल्ल गोठालेको **पल्ला`घरको झ्याल**(२०१६) बाट भएको मानिन्छ । मनोविश्लेषणवादी धाराको आरम्भ सँ गै उपन्यास सामाजिक यथार्थबाट व्यक्ति यथार्थमा प्रवेश गरेको पाइन्छ । यस धाराका उपन्यासहरू व्यक्तिमनको चित्रणमा केन्द्रित रहेको देखिन्छन् । यस्ता उपन्यासमा पात्रको मनोजगत् तथा ऊ भित्र विकसित ग्रन्थीहरूलाई केलाउने काम गरिएको पाइन्छ । यस्ता उपन्यासहरूमा चरित्र केन्द्री रहने भएकाले मानिसका असामान्य स्थितिको उद्घाटन गरिएको पाइन्छ ।

मनोविश्लेषण सिद्धान्तका प्रवर्तक सिग्मण्ड फ्रायडले अघि सारेको मनोविश्लेषणवादी सिद्धान्त अन्तर्गत कामवृत्ति, परपीडक प्रवृत्ति, मनका विविध पक्ष चेतन, अचेतन, अवचेतन मन, दमन, मातृरति तथा पितृरति ग्रन्थि आदिको उल्लेख गरेको पाइन्छ । दमन भनेर इच्छा र कामबासनाको दवावलाई मानिन्छ । यसले **इद र इगो** बीचको द्वन्द्वलाई सङ्केत गरेको पाइन्छ । यसरी मानवको अन्तः चेतनामा दमित इच्छा आकाङ्क्षा तथा सुसुप्त अवस्थामा कामवासना रहेको हुन्छ र अचेतन मनलाई अर्थात इदलाई इगो र सुपर इगोले सञ्चालन गरेको पाइन्छ । इद इगोको सन्तुलनमा नभएर सुपर इगोको सन्तुलनमा रहेको खण्डमा मानिस असन्तुलित रहेको पाइन्छ । यही असन्तुलित अवस्थाको चित्रण मनोविश्लेषणवादी धारामा गरिएको (बराल, २०५८:११३) पाइन्छ । यसमा मानिस आफ्नो असामान्य स्थितिबाट सामान्य स्थितिमा पुग्ने परिवेशको विश्लेषण गरिएको पाइन्छ । यस्ता उपन्यासमा व्यक्तिका निरासा, कुण्ठा, दुर्वलता, असन्तोष, विकृत मनोदशाको चित्रण गरिएको पाइन्छ ।

मनोविश्लेषणवादी धाराका कृतिहरूमा गोबिन्द बहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** (२०१६), **अपर्णा** (२०५३), दौलत विक्रम विष्टका **मञ्जरी** (२०१६), **चपाइएका अनुहार** ( २०३०), विजय बहादुर मल्लको **अनुराधा** (२०१८),**कुमारी शोभा** (२०३९), इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१), पारिजातको **महत्ताहीन** (२०२५), **बैंसको मान्छे** (२०२९),**शिरीषको फूल** (२०२२), परशु प्रधानको **सबै विर्सिएको अनुहारहरू** (२०२९), तारिणी प्रसाद कोइरालाको **सपर्दंश** (२०२९), विश्वेश्वरप्रसाद कोइरालाका **तीनघुम्ती** (२०२५), **नरेन्द्र दाइ** (२०२६), **सुम्निमा** (२०२७), **मोदिआइन** (२०२९), **बाबु, आमा र छोरा** (२०४५), भवानी भिक्षुको **आगत** (२०३२), **पाइप नं**. २ (२०३४), बानिरा गिरीको **कारागार** (२०३४), **निर्वन्ध** (२०३७), **विश्वामित्र** (२०५५), **रनमाया** (२०५८), **शिखा** (२०५९), **उसको लाग्ने र बिरानो** (२०३०), **सञ्जीव उप्रेतीको घनचक्कर** (२०६४), कृष्ण धरावासीको **टुडाल** (२०६५), मोहन राज शर्माको **सलिजो** (२०६६) लगायतका कृतिहरू मनोविश्लेषणवादी धारामा आधारित रहेका पाइन्छन् ।

## २.५.४.१० विसङ्गतिवादी धारा

जीवन र जगतलाई विसङ्गति पूर्ण आँखाबाट हेर्दा मान्छेको स्थिति निरीह, असाहाय, लाचार रश्रापित देखिन्छ भन्ने मान्यतालाई अल्वर्टकामुको कृति **माइथ दे सिसिफस** (सन् १९४२) मा व्याख्या गरेर विसङ्गतिलाई दार्शनिक र साहित्यिक पक्षमा विस्तार गरिएको (बराल, २०६६:१३४) साहित्य सिद्धान्तलाई विसङ्गति धारा भनेको पाइन्छ । जर्मनेली दार्शनिक फ्रेडरिक विल्हेम नित्सेले ईश्वरको मृत्युको घोषणा गरेदेखि विसङ्गतिवादी धाराको प्राधुर्भाव भएको पाइन्छ ।

नेपाली उपन्यासका क्षेत्रमा विसङ्गतिवादी धाराको थालनी इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१) को प्रकाशनबाट भएको पाइन्छ । राई पछि नेपाली उपन्यास परम्परामा पारिजातका **शिरीषको फूल** (२०२२), **महत्ताहीन** (२०२५), ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (२०२४), **बालुवामाथी** (२०२८), **डापी** (२०३३), दौलत विक्रम विष्टको **चपाइएका अनुहार** (२०३०), सरूभक्तको **समय त्रासदी** (२०५९), आदि महत्वपूर्ण उपन्यास देखा परेको देखिन्छ । नेपालस्मा कथ्य र शैली दुबैमा केही मात्रामा विसङ्गतिवादी चेतनामा प्रकट भएको देखिन्छ । (बराल, १०६६:१३५) । नेपाली साहित्यका निम्न औपन्यासिक कृतिहरूमा विसङ्गतिवाद देखिन्छ

इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१), पारिजातको **शिरीषको फूल** (२०२२), ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (२०२४), **डापी** (२०३३), **अलिखित** (२०४०), पिटर जे कार्थकको **प्रत्येक ठाउँ प्रत्येक मान्छे** (२०३४), सरूभक्तको **पागलबस्ती** (२०४५), **तरूनी खेती** (२०५०), ध्रुव सापकोटाको **विखण्डित** (२०५७) लगायतका उपन्यासमा विसङ्गतिवादी धारा रहेको पाइन्छ ।

यसरी हेर्दा नेपाली साहित्यमा विसङ्गतिवादी धारामा लेखिएको उपन्यासहरूको बौद्धिकताको अत्यधिक संवरण, गरेर राष्ट्रिय एवम् घटनाहरूबाट सिर्जित सन्त्रास र विभिषीका देखाएको पाइन्छ । यस्ता उपन्यासमा जीवनका अभिषप्त पीडाका इतिहासका कवचहरू पहिरेर बाँचिरहेको मानिसका सीमान्त अनुभूतिलाई शैलीको विसङ्गत रङ्गमा घोलेर प्रस्तुत गरिएका भाकाहरू प्राप्त भएको पाइन्छ भने कतै प्रयासरत तर अप्राप्यतासँग सङ्घर्ष गरिरहेका दैन्य प्रकट भएको पाइन्छ ।

## २.५.४.११ अस्तित्ववादी धारा

डेनमार्क दार्शनिक सोरेन किर्केगार्डले प्रतिपादन गरी विसङ्गतिवादको पृष्ठभूमिमा आएको दार्शनिक चिन्तनलाई अस्तित्ववाद भनेको पाइन्छ । प्रभाववादी दार्शनिक डिडल्थे र ब्रटोनोको व्यावहाररिक क्रियाशास्त्रबाट प्रभावित हुर्सेलको दृष्टिकोण तथा त्यही प्रभावमा हाइडेगर द्वारा व्यक्त विचार नै अस्तित्ववादको पृष्ठभूमिमा रहेको पाइन्छ । साहित्यिक क्षेत्रमा यसको प्रयोग द्वितीय विश्वयुद्धको समयमा गरिएको पाइन्छ । यसको श्रेय जाँ पाल सार्त्र र अल्वर्ट कामुलाई गएको पाइन्छ । सार्त्रको दार्शनिक पुस्तक **द बिइङ एन्ड नोथिङ (भविता र शून्यता)** ले अस्तित्ववादको व्याख्या गरेको पाइन्छ (बराल,२०५८:१८) । अस्तित्ववादको मूल तत्व अस्तित्ववाद हो । मानिस निष्प्रयोजन जन्मेको हो भने त्यही निरूदेश्यता नै जीवनको सार्थकता (बराल,२२०५८८:१४९) मानेको पाइन्छ । यसरी साहित्यमा मानिसको अस्तित्व स्थापित गर्ने धारणालाई नै अस्तित्ववाद भनेको पाइन्छ ।

नेपाली उपन्यासका क्षेत्रमा अस्तित्ववादको प्रयोग पारिजातको **शिरीषको फूल** (२०२२) बाट भएको पाइन्छ । त्यसपछिको अस्तित्ववादी उपन्यासहरूमा पारिजातकै महत्ताहीन (२००२५), **अर्न्तमुखी**(२०३५), ध्रुवचन्द्र गौतमका **अन्त्यपछि** (२०२४), **बालुवामाथि** (२०२८) र **डापी** (२०३३), विश्वेश्वरप्रसाद कोइरालाका **तीनघुम्ती** (२०२५) **नरेन्द्रदाइ** (२०२७), **सुम्निमा** (२०२७), **मोदीआइन** (२०३६), **हिट्लर र यहुदी** (२०४०), **बाबुआमा र छोरा** (२०४५), सरूभक्तको **पागल बस्ती** (२००४८), **तरूनी खेती** (२००५३), गोबिन्दराज भट्टराईको **सुकरातकापाइलाहरू** (२०६३) लगायतका उपन्यासहरूमा अस्तित्ववादको चित्रण गरिएको पाइन्छ ।

अस्तित्ववादी उपन्यासहरूमा मान्छेको मापदण्ड नै मान्छे हो र मान्छे हुनाको अर्थ ऊ अपूर्व, अद्वितीय र अस्तित्वको प्रमुख छ भन्ने कुरामा विश्वास, मान्छेसँग सरम्परागत मूल्य वा नैतिकता केही छैन भन्ने मान्यता, मान्छे बाँच्नु र स्वतन्त्रता हुनु उसको सबै भन्दा ठूलो अभिषाप हो भन्ने अभिव्यक्ति, विचार प्रवलताले गर्दा बौद्धिक उपन्यासको रचना, व्यक्तिवादी, अन्तर्मुखी र प्रलयको कथ्य र वस्तुको प्रवलता, भाषामा आख्यानात्मकता रहेको पाइन्छ ।

नेपाली उपन्यास जगत्मा जीवनबाट पलायनका सन्दर्भलाई देखाउने क्रममा अस्तित्ववादको प्रयोग बढी भएको पाइन्छ ।

### २.५.४.१२ प्रयोगवादी धारा

साहित्यिक रूढीलाई तोडेर नयाँ परम्पराको निर्णय गर्ने साहित्यिक धारालाई प्रयोगवाद भनेको पाइन्छ । यसले प्रवृतिको नयाँ दिशा पल्याउने ढोका खोलेर प्रशिक्षण गरेको पाइन्छ । प्रयोगवादको प्रगतिमा आस्था रहन्छ किनभने गतिशीलता यसको प्राण र मुटु रहेको पाइन्छ । समग्रमा परम्परागत उपन्यास परम्परा भन्दा भिन्न प्रयोग भएका उपन्यासहरूलाई प्रयोगवादी उपन्यास भनेको पाइन्छ । विशेष गरी उपन्यास लेखनका क्रममा चलेका नयाँ उपन्यास, अउपन्यास, अधिउपन्यास, आदिलाई प्रयोगवादी उपन्यास भनेको पाइन्छ । साहित्यमा प्रयोग केवल प्रयोगका लागि मात्र नभइ त्यस्तो प्रयोगले विशिष्ट कलात्मक सौन्दर्यको उद्देश्य राखेको (बराल,२०५८:१५३) पाईन्छ । अङग्रेजी साहित्यको क्षेत्रमा प्रयोगवादी उपन्यासको थालनी लरेन्सको **ट्रिस्ट्राम स्यान्डी** (सन् १७६७) लाई मानेको पाइन्छ।

नेपाली उपन्यास साहित्यमा प्रयोगवादी उपन्यास परम्पराको थालनी ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (२०२४) बाट भएको पाइन्छ । यसमा परम्परागत औपन्यासिक तत्वलाई परसारी नयाँ औपन्यासिक तत्वको संयोजनबाट उन्यासको संरचना निर्माण गरिएको पाइन्छ । यस पछिका प्रयोगवादी उपन्यासहरूमा गौतमको**बालुवामाथि, डापी, अलिखित, अग्निदत्त+अग्निदत्त** (२०५३), **उपसंहार अर्थातचौथो अन्त्य** (२०४८), **मञ्जुलको छेकुडोल्मा** (२०२६), जगदीश घिमिरेको **सावित्री** (२०३२), ओकिउयामा ग्वाइनको **सुनाखरी** (२०३५), पिटर जे कार्थकको **प्रत्येक ठाउँ प्रत्येक मान्छे** (२०३४), नयन राज पाण्डेको **विक्रमादित्य एउटा कथा सुन** (२०४४), कविता रामको **बकपत्र** (२०४६), कृष्ण धरावासीको **शरणार्थी** (२०५६), नारायण वाग्लेको **पल्पसा क्याफे** (२०६१), **मयुर टाइम्स** (२०६६), मोहनराज शर्माको**सलिजो** (२०६६), कृष्ण धरावासीको **पाण्डुलिपि** (२०६८) लगायतका उपन्यासहरू यस धारामा परेको पाइन्छ । यस्ता प्रयोगवादी उपन्यासहरूमा नयाँ कथ्य, नयाँ पद्धति र नयाँ सम्भावनाहरूको खोजीको रूढी बनिसकेका नियमहरूमा प्रश्नवाचक चिह्न खडा गरी अगाडि बढ्न प्रेरणा, नवीनताप्रति आस्थावान रही यस्तै प्रवृत्तिको विकाशमा योगदान, कथ्य शैली र भाषाको नयाँ उपयोग प्रणालीबाट नवीन सौन्दर्यको खोजी जस्ता प्रयोगात्मक प्रवृतिहरू रहेको पाइन्छ ।

### २.५.४.१३ प्रगतिवादी धारा

साहित्यमा काल मार्क्स र फ्रेडरिक एङ्गेल्सको सिद्धान्तमा भौतिकवादलाई प्रयोग गरी साहित्यको रचना गर्नुलाई प्रगतिवाद भनेको पाइन्छ । बस्तुलाई मूल सत्यका रूपमा स्वीकारी बुद्धि विचार तथा चेतनालाई त्यसैको प्रतिबिम्ब मान्ने तथा जगत्लाई परिवर्तशील भन्दै हरेक बस्तुमा विरोधी तत्वको सङ्घर्ष पनि विद्यमान हुन्छ भन्ने कुरामा विश्वास राख्ने प्रगतिवादले भौतिक परिस्थितिले नै व्यक्तिको व्यक्तिगत चेतना निर्माण गरेको हुन्छ भन्ने कुरामा विश्वास राखेको पाइन्छ । (बराल,२०५८:१५७-१५८) । प्रगतिवादी चिन्तनको प्रमुख दर्शन द्वन्द्वात्मक भौतिकवादमा अभिव्यक्त विचार भए तापनि यसको मूल स्रोत चाहिँ **अ कन्ट्रिबुसन टु द**

**क्रिटिकअफ पोलिटिकल इकोनोमि** भन्ने पुस्तकको प्रस्तावनामा मार्क्सले व्यक्त गरेको सोचलाई मानेको पाइन्छ ।

प्रगतिवादी साहित्यका क्षेत्रमा जी.बी. प्लेखानेव, ए.बी. लुनाचास्र्की, म्याक्सिम गोर्की, क्रिस्टोफर कडवेल, राल्फ फक्स, हार्वट फास्ट, जर्ज लुकाज, अन्सर्ट फिभर आदि साहित्यकारहरूले पाश्चात्य साहित्यमा कलम चलाएको पाइन्छ । यिनी साहित्यकारहरूका विचारहरू केही सीमा सम्म भिन्न भएतापनि साहित्यलाई समाजचेतना परिवर्तनको साधनको रूपमा लिनुपर्छ भन्ने विचारका सन्दर्भमा सबैको विचार एकै प्रकारको रहेको पाइन्छ ।

नेपाली साहित्यमा प्रगतिवादको प्रवेश डी.पी. अधिकारीको आशामाया (२०२५) बाट भएको पाइन्छ । प्रगगिवादलाई आफ्ना उपन्यासहरूमा प्रयोग गरेर उपन्यास साहित्यको रचना गर्ने साहित्यकारहरूमा खगेन्द्र संग्रौलाका **चेतनाको पहलो डाक** (२०२७), **आमाको छटपटी** ( २०३४), **पारिजातका बैंसको मान्छे** (२०२९), **तोरीबारी बाटा र सपनाहरू** (२०३२), **उसले रोजेको बाटो** (२०३५), **अनिदो पहाडसँगै** (२)०३९), मोदनाथ प्रश्रितका **देशभक्त लक्ष्मीबाई** ( २०३२ अनुदित), **चोर** (२०४४), यु कार्कीको **सल्किदै गरेको विश्वास** (२०३८), **टल्किइरहने मोती** (?), रमेश विकलको **सुनौली** (२०३०), **अविरल बग्दछ इन्द्रावती**(२०३९), **सागर उर्लन्छ सगरमाथा छुन** (२०५२), सञ्जय थापाका **पूर्वतिर**(२०४३), **नओइलाउने फूल** (२०४३), **देउमाइको किनारा** (२०४७), **भास्करकाहाडीका कनिका** (२०४५), **अचम्मको फैसला** (२०५६), सुकुक शर्माको **सङ्घर्षशील युवाको डायरी** (२०५७), ऋषिराज बरालको **कमरेड हुतराजको राजधानी प्रस्थान** (२०४८), घनश्याम ढकालका **गाउँमा** (२०४९), आहुतीको **नयाँ घर** ( २०५०), इस्मालीको **जिरो माइल** (२०५६), भक्त बहादुर नेपालको **लिलावती** (?), शितबिन्दुको **सहयात्री** (२०६०), घनश्याम ढकालको **रातो आकाश** (२०६०), गङ्गाश्रेष्ठको **ज्वालामुखी माथिको यात्रा** (२०६०), ऋषिराज बरालको **सगरमाथा** (२०३४), भुमिनन्द सापकोटाको **सतिसाल** (२०६३), चूडामणि गिरीको **धर्मका अधर्महरू** (२०६१),रामचन्द्र भट्टराइको **ज्वाला** ( २०६४), नारायण ढकालको **प्रेतकल्प** (२०६६) लगायतका उपन्यासहरू प्रगतिवादी धारामा आधारित भएर रचना गरिएको पाइन्छ । यी उपन्यासहरूमा वर्गद्वन्द्व तथा सामाजिक शोषणको चित्रणद्वारा सर्वहारा वर्गको पक्षपोषण, सभ्यतामूलक समाजको स्थापनामा जोड, परम्परागत रूढी, कुरीति, कुसंस्कारको विरोध गरी यीनलाई निर्मुल पार्ने प्रयास, आर्थिक विषमताका कारण जन्मिने विसङ्गतिहरूको चित्रण गरी निराकरणका उपायको खोजी, आदर्शवादका विरूद्व वैज्ञानिक भौतिकवादी र विकासशील मार्गको निर्धारण, भविश्य प्रति आशावादी, स्थानीय भाषिका सरल भाषाको प्रयोग जस्ता प्रवृतिहरू रहेको पाइन्छ ।

## २.५.४.१४ मिथकीय धारा

मिथक भनेर सम्पूर्ण मानवसंस्कृतिको दस्तावेज तथा मानवप्रवृत्तिको अन्वेषण गरिएको प्रतीकात्मक भण्डारलाई भनिएको पाइन्छ । यसमा आदि मानवले गरेको आनन्दानुभूति, भयानुभूति र रहस्यानुभूतिको काल्पनिक रूप मानिएको पाइन्छ । मिथकमा अतिभौतिक पात्र, घटना भएको काल्पनिक आख्यान, जुन सामाजिक चलनसित सम्बन्धित (रेग्मी, २०६९:१२९) रहेको पाइन्छ । मानिसको जिज्ञासु स्वभावको अटल गहिराईमा विद्यमान रहेको पाइन्छ । मिथकको निर्माण गर्ने बाह्ययतत्त्वहरू प्राकृतिक तत्त्व, अनुष्ठान, ऐतिहासिक घटना र नैतिक

चेतना र आन्तरिक तत्त्व जिज्ञासु वृत्ति, कल्पनाशीलता, प्रतिकात्मकता, चित्रात्मकता एवम् रहस्यानुभूति जस्ता तत्त्वहरूले यसलाई साहित्यसँ ग जोडको पाइन्छ ।

मिथकीय सामग्री विभिन्न पुराना साहित्यबाट प्रतिकात्मक, बिम्बात्मक, मिथकीय, विनिर्माणिक आदि आधारमा स्वैरकल्पनालाई प्रयोग गरेकोले यसका भिन्न-भिन्न रूपहरू रहेका देखिन्छन् (वास्ताकोटी, २०६६:१४) । यसैका माध्यमबाट मानवले साहित्य सिर्जनाको संस्कार आर्जन गरेको हो भन्ने मानेको पाइन्छ । मिथकको सङ्कलित भण्डारलाई पुराण र मिथकलाई पुरा कथा पनि भनेको पाइन्छ । मिथकहरू मूलत: जीवन र जगत्को उत्पत्तिसँ ग सम्बन्धित भइ धर्म र संस्कृतिसँ ग पनि निकट सम्बन्ध रहेको पाइन्छ । मिथकको परम्परागत विश्वास र वर्तमान सास्कृतिक मूल्यलाई जोडेर भविष्यको आत्मिक र सास्कृतिक आङ्क्षालाई प्रस्तुत गरेको पाइन्छ । रामायण महाभारत आदिमा असंख्य मिथकहरू प्रयोगमा रहेको पाइन्छ । नेपाली साहित्यमा पहिलो पटक मिथकको प्रयोग गरिएको औपन्यासिक रचना विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा** (२०२७) लाई मानेको पाइन्छ । मिथकीय आख्यानको प्रयोग गरेर रचना गरिएका औपन्यासिक रचनाहरूमा विश्वेश्वरप्रसाद कोइरालाकै **मोदिआइन** (२०३६), **हिट्लर र यहुदी** (२०४०), मदनमणि दीक्षितको **माधवी** (२०३९) र **त्रिदेवी** (२०५१), ध्रुवचन्द्र गौतमको डापी (२०३३), **अग्निदत्त+अग्निदत्त** (२०५२), **भिमसेन ४ को खोजी** (२०६१), **जेलिएको** (२०६२), **एक असफल आख्यानको आरम्भ** (२०६५), **अप्रिय** (२०६७), **सातौं ऋत'** (२०६८), राजेश्वर देवकोटाको **द्वन्द्वको अवसान** (२०४२), दौलत विक्रम विष्टको **ज्योति ज्योति महाज्योति** (२०४५) विनोद प्रसाद धितालको **योजना गन्ध** (२०५२), नारायण ढकालको **प्रेतकल्प** (२०६५) लगायतका उपन्यासमा मिथकको प्रयोग गरिएको पाइन्छ । यी उपन्यासहरूमा पुराना कथामा नयाँ अर्थको अन्वेषण, जटिल यथार्थ र त्यसका सम्पूर्ण परिपेक्षलाई नवीन ढङ्गले समकालीन युगमा प्रतिस्थापन, मानवमनको समष्टि अचेतनाको आद्यबिम्बको पुञ्जलाई पुनर्सरचित गरी नयाँ धरातल प्रदान जस्ता प्रवृतिहरू रहेको पाइन्छ । नेपाली उपन्यासले मिथकको अपार भण्डारबाट केही कणहरू टिपेर नयाँ रूप दिएको देखिन्छ । यस क्रममा मिथकको औपन्यासिकीकरण भन्दा त्यसको उपयुक्त सन्दर्भ र नवीन अर्थका साथ पुनर्सिर्जन गरिएको पाइन्छ ।

## २.५.४.१५ उत्तरआधुनिकतावादी धारा

नेपाली उपन्यास साहित्यमा उत्तर आधुनिकतावादी उपन्यास पनि लेखिएको पाइन्छ । यी उपन्यास आधुनिक भन्दा पनि उत्तरआधुनिक रूपमा चर्चित रहेको पाइन्छ । यस्ता उत्तरआधुनिक उपन्यासमा होमनाथ सुवेदीको **यमपुरीको महल** (२०६४), यसमा डायस्पोरिक लेखनको प्रयोग भएको छ । मोहन राज शर्माको **सलिजो** (२०६६), गोबिन्दराज भट्टराईको **सुकरातका पाइला** (२०६२), धनराज गिरीको **अनन्त पाइला** (२०६८), नारायण वाग्लेको पल्पसा **क्याफे** (२०६५), **मयुरटाइम्स** (२०६७) लाई उत्तरआधुनिक उपन्यास मानेको पाइन्छ ।

यसै समयमा समसामयिक उपन्यासहरू पनि देखा परेको पाइन्छ । बुद्विसागरको **कर्णाली ब्लुज** (२०६७), कृष्ण धरावासीको **पाण्डुलिपि** (२०६८), चन्द्रकान्त आचार्यका **ज्वाला** (२०५७), **मित्रता** २०६२), **दासता मुक्ति** (२०६३), **न्युयोर्क सुन्दरी** (२०६८), गीता पोखेलको **आत्मघाती शङ्का** (२०६७), माया देवी शर्माको**पश्चाताप** (२०६७), लिलि रिमालको **पूर्णिमाको**

**आकाश** (२०६७), पवन कुमार देवी **प्रतिज्ञा** (२०६७), देवेन्द्रराज भट्टराई **रेगिस्तानकोडायरी** (२०६७), मिलन शंकर **यात्रा अधुरो** (२)६७), कुमार नगरकोटीको काठमाडौं **फिभर** (२)६७), तारा राई **छापामार युवतीको डायरी** (२०६७), डोरबहादुर विष्टको **सोताला** (२०६७), अर्जुननिरौलाको **शिरीषको बतास** (२०६७), रमेश रेग्मीको **सपनाहरूको देश** (२०६७), नेपाल कुस्माको **छोटो फक** (२०६८), **त्यान्द्रो** (२०६८), टंक चौलागाईको **जीरो कटेज** (२०६८), रजनी ढकाल र सुस्मिता नेपालको **पत्रैपत्र** (२०६८), किशोर नेपालको **पाताल** (२०६८), रमेश उप्रेतीको **बहुलानन्द** (२०६८), शिवानी नेउपानेको **मोनिका** (२०६८), नयनराज पाण्डे **लु** (२०६८), अनुपम रोशीको **कुमारी आमा** (२०६८) लगायतका उपन्यास कृतिहरू समसामयिक धारामा देखा परेको पाइन्छ ।

नेपाली उपन्यास परम्परामा देखा परेका धारा, आरम्भबिन्दु र उपन्यासकारलाई तालिकामा यसरी देखाइएको छ ।

**तालिका नं. १**

| धारा | आरम्भबिन्दु | उपन्यासकार |
|---|---|---|
| आदर्शोन्मुख यथार्थवादी धारा | रूपमती (१९९१) | रूद्रराज पाण्डे |
| स्वच्छन्दतावादी धारा | भ्रमर (१९९३) | रूपनारायण सिंह |
| सामाजिक यथार्थवादी धारा | मुलुकवाहिर (२००४) | लैनसिंह बाङ्देल |
| ऐतिहासिक यथार्थवादी धारा | वसन्ती (२००६) | डायमन शमशेर |
| अतियथार्थवादी धारा | लङगडाको साथी (२००८) | लैनसिंह बाङ्देल |
| आलोचनात्मक यथार्थवादी धारा | स्वास्नीमान्छे (२०११) | हृदयचन्द्र सिंह प्रधान |
| नारीवादी धारा | स्वास्नीमान्छे (२०११) | हृदयचन्द्र सिंह प्रधान |
| प्रकृतवादी धारा | पल्लो घरको झ्याल (२०१६) | गोबिन्द गोठाले |
| मनोविश्लेषणवादी धारा | पल्लो घरको झ्याल (२०१६) | गोबिन्द गोठाले |
| विसङ्गतिवादी धारा | आज रमिता छ (२०२१) | इन्द्रबहादुर राई |
| अस्तित्ववादी धारा | शिरीषको फूल (२०२२) | पारिजात |
| प्रयोगवादी धारा | अन्त्यपछि (२०२४) | धुव्रचन्द्र गौतम |
| प्रगतिवादी धारा | आशमाया (२०२५) | डी.पी. अधिकारी |
| मिथकीय धारा | सुम्निमा (२०२७) | विश्वेश्वरप्रसाद कोइराला |
| उत्तरआधुनिकतावादी धारा | सुकरातका पाइला(२०६२) | गोबिन्दराज भट्टराई |

## २.६ निष्कर्ष

प्रस्तुत अध्यायमा उपन्यासको सैद्धान्तिक स्वरूपको बारेमा विश्लेषण गरिएको छ ।उपन्यासको सैद्धान्तिक स्वरूप अन्तर्गत उपन्यासको परिचय, उपन्यासको परिभाषा, उपन्यासको स्वरूप, उपन्यासको तत्त्व, उपन्यासको वर्गीकरण, नेपाली उपन्यासको धारागत आधारमा वर्गीकरणलाई देखाएको छ ।

वर्तमान समयमा उपन्यासको लोकप्रियता बढ्दै गएको छ । आख्यान साहित्य अन्तर्गत उपन्यास विधा एकदमै विकासशील विधा हो । उपन्यासको लेखन र अध्ययन सँगै यसलाई परिभाषित गर्ने उपक्रम पनि तीव्र रूपमा बृद्धि भएको पाइन्छ । पूर्वीय र पश्चिमी दुवै साहित्यमा विभिन्न विद्वानहरूले विविध समयमा आ-आफ्ना मतहरू अघि सारेर उपन्यासलाई चिनाउने महत्त्वपूर्ण प्रयत्नहरू गरेको पाइन्छ । निश्चित आयाम र आकार प्रकारमा बाँधिएर रचना गरिएको ग्रन्थ उपन्यास हो । उपन्यासले जीवन तथा समाजका सबै कुराहरूलाई नजिकबाट केलाउँदै त्यसको मूल्य र महत्त्वलाई गरिमामय रूपबाट स्थापन गरेको छ । उपन्यासको स्वरूपको विषयमा विचारकहरूमा आ-आफ्नै दृष्टिकोण भए पनि साहित्यले समाज र जीवनका सीमारेखालाई अतिक्रमण गरेर जान सम्भव छैन । समाजका विविध खाले उल्झन र व्यक्तिमनमा अन्तर्द्वन्द्व तथा कुण्ठाहरूको बीचमा अनेकौ आरोह र अवरोहहरूलाई छिचोलेरै अगाडि बढेको पात्रका आफ्नै सशक्तता र अशक्तताका घारीभित्र उपन्यासको काल्पनिक वा पृष्ठभूमि निर्माण हुन्छ । मानव जीवनको आद्योपान्त परिदृश्यलाई सामजिक तथा युगीन संस्कृतिको आलोकमा यथार्थको प्रकटीकरण गर्ने बृहत् र परिपूर्ण जीवित इतिहासका रूपमा पनि उपन्यासको पहिचान गर्न सकिन्छ । उपलब्ध प्राप्तिहरूको ग्रहण गर्दै अझ बढी नवीन प्राप्तितर्फ उन्मुख भइरहने नवीन मूल्यहरूको उपस्थापन गर्ने मानव प्रवृत्तिका अनेक घुम्ती र मोडहरूलाई छिचोल्दै वैज्ञानिक सत्य भन्दा परको आत्मिक सत्यसम्मको विचरणमा उपन्यासको यात्रा तय भएको हुन्छ । विगतको समाजलाई मूर्तरूपमा आजको समाजसमक्ष राख्ने भूतकारूपमा आजको यथार्थलाई आजकै व्यक्ति र समाजका अन्तर कुन्तरबाट टिप्दै बिटो पारेर प्रस्तुत गर्ने वर्तमानका रूपमा र भोलिको व्यक्ति र समाजको काल्पनिक बनौटलाई आजै प्रस्तुत गर्ने भविष्यका रूपमा त्रिआयामिक दृष्टिबाट उपन्यासका अतुलनीय महत्तालाई निरूपण गर्न सकिन्छ ।

यसरी उपन्यास विभिन्न तत्त्व र स्वरूपहरूको मिश्रणबाट निर्माण भएको हुन्छ जसलाई यस अध्यायमा उपन्यासका तत्त्व र स्वरूप शीर्षकमा विश्लेषण गरिएको छ । उपन्यासहरू विभिन्न प्रकारका हुने भएकोले उपन्यासको वर्गीकरण शीर्षकमा उक्त कुरालाई देखाइएको छ । धारागत आधारमा उपन्यासको वर्गीकरण गरी नेपाली उपन्यासका विभिन्न धारा, तिनका आरम्भबिन्दु र उपन्यासकारको बारेमा तालिका नम्बर १ बाट समेत स्पष्ट पारिएको छ ।

# अध्याय तीन

## ज्वाला उपन्यासको कथानकको अध्ययन

### ३.१ ज्वाला उपन्यासको कथानकको अध्ययन

रामचन्द्र भट्टराईद्वारा लिखित ज्वाला उपन्यासको कथानक राजनीतिक परिवेश र घटनाक्रममा आधारित छ । वि.स.२०५२ सालदेखि वि.स.२०६२ सालसम्मको दशवर्षे माओवादी शशस्त्र जनयुद्व,त्यतिबेलाको राजनीतिक परिवेश,सामाजिक परिवेश र घटनाक्रमलाई विषयवस्तु बनाएर यस उपन्यासको कथानक अगाडि बढेको छ । त्यस समयमा भएको प्रहरी प्रशासनको ज्यादती निरङ्कुश तानाशाही राजतन्त्र, त्यस समयमा भएका मानव आधिकार हननका घटना वेपत्ता तथा नृशंस हत्याका घटनालाई यस उपन्यासमा समेटिएको छ ।

बीसौँ भागमा विभाजित यस उपन्यासको प्रथम भागमा झपट र दीनाको भेटघाट र कुराकानी भएको छ । दीना साइ राम , साइ राम , भन्दै झपटको पसलमा आएर ठिङ्ग उभिन्छे झपटले उसलाई एकदिन ट्वाल्ल परेर हेर्छ । केही नबोली ट्वाल्ल परेर हेरेको देखेर दीनाले किन ? के भो र दाई ? भनी सोध्छे तर झपटले जवाफ नदिएपछि आफ्नो बाटो लाग्छे । दीना गएपछि झपटले दीनाको बारेमा आफ्नो र श्रीमतीको अतितको बारेमा सोचिरहन्छ । अतितमा भएका घटना सोच्ने क्रममै प्रथम भाग समाप्त हुन्छ ।[1]

दोस्रो भागमा पनि दीना र झपटकै कुराकानी रहेको छ ।अर्को दिन पनि दीना झपटको पसलमा आउछे र त्यो दिन भने ती दुवैले कुराकानी गर्दछन । दीनाले आफ्नी बहिनीको छोरालाई राजाका सेनाले मारिदिएको कुरा सुनाउँछे । उक्त कुरा सुनाउँदा सुनाउँदै ऊ भक्कानिन पुग्छे । झपटले सम्झाउने कोशिस गर्छ र कताकता उसको मनमा पनि आक्रोश देखिन्छ र आक्रोशित मुद्रामा भन्न पुग्छ, “जहाँ जङ्गली राज हुन्छ त्यहाँ पाशविक हत्या सिवाय अरू के हुन्छ? हिटलर र मुसोलिनी यही देशमा छ । ग्यास च्याम्बर पनि यही देशमा छ त्यसैले त यहाँ नेपाल आमाका हजारौं सर्वश्रेष्ठ छोराछोरी बलिवेदीमा चढदैछन् ।”[२] झपटको यस किसिमको आक्रोशित भावबाट दीनाको मनमा पनि प्रतिशोधको भावना जागृत हुन्छ र त्यहाँबाट ऊ निस्कन्छे ।

तेस्रो भागमा झपटको पारिवारिक तथा वैवाहिक अवस्था र उसकी पत्नी अरुणाको बारेमा वर्णन गरिएको छ । अरुणा निम्नमध्यम परिवारमा जन्मेहुर्केकी सामान्य लेखपढ गर्न जानेकी आइमाई हो । झपट पनि निम्न मध्यम परिवारकै व्यक्ति हो । ऊ पढाइका शिलशीलामा अरुणालाई विवाह गरी भारत गएको कुरा यस भागमा उल्लेख गरिएको छ । अन्धविश्वास र रूढीवादी परम्पराले आक्रान्त बनेको नेपाली समाजको त्यतिबेलाको यथार्थ चित्रण यहाँ गरिएको छ । नेपाली समाजमा वालविवाह गर्ने प्रचलनलाई यहाँ देखाइएको छ । छोरा र छोरीलाई सानै उमेरमा विवाह गरिदिने प्रचलन अनुसारनै यस उपन्यासमा पनि झपटले विवाहको उमेर नभैकन अरुणासँग विवाह गर्दछ । विवाहपछि बालक नै भएकीले

[1] रामचन्द्र भट्टराई **ज्वाला**, पूर्ववत, पृ.१-२

[२] रामचन्द्र, भट्टराई, **ज्वाला**, पूर्ववत , पृ.४

अरुणा घर धान्न सक्दिने र माइतमै गएर बस्छे । वार्षिक परीक्षा सकेर बिदामा घर आएपछि झपट माइतमा बसेकी अरुणालाई फर्काएर घरमा ल्याउछ र सम्झाई बुझाई गरेर राख्दछ । केही समय दुबै जना सुख दु:ख गरेर घरमा संगै बस्छन् । झपटको विदा सकिएपछि पढाई शुरू हुन्छ र ऊ फेरि भारततर्फ लाग्दछ ।

चौथो भागमा झपट भारत गएपछि अरुणाले घरधन्दा र घरव्यवहार सम्हालेर बसेको कुराको वर्णन छ । परीक्षा दिएपछि पुन झपट घर आउँछ र दुवैले कामको बाडँफाडँ गरी मिलेर घरको काम गर्छन् ।केही समय घरमा बसेपछि झपटफेरी स्नातक तहको दोस्रो वर्षको अध्ययनका लागि भारत तर्फ लाग्छ । यस समयमा उसलाई पैसा नभएर आर्थिक सङ्कट पर्न थाल्छ । ट्रेनको टिकट काट्न पैसानभएर रेलवे स्टेशनमा किंकर्तव्यविमुढ भएर बसेको हुन्छ । एक जना ब्राहमणले होटलमा लगेर खाना खुवाउँछ । त्यस होटलमा नेपाली केटाहरूले भाँडा माझेर बसेका हुन्छन् । ती केटाहरूले अर्काको देशमा गई अपमानित भएर हेला सहेर भाँडा माझेको देख्दा झपटको मनले भन्छ । ''पढ्नका लागि भारत आउनुपर्ने, होटलमा भाँडा माझ्न पनि भारत नै आउनु पर्ने । यो कस्तो विडम्बना हो ? के नेपाल विदेशीको लागि नोकर मात्र जन्माउने देश हो ? बहादुर मात्र जन्माउने देश हो ? भाडाका सिपाही मात्र जन्माउने देश हो ?''[३]

त्यसपछि झपट ब्राहमणकै सहयोगमा गोरखनाथ विद्यापीठमा निशुल्क पढ्न थाल्छ । केही समय पछि उसले पढाउने काम पाउँछ र त्यसैबाट पढाई खर्च जुटाउँछ । त्यहाँ पढ्ने समयमा ऊ विद्यार्थी राजनीतिमा पनि संलग्न हुन्छ । स्नातक तहको अन्तिम परीक्षा सकेर झपट फेरि घर फर्कन्छ । घरमा अरुणा गर्भवती भएकी हुन्छे । केही महिना पछि अरुणाले छोरी जन्माउँछे । अब झपटको घरमा खर्च पनि बढदै गइरहेको थियो र आर्थिक अभाव झन बढन थालेको थियो जसका कारण झपटले आफ्नोपढाइलाई अरू अगाडि बढाउन सकेन र गाउँकै हाइस्कुलमा पढाउन थाल्योाविद्यार्थी जीवनदेखिनै राजनीतिमा लागेको झपट क्रान्तिकारी विचार धाराको थियो र स्कुलमा पनि विदाको समयमा केटाकेटी जम्मा गरेर क्रान्तिकारी कविता सुनाउने गर्थ्यो । त्यो कुरा थाहा पाएर निरंकुश पञ्चायती प्रशासकले बोलाएर कि मास्टरी छाड्नुस् कि राजनीति छाड्नुस् भनेपछि झपटले मास्टरी काम छाडेर राजनीतितिर हाम फाल्यो र त्यसको एक हप्ता पछि बोरी बिस्तारा बोकेर काठमाडौं तर्फ लाग्दछ ।

पाँचौ भागमा दीनाको घरको अवस्था र पारिवारिक अवस्थाको वर्णन गरिएको छ । उसको पहिरन पनि फेरिएको छ । सधै पहेंलो गेरूवा वस्त्र लगाउने दीनाले रातो वस्त्र लगाएकी छे । उसले झपटसँग आफ्नी बहिनीकी छोरीलाई राजाका सेनाले बलात्कार गरेर मारेको कुरा सुनाउँछे । उसले त्यसको प्रतिशोधको लागि बन्दुक भिर्ने निर्णय गर्छे र भन्छे "दाइ अव म रूद्राक्षको माला होइन, बन्दुक भिर्छु बन्दुक, बुझ्नु भो? यी राक्षसहरूलाई वातले हुन्नलात नै चाहिन्छ लात ।"[४] राजनीतिक सिद्धान्त केहीनबुझेकी दीना बहिनीका २ छोरा छोरीलाई शाही सेनाले मारिदिएको झोंकमा बन्दुक भिर्न तयार भएकोमा झपट गम्भीर हुन्छ ।

[३] रामचन्द्र भट्टराई, **ज्वाला**, पूर्ववत, प्र.१

[४]रामचन्द्र भट्टराई, **ज्वाला** पूर्ववत, पृ.१६

माओवादी जनयुद्धमा हामफालेका अन्य छापामारलाई सम्झन्छ र यस्तै पीर व्यथाले नै त होला युद्धमा हाम फालेका भन्ने कुरा सोच्छ । दीनालाई आवेगमा नआई ठण्डा दिमागले सोच्न लगाउँ छ । युद्धमा लाग्नु भन्दा पहिला राजनैतिक सिद्धान्त बुझ्नुपर्छ भन्ने कुरा सम्झाउँ छ । दीना चुपचाप आफ्नो छाप्रोतिर जान्छे ।

छैठौं भागमा उक्त घटना भएको १०दिन सम्म दीना झपटको पसलमा आइन । १० दिनपछि दीनाले एउटी सर्ट पाइन्ट लगाएकी करीब २०/२२ वर्षकी ठिटीलाई साथमा लिएर आई ।झपटसँ ग सामान्य परिचय गर्दै उसले आफ्नो नाम ज्वाला भएको बताई र नेपाल आमाको मुक्तिका निम्ति हिडेको कुरा जानकारी गराएर फेरी भेटने बाचा गर्दै त्यहाँ बाट हिडी । उक्त केटी गएपछि दीना र झपटले लामो समयसम्म कुराकानी गर्छन् । दीनाले आफू यतिका दिनसम्म कार्यक्रममा गएको बताई र त्यहाँ ठूला नेताले भाषण गरेको र राजनीतिक सिद्धान्तका कुरा गरेको बताई अनि झपटले पनि दीनालाई नेपालको राजनैतिक इतिहास, राजतन्त्रको इतिहास अन्तर्राष्ट्रिय देशहरूका राजनीति र नेपालमा सुरूभएको माओवादी जनयुद्धको इतिहासको बारेमा पनि स्पष्ट पार्‍यो र दीनालाई राम्रोसँ ग राजनीतिक सिद्धान्त र उद्देश्य बुझेर मात्र क्रान्तिमा लाग्न आग्रह गर्‍यो ।

सातौं भागमा दीना र झपटका बीच कुनै राजनीतिक तथा क्रान्तिकारीका कुरा भएनन् । उनीहरू बीच आफ्नो वैयक्तिक जीवनका कुरा भए । झपटले दीनासँ ग परिचय भएको धेरै दिन भएको प्रसङ्ग जोड्दै व्यक्तिगत जीवनको विषय सोध्छ । श्रीमान्, छोरा छोरीको बारेमा सोध्छ अनि दीनाले आफ्नो सम्पूर्ण जीवन कहानी बताउँ छे । उसले आफू १० वर्षको उमेरकी हुँ दा ३ वर्ष जेठा केटासित विहेभएको र विहेभएको ढाइ महिनामा नै उसको श्रीमान् कुखत परेर मरेको कुरा बताउँ छे । श्रीमान् मरेपछि घरकै काम गरेर बसेको बताउँ छे । जब घरमा सासु र ससूरा पनि मर्छन । त्यसपछि उसलाई घरमा अभिभावक नभएको अनुभव हुन्छ। त्यतिबेला उसको उमेर पनि २५ वर्ष पुगेको हुन्छ । जवानी उमेर भएकोले समाजका आँ खा उप्रति लाग्न थाल्छन् त्यसपछि एकजना केटालाई देखाउँ छन् । उसले पनि स्वीकार गर्छ र विवाह गर्ने भन्दै उक्त केटाको साथमा लागेर घरबाट हिड्छे । पछि त्यसकेटाले उसँ ग विहे नगर्ने कुरा गर्छ । अनि फटाहाहरूले दुईतीन विवाह गरेको दीना भन्दा धेरै बूढो केटासित विवाह गरिदिन्छन । विहेको केही समय राम्रो सम्बन्ध भए पनि पछि उक्त श्रीमान्ले हेला गर्ने पिट्ने गर्न थाल्यो । श्रीमान्को यातना सहेर नौं वर्षसम्म त्यही बसेकी र त्यसपछि छोडपत्र गरेर एक्लै बसेको कुरा सुनाई ।

आठौं भागमा दीनाले झपटसँ ग काठमाडौं राजधानीको बारेमा सोध्छे । झपटले जवाफ दिन्छ । काठमाडौं नेपालको राजधानी हो । हुने खानेका लागि राम्रै छ । नहुनेका लागि साह्रै कष्टकर जीवन पनि बिताउँ नु परेको छ भन्दै आफूले त्यहाँ पाएको दुःख काठमाडौं को बसाईमा भएका आफ्नो जीवनका कहानी र राजनीतिको बारेमा दीनालाई बताउँ छ । उसले काठमाडौं बाट त्यतिबेला निरङ्कुश पञ्चायती राजतन्त्रको विरूद्ध क्रान्तिमा लागेर कम्युनिष्ट राजनीति गरेको कुरा बताउँ छ । काठमाडौं बस्दा मासिक रू.१५० मा खरिददार पदमा जागिर गरेको पनि बताउँ छ । पछि राजनीतिक गर्ने क्रममा जागिर छोडेको र निरङकुश पञ्चायती शासनको अन्त्यका लागि लडाइ गरेको उल्लेख गर्छ । उसकी दुलही अरुणा पनि सँ गै

काठमाडौँमा बसेर पहिला मजदुरी काम गरेकी र पछि महिला मुक्तिका लागि राजनीतिमा लागेको कुरा बताउँछ । राजनीतिमा लागेको गन्ध पाएर पुलिसले कोठा खानतलासी गर्न पसेको कुराको उल्लेख पनि छ । राजनीति गर्ने क्रममै दुलही अरुणा जेलमा परेको कुराको वर्णन पनि छ र २०४७ सालको बहुदल प्राप्तिसँगै जेलबाट छुटेको र आफूपनि जीवनको उत्तरार्ध समयमा राजनीति र काठमाडौँ दुबै छाडेर घरमै सानो पसल खोलेर जीवन गुजारा गरेको कुरा दीनालाई बताउँछ ।

नवौँ भागमा झपटको बस्तीमा रातिमारपिट तथा होहल्ला र झगडा भएको कुरा छ । बिहानै पुलिस आएर भ्यानमा हालेर थानातिर लगेको तथा कसैको अस्पतालबाट टाउकोमा पट्टि बाँधेर आइरहेको दृश्य छ । एक जनाले झपटसँग एउटी आइमाईले आत्महत्या गरेको कुरा सुनाउँछ । झपट उसको छाप्रोमा जान्छ कविता नामकी आइमाइले घाटीमा पासो लगाएर झुण्डिएकी रहिछे । दुई सन्तानकी आमा कविता आफ्नो लोग्नेले छाडेर गएपछि एक्लै आफ्नो लालाबालालाई पालन पोषण गर्दै आएकी थीई । चरम गरिवीको कारण ऊ बाँच्न नसक्ने भएपछि आत्महत्या गरेको रहस्य खुल्यो । नेताले समय समयमा छाप्रोमा आएर गरिब जनताको पक्षमा भाषण गरेर चुनाब जित्ने र पछि गाउँमा नफर्कने कुरा पनि यहाँ उल्लेख गरिएको छ । कविताको आत्महत्या पछि झपटका मनमा कविता दीनाझैं जब्बर किन हुन सकिन ? जसरी तसरी छोरा छोरीलाई हुर्काएर सामन्ती शोषक गरीबमारा राज्यसत्ता र त्यसका तावेदार स्वार्थी नेताको बदला लिने छापामार बनाउनु पर्नेमा सो नगरी कविताले किन आत्महत्या गरी भन्ने कुरा खेल्न थाल्छन । छिमेकी जुटिसकेका थिए, झपटले कविताको दाहसंस्कारको प्रबन्ध मिलाई आफ्नो पसलतर्फ फर्कन्छ ।

दशौँ भागमा हप्तादिनसम्म गायब भएकी दीना फेरी झपटको पसलमा आएको कुरा उल्लेख छ । दीनाले दुई जना पाहुना लिएर झपटको घर आउँछे । झपटले ती पाहुनालाई कोठामा बस्न भनी आफू पसलमै व्यस्त हुन्छ । त्यसै बेला शाहीसेना आतंककारीको खोजीमा हिडिरहेका हुन्छन र झपटलाई पनि सोध्छन । झपटले आफूलाई थाहा नभएको कुरा बताएपछि फर्कन्छन । केही समय पछि पसल बन्द गरेर झपटले ती पाहुनासँग परिचय तथा कुराकानी गर्छ । ती पाहुना एउटी ज्वाला नामकी केटी थिई भने अर्को विप्लव नामको केटा थियो । दुवै क्रान्तिमा लागेका क्रान्तिकारी योद्धा थिए । त्यो रात उनीहरू त्यहीँ बसी झपटसँग राजनैतिक सिद्धान्तका बारेमा कुराकानी गरे । राती अवेलासम्म बसेर झपटले ती दुवैलाई विभिन्न देशको राजनीतिको उदाहरण दिँदै प्रशिक्षण दिन्छ । क्रान्ति कसरी गर्नुपर्छ ? क्रान्तिको आवश्यकता के हो ? क्रान्तिको उद्देश्य र महत्त्वमाथि पनि प्रकाश पार्छ । जनयुद्धको समयमा माओवादी पार्टीबाट भए गरेका कामको पनि त्यहाँ समीक्षा गर्छन् । विहान उज्यालो नहुदै ज्वाला र विप्लव त्यहाँबाट गायब हुन्छन् ।[५]

एघारौँ भागमा झपटको घरबाट एकाएक गायब भएका ज्वाला र विप्लव चार दिन पछि पुन झपटको घरमा आउँछन । त्यो दिन पनि साँझ उनीहरू त्यहीँ बस्छन । बेलुकीको खाना

[५] रामचन्द्र भट्टराई, ज्वाला,पूर्ववत ,पृ.३७

खाएर सबैजना बैठक कोठामा बसेर टि.भी. हेर्छन् । टि.भीमा समाचार आइरहेको हुन्छ । आतंककारीले शाहीसैनिक व्यारेकमा हमला गरी त्यहाँका सबै हातहतियार गोलीगट्ठा लुटेर

लगेको, सयौँ सैनिक जवानले वीरगती प्राप्त गरेको र कैयौँ अपहरणमा परेको समाचार प्रशारण भइरहेको हुन्छ । त्यो समाचार सुनेर विप्लव झपटको मुखमा हेरेर मुसुक्क हाँस्छ तर झपट अत्यन्तै गम्भीर मुद्रामा देखिन्छ । ती मारिने सेना पनि नेपाली नै हुन् । ती पनि गरिबको छोरा छोरी हुन । गरिब भएरै पेटका लागि सामन्ती तानाशाहको बन्दुक भिरेर आफ्नै नेपाली दाजुभाई दिदी बहिनीलाई मार्न सेनामा भर्ती भएका छन । उनीहरूको त्यो बाध्यता हो भन्ने कुरा झपटले गर्छ । उसले ज्वाला र विप्लवलाई सम्झाउँछ । त्यसरी उनीहरूलाई मुक्तिको सट्टा उनीहरूको विचारमा परिवर्तन गराई हातहतियार सहित जनक्रान्तिमा ल्याउनु बुद्धिमानी हुन्छ । त्यो रात झपट र विप्लव चाँडै सुते भने ज्वाला र अरुणाले लामो समयसम्म कुराकानी गरीरहे । ज्वालाले पीडा व्यथा र दर्दले भरिएको आफ्नो सम्पूर्ण जीवन कहानी आफै बताउँदै अरुणालाई सुनाउँछे । अर्को विहान उनीहरू सबेरै उठेर आफ्नो बाटो लागे । उनीहरू गएपछि झपट र अरुणाले ज्वाला र विप्लवको बारेमा सोध्न थाले । अरुणाले ज्वालाको दर्दनाक जीवन कहानी झपटलाई सुनाई ।

बाह्रौँ भागमा पन्ध्र दिन सम्म गायब भएपछि दीना सोह्रौँ दिनका दिन झपटको पसलमा आउछे र झपटलाई एउटा पर्चा दिएर आफ्नो बाटो लाग्छे । झपटले त्यस पर्चालाई लुकाएर राख्छ र केही बेरपछि अरुणालाई पसलमा बोलाएर आफू कोठामा गई ढोका लगाएर त्यस पर्चालाई पढ्छ । पर्चामा, देशमा अब ठूलो रक्तपात मच्चिने र निरङ्कुश तानाशाही राजतन्त्रका विरूद्ध अन्तिम लडाइ लड्ने कुरा उल्लेख गरिएको हुन्छ । राजतन्त्रको अन्त्य हुन अब धेरै समय बाँकी नरहेको कुरा पनि उल्लेख हुन्छ । पर्चा पढिसकेपछि उक्त पर्चालाई गोप्य ठाउँमा राखेर झपट पसलमा जान्छ । बेलुका सुत्ने बेलामा अरुणाले झपटलाई पर्चामा के लेखेको रहेछ भनेर सोध्छे । झपटले उत्तर दिन्छ "ज्वालाको भित्री ज्वाला दन्केको छ । त्यसमा ज्वाला र विप्लवहरू अब देशमा ठूलै विप्लव मच्चाउँदै छन् जस्तो छ । देशमा रगतको खोलो वग्ने सम्भावना छ । त्यो दिन अब धेरै टाढा छैन मानिसलाई अनिकाल भोकमरी र रोग-व्याधिमा तड्पाएर आफूले मोजमस्ती गर्ने तिम्रो अन्यायी राज्यसत्ता हामीलाई चाहिदैन । तिमीहरू जहाँ बसिरहेका छौ । त्यहीँ वरिपरि तिम्रो मृत्यु घुमिरहेको छ । साम्राज्य वादको सहयोगमा नरसंहार गर्न झिकाएका तिम्रा ती हतियारमा खिया लाइसकेको छ । हजारौँ बर्षको जर्जर तिम्रो सामन्ती दरवार भत्काउन हामी तम्तयार छौँ । तिम्रा सुरक्षा किल्लामा जवर्जस्त धावा बोल्दैछौँ । हाम्रो पसिना र रगत चुसेर थुपारेको पैसाले किनेका ती हतियार खोसेर तिनै शस्त्र प्रयोग गरी तिमीहरूको सर्वनाश गर्दैछौँ । एक दिन बादशाह घोडाबाट पक्कै झर्नेछ भन्दै राज्यसत्तालाई अन्तिम लडाईको हाँक दिएको कुरा लेखेको छ ।"

पर्चामा लेखेका कुरा अरुणालाई बताएपछि ढोका बन्द गरी दुबै सुत्छन । राती ढोकामा टकटक आवाज आउँछ । अरुणाले उठेर ढोका खोल्छे । बाहिर ज्वाला र अर्को एक जना केटी आएका हुन्छन । दुबैलाइ भित्र बोलाउँछे र ज्वालाले आफूसँग आएकी साथीको परिचय गराउँछे । उसको नाम चाँदनी हुन्छ । ऊ थारू परिवारमा जन्मिएकी हुन्छे । गरिबीका कारणले गर्दा उसले पढ्न सक्दिन र काठमाडौँ गएर एउटा मालिकको घरमा नोकर्नी भएर बस्छे । उसका बाबुआमा मरिसकेका हुन्छन । एक्ली टुहुरी हुन्छे ।जर्नेलको घरमा ऊ काम गर्न बस्छे । हुर्कदै बढ्दै गएपछि जवान हुन्छे र एक दिन आफ्नै मालिक जर्नेलको बलात्कारको

शिकार बन्छे । त्यसपछि उक्त घरमा बस्न सक्दिने र त्यहाँ बाट भागेर जनयुद्धमा होमिएकी हुन्छे । ऊ सँ ग पनि बलात्कारी त्यस जर्नेलप्रति प्रतिशोधको भावना रहन्छ । जनयुद्धमा लागेपछि पार्टी कामको शीलशीलामा नै ज्वालासँ ग परिचय हुन्छ र झपटको घरमा बास बस्न आइपुग्छे ।

तेह्रौँ भागमा राजदरबार हत्याकाण्ड भएको प्रसङ्ग उल्लेख छ । राजदरबार हत्याकाण्ड भएको विहानै झपटलाई काठमाडौँ बाट फोन आउँ छ । फोन गर्ने मानिस राजदरबारमा रहेछ र उसले प्रत्यक्ष देखेका कुरा झपटलाई सुनाउँ छ । झपटले त्यस मान्छेको मुखबाट फोनमा सुनेको खबर र सञ्चार माध्यमले प्रशारण गरेको समाचार फरक पर्न जान्छ त्यसपछि झपटले रेडियो, टि.भी बन्द गरी पसल तर्फ व्यस्त हुन्छ । दरबार हत्याकाण्ड पछि देशमा राजनीतिक उथलपुथल हुन्छ । दरबार काण्ड पछि देशभर शाहीसेनाको बाहुल्यता हुन्छ । जताततै सेनाको सक्रियता बढ्छ । राजनीतिक दलका नेताहरू जेलमा कोचिन्छन । कर्फ्यु आदेश जारी हुन्छ । मिडियाहरू बन्द हुन्छन र एकतर्फी समाचार प्रशारण गर्छन । २०४६ सालको बहुदलीय प्रजातन्त्र समाप्त हुन्छ र फेरी निरङ्कुश राजतन्त्रको शुरूवात हुन्छ । राजाले सम्पूर्ण शक्ति र अधिकार आफूमा नीहित गरी शासन सञ्चालन गर्दछ । तर यति बेला जनता चुप लागेर बस्दैनन् । गाउँ -गाउँ , सडक-सडक, चोक-चोक, गल्ली-गल्लीबाट निरङ्कुश राजतन्त्रको विरूद्धमा आन्दोलन चर्किन्छ । दिनका दिन गोली बम र बारूदको बर्षा हुन्छ । दिनका दिन मर्ने र मार्ने काम समान्य हुन्छ । अन्त्यमा आन्दोलन दबाउन जति प्रयास गरेपनि सरकार सफल हुदैन र बाध्य भएर जनताको नासो जनतालाई फर्काउने घोषणा हुन्छ र फेरी जनतालाई झुक्याउने र ठग्ने काम हुन्छ । यी घटना र परिवेशको बारेमा झपट, ज्वाला, विप्लव, दीना, अरुणा गम्भीर छलफल गर्दछन् ।

चौधौँ भागमा दीना धेरै दिनपछि फेरी झपटको पसलमा देखा पर्छे । ज्वाला र विप्लव सदरमुकाम हान्न गएको कुरा बताउँ छे । बजारबाट अरुणा आउँ दै गर्दा बाटामा ज्वाला सँ ग भेट हुन्छ र ज्वालालाई सँ गै लिएर आउँ छे । ज्वालाले विप्लव सदरमुकाम हान्दा सहिद भएको कुरा सुनाउँ छे र बर्वरी आँ शु झारेर रुन थाल्छे । अत्यन्तै शोकाकुल अवस्थामा हुन्छे । अरुणा र झपटले उसलाई सम्झाउँ छन् । टी.भीले प्रतिनिधि सभा पुन स्थापना भएको समाचार प्रशारण गरिरहेको थियो । त्यो रात ज्वालाले विप्लव सहिद भएको घटना बिस्तारमा बताउँ छे र आफ्नो तथा विप्लवबीचको सम्बन्ध पनि बताउँ छे । उनी दुबै लालजोडी प्रेमीप्रेमिका भएको र पार्टीको स्वीकृति लिएर विवाह बन्धनमा बाँ धिने योजना बनाएको कुरा पनि त्यहाँ बताउँ छे तर विप्लव त सहिद भैसकेको थियो । त्यो शोकलाई शक्तिमा परिणत गनŠ संघर्ष गर्दै थिई ज्वाला । यसपालि झपटका घरमा ज्वाला विप्लवको मृत्युको शोकलाई विर्सन करिब पाँ च दिनसम्म बसी । त्यसपछि विप्लवको सपनालाई पूरा गर्न मुक्ति युद्ध लडेर आगाको ज्वाला दन्काउने अठोट र हिम्मतका साथ अघि बढ्ने निधो गर्छे । मनले झलझली सदरमुकाम हानेर विजय हासिल गरी फर्कने क्रममा साही सेनाको हेलिकप्टरबाट प्रहार गरिएको बम विप्लवको टाउँ कोमा लागेर पानी पनि भन्न नपाई आफ्नै आँ खा अगाडि वीरगती प्राप्त गरेको आफ्नो प्रेमी जीवनको सहारा, एक मात्र समाउने हाँ गालाई सम्झन्छे र ५ दिन पछि अरुणाको घरबाट बिदा भई हिड्छे ।

पन्ध्रौं भागमा झपटले अघिल्लो रातिको दृश्यलाई सम्झेर पसलमा बसिरहन्छ । ज्वाला रातभरि रोएको आँसु सम्झन्छ । विप्लवको मृत्युलाई सम्झन्छ । विप्लवले मारेका पाँचजना सैनिकका पत्नीलाई सम्झन्छ । जसरी विप्लव मर्दा ज्वालालाई पीर परेको थियो त्यो भन्दा सयौं गुना बढी चोट ती मारिने सैनिकका पत्नीलाई परेको कल्पना झपटले गर्दछ । भोलिपल्ट दीनाका बहिनी ज्वाइँ झपटलाई भेट्न आउँछन् । सामान्य कुराकानी भलाकुसारी गर्छन् । देशको समसामयिक राजनीतिक परिवेशको बारेमा छलफल गर्छन् । उनीहरूले आफूहरू सहिद परिवार भएपनि राज्यले कुनै चासो नदेखाएको कुरा व्यक्त गर्दछन् । १९ दिने जनआन्दोलनका शहिद र माओवादी शशस्त्र जनयुद्ध लडेका सहिदमा निकै भिन्नता भएको कुरा व्यक्त गर्दछन् । त्यसपछि उनीहरू त्यहाँबाट आफ्नो बाटो लाग्दछन् । दीनाले बहिनी र ज्वाइलाई बसमा चढाएर झपटको पसलमा फर्कन्छे । दीनाले आफू पार्टीमा हुलाकीको काम गरिरहेको बताउँछे । आफू धेरै पढालेखा नभएकोले राजनीतिलाई राम्रोसँग बुझ्न र माथि जाननसकेको कुरा बताउँछे । झपटले उसलाई मानवको उत्पत्ति र विकास भएको कुरा बताउँछ । झपटका सैद्धान्तिक र आदर्शवादी कुरा दीनाले आधामात्र बुझ्दछे । आधा बुझ्दिने । त्यत्तिकैमा कामको शिलसिलामा बाहिर जानु छ भन्दै दीना उठेर हिड्छे । झपट अझ गहन विषयलाई विस्तृत रूपमा बताउने मुडमा थियो तर दीना हिडिसकेकी हुन्छे ।

सोह्रौं भागामा अरुणासित बिदा भएर हिडेकी ज्वाला बसपार्क गएर नेपालगञ्ज जाने बसको टिकट काटी बसमा चढ्छे र नेपालगञ्जतर्फ लाग्छे । बसमा सीट भन्दा यात्रुको सङ्ख्या दोब्बर भएको अवस्था देखाइएको छ । बसमा यात्रा गरिरहेकी ज्वालाले हापुरेमा शान्तिवार्ता भइरहेको बेला दोरम्भामा शान्तिपूर्ण भेला बैठक गरिरहेका निहत्था जनतालाई शाहीसेनाले घर घेरा हाली गिरफ्तार गरेर माथि डाँडामा लगी लहरै उभ्याएर गोलीले भुटेको विभत्स हत्याकाण्ड सम्झिन्छे ।[६] गाडी आफ्नै गतिमा हिडिरहेको थियो भने ज्वालाले विगतदेखि अहिलेसम्म भएका सम्पूर्ण घटनाहरू एकएक गरी सम्झिरहेकी थिई । राज्य पक्षबाट निर्दोश जनतामाथि भएका कुकृत्य तथा जघन्य अपराधलाई उसले सम्झिरहेकी थिई । घरी युद्धमा लड्दा लड्दै शहादत प्राप्त गरेका सहयोद्धा वीर शहीदका लाशहरूलाई सम्झेर झसङ्ग हुन्थी । घरी दुश्मनका किल्लामा हमला गर्दा प्राप्त सफलताको याद गरेर फुरूङ्ग हुन्थी । घरी आफू जस्तै महिला क्रान्तिकारीहरूको साहस र आश्चर्यजनक वीरतालाई सम्झेर उत्साहित हुन्थी ।[७] उसले आफ्ना कैयौं साथीलाई गोकर्णको जङ्गलमा लगेर उनैलाई खाल्डो खन्न लगाई ज्यूँदै पुरेर बेपत्ता पारेको विभत्स र कहालीलाग्दो दु:खद घटनालाई सम्झी ।

६ रामचन्द्र भट्टराई, ज्वाला, पूर्ववत, पृ.८२
७ पूर्ववत, पृ. ८४

सात महिनाकी गर्भवती महिलालाई आतंककारीको आरोपमा पक्राउ गरी व्यारेकमा नेल हत्कडीका साथ थुनी चरम यातना दिँदा उक्त महिलाले मेरो पेटमा सात महिनाको बच्चा छ डेढ दुई महिनापछि जन्मन्छ । पेटको बच्चाको के अपराध छ ? किन मार्छौ यसलाई ? मलाई यही व्यारेकमा राख । म बच्चा जन्माउँछु र मलाई मार म मर्न तयार छु तर यो गर्भमा रहेको भ्रुणको हत्या नगर भन्दै अनेक आलाप-विलाप गर्दा पनि पत्थरको दिल पग्लेन उल्टै पेटमा बुटै बुटले हानेर शरीरलाई खुकुरीले काटी टुक्राटुक्रा पारेर दुई दिन सम्म तडपाई-तडपाई आमा र गर्भका बच्चालाई मारेको पाशविक घटना सम्झन्छे । रूपन्देहीको आमा

गा.वि.स मा सेल्टर लिइरहेको बेलामा थारूवान मुक्ति मोर्चाका नेता दरोगा थारू (सागर) लाई सेनाले गिरफ्तार गरी पोखरा सशस्त्र प्रहरी क्याम्पमा थुनी लाठी नङमा पिन, हिटरमा पिसाब गर्न लगाएर करेन्टको झङ्झनाहटले छट्पटाएको बेलामा पार्टीको गोप्य आन्द्राभुँडी वाक्न दबाब दिने र पोलिथिन घाँटीमा बँधेर अक्सिजन बिना तड्पाउने आदि अनेक यातनाको स्मरण उसको स्मृतिपटलमा नाच्दछन ।दशैं-तिहारमा एकतर्फी युद्धविराम गरेको बेला खाना खाईरहेको अवस्थामा सेनाले घेरा हाली डी.सी.एस. विलय लगायत सात जना साथीको विभत्स हत्या गरेको अर्को ठाउँमा पुरूषलाई हात पछाडी बाधेँर शरीरमा उम्लेको तातो पानी खन्याएर र महिलालाई बलात्कार गरी उनका स्तन चिरेर कञ्चटमा गोली हानी हत्या गरेको र मर्नु भन्दा एकदिन अगाडि तिनिहरूले' एक दिन अवश्य हाम्रो सपना पुरा हुनेछ । हामीलाई मारेर के गर्छौ, अन्तमा हाम्रो जीत पक्कै हुनेछ । त्यतिबेला तिमीहरू हाम्रै निर्देशनमा चल्नेछौ भन्ने ती वीर योद्धाका कुरालाई मनले सम्झदै उनका सपना पूरा गर्न अझ अगाडि बढ्ने अठोट गर्छे ।

२०५७ चैत १७ गतेको सुनसान मध्यरातमा गोरखा जेल तोडेर जीवनलाई मृत्युको मुखैनेर लैजाँदै साहस र पराक्रमको रेकर्ड तोडेको त्यो ऐतिहासिक घडी पनि उसले सम्झन्छे । एउटा फलामे रड, बाँसको छडी र तरकारीबारी खोस्रने कुटोले महिनौं लगाएर सुरूङ् खनीसकुशल जेलब्रेक गर्ने उमा भुजेल, रीता वि.क, सञ्जु अर्याल, कमला नकर्मी, मीना मरहट्ठा र सञ्जिता वि.क लाई सम्झन्छे । उसले सोच्छे क्रूर पञ्चायती शासनकालमा सी.पी मैनालीको नेतृत्वमा आस्थाका पुरुष बन्दीहरूले सुरूङ खनेर नख्खु जेल तोडेका थिए । अहिले उमा भुजेलको नेतृत्वमा महिला बन्दीहरूले सुरूङ खनेरै गोरखा जेल तोडे । नारी कुन काममा कम छन ? पिठ्युँमा बच्चा बोकेर पुरूषको काधँमा काँध मिलाएर युद्धमोर्चामा जान्छन् तर तिनै नारीलाई सामन्तवादी राज्यसत्ताले लोग्नेको चरणकी दासी बनाएका छ । जसको बदला नारीले लिनैपर्छ ।

सम्झँदै जाने क्रममा उसले मैदेमा आफ्ना पिता मास्टर कृष्णबहादुर मगरलाई मझेरीको थाममा बाँधेर उनकै अगाडि पुलिसले आमालाई बलात्कार गरी दुबैलाई गोलीले भुटेको, दिदीलाई सामूहिक बलात्कार गरी खोल्सामा फालेर मारेको, यौटा दाजुलाई मारेर भेरी नदीमा फालेको र अर्को दाजुलाई बेपत्ता पारेको पासविक घटना, आफ्नो जीवनसाथी विप्लब बमको हमलाबाट चोक्टा चोक्टा भई आगोले जलेर खरानी भएको जसलाई आफ्नै हातले धर्ती मातामा समाधिस्थ गराई पानी फूल समर्पण गरेर फर्केको घटना सम्झन्छे । ती सबै विगतका तीता अनुभव र घटना सम्झँदा उसको मुटुमा भक्कानो पर्छ थाम्न सक्दिने र घुँम्क घुम्कँ गरी रून्छे । पैन्टको खल्तीबाट रूमाल झिकेर आँसु पुच्छे।

यात्राकै क्रममा ज्वालाको सीटसँगै बसेको एकजना युवकसँग परिचय हुन्छ । ज्वालाले त्यो युवकलाई आफ्नो प्रेमी विप्लवको स्थानमा राखेर हेर्छे र विप्लव जस्तै लाग्छ । उनीहरूबीच कुराकानी हुँदै जान्छ । दुवै आफ्नो जीवन कहानी र परिवारिक अवस्था बताउँछन् । त्यो युवकलाई पनि ज्वाला आफ्नी प्रेमिका जस्तै लाग्छ । दुवैका पीडा व्यथा एउटै हुन्छन् । त्यस युवककी प्रेमिका सपना पुनलाई शाही सेनाले गिरफ्तार गरी मध्यरातमा जङ्गलमा लगी डि.एस.पी ले बलात्कार गरी कञ्चटमा गोली हानेर मारेको हुन्छ ।[८] यसरी ऊ आफ्नी प्रेमिकाबाट पीडित थियो । यात्राकै क्रममा उनीहरूको सामिप्यता बढ्यो । उनीहरूका

कथा व्यथा एउटै भए । दुवैको उद्देश्य एउटै थियो । दुबै राजनीतिक क्रान्तिमा लागेका थिए । त्यसैले उनीहरू दुबै जनाले पार्टी स्वीकृति लिएर पुन: विवाह बन्धनमा बाँधिने निर्णय गरे । वैवाहिक बन्धनमा बाँधिएपछि दुबै राजनीतिक क्रान्तिमा सक्रिय भएर लाग्न थाले ज्वालाको पति गञ्जबहादुरले बर्दिया तथा गुलरियाको कार्यक्षेत्रमा काम गर्न थाल्यो भने ज्वाला आफ्नै जन्मस्थल मैदे र जाजरकोट इलाका हेर्न थाली । राजनीतिक क्रान्तिका हिसावले ज्वाला निकै माथि बढीसकेकी थिई । उसले ठाउँ ठाउँमा भेला, सभा, आयोजना गरेर गरिब जनताको पक्षमा आवाज उठाउने कार्य गर्न थाली । आफ्नो क्षेत्रका सम्पूर्ण जनतामा चेतनाको लहर फैलाई ।

जाजरकोट र मैदै गाउँ जहाँ जघन्य हत्या र बलात्कार काण्ड घटेको थियो, त्यस रक्तवीजबाट हजारौं क्रन्तिकारी जन्मिसकेका थिए । ज्वालाले तिनैको नेतृत्व गर्दै पार्टीको काम गर्न थाल्छे । एकदिन गञ्ज जन्मेको कार्की गाउँ एक्लै जान लाग्दा जङ्गलको बीच बाटोमा मण्डेलेका फेला पर्छे । मण्डले उसलाई बलात्कार गर्न खोज्छ । ज्वालाले साथमा भएको सानो पेस्तोल झिकेर उसको छातीमा एक राउण्ड गोली हान्छे । मण्डले त्यही ढल्छ । त्यो घटना कसैले देख्दैनन । ऊ आफ्नो बाटो अगाडि बढछे । कार्की गाउँ पुगेपछि त्यहाँबाट गाउँ गाउँ घुम्दै तानशाही सरकारले पारेका चोटमा मलहम लगाउँदै थाला गाउँ पुग्छे । त्यहाँबाट घाउ सुम्सुमाउँदै र जनतालाई जगाउँदै हिड्छे, त्यहाँबाट उकालो चढदै चिनाकमदको अग्लो लेक दशौरा, थाना मचकोट, दह, मैप र मैदान हुँदै जाजरकोट १नं. क्षेत्र मैदे गाउँ पुग्छे । ज्वाला जहाँ जहाँ पुग्छे ती प्रत्येक गाउँ र ठाउँका जनतामा क्रान्तिको उर्जा थप्दै जान्छे । चेतनाको राँको बाल्छे । कार्यकर्ताहरू ज्वालाको निर्देशनमा पहिले भन्दा बढी सक्रिय भई पार्टी काममा खट्छन । सशस्त्र द्वन्द्वको समयमा मैदे लगायत देशका विभिन्न ठाउँमा भएको नृशंस हत्या बलात्कार र चरम दमनको बदला लिन माओवादी पार्टी नयाँ ढङ्गले र नयाँ कार्यनीतिका नारा अगाडि सारेर बढिरहेको हुन्छ । ग्रामीण वर्ग सङ्घर्षलाई ध्यान दिँदै शहरीया जनविद्रोहलाई प्रमुखता दिने कार्यनीति अन्तर्गत ज्वालाले सदरमुकाम खलङ्गामा बसेर जिल्ला इन्चार्जको रूपमा वैधानिक सङ्घर्षको नेतृत्व गर्न थाल्छे ।

---

८ पूर्ववत, पृ. ८४-८६

सत्रौं भागमा ८ महिना पछि फेरी ज्वाला, अरुणा र झपटको घरमा साँझ टुप्लुक्क पुग्छे । उसले आफ्नो श्रीमान् गञ्जलाई पनि त्यहाँ लिएर गएकी हुन्छे । गञ्ज र झपटको परिचय हुन्छ । ज्वाला र गञ्जले विवाह गरेको कुरा पनि गर्छन् । ज्वालाको पेटमा गर्भ हुन्छ । गर्भवती भएकीले उनीहरू ज्वालालाई शहरतिर बस्न आग्रह गर्छन तर उसले पार्टीले खटाएको कार्यक्षेत्रबाट बाहिर बस्न अस्वीकार गर्छे । समयको अन्तरालसँगै देशमा भूमिगत शशस्त्र युद्धको अत्य भई शान्तिपूर्ण युद्ध चलिरहेको हुन्छ । त्यही अवस्थामा झपटले हिजोको शशस्त्र युद्ध र आजको हतियारविहीन शान्तिपूर्ण जनआन्दोलनमा के फरक छ भनी ज्वालासँग सोध्छ । बेलुकीको खाना खाएपछि उनीहरूले देशको राजनीतिक परिवर्तन र घटनाक्रमका बारेमा धेरै बेरसम्म कुराकानी गर्छन । भोलीपल्ट विहानै ती दुवै जना आफ्नो घरतर्फ लाग्दछन् ।

अठारौँ भागमा दीना र चाँदनी झपटको पसलमा आउँछन । झपटको पसल राम्रोसँग नचलेर झिगाँ धपाएर बसेको प्रसङ्ग छ । चाँदनीले आफूलाई पार्टीले पूर्वमा खटाएको कुरा गर्छे । झपटले पूर्वतिरको राजनीतिक हालचाल सोध्छ र चाँदनीले उत्तर दिन्छे "राम्रै छ । संगठन विस्तार भइररहेको छ । गाउँगाउँमा वैचारिक प्रशिक्षण अभियान चलिरहेको छ । जनता क्रान्तिकारी विचारबाट शशस्त्र बन्दैछन् ।"[९] चाँदनी त्यो दिन त्यही बसी अर्को दिन बिहानै आफ्नो कार्यक्षेत्रतिर लागी । दीना ४ दिनसम्म त्यतै बसी र अधिकांश समय झपटको पसलमा आएर बिताउँथी । अरुणाले दीनालाई सम्झाउदै विहे गर्न भन्छे । "तपाई अधवैँसे आईमाई मान्छे, पार्टीका मान्छे भनेर हुन्न, क्वै कस्ता क्वै कस्ता, विचार र उमेर मिल्दोसँग विहे गर्नुहोस् नानी ।" दीनाले भन्छे "छ्या के भन्नुभाको भाउजू तपैले ? दुई जना लोग्ने मान्छेको सिन्दुर स्यूदोमा परिसक्या छ । एउटाले आफै मरेर रूलायो, अर्कोले सास्ती कटाएर रुलायो । मेरा आँखामा रुनका लागि आँसु छैन, गर्दिन विहे सिहे ।"[१०] यस्तै-यस्तै कुराकानी दीना र अरुणा बीच भए । अर्को दिन दीना, झपट र अरुणासँग विदा भएर जान्छे । करिव दुई महिना पछि दीना आफ्नै छाप्रोमा आएर बस्न थाल्छे । दीनाले झपट र अरुणालाई आफ्न८८ दाजु, भाउजू जस्तो ठान्छे । तिहारमा झपट र अरुणालाई टीका पनि लगाइदिन्छे र उनीहरूको जन्मको नाता नभए पनि कर्मको नाता सम्बन्ध गाँसिन पुग्छ ।

उन्नाइसौँ भागमा ज्वाला र गञ्जको प्रसङ्ग छ । ज्वाला र गञ्ज झपट र अरुणालाई भेटी नेपालगञ्जतर्फ लाग्दछन् । बस यात्राका क्रममा दुवैले विभिन्न घटना र प्रतिघटनाको बारेमा कुरा गर्दछन । क्रान्ति सम्पन्न भएपनि बास्तवमा सबै जनताले चाहेजस्तो, खोजेजस्तो र रोजेजस्तो परिवर्तन नभएको आसय व्यक्त गर्दछन । यात्राका क्रममा उनीहरू नेपालको बाटो, गाडीको अवस्था खाना खाने होटेलको अवस्था तथा खानाको अवस्था आदिको बारेमा कुराकानी गर्छन । उनीहरू गुलरीया ओर्लन्छन् । ज्वाला त्यहाँ तीन दिन बस्छे र जाजरकोटको कार्यकर्ता भेलालाई सम्वोधन गर्न त्यस तर्फ लाग्छे। मैदेको भेलालाई सम्वोधन गर्छे । करिव २ महिना ज्वालाले खलंगालाई केन्द्रविन्दु बनाएर जिल्लाको साङ्गठनिक विस्तार,

[९] रामचन्द्र भट्टराई, ज्वाला, पूर्ववत, पृ.१०३

[१०] ऐजन

सुदृढीकरण, शुद्धीकरण र राजनीतिक प्रशिक्षणमा व्यस्त रहन्छे । उसको गर्भको बच्चा ९ महिना पुगेर १० महिनामा टेक्दै थियो ।

समय वित्दै गयो । मैदेको आफ्नै घरमा बैठक बसिरहेको बेलामा ज्वालालाई सुत्केरी व्यथा लाग्छ र ठीक राती १२ बजे जुन घरको मझेरीमा शाही सेनाले ज्वालाका बुबा आमालाई मारेका थिए त्यही ठाउँमा पुत्र जन्माउँछे । बच्चाको नाम कंशरूपी राक्षसको वध गर्न जन्मिएको प्रसङ्ग जोड्दै कृष्ण राखिन्छ । ज्वाला १ महिना जति त्यही गाउँको जनताका माझ उनीहरूको माया र सेवामा बस्छे । पछि खलङगा जिल्ला पार्टी कार्यालयमा बसेर नेतृत्व हाक्न थाल्छे । दैनिक जसो भेला, सभा, गोष्ठीमा सहभागी हुन्छे । विभिन्न विषय राजनीतिक प्रशिक्षण हुन्थ्यो । सबै जनताको मन जितेर उसले आफ्नोपार्टीको मर्म र भावना अनुसार काम गर्दै अघि बढी रहेकी हुन्छे । एकदिन पार्टीको जिल्ला कमिटीको बैठक आयोजना हुन्छ । बैठकको अध्यक्षता जिल्ला सेक्रेटरीले गर्छ भने प्रमुख अतिथि जिल्ला इन्चार्ज ज्वाला हुन्छे । बैठकमा देशको समसामयिक राजनीतिक परिस्थितिको बारेमा बहस शुरू हुन्छ । सबै

सदस्यहरूले भाषण गर्दै आ-आफ्ना तर्क र विचार प्रस्तुत गर्दछन । बैठकको अन्त्यतिर प्रमुख अतिथि ज्वालालाई बोल्न मञ्चमा आमन्त्रण गरिन्छ । ज्वालाले मञ्चमा गएर एकपटक सहभागी सबै सदस्यका आँखामा नजर लगाउँदै र एक सेकेन्ड घोरिएर बोल्न थाल्छे ।

"कमरेडहरू समय र परिस्थितिको पदचापलाई देख्न र बुझ्न सकिएन भने क्रान्ति सफल नहुन सक्छ, भएपनि प्रतिक्रान्ति वा प्रतिगमन हुनसक्छ । हामीले दुनियाँका कतिपय देशका क्रान्तिलाई हेरेका छौं । अधिकांश भु-भाग कब्जा भएर पनि प्रतिक्रान्ति भएको छ । वर्ग संघर्ष नै धराशायी भएको छ । हामी यतिबेला इतिहासको अत्यधिक चुनौतिपूर्ण र संवेदनशील मोडमा छौं । यो कुरा हाम्रो पार्टी इतिहासको सन्दर्भमा पनि साँचो हो हामी हरेक दृष्टिले वर्ग संघर्ष र विचार सङ्घर्षको अत्यधिक संवेदनशील मोडमा छौं । माओ जीवित छँदै फिलिपिन्समा जनयुद्व शुरू भयो । बैकल्पिक शक्तिको रूपमा देखापऱ्यो । उनी ज्यूँदो छँदै सेटव्याक खायो । टर्कीमा पनि त्यस्तै भयो । मलाया र बर्मामा पनि त्यस्तै भयो । माओ मरेको ६ वर्षपछि पेरूमा जनयुद्ध शुरू भयो।गोञ्जालोको नेतृत्वमा राजधानी कब्जा गर्नेस्थितिमा पुगेको साइनिङ पाथ उनको गिरफ्तारी पश्चात समाप्त नै भयो । कम्युनिष्ट क्रान्तिकारीहरू अगाडि बढन सकेनन सम्राज्यवादलाई परास्त गर्न सकेनन् । सम्राज्यवादले जनयुद्वलाई सके शुरूमै ध्वस्त पार्ने नसके लामो समय जान दिने, मुख्य रणनीतिक केन्द्र कब्जा गरिराख्ने, गाँउ इलाका छाडिदिने, गाउँ जनसरकार जिल्ला जनसरकार बनाएर के गर्ने ? पार्टीले जनताका आकांक्षा र आवश्यकता पूरा गर्न नसक्ने अनि त पार्टीको विरूद्व जनता विद्रोहमा उतार्ने । यो त भयानक षडयन्त्र पो रहेछ । जसलाई हाम्रो पार्टीले ठूलो रगतको मूल्य चुकाएर बुझ्यो ।

आजका चुनैतिहरूको सामना गर्न आजकै चेतनाको आवश्यकता पर्छ । आजकै रणनीतिको आवश्यकता पर्छ । हिजोका अनुभवबाट पाठ सिक्दै आजको धरातलीय यथार्थमा टेकेर क्रान्तिकारी विचारको सिर्जनात्मक प्रयोग र विकास गर्दै अघि बढौं । बुबा, आमा, दिदी अनि दुई दाजुको बलिदानले मेरो जीवनलाई यहाँतक ल्याइपुऱ्याउने मुख्य प्रेरणाको स्रोत बनेको छ । म शुरू शुरूमा मेरो परिवारका हत्यारा र बलात्कारीहरूको बदला लिन भनेरै पार्टीमा हाम फालेकी थिएँ । कुनै न कुनै गम्भीर चोट परेरै क्रान्तिमा होमिएका छन । ती मध्येकी एउटी म पनि हुँ । जब अन्याय, अत्याचार चरम हुन्छ तब मान्छे ज्यानको माया मारेर जाइलाग्न थाल्छ । जनताको त्यो आक्रोशको बाढीलाई विचारको कुलोमा पट्टाएर लगाउने हो भने त्यसबाट क्रान्ति र परिवर्तनको खेती सिञ्चन गर्न सकिन्छ । हामीले आवेग र आक्रोशलाई क्रान्तिकारी विचारको लगाम लगाएर लचकदार भई क्रान्तिको घोडा दमाल्न सक्यौं भनेमात्र शहीदहरूका सपना साकार पार्न सक्नेछौं ।"

ज्वालाको माथिको भाषणबाट सबै प्रभावित हुन्छन । सबैले ताली पिट्छन । उपयुक्त सिद्धान्त र विचारलाई मनन गर्दै पार्टीलाई अगाडि बढाउने निष्कर्षका साथ बैठक समापन हुन्छ र सवै आ-आफ्नो कार्यक्षेत्रतर्फ लाग्दछन । एकदिन अकस्मात ज्वाला थला पर्छे । खलङ्गामा डाक्टर नभएकोले गाउँलेले जडिबुटी खुवाउँछन तर उसलाई निको हुँदैन र पार्टी केन्द्रले काठमाडौं बोलाई टिचिङमा भर्ना गर्छ । रोग साह्रो भएपनि बेलैमा उपचार पाएकोले निको हुन्छे । एकमहिना अस्पताल बसेर पुन: जाजरकोट फर्किन्छे र पहिले जस्तो पार्टी जिम्मेवारी सम्हाल्छे ।

बीसौँ भागमा ज्वाला पिठ्यूँमा बच्चा बोकेर अङ्गरक्षिकाका साथ जाजरकोट गाउँ - गाउँ बस्ती-बस्ती घुम्दै चहऱ्याइरहेका मनका घाउमा मल्हम लगाउँदै देशको रक्तिम उज्ववल भविष्यको सपना बाँड्दै हिडिरहेकी हुन्छे । देश गणतन्त्रमय भएको र त्यसलाई संस्थागत गर्ने अभियानमा जनतामा चेतनाको दियो बाल्दै घुमिरहेकी हुन्छे। लोकतन्त्रलाई संस्थागत गर्न र राष्ट्रियतालाई जोगाउँने विषयमा छलफल गर्न ज्वालाले तत्काल पार्टी जिल्ला कमिटिको जरूरी बैठक बोलाउँछे । बैठक मैदेस्थित गाउँ कमिटी कार्यालय सहिद कृष्ण सरको घरमा बस्छ । बैठकमा पार्टीका विभिन्न कार्यकर्ताहरूले आ-आफ्नो राय व्यक्त गर्दछन् । बैठकको निर्णय बमोजिम ज्वालाले भोलिपल्टै राजनीतिक दलका नेताहरूसित परामर्श गरी र तत्काल सर्वदलीय भेला गर्ने सहमति भयो । भेलामा दलका नेताका अतिरिक्त स्थानीय बुद्धिजीवी, लेखक, पत्रकार लगायत राष्ट्रिय जीवनका विभिन्न राष्ट्रसेवकहरूलाई समेत आमन्त्रण गरियो र राष्ट्रिय स्वाभिमानमाथि भएको बज्रपातको विषयमा छलफल शुरू भयो । सबै राजनीतिक दलका नेता बुद्धिजीवी पत्रकार, लेखक सबैले आ-आफ्ना घटना प्रस्तुत गरे, बहस र परामर्श पनि भयो । अन्त्यमा सबै राष्ट्र र राष्ट्रिय एकताको लागि मिलेर सहकार्य र सहमति गर्दै अगाडि बढने निष्कर्ष निकाले । कार्यक्रममा आएका लेखक तथा सात्यिकारले आफ्ना रचना वाचन गरे । गाउँ गाउँबाट उठ बस्ती बस्तीबाट उठ भन्ने जस्ता गीत गुञ्जन थाले । सम्पूर्ण मैदे गाउँ नै राष्ट्रमय भयो । कार्यक्रम स्थल देश प्रेमको सागरमा चुर्लुम्म डुब्यो । तत्काल एउटा बृहत काव्य गोष्ठीको पनि आयोजना गरियो र विभिन्न कविहरूले काव्यमार्फत राष्ट्रियताको झङ्कार फैलाए ।

"यो हाम्रो देशको माटो जोगाई राख्नुपर्छ ।
माटो कोपर्न खोज्नेका बङ्गारा झार्नुपर्छ ।"[११]

जस्ता कविता वाचन भए । तालीको पर्रा छुट्यो । सदरमुकाम खलङ्गा नै बुरूक्क उफ्रे झै भयो । श्रोताका शरीरमा साँच्चिकै राष्ट्रवादको रक्तसञ्चार भइरहेको थियो । कविता

[११] रामचन्द्र भट्टराई, ज्वाला, पूर्ववत, पृ.१२०

सुनेर ज्वाला पनि भाव विभोर भई । काव्य गोष्ठीको समापनपछि आगामी कार्यक्रम तय गर्न बैठक बस्नुपर्ने प्रस्ताव प्रस्तुत गरी सर्वदलीय सहमतीअनुसार कार्यक्रम चल्दै गयो । ज्वाला कहिले संयुक्त, कहिले एक्लै पिठ्यूँमा बच्चा बोकेर जनतामा चेतनाको चिराग बाल्दै गाउँ गाउँ घुमिरही-घुमिरही । जाजरकोटका जनताका हृदयमा लालीगुराँसको थुङ्गी बनेर फक्रिरही-फक्रिरही । नेपाली इतिहासले कोल्टे फेरेर नयाँ नेपाल बन्ने क्रममा ज्वाला सिङ्गो देशकै हृदयमा फक्रन थाली र यहीँ नेर यो उपन्यासको कथानक पनि समापन हुन्छ ।

## ३.२ कथानकको ढाँचा

ज्वाला उपन्यासको कथानक ढाँचा रैखीय प्रकारको रहेको छ । यसको कथानक एक पछि अर्को गर्दै घटनाहरू अगाडि बढेका छन् । दीना र झपटको भेटघाटबाट औपन्यासिक घटनाक्रमको थालनी भएको देखाइएको छ । दीना ...साइ राम दाइभन्दै गलामा रूद्राक्षको माला, शरीरमा गेरूवा बस्त्र र निधारमा टीका लगाइ झपटको पसलमा आएर ठिङ्ग उभिएपछि कथानकको ढाँचा अगाडि बढेको छ । दीनाले झपट नबोली बसेको देखेर ...किन के भो र दाइ भनी सोध्छे तर झपट उँधो मुन्टो लगाएर बस्छ । उसको अनुहार हेर्दा कुनै कुराको गम्भीर चिन्तन गरेजस्तो लाग्छ । उसको मनमा ठूलो चोट परेजस्तो हुन्छ ।

अर्को दिन पनि दीना झपटको पसलमा जान्छे र त्यो दिन दीना र झपट दुबैका बीचमा कुराकानी हुन्छन् । उनीहरूको संवाद सँगै कथानक ढाँचामा अर्को मोड आएको छ । अघिल्लो

दिन नबोलेको प्रसङ्ग कोट्याउँदै झपटले हिजो मेरो मुड खराब भएकोले केही नबोली बसेको भन्ने कुरा दीनासामु व्यक्त गर्दछ । दीना र झपट छुट्टाछुट्टै कथा व्यथा भएका पात्र हुन । त्यसदिन दीनाले आफ्नो मनमा भएका सम्पूर्ण कथा व्यथा आँशुका धारासँगै झपटका सामुन्ने पोख्दछे । "मलाई जातिबित्ति मयाँ गर्ने मेरी बैनीको छोरो थियो । क्रान्तिकारी कार्यकर्ता बनेर हिड्या थ्यो रे त्यसलाई राजाका सेनाले मारिदिएछन् .....। मार्न त मारे तर सुन्नै नसकिने यातना दिएर मारेछन् नि दाई , हुँ ....हुँ .....हुँ ....(पृ.४)।"

झपटकी बूढी अरुणाको बाल्यकाल, पारिवारिक अवस्था र बाल्यकालमै झपटसँग भएको विवाहले गर्दा कथानको ढाँचामा अर्को मोड थपेको छ । झपटले बालिका अरुणालाई विवाह गरी घरमा छोडेर भारततर्फ पढन जान्छ । अरुणा सानी भएकीले घर धानेर बस्न नसकी माइतमै बसेको देखाइएको छ । माइतमा अरुणाको बाबालाई कप्सूलको व्यथा लाग्छ । विहे गरेकै साल दशैंमा उनी मर्छन् । गाउँलेले ससुरा खाने ज्वाइँ भनी कुरा काट्छन् । झपट परीक्षा सकेर घरमा आउँछ र अरुणालाई लिन जान्छ । अरुणा पनि अलि ठूली भैसकेकी हुन्छे त्यसपछि दुबैजना मिलेर बस्छन् । अरुणाले पनि घरको काम सम्हाल्न थाल्छे ।

चरम आर्थिक गरिबीको कारणले गर्दा झपटको घरनजिकै बस्ने कविताले आफ्ना लालाबालाई छाडेर झुण्डिएर आत्महत्या गर्दछे भने दीना माओवादी क्रान्तिकारी पार्टीको कार्यकर्ता बनेर भूमिगत भइŠ कार्य गर्न थालेको देखाइएको छ । यसबाट उपन्यासको कथानक ढाँचामा अर्को मोड आएको छ । माओवादी पार्टीको राजनीति गर्ने क्रममै ज्वालासँग दीनाको भेटघाट हुन्छ र दीनाले ज्वालाई झपटको घरमा लिएर गएको उपन्यासमा देखाइएको छ । झपट र ज्वालाको परिचय भएपछि झपट राजनीतिक क्रान्तिलाई कसरी सफल पार्ने भनी सल्लाहकारको रूपमा काम गर्छ भने ज्वालाको क्रान्तिको नेतृत्व गरी अगाडि बढेको देखाइएको छ ।

भूमिगत राजनीति क्रान्ति गर्ने क्रममै ज्वालाको भेट विप्लव सँग हुन्छ । विप्लव पनि देशलाई निरङ्कुश तानाशाही जंजीरबाट मुक्त गर्नका लागि क्रान्तिकारी पार्टीमा लागेको हुन्छ । पार्टीमा काम गर्ने शीलशीलामा ज्वाला र विप्लव दुवैले एक अर्कालाई अत्यन्तै माया गर्दै पार्टीको काममा अगाडी बढ्नु र सँगै बाच्ने सँगै मर्ने कसम खानुले कथानक ढाँचामा अर्को मोड आएको छ । युद्धकै क्रममा एकदिन ज्वाला र विप्लव सँगै सदरमुकाम आक्रमण गर्न जान्छन् । त्यस आक्रमणमा विप्लव सहिद बन्न पुग्छ । आफ्नर आँखा अगाडि आफ्नो प्रेमी सहिद भएकोमा ज्वालालाई असह्य पीडा हुन्छ । पीडालाई केही कम गर्नका लागि ज्वाला झपटको घरमा गएर हप्तादिन सम्म बस्छे ।

झपटको घरबाट फकर्ने क्रममा ज्वालाको भेट गञ्ज सँग हुन्छ । गञ्जकी प्रेमीका सपना पुनलाई साहीसेनाले नृशंश तरीकाले हत्या गरेका थिए । जसको प्रतिशोधको भावनाले गञ्ज जनयुद्धमा होमिएको थियो । ज्वाला प्रेमी पीडित र गञ्ज प्रेमिका पीडित थिए । दुवैको मनको कथा एउटै भएको कुरा उपन्यासमा देखाइएको छ । गञ्ज र ज्वाला पार्टी स्वीकृती लिएर क्रान्तिकारी विवाह बन्धनमा बाँधिन्छन् त्यसपछि कथानक ढाँचामा नयाँ मोड आउँछ । गञ्ज र ज्वाला दुवै झपटलाई भेट गर्न आउँछन् । दुवै जना मिलेर सशक्त रूपमा आ-आफ्नो

कार्यक्षेत्रमा लाग्दछन् । त्यतिबेलासम्म देशको समसामयिक राजनीतिक परिवेश पनि परिवर्तन भैसकेको हुन्छ ।

ज्वाला गर्भवती भएर छोरी जन्माएपछि कथानको ढाँचामा पुन नयाँ मोड आउँछ । ज्वालाले आफ्नो जन्मघर जाजरकोटको मैदेमा छोरो जन्माउँछे । छोरो जन्मिएपछि सारा गाउँलेहरू खुसी हुन्छन् । ज्वालाले आफ्ना पिताको हत्या गर्ने हत्याराहरूको नाश गर्न छोरो जन्मिएको हो भन्ने अड्कल गर्दछे । ऊ सम्पूर्ण जाजरकोटवासी जनताको प्रिय भइ उनीहरूको साथमा अगाडि बढ्छे । ज्वाला राजनीतिक रूपमा निकै माथि बढीसकेकी हुन्छे । उसले जिल्ला इन्चार्ज भएर जिल्लाको नेतृत्व गर्न थाल्दछे । ज्वालाको साथ पाएर जाजरकोटका सम्पूर्ण जनता चेतनशील हुन्छन । उनीहरूपनि क्रान्तिमा लाग्दछन् । देशमा भएको राजनैतिक आमूल परिवर्तनसँगै जाजरकोटमा पनि परिवर्तन हुन्छ । सम्पूर्ण जनताले राहतको सास फेर्न पुग्दछन् । जिल्ला भेलामा ज्वालाको सम्मान गरिन्छ । ज्वाला नाममात्रकी नभएर कामकी पनि ज्वाला हो भन्दै उसको प्रशंसा गरिएको छ ।

यसरी यस उपन्यासको कथा रैखीय ढाँचामा अगाडि बढेको छ । अरुणा र झपटको कथानक एक रेखामा अगाडि बढेको छ भने ज्वाला, विप्लव, दीना, गञ्जको कथानक अर्को रेखामा समानान्तर भएर अगाडि बढेको छ । झपट राजनीतिक सल्लाहकारको रूपमा कथानकलाई अगाडि बढाउन सफल देखिन्छ । अरूणा घरमा आएका पाहुनालाई सत्कार गर्ने र कुशल गृहिणी तथा सबैकी प्रिय आमाको भूमिका निर्वाह गरी कथानक अगाडि बढेको छ भने अरू सबै पात्रहरू मुक्तियुद्ध लड्दै सफलता हासिल गरेको अवस्थामा कथानक अगाडि बढेकोले रैखीय ढाँचा देखिन्छ ।

## ३.३ कथानकको स्रोत

ज्वाला उपन्यासको कथानकको स्रोत ऐतिहासिक यथार्थमूलक अनुभवमा आधारित रहेको छ । नेपालको राजनैतिक इतिहासबाट विषयवस्तु ग्रहण गरिएकोले यसको स्रोत राजनैतिक इतिहास बनेको छ । नेपालमा निरङ्कुश राजतन्त्रको विरूद्धमा वि.स.२०५२ सालदेखि माओवादी सशस्त्र जनयुद्धको शुरूवात भएको थियो । २०५२ सालदेखि २०६२ सालसम्मको माओवादी जनयुद्ध र तत्कालिन समयको राजनीतिक परिवेशलाई यथार्थरूपमा प्रस्तुत गर्न खोज्नु नै यस उपन्यासको कथानक हो । त्यसैले राजनीतिक इतिहासको यथार्थमूलक अनुभव नै यस उपन्यासको कथानकको स्रोत हो ।

समाजमा रहेका विभिन्न विकृति, विसङ्गति, अन्याय, अत्याचार, शोषण, दमनलाई उपन्यासमा औल्याएर तिनको निराकरणको क्रान्ति गरिएको छ । समाजका यथार्थ घटनाहरूलाई उपन्यासमा प्रस्तुत गरिएकोले यो उपन्यासको स्रोत सामाजिक यथार्थमूलक अनुभव पनि रहेको छ । कविता समाजको निम्नवर्गीय पात्र हो । झपट र अरुणा समाजमा अभिभावकको भूमिका निर्वाह गर्ने र असल व्यक्तिलाई उचित सल्लाह दिने पात्र हुन । ज्वाला, विप्लव, गञ्ज, दीना २०५२ सालदेखि २०६२ सालसम्मको दशवर्षे माओवादी जनयुद्धमा होमिएर राजतन्त्रको अन्त्य गरी गणतन्त्रको स्थापना गर्न सफल प्रतिनिधि पात्र हुन । यसरी विशेष गरेर नेपालमा राणाकालको अन्त्य भएपछि २००७ सालमा प्रजातन्त्रको स्थापना भयो र

राजतन्त्रको शुरूवात भयो । वि. स. २००७ सालदेखि २०६२ सालसम्म नेपालमा के कस्ता राजनीतिक घटनाक्रमहरू भए ? सामाजिक आर्थिक अवस्था कस्तो रह्यो ? भन्ने यस उपन्यासको कथानक र यसका पात्रहरूले प्रस्तुत राजनैतिक इतिहास र सामाजिक यथार्थमूलक घटना र अनुभवमा आधारित रहेको पाइन्छ ।

## ३.४ कथानकको प्रकार

कथानक विभिन्न प्रकारका हुन्छन् । जस्तै : मुख्य र सहायक कथानक, सुगठित र अव्यवस्थित कथानक, सरल र संयुक्त कथानक आदि । ज्वाला उपन्यासको कथानकलाई मुख्य र सहायक कथानकमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ । यस उपन्यासमा झपट, अरुणा र दीनाको कथानक सहायक कथानकको रूपमा रहेको छ । उपन्यासको शुरूदेखि अन्त्य सम्म नै झपट, दीना, अरुणाको भूमिका महत्त्वपूर्ण रहेको छ । झपट, दीना, अरुणा यस उपन्यासमा शुरूदेखि अन्त्यसम्म नै देखा परेका छन् । ज्वाला, विप्लव र गञ्जको कथानक मुख्य कथानकको रूपमा देखा परेको छ । मुख्य कथानकलाई अगाडि बढाउन सहायक कथानकमा प्रवेश गर्नु अघि सहायक कथानक आएको पाईन्छ । उपन्यासको थालनीमा आख्यानकारले झपट र दीनाको कथानकलाई अगाडि ल्याएर कथानकलाई अगाडि बढाएका छन् । झपट र दीनाका बीच संवाद चल्नु अनि अरुणाको वाल्यकाल र पारिवारिक अवस्थाको उल्लेख गर्नुको साथै वाल्यकालमै अरुणाको विवाह झपटसँग हुनु सहायक कथानक हो ।

दीना क्रान्तिकारी भएर भूमिगत रूपमा काम गर्न थालेपछि ज्वालासँगै भेट हुनु, ज्वालाको विप्लवसँग भेट हुनु मुख्य कथानक हो । सहायक कथानकलाई ज्वाला, विप्लव र गञ्जले अगाडि बढाएका छन् । ज्वालाको प्रेमी विप्लव सदरमुकाम आक्रमण गर्ने क्रममा सेनाको गोली लागी वीरगती प्राप्त गर्दछ । विप्लवको मृत्युले ज्वालालाई अत्यन्तै ठूलो शोक पर्दछ । शोकलाई शक्तिमा बदल्नका लागि ज्वाला झपटको घरमा गएर बस्न थाल्छे । झपटले उसलाई सम्झाउँछ यहाँनेर मुख्य कथानकमा सहायक कथानक जोडिएको छ । झपटले ज्वालालाई विप्लवको मृत्युको बदला लिनको लागि अझ हिम्मतकासाथ अगाडि बढ्न हौसला प्रदान गर्दछ र सात दिनपछि ज्वालाको घाउमा माम्री लाग्न थाल्छ र ऊ झपटको घरबाट आफ्नो कार्यक्षेत्र तर्फ लाग्दछे । बाटोमा गञ्जसँग भेट भएपछि दुवैको मन मिल्छ । ज्वाला र गञ्ज एक आपसमा विवाह गर्ने योजना बनाउछन् र विवाहपछि दुवैले आ-आफ्नो क्षेत्रबाट पार्टीले दिएको जिम्मेवारी पूरा गर्दछन् । यो उपन्यासको मुख्य कथानकको रूपमा रहेको छ ।

यस उपन्यासको कथानकलाई सुगठित कथानकको रूपमा पनि अध्ययन गर्न सकिन्छ । जुन उपन्यासको कथानकमा घटनाहरू सुव्यवस्थित रूपले संयोजन भएर तार्किक बनेका हुन्छन् , त्यो सुगठित कथानक हुन्छ । यस उपन्यासमा घटेका सम्पूर्ण घटनाहरू सुव्यवस्थित छन् । संयोजित रूपमा एकपछि अर्को गर्दै अगाडि बढेका छन् । झपट र दीनाबाट सुरू भएको घटना ज्वाला, विप्लव, गञ्ज, अरुणा, चाँदनी, जर्नेल हुदै अगाडि बढेको छ । सबै पात्रहरूका आ-आफ्नर छुट्टै कथा र व्यथा रहेका छन् । झपट राजनीति गर्दागर्दै थाकेर जीवनको उत्तरार्ध अवस्थामा टुहुरे पसल खोलेर बसेको छ । दीना पितृसत्तात्मक समाजमा लोग्नेको यातना सहन नसकेर एक्लै बसेकी छे । समाजमा व्याप्त पुरूष दमनकारी

कुरीतिको अन्त्य गर्न दीनाले क्रान्तिको बाटो रोजेकी छे । उसले महिलामाथि हुने हरेक प्रकारका भेदभाव तथा हिंसाको अन्त्य गर्न चाहन्छे ।

अरुणा पनि महिला मुक्तिका लागि लड्दा लड्दै विभिन्न यातना सहेर बुढेसकालमा बल्लबल्ल घरधन्दा गरेर बसेकी छे । ज्वाला आफ्ना सबै परिवारका सदस्यलाई साही सेनाले नृशंस तरिकाले मारिदिएपछि घरमा एक्लै हुन्छे । निरङ्कुश तानाशाही राज्यसत्ताको अन्त्य गर्नका लागी क्रान्तिमा लाग्दछे । गञ्ज आफ्नी प्रेमिका सपना पुनलाई शाही सेनाले बलात्कार गरेर मारिदिएपछि त्यसको बदलाभावमा क्रान्तिमा लाग्दछ । पछि ज्वालासँ ग विवाह गरेर सँ गै जीउने सँ गै मर्ने कसम खान्छ । चाँ दनी गरिबीका कारणले गर्दा जर्नेलको घरमा नोकर्नी भई बस्छे । एकदिन जर्नेलबाटै बलात्कृत भएपछि त्यसको बदला लिन क्रान्तिमा लाग्दछे । यसरी यस उपन्यासको कथानक सुगठित रूपमा अगाडि बढेको छ ।

त्यसैगरी यस उपन्यासको कथानकलाई संयुक्त कथानकको रूपमा पनि अध्ययन गर्न सकिन्छ । दुई वा दुईभन्दा बढी कथानकको मिश्रण हुने कथानक संयुक्त कथानक हो । यस उपन्यासमा पनि दुईभन्दा बढी कथानकहरू रहेका छन । संयुक्त कथानकमा भिन्न भिन्न सहायक कथानक आएपनि अन्वितिका लागि ती सबै मूल कथानकहरूसँ ग भने सम्बन्धित हुन्छन । यस उपन्यासमा झपटको कथानक छुट्टै छ । दीनाको कथानक छुट्टै छ । अरुणाको कथानक छुट्टै छ । ज्वाला, विप्लव र गञ्जको कथानक पनि छुट्टै छ । ज्वाला, विप्लव र गञ्ज निरङ्कुश तानाशाही राज्यसत्ताको अन्त्य गर्ने उद्देश्यका साथ क्रान्तिमा लागेका छन । उनीहरूको उद्देश्य एउटै भएपनि क्रान्तिमा होमिनुको पछाडि छुट्टा छुट्टै कारणहरू रहेका छन् । आ-आफ्नर बाध्यता र विवशताले गर्दा क्रान्तिमा लागेका छन् । यसरी यस उपन्यासको कथानक संयुक्त कथानक हो भन्न सकिन्छ ।

## ३.५ कथानकको आङ्गिक विकास

कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचित विन्यास हो । त्यसैले आदि, मध्य र अन्त्यका अवस्थाबाट विकसित रहेको कथानक आङ्गिक दृष्टिले पूर्ण हुन्छ । ज्वाला उपन्यासको आङ्गिक विकास निम्नानुसार भएको छ :

### ३.५.१ आरम्भ

कथानकको आरम्भमा पात्रहरूको परिचय र तीनले सामना गर्नुपर्ने परिस्थिति वा समस्याका बारेमा जानकारी दिइन्छ । ज्वाला उपन्यास ऐतिहासिक, राजनीतिक सामाजिक परिवेशका यथार्थ घटनालाई आधार बनाएर रचना गरिएको उपन्यास हो । यो उपन्यासको आरम्भ दीना झपटको पसलमा गई ठिङ्ग उभिएको बाट हुन्छ । दिनदिनै विभिन्न पहिरन पहिरिएर दीना झपटको पसलमा जानु र दीना र झपटका बीचमा समसामयिक राजनीतिक विषयमा संवाद चल्नु यस उपन्यासको आरम्भ हो ।"दीना कहिले रातो चोलो र रातै धोती पहिरिएर बेहुलीजस्ती बनेर दुकानमा आउँ थी । कहिले कपाल पनि नकोरी जटा फैलाउदै झुत्रा लुगामा बेरिएर आउँ थी । कहिले रूfक्षको माला, गेरूवा बस्त्र धारण गरी सन्यासिनी जस्ती

भएर आउँथी । बाहिरी पहिरन जस्तै उसको शील र स्वभाव पनि बहुरूपी थियो । कुनै बेला मिठो मुस्कानले टोल मुहल्ला नै उज्यालो पार्दै हिँड्थी । कुनै बखत टोलका सबै लोग्ने मान्छे जतिलाई कोपर्ली की जस्ती डरलाग्दी भएर हिड्थी । उसको अनुहार हेर्दा स्पष्ट झल्किन्थ्यो , उसभित्र अत्यन्त तीतो र टर्रो अतीत लुकेको छ लाग्थ्यो, पीडा, प्रताडना र चरम अपहेलनाको समष्टि उसको विगत जीवन हो ।" (पृ.१)

पहिलो दिनको भेटमा केही नबोलेको झपट दोस्रो दिनको भेटमा दीनासँग सामान्य कुराकानी गर्छ । दोस्रो दिन दीनाले झपटलाई आफ्नी बहिनीको छोरालाई शाही सेनाले मारिदिएको कुराको बिलौना गर्दै रून्छे । झपटले प्रतिक्रिया व्यक्त गर्छ "तिमी अन्न नखाने फलाहार्नी, सबै सांसारिक माया, मोह त्यागेर साई बाबाको शरणमा गएको भक्तेनी के रोएकी ? रोएर मरेको छोरो फर्कन्छ र ? मर्न त एकदिन हामी सबैले मर्न पर्छ । वीर छोरो देश र जनताका लागि शहीद भयो । शहीदहरूको लाममा एउटा अर्को शहीद थपियो । शहीद साईबाबाभन्दा महान् हुन्छन् । अब साई बाबाको हैन त्यही शहीदको पूजा , साई राम हैन,शहीद राम भन्ने गर (पृ.४)।"

उपन्यासको भाग तीनमा अरुणाको पारिवारिक अवस्था देखाइएको छ । तत्कालीन समयमा छोरी मान्छेले पढ्ने चलन नभएको हुनाले अरुणाले पढ्न पाइन । पर नसर्दै कन्यादान गर्नुपर्ने भएकोले सानै उमेरमा झपटसँगै उसको विवाह भयो । विवाह गरी अरुणालाई घरमा छाडेर झपट पढ्नका लागी भारततर्फ लाग्दछ । अरुणाले राम्रैसँग घर धान्न सक्दिन । त्यसकारण ऊ कहिले माईत त कहिले घर गरी दिन बिताउँछे । झपट बीचबीचमा घरमा आइरहन्छ । प्राय गरेर विदा भएको समयमा र परीक्षा सकिएको समयमा घरमा आउँछ । पढ्दै जानेक्रममा झपटलाई आर्थिक समस्या पर्छ । घरमा अरुणा पनि गर्भवति हुन्छे । स्नातकको अन्तिम परीक्षा सकेर झपट घरमा आउँछ र एउटा स्कुलमा मास्टरी काम गर्न थाल्छ । आर्थिक अभावका कारण पढाइलाई अरू अगाडि बढाउन सक्दैन । मास्टरी गर्दा तत्कालीन निरङ्कुश पञ्चायती शासनको विरूद्धमा आवाज उठाउन थाल्छ र पूर्णत राजनीतिमा होमिन्छ । यहाँसम्म उपन्यासको आरम्भ भागको रूपमा आएको छ ।

## ३.५.२ सङ्घर्ष विकास

समस्या र परिस्थितिका कारण द्वन्द्व र क्रियाहरूको सूत्र विकास हुने स्थिति सङ्घर्ष विकास हो । सङ्कटावस्थाहरूको श्रृङ्खलाले गर्दा कथानक माथितिर बढ्न थाल्छ, जसले गर्दा कुतूहलताको जटिल स्थितिको सिर्जना हुन थाल्छ । (बराल २०५६:२७) ज्वाला उपन्यासको भाग पाँचमा दीनाकी बहिनी छोरीलाई पनि शाही सेनाले बलात्कार गरी मार्दछन् त्यसपछि दीनाले रू/ाक्षको माला नभएर बन्दुक भिर्ने अठोट गर्छे र क्रान्तिमा होमिन्छे । यो घटनाबाट उपन्यासमा सङ्घर्ष विकासको थालनी भएको देखिन्छ दीनाले झपटसँग भन्छे "त्रेता युगमा रावण नाम गरेको राक्षेस थियो त्यसलाई रामले मारे । द्वापर युगमा कंस नामको राक्षेस थियो, त्यसलाई कृष्णले मारे । कलियुगको कंसलाई मार्न मैले बन्दुक भिर्ने अठोट गरे (पृ.१७)"

उपन्यासको छैठौ भागमा दीनाको भेट ज्वालासँग हुन्छ । दीनाले ज्वालालाई झपटको घरमा लिएर आउँछे । झटपटसँग ज्वालाको परिचय हुन्छ । सामान्य कुराकानी पछि ज्वाला त्यहाँबाट जान्छे । झटपटलाई भित्री मनदेखिनै ज्वालाप्रति माया लाग्न थाल्छ र ज्वालाको बारेमा विभिन्न कुरा सोँच्छ । कथानकको सङ्घर्ष विकासको अवस्थामा दीना कतिबेला झपटको पसलमा आएर भलाकुसारी गर्छे भने धेरै समय भूमिगत रूपमा रहेर विभन्न ठाउँमा विभिन्न कार्यक्रममा भाग लिन पुग्छे । आफु कार्यक्रममा गएको र त्यहाँ सिकेका कुराहरू झपटलाई बेलाबेलामा आएर बताइरहन्छे । झपटले पनि उसलाई होसियारी पूर्वक धेरै सोचेर र बुद्धि पुऱ्याएर अगाडि बढ्दै जाने सल्लाह दिन्छ । त्यसै क्रममा झपटकी छिमेकी कविताले आत्महत्या गर्न पुग्छे । आफ्नो लोग्नेले छोडेर वेपत्ता भएपछि कविताले आफ्ना बालबच्चाको पालनपोषण गर्न गाह्रो पर्छ र एकदिन घाँटीमा पासो लगाइ झुण्डिएर आत्महत्या गर्दछे ।

पार्टी कामकै सिलसिलामा ज्वालाको विप्लवसँग भेट हुन्छ । उनीहरू सँगसँगै काम गर्न थाल्छन । समय विप्दै जान्छ । एकले अर्कालाई मनपराउन र माया गर्न थाल्दछन् । दुवै लालजोडी प्रेमीप्रेमिका बन्न पुग्छन । दुवैले सँगै जिउने सँगै मनै कसम खान्छन् र कहिल्यै नछुट्टिने वाचा गर्दै सँगैसँगै पार्टोको काममा खटिन्छन । ज्वाला र विप्लव प्रायजसो झपटको घरमा आइरहन्थे । उनीहरूले देशको समसामयिक अवस्था, माओवादी पार्टीको कार्यदिशा, निरङकुश राजतन्त्रको अवस्था आदि सबै पक्षको बारेमा बहस, छलफल गर्दथे । झपटले उचित सरसल्लाह दिन्थ्यो । उनीहरूले पनि झपटसामु पार्टीले गरेको कार्यविवरण र भावी रणनीति र कार्यनीति प्रस्तुत गर्दथे ।

चाँदनीको कथाले पनि यस उपन्यासमा सङ्घर्ष विकास गर्ने कार्य गरेको छ । चाँदनी बर्दियाको थारू परिवारमा जन्मिएकी टुहुरी बालिका हो । चाँदनी टुहुरी भएकीले जर्नेलको घरमा नोकर्नी भएर बस्छे । साहेबनीले राम्रै व्यवहार गरेपनि जर्नेल भने चाँदनीलाई लोभी नजरले हेर्दथ्यो । दिनहरू वित्दै जाँदा चाँदनी जबान हुदै जान्छे । जवानीको साथ साथै राम्री पनि हुन्छे । उसमा यौवन भरिएको हुन्छ । जर्नेल साँझ सधै रक्सिले मात्तिने गर्छ । एकदिन रक्सिको नसामा मात्तिएको झोकमा चाँदनीलाई बलात्कार गर्दछ । जर्नेलबाट बलात्कृत भएपछि चाँदनीले प्रतिशोधको भावना राख्दै क्रान्तिमा हाम फाल्दछे । यसरी यहाँसम्म आइपुग्दा ज्वाला उपन्यासमा कथानक सङ्घर्ष विकासमा माथि चढेको पाइन्छ ।

### ३.५.३ चरमोत्कर्ष

यसमा सङकटावस्थाहरूको श्रृङ्खलाले गर्दा कथानकको एउटा यस्तो मोड वा माथिल्लो विन्दु आउँछ, जसले पात्रहरूलाई गम्भीर, महत्वपूर्ण र निर्णायक रूपमा प्रदान गर्छ । कथानकमा परिवर्तनको स्थिति ल्याएर चरमले पाठकको मानसिकतामा आन्दोलन मच्चाइदिन्छ (बराल, २०५६:२७) । उपन्यासमा औपन्यासिक कथानकले उत्कर्षको माथिल्लो शिखरमा चढ्न चरमोत्कर्ष भाग हो । यो औपन्यासिक कथानक विकासक्रमको मध्य भागको रूपमा आएको पाइन्छ ।

ज्वाला उपन्यासको भाग तेह्रमा देशमा ठूलो क्रान्तिकारी आन्दोलन हुन्छ । हजारौँ मानिसले ज्यान अपर्ण गर्दछन् । रगतको खोलो बग्दछ । एकातिर दरबार हत्याकाण्ड हुन्छ भने अर्कोतिर देशभर युद्ध चर्किन्छ । आन्दोलनलाई दमन गर्नको लागि सरकारले कर्फ्यु आदेश जारी गर्छ । जनता झन् आक्रोशित भएर उग्ररूपमा आन्दोलन गर्न थाल्छन् । ज्वाला र विप्लव सँगै सदरमुकाम आक्रमण गर्न जान्छन् । त्यस आक्रमणमा विजय प्राप्त गरी फकŠने क्रममा विप्लवलाई सेनाको हेलिकप्टरबाट प्रहार गरिएको बम लाग्छ र उसले शहादत प्राप्त गर्छ । विप्लवको मृत्युले ज्वाला ठूलो शोकमा पर्दछे । देशको राजनीति र क्रान्तिमा पनि केही परिवर्तन भयो । जनताको अधिकार जनतालाई नै दिने घोषण सरकारबाट भयो । "जब जनसागरको छाल छचल्किएर दरबारको पर्खाल नाघ्न थाल्यो, तब उसको कुम्भकर्ण नीद खुल्यो । आरनमा खलाँती धुँदा-धुँदा त्यसको राप र तापले पग्लेर झोल परेको फलाम झैँ जनविद्रोहको आगोले पग्लेर झोलपऱ्यो । सयौँ हजारौँ नेपाल आमाका सपूतहरूको त्याग र बलिदानपछि बल्ल बादशाह घोडाबाट ओर्ल्यो र भन्यो ...जनताको नाशो जनतालाई नै फर्काउँछु ।" (पृ. ६८) माथिको प्रसङ्गमा कथानक चरमोत्कर्षमा पुगेको देखिन आउँछ ।

विप्लवको मृत्युको कारणले शोकाकूल बनेकी ज्वाला ५ दिनसम्म झपटको घरमा गएर बस्छे । झपटले ज्वालालाई सम्झाउँछ "नरोऊ ज्वाला ! यो फूलभन्दा पनि कोमल मनलाई कुनै बेला बज्रभन्दा पनि कठोर बनाउनुपर्दछ (पृ ७१) । फलामको धातु आगोमा गाल्दा पग्लन सक्छ, तर मनको धातु पग्लन दिनुहुन्न (पृ ७२) ।" दु:ख कष्ट सहेर क्रान्तिको काममा खट्न उसको प्रेमले मलाई ऊर्जा थपेको थियो । उसको आकर्षक शारीरिक सौन्दर्य र क्रान्तिकारी विचार र व्यवहारको चुम्बनले मेरो तन र मनलाई सनासोले झैँ समाएको थियो । म मैदेको पाशविक हत्या उसको आकर्षक व्यक्तित्व र क्रान्तिकारी सिद्धान्तको अध्ययनबाट क्रान्तिमा लागेकी थिएँ । त्यो रात उसले मेरा आँखाको मोतिबिन्दु फालिदियो । उसका ती शब्दबाण कामबाणजस्ता लागे । उसको त्यो महान् हृदयलाई छामेपछि मेरो नारी हृदय आगोमा हालेको नौनी घिउ झैँ पग्ल्यो । मैले आफ्नो शरीर र शरीरभित्रको दिललाई उसको काखमा समर्पित गरेँ (पृ ७३ ) ।"

झपटले ज्वालालाई शोकलाई शक्तिमा बदल्नुपर्छ भन्दै सम्झाएर विप्लवको सपना साकार पार्न अगाडि बढ्ने प्रेरणा प्रदान गर्दछ । त्यसपछि ज्वालाले एक्लै भएपछि हिम्मतकासाथ अगाडि बढ्ने निधो गर्दै भन्छे "बुबा मेरो समाउने हागो भाँचिए पनि मलाई माया गर्ने आमा हुनुहुन्छ । ढाडस दिने बुबा हुनुहुन्छ , देशभरी साथीहरू छन् । आमा बुबाको त्याग र विप्लव र विप्लवहरूको बलिदान मेरो लागि प्रेरणाको स्रोत बन्नेछ म प्रेमीप्रतिको प्रेमलाई देशप्रति समपर्ण गर्छु र मृत्यु पर्यन्त वर्ग दुश्मनका विरूद्ध आगोको ज्वाला बनेर दन्कन्छु बुबा (पृ ७४) ।" यसरी यस उपन्यासमा विप्लवको मृत्युपछि ज्वालाले एक्लै मुक्तियुद्ध लड्ने अठोटका साथ अगाडि बढ्नु चरमोत्कर्षको अवस्था हो ।

## ३.५.४ सङघर्षह्रास

सङघर्षह्रासमा कथानकको परिवर्तनले सङघर्ष कम हुँदै जान्छ र अनेकौं घटना तथा उपकथाहरूलाई समेटेर थान्को लगाउन थालिन्छ । द्वन्द्व र क्रियाको श्रृङ्खला कमजोर हुँदै शिथिलताको स्थितिमा पुग्दछ । (बराल, २०५६:२७) आख्यानात्मक घटनाक्रम छिन्न भिन्न भएर विस्तारित घटनाक्रम र प्रसङ्गहरू एकत्रित हुने तथा द्वन्द्व शिथिल हुने अवस्थालाई सङघर्षह्रास भनिन्छ । सङघर्षह्रासमा उपन्यासको कथानक मध्य भागबाट अन्त्य भागतर्फ ओरालो लागिरहेको हुन्छ । चरमोत्कर्षमा उकालो चढ्दै टुप्पामा पुगेको कथानक सङघर्षह्रासमा ओरालो लाग्छ ।

ज्वाला उपन्यासको भाग सोह्रमा ज्वाला झपटको घरबाट बिदा भइ नेपालगञ्जतर्फ लाग्दछे । यही कथानकबाट सङघर्ष ह्रासको शुरूवात हुन्छ । विप्लवको मृत्युले शोकाकुल बनेकी ज्वाला झपटको घरमा ५ दिन बसेपछि आफ्नो मनलाई सम्हाल्दै त्यहाँबाट बिदा भएर नेपालगञ्ज जाने बसमा टिकट काटी बस्छे । यात्राको क्रममा ज्वालाको सिटसँगै एकजना युवक बसेको हुन्छ । त्यो युवक हेर्दा भद्र मानिस जस्तो देखिन्छ । गाडी आफ्नर रफतारमा गुडिरहेको हुन्छ । ज्वालाले विगतलाई सम्झिरहेकी हुन्छे । विगतका कहाली लाग्दा दुखद घटना सम्झन्छे । विप्लवलाई सम्झन्छे र आँशु खसाल्छे । ज्वालाको साइडमा बसेको युवकले ज्वालाको सम्पूर्ण क्रियाकलाप र कारूणिक दृश्य हेरिरहेको हुन्छ । ज्वालाले आँशु खसालेर रोएपछि ऊ ज्वालासँग कुराकानी गर्छ । आफ्नो परिचय ज्वालालाई बताउँछ र ज्वाला पनि आफ्नो परिचय उसलाई बताउँछे । त्यो युवकको नाम गञ्ज हुन्छ । कुराकानीका क्रममा त्यो युवक र ज्वालाको कथा व्यथा एउटै हुन्छ । गञ्ज पनि आफ्नी प्रेमिका सपना पुनको वियोगमा शोकाकुल बनेको हुन्छ ।

गञ्जले ज्वालालाई आफ्नो व्यथा यसरी सुनाउँछ “म कार्की गाउँको सामान्य किसान परिवारमा जन्मे हुर्केको मगर । त्यहीं गाउँकी मभन्दा ३-४ वर्षले कान्छी सपना पुन । हामी दुबै जनाले वनमा घाँस, दाउरा गर्न जाँदा पिरती गाँसेका थियौं । जीवनभर नछुट्टिने बाचा गरेर दुई दिललाई एक दिल बनाएका थियौं । हामी दुबैको सपना देशलाई तानाशाही जञ्जीरबाट मुक्त गराएपछि प्रणयसूत्रमा आबद्ध हुने थियो । हामी आ-आफ्नोक्षेत्रमा क्रियाशील थियौं । शाही सरकारको जङ्गल सर्चमा सपना पुन समातिई । जाजरकोटमा टिक्न बस्न नभएपछि मैले बर्दिया झरेर पार्टटायम जब गर्न थालें र सपनाको खोजी गर्न थाले । सपनालाई सदरमुकाम खलङ्गाबाट सरूवा गरी नेपालगञ्ज थानामा पुऱ्याएको थाहा भो । म उसलाई भेटन थानामा गएँ । प्रहरी थानामा एकजना मेरो पुरानो सहपाठी साथी थियो । मैंले उसलाई भेटें र सपनाको बारेमा सोधखोज गरें । उसले एकान्तमा भन्यो-...सपना पुन नाम गरेकी केटी र दुई जना अरू केटीलाई मध्यरातमा जङ्गलमा लगेर उनैलाई खाल्डो खन्न लगाई डी.एस.पी. मोहनले बलात्कार गरी खाल्डोमा पुर्न लगायो र कञ्चटमा गोली हानी माऱ्यो (पृ. ८८) ।”

यसरी गञ्ज पनि आफ्नी प्रेमिकाको मृत्युको शोकमा डुबेको हुन्छ भने ज्वाला आफ्नो प्रेमी विप्लवको मृत्युको शोकमा । ती दुबैले एक अर्कालाई आ-आफ्ना पूर्व प्रेमी र प्रेमिकाको

रूपमा हेर्छन् । बस गुडिरहेकै हुन्छ, उनीहरूले कुराकानी गर्दै जान्छन् र अन्त्यमा उनीहरूले एकआपसमा विवाह गरी बस्ने निधो गर्छन् । बस गन्तव्य स्थलमा पुग्छ । उनीहरू त्यहाँ ओर्लन्छन् । आफ्नो सम्बन्धबारे पार्टीलाई बताउँछन् र पार्टी स्वीकृति लिएर विवाह बन्धनमा बाँधिएर नयाँ जीवनको शुरूवात गर्दछन् । विवाह भएको धेरै समय पछि ज्वाला र गञ्ज झपटको घरमा जान्छन् । झपटको घरमा एकछिन बसेपछि अर्को दिन बिहानै उनीहरू आफ्नो कार्यक्षेत्र तर्फ लाग्दछन् । गञ्जको कार्यक्षेत्र बर्दिया रहेको हुन्छ भने ज्वालाको कार्यक्षेत्र जाजरकोट हुन्छ । यसरी यहाँ सम्मको कथानक सङ्घर्षह्रासको रूपमा आएको छ ।

## ३.५.५ उपसंहार

उपसंहारमा पात्रहरूको सङ्घर्ष समापनको अवस्थामा पुगेपछि फलप्राप्ति हुन्छ । आरम्भको समस्याले समाधान पाई कथानक टुङ्गिन्छ । औपन्यासिक कथानकको रहलपहल र निचोड भागलाई उपसंहार भनिन्छ । ज्वाला उपन्यासको भाग १८ मा दीना धेरै दिनपछि झपटको दुकानमा आउँछे । यहाँबाट कथानक उपसंहार तर्फ मोडिन पुग्छ । त्यतिबेलासम्म दीनालाई पार्टीले पूर्वको कार्यक्षेत्रमा खटाएको हुन्छ र ऊ उतै व्यस्त भएकोले झपटको दुकानमा आउन नपाएको कुरा बताउँछे । झपटले दीनालाई पूर्वतिरको राजनीतिक हालचालको बारेमा सोध्छ दीनाको साथमा चाँदनी पनि आएकी हुन्छे । कुराकानीकै प्रसङ्गमा अरुणाले दीनालाई विहे गरेर बस्न भन्छे तर दीनाले मान्दिने र भन्छे,"छ्या ! के भन्नुभाको भाउजू तपैंले ? दुई जना लोग्ने मन्छेको सिन्दुर स्यूदाँ परिसक्या छ । एउटाले आफै मरेर रूलायो, अर्कोले सास्ती कटाएर रूलायो । मेरा आँखामा रूनका लागि आँसु छैन, गर्दिन विहे-सिहे (पृ. १०३) ।"

झपट र अरुणासित विदा भएर गएकी दीना दुई महिनापछि फर्कन्छे र आफ्नो पुरानै छाप्रोमा बस्न थाल्छे । दीना, झपट र अरुणाको भेटघाट दिनदिनै हुन थाल्छ । दुःख सुख साटासाट हुन थाल्छ । दीनाले अरुणालाई बेलाबेलामा आई सहयोग गर्न थाल्छे । परस्पर सहयोग आदानप्रदान बढ्दै जान्छ । अरुणा थला परेको बेलामा बसेर सेवा सुश्रूषा गर्छे । तिहारमा झपट र अरुणाको निधारमा टीका लगाईदिन्छे । यसरी जन्मको नाता नभए पनि दीनाको झपट र अरुणासँग कर्मको नाता गाढा बन्दै जान्छ । झपट र अरुणाले पनि दीनालाई एक्लै नबसेर आफूसँगै बस्न आग्रह गर्दछन् । उनीहरूको आग्रहलाई स्वीकार्दै दीना त्यो दिन देखि आफ्नो छाप्रोका सरसामान ल्याएर उनीहरू सँगै बस्छे ।

उन्नाइसौं भागमा राती १२ बजे जुन घर र ठाउँमा ज्वालाका पितामातालाई शाही राक्षसले मारेका थिए ठीक त्यहीं मझेरीमा त्यस कंशको बध गर्ने कृष्ण ज्वालाको गर्भबाट जन्मन्छ । जो सपना र विप्लवको नृशंस हत्याको प्रतिशोध समेत लिएर जन्मेको हुन्छ । ज्वालालाई सेवा गर्ने त्यहाँ कोही आफन्त हुँदैनन् । ऊ जनताको काखमा हुन्छे । वर्गीय सिद्धान्त र राजनीति नै उनीहरूको नाता हुन्छ । जनताले जुटेर आदरपूर्वक ज्वालाको सेवा सुश्रूषा गर्दछन् । कार्की गाउँभरी बच्चा जन्मिएको खबर फैलिन्छ । पर्सिपल्ट सासु हर्षभरी घिउ र अन्य सरसामान लिएर मैदे पुग्छिन् । गुलरीयाबाट गञ्ज पनि जान्छ । एक महिना ज्वाला मैदेको त्यही ठाउँमा बस्छे । त्यसपछि पार्टी कामको सिलसिलामा बच्चा बोकेर

नेपालगञ्ज जान्छे । त्यहाँ पार्टीको काम सकेर १५ दिन जति गुलरीया गई गञ्जसित बस्छे । डेढ महिनाको बच्चा लिएर ज्वाला फेरी जाजरकोट फर्कन्छे । उसले खलङ्गा स्थित जिल्ला पार्टी कार्यालयमा बसेर नेतृत्त्व हाँक्न थाल्छे ।

ज्वाला पिठ्यूँमा बच्चा बोकेर अंगरक्षिकाका साथ जाजरकोट गाउँ-गाउँ, बस्ती-बस्ती घुम्दै चहऱ्याइरहेका मनका घाउमा मल्हम लगाउँदै देशको रक्तिम उज्ज्वल भविष्यको सपना बाँड्दै हिँडिरहेकी हुन्छे । देशमा आमूल परिवर्तन हुन्छ । देश गणतन्त्रमय भएको अवस्था देखाइएको छ । त्यसलाई संस्थागत गर्ने अभियानमा जनतामा चेतनाको दियो बाल्दै ज्वाला घुमिरहन्छे । एकदिन पार्टीको जिल्ला कमिटिको बैठक अनुसार सर्वदलीय भेला गर्ने सहमती हुन्छ । त्यस भेलामा दलका नेताका अतिरिक्त स्थानिय बुद्धिजीवी, लेखक, पत्रकार लगायत राष्ट्रिय जीवनका विभिन्न राष्ट्रसेवकहरूलाई समेत आमन्त्रण गरिन्छ । त्यस भेलामा ज्वालाले भाषण गर्दै भन्छे, “यस भेलामा उपस्थित हामी एकै बिचार र सिद्धान्तका छैनौं । हामी विभिन्न वादमा विभाजित छौँ तर हाम्रा वादहरू देश रहेमात्र सप्तरङगी फूलबनेर फक्रन पाउँछन् । देशै रहेन भने ‘न रह्यो बाँस न बज्यो बाँसुरी’ हुन्छ । त्यसैले भिन्न भिन्न वादको विवादमा नअल्झिएर यतिबेला नेपालवादका निम्ति एकजुट हुनु आवश्यक छ । जहाँतक ठूलो गुजी र सानो गुजीको कुरा छ, आँखाको नानी सानो हुन्छ तर त्यसले ठूलो गुजीको सक्कल देखेको हुन्छ । भियतनाम सानै छ तर त्यसले विश्वकै ठूलो गुजीलाई खेदेको छ । मुख्य कुरा राष्ट्रिय एकता र माटोको रक्षाका लागि माटोमा मिल्न तयार हुने कि नहुने ? प्रश्न यो हो( पृ.११८)।”

ज्वालाको ओजपूर्ण सारगर्वित बोलिले सभाहलमा नयाँ तरङ्ग पैदा हुन्छ । बैठकले ज्वालाको नेपालवाद सम्बन्धी प्रस्तावलाई स्वागत र समर्थन गर्छ । त्यसका लागि व्यापक संयुक्त जनपरिचालन गर्ने निर्णय गर्छ र जनताको शरीरमा राष्ट्रियताको रक्तसंचार गराउन तत्काल एक काव्य गोष्ठी गर्ने निर्णय गर्छ । त्यसको सात दिनपछि शनिबारका दिन सदरमुकाम खलङ्गामा वृहत काव्य गोष्ठीको आयोजना हुन्छ । स्थानीय र बाहिरबाट निम्त्याइएका चर्चित कवि, कवयित्री समेतको त्यस गोष्ठीमा उपस्थिति रहन्छ । सबैले राष्ट्रियता तथा देशभक्तिपूर्ण भावनाले भरिएका शब्द रचनाहरू वाचन गर्दछन् । कार्यक्रम स्थल देश प्रेमको सागरमा चुर्लुम्म डुब्छ । सबै खाले वादभन्दा माथि उठेर नेपालवादका लागि जाजरकोट जिल्ला जुरूक्क उठ्छ । ज्वाला कहिले संयुक्त, कहिले एक्लै पिठ्यूँमा बच्चा बोकेर जनतामा चेतनाको चिराग बाल्दै गाउँ-गाउँ घुमीरहन्छे । जाजरकोटका जनताका हृदयमा लालीगुराँसकी थुङ्गी बनेर फक्रिरहन्छे । नेपाली इतिहासले कोल्टे फेरेर नयाँ नेपाल बन्ने क्रममा ज्वाला सिङ्गो देशकै हृदयमा फक्रन थाल्छे । यहीँनेर उपन्यासको कथानकको पनि समाप्त हुन्छ । यसरी उपन्यासको कथानकको उपर्युक्त भाग उपसंहारको रूपमा आएको देखिन्छ ।

## ३.६ निष्कर्ष

उपन्यासका सबै संरचक अवयवहरूमध्ये कथानक सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो । यसकै केन्fियतामा अन्य तत्त्वहरू यात्रारत रहन्छन् । उपन्यास आख्यान साहित्य भएको हुनाले यो कथाकै टेको समाएर उभिन्छ । समविषम परिस्थितिहरूमा घटित हुने घटनाक्रमलाई

कार्यकारणको तारतम्यपूर्ण शृङ्खला सङ्गठित गर्दै उपन्यासलाई गति प्रदान गर्ने काम कथानकले गर्ने हुनाले यो उपन्यासको आधार बस्तुकै रूपमा रहन्छ । चरित्र प्रधान उपन्यासमा भने यो विवाद रहन सक्दैन । कुनै पनि उपन्यासको कथानक निर्माण गर्ने कार्यमा इतिहास, यथार्थ, रागभाव र स्वैर कल्पना चारवटा स्रोतहरू हुन सक्छन् । यीमध्ये दुई वा दुई भन्दा बढी स्रोतहरूको मिश्रणबाट मिश्रित कथानकको पनि निर्माण हुन सक्छ । विगतमा घटेका विभिन्न घटनाहरूलाई आधार बनाएर कथानकको निर्माण गर्नु ऐतिहासिक स्रोतमा आधारित हुनु हो भनेसमाजमा देखेका, सुनेका, भोगेका र घटेका वा घट्न सक्ने दैनिक जीवन वृत्तमा आधारित कथानक यथार्थ स्रोतमा उभिएको हो । यस्तै घटनाहरूमध्ये पनि स्थूल घटनाहरूबाट प्राय: सामाजिक यथार्थवादी र समाजवादी उपन्यासको कथानक निर्माण हुन्छ भने विभिन्न घटनाहरूबाट मनोवैज्ञानिक उपन्यासको कथानक तयार हुन्छ ।

यस अध्यायमा **ज्वाला** उपन्यासको सम्पूर्ण कथानक सिलसिलेबार तरिकाले प्रस्तुत गरिएको छ । **ज्वाला** उपन्यासको कथानकलाई २० भागमा विभाजन गरेर प्रस्तुत गरिएको छ । यस उपन्यासको कथानक ऐतिहासिक यथार्थ घटनामा आधारित छ । नेपालको ऐतिहासिक तथा समसामयिक राजनीति र सामाजिक उपन्यासलाई कथानकले समेटेको छ । समाजमा रहेका ऐतिहासिक तथा राजनीतिक घटनालाई यथार्थरूपमा प्रस्तुत गरिएको छ । उपन्यासको कथावस्तु दश वर्षे महान् जनयुद्धमा केन्द्रित रहेपनि यसले तीसको दशक देखिको राजनीतिक पृष्ठभूमिलाई समेटेको छ । सामन्ती निरङ्कुश राजतन्त्र विरूद्ध केन्द्रित क्रान्तिकारी सर्वहारावादी आन्दोलन २०४६/०४७ को आंशिक लोकतान्त्रिक परिवर्तनपछि शिथिल र यथास्थितिवादको पृष्ठपोषक बन्दै गएपछि र देशमा सामन्तवाद र साम्राज्यवाद, विस्तारवादको उत्पीडन यथावत रहेपछि आमूल क्रान्तिकारी परिवर्तनका लागि सशस्त्र जनयुद्धको थालनी गरिएको प्रसङ्ग उपन्यासको प्रारम्भिक कथावस्तु बनेको छ ।

ग्रामीण निम्न वर्गीय किसान पृष्ठभूमिका विद्यार्थी सीमावर्ती भारतीय शहरमा पढ्न जाने क्रममा क्रान्तिकारी विचारको वाहक बनेको र तिनले नै गाउँमा फर्केर शिक्षण पेशा गर्दै राजनीतिक चेतना फैलाउने गरेको नेपाली कम्युनिष्ट आन्दोलनको चालिसको दशकसम्मको घटनाक्रमको रोचकप्रस्तुति शुरूको खण्डमा गरिएको छ । त्यसरी नै काठमाडौँ केन्द्रित शान्तिपूर्ण आन्दोलनका सीमा त्यसमा अंकित गरिएका छन् । पचासको दशकमा शुरू भएको सशस्त्र जनयुद्धले मात्रै देशका सबै उत्पीडित वर्ग, जाति,क्षेत्र र महिलाहरूलाई विद्रोहमा उतारेको र त्यसले छोटो समयमा राज्यसत्तालाई जरैदेखि हल्लाइदिएको तथ्यलाई उपन्यासको कथानकले राम्ररी उजागार गरेको छ ।

जहाँ दमन हुन्छ त्यहाँ प्रतिरोध हुन्छ भन्ने सार्वभौम सिद्धान्त अनुरूप नै प्रतिक्रियावादी राज्यसत्ताको भीषण र अमानवीय दमनको परिणाम स्वरूप बिद्रोहको ज्वाला गाउँ-गाउँ सम्म दन्किएको र त्यसले समाजका सबै शोषित उत्पीडितहरूलाई गोलवन्द गरेको चित्रण उपन्यासको कथानकमा मार्मिकढंगले गरिएको छ । साथै जनयुद्धको विकासमा क्रान्तिकारी पार्टीले अपनाएको युद्ध र वार्ताको रणनीति र कार्यनीतिको सफल अभ्यासको पनि सही चित्रण यसको कथानकले गरेको छ । सामन्ती राजतन्त्र आफै भित्रको अन्तर विरोधले धराशयी बन्दै गएको तथ्य पनि कथानकमा रोचक ढङ्गले समेटिएको छ । जनयुद्धको मूल कथानक भित्र कतिपय उपकथानक समावेश गरेर उपन्यासको रोचक आख्यानको जालो बुनिएको छ ।

यसरी यस उपन्यासको कथानक २० भागमा संरचित छ । कुनै भागमा अलि लामो कथानक छ भने कुनै भागमा छोटो कथानक रहेको छ । कुनै कुनै भागमा संवादात्मक शैलीमा कथानक अगाडि बढेको छ भने कुनै भागमा एकात्मक शैलीमा कथानक अगाडि बढेको छ । कथानकलाई अगाडि बढाउँने कार्य ज्वाला, दीना, अरुणा, विप्लव, गञ्ज आदि पात्रहरूले गरेका छन् । उपन्यासको लागि आवश्यक सुहाउदो र उपयुक्त कथानक यसमा रहेको छ ।

# अध्याय चार

# ज्वाला उपन्यासका पात्र र चरित्रको अध्ययन

## ४.१ पात्र र चरित्रको वर्गीकरण

ज्वाला उपन्यासमा रहेका पात्र र चरित्रलाई विभिन्न आधारमा वर्गीकरण गरेर अध्ययन गरिएको छ ।

### ४.१.१ लिङ्गका आधारमा पात्रहरू

ज्वाला उपन्यासका पात्रहरूलाई लिङ्गका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ ।

#### ४.१.१.१ पुरूष पात्रहरू

ज्वाला उपन्यासमा विभिन्न पुरूष पात्रहरू रहेका छन् । ज्वाला उपन्यासमा रहेका पुरूष पात्र मध्ये कुनै प्रमुख पात्रका रूपमा रहेका छन् । कुनै गौण पात्रका रूपमा रहेका छन् भने कुनै नेपथ्य पात्रका रूपमा रहेका छन् । पात्रहरू जुन रूपमा रहेपनि उपन्यासको कथानकलाई अगाडि बढाउन सबै पात्रहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । ज्वाला उपन्यासमा प्रयुक्त झपट, विप्लव र गञ्ज प्रमुख पुरूष पात्र हुन् । जर्नेल सहायक पुरूष पात्र हो । कृष्णबहादुर, कवि, कलाकार, ब्राहमण, विभिन्न राजनीतिक व्यक्तिहरू गौण पुरूष पात्रको रूपमा यस उपन्यासमा देखा परेका छन् ।

#### ४.१.१.२ स्त्री पात्रहरू

ज्वाला उपन्यास विभिन्न पात्रहरूको समिश्रण भएको उपन्यास हो । यसमा पुरूष पात्रका अतिरिक्त विभिन्न स्त्री पात्रहरू पनि रहेका छन् । ज्वाला उपन्यासमा प्रयुक्त ज्वाला, दीना प्रमुख स्त्री पात्र हुन् । अरुणा, चाँदनी, कविता सहायक स्त्री पात्रहरू हुन् । सपना, ज्वालाकी माता, जर्नेल्नी, दीनाकी बहिनी र बहिनीकी छोरी, ठकुर्नी आदि पात्रहरू यस उपन्यासमा गौण स्त्रीपात्रका रूपमा रहेका छन् ।

### ४.१.२ कार्यका आधारमा पात्रहरू

ज्वाला उपन्यासका पात्रहरूलाई कार्यका आधारमा निम्नानुसार वर्गीकरण गरी अध्ययन गरिएको छ ।

#### ४.१.२.१ प्रमुख पात्र

ज्वाला उपन्यासमा ज्वाला, दीना, झपट, विप्लव र गञ्ज प्रमुख पात्रको रूपमा रहेका छन् । यीनै पात्रका आधारमा ज्वाला उपन्यासको समग्र औपन्यासिक कथानक अगाडि बढेको छ । उपन्यासमा प्रयुक्त यी पात्रहरूलाई उपन्यासबाट निकाल्दा उपन्यासको औपन्यासिक श्रृङ्खला भत्किन्छ । झपटको एउटा कथानक छ । दीना, ज्वाला, विप्लव र गञ्जको अर्को

कथानक रहेको छ । एउटा कथानकले अर्को कथानक सँग सामन्जस्य मिलाउने काम उपन्यासका अन्य पात्रहरूले गरेका छन् । ज्वाला उपन्यासकी नायिका वा केन्द्रीय पात्र हो । उसकै नामबाट उपन्यासको नामकरण गरिएको छ । सम्पूर्ण कथानक ज्वालाकै सेरोफेरोमा अगाडि बढेको छ । ज्वाला उपन्यासकी नायिका भए पनि उपन्यासमा बिचबाट देखापरि अन्त्यसम्म रहेकी छे । झपट र दीना उपन्यासको सुरूदेखि देखापरि अन्त्यसम्मनै रहेका छन् भने विप्लव र गञ्ज मध्ये विप्लव बिचमा देखापरि बिचमै हराएको छ । गञ्ज भने उपन्यासको बिचबाट देखापरि अन्त्यसम्म रहेको छ । यसरी यी सबै पात्रहरूले उपन्यासको कथानकलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । उपन्यासबाट यी मध्ये कुनै पनि पात्रलाई निकाल्ने हो भने उपन्यास अपूर्ण बन्दछ ।

### ४.१.२.२ सहायक पात्र

औपन्यासिक कथानकलाई अगाडि बढाउने क्रममा ज्वाला उपन्यासमा प्रमुख पात्रका अतिरिक्त विभिन्न सहायक पात्रहरू पनि आएका छन् । यस उपन्यासमा प्रयुक्त अरुणा, चाँदनी, कविता, सपना, जर्नेल सहायक पात्रका रूपमा देखा परेका छन् । यी पात्रहरूले उपन्यासमा प्रमुख पात्रसँग आएर उपन्यासको कथानकलाई अगाडि बढाउन सघाउ पुऱ्याएका छन् ।

### ४.१.२.३ गौण पात्र

उपन्यासमा प्रमुख सहायक पात्रका क्रियाकलापमा सहयोग पुऱ्याई कथानकलाई अगाडि बढाउन गौण पात्रले मद्दत गरेका हुन्छन् । यस उपन्यासमा प्रयुक्त ठकुर्नी, कर्नेल्नी, हजुरबा, हजुरआमा, कृष्णबहादुर, दीनाका छोरीज्वाईँ, बहिनीका छोराछोरी, कवि, कलाकार, समिर गौण पात्रका रूपमा देखा परेका छन् ।

### ४.१.३ प्रवृत्तिका आधारमा पात्रहरू

ज्वाला उपन्यासमा प्रयुक्त पात्रहरूलाई उनीहरूले उपन्यासभित्र रहेर काम गर्ने प्रवृत्तिका आधारमा निम्नानुसार विभाजन गरेर विश्लेषण गरिएको छ ।

### ४.१.३.१ अनुकूल पात्रहरू

उपन्यासको कथानकलाई सकारात्मक गतिमा अगाडि बढाउन सघाउ पुऱ्याउने पात्रलाई अनुकूल पात्र भनिन्छ । यी पात्रले उपन्यासको प्रमुख पात्रलाई सहयोग पुऱ्याउने काम गर्दछन् । ज्वाला उपन्यासमा झपट, ज्वाला, दीना, अरुणा, गञ्ज, विप्लव, चाँदनी, कविता, सपना लगायतका पात्रहरू अनुकूल पात्र हुन् । यस उपन्यासमा धेरै जसो पात्रहरू अनुकूल भूमिकामा देखा परेका छन् । सहायक तथा गौण पात्रहरूले पनि अनुकूल भूमिका निर्वाह गरेर उपन्यासको कथानकलाई अगाडि बढाएका छन् ।

### ४.१.३.२ प्रतिकूल पात्रहरू

उपन्यासको कथाक्रम अनुसार नकारात्मक काम गर्ने पात्रलाई प्रतिकूल पात्र भनिन्छ । ज्वाला उपन्यासमा त्यति धेरै प्रतिकूल पात्रहरूको भूमिका रहेको पाइदैन । यस उपन्यासमा जर्नेल, डी.एस.पी, मण्डले, शाहीसेना, प्रहरीहरू आदि प्रतिकूल पात्रका रूपमा रहेका छन् । यिनीहरूले उपन्यासको विकासमा द्वन्द्व सृजना गरेका छन् ।

### ४.१.४ स्वभावका आधारमा पात्रहरू

स्वभावका आधारमा ज्वाला उपन्यासका पात्रहरूलाई निम्नानुसार विभाजन गरेर विश्लेषण गरिएको छ ।

### ४.१.४.१ गतिशील पात्र

उपन्यासमा कुनै परिस्थिति अनुसार बदलिने पात्र गतिशील हुन्छ । जो आफ्नो स्वभाव, सिद्धान्त र जीवनधारालाई परिवर्तन गरी सुहाउँदो बन्छ । यस उपन्यासमा ज्वाला, विप्लव, गञ्ज, चाँदनी, दीना गतिशील पात्रका रूपमा देखा परेका छन् । यी सबै पात्रहरूले सुरूको उद्देश्य र विचारलाई परिवर्तन गरेका छन् । सुरूमा यी सबै पात्रहरू समान्य जीवनयापन गरेर बसेका हुन्छन् । जब परिस्थिति बदलिन्छ र यिनीहरू माथि एकपछि अर्को गर्दै बज्रपात हुन्छ त्यसपछि सबै समय र परिस्थिति अनुसार गतिशील भएर क्रान्तिमा होमिन्छन् ।

### ४.१.४.२ स्थिर पात्र

परिस्थिति बदलिए पनि आद्यान्त उस्तै जीवन बिताउने र बिचलन नआउने स्वभावको पात्र स्थिर हुन्छ । ऊ आदर्शमा दृढ हुन्छ । उपन्यासको थालनीदेखि अन्त्यसम्म पात्रको विचारमा परिवर्तन नआउने पात्रलाई स्थिर पात्रको रूपमा चिनिन्छ । स्थिर पात्र जस्तो सुकै परिस्थितिमा पनि दृढ रहन्छ । उसले आफ्नो बिचार परिवर्तन गर्दैन । बरु परिस्थितिको सामना गर्न अगाडि बढ्दछ । ज्वाला उपन्यासमा प्रयुक्त पात्रहरू मध्ये झपट, अरुणा, कविता, जर्नेल स्थिर पात्रको रूपमा देखा परेका छन् । झपट तथा अरुणा उपन्यासको शुरूदेखि अन्त्यसम्म नै समान बिचारधारा र उद्देश्यमा अडिग रहेका देखिन्छन् । देशमा जतिठूलो उथलपुथल भएपनि स्थिर नै रहेका देखिन्छन् ।

### ४.१.५ जीवन चेतनाका आधारमा पात्रहरू

जीवन चेतनाका आधारमा ज्वाला उपन्यासका पात्रहरूलाई निम्न आधारमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

### ४.१.५.१ वर्गीय पात्र

उपन्यासमा प्रयुक्त पात्रले समाजका कुनै वर्गको प्रतिनिधित्त्व गर्छ भने त्यस्ता पात्रलाई वर्गीय पात्र भनिन्छ । निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्त्व गर्ने पात्र वर्गीय हुन्छ । ज्वाला उपन्यासमा रहेका अधिकांश पात्रहरूले वर्गीय चरित्रको भूमिका निर्वाह गरेका छन् । यस उपन्यासमा झपट, अरुणा, ज्वाला, विप्लव, गञ्ज, दीना, चाँदनी वर्गीय पात्रहरू हुन् । झपटले एउटा कुशल अभिभावक र असल सल्लाहकारको भूमिका निर्वाह गरेको छ । उसले समाजमा रहेका सबै प्रकारका अन्यायको अन्त्य गर्नु पर्छ भन्ने वर्गको प्रतिनिधित्त्व गरेको छ । अरुणा यस उपन्यासकी एक कुशल महिला, गृहिणी र आमा हो । उसले आफ्ना  घरमा आएका पाहुनालाई राम्रो सेवा सत्कार गर्दछे र अप्ठ्यारोमा परेका, बास नपाएका व्यक्तिलाई बास दिने काम गरेकी छे । त्यसैले उ एक आमा र कुशल गृहिणी वर्गको प्रतिनिधित्त्व गर्ने पात्रको रूपमा उपस्थित छे ।

दीना पितृसत्तात्मक नेपाली समाजमा लोग्नेबाट प्रताडित बन्नुपरेका महिलाहरूको प्रतिनिधि पात्र हो । उसले आफ्नो लोग्नेको अन्याय, अत्याचार र चरम दमन सहेर बस्छे र अन्त्यमा सहन नसकेर बन्दुक भिर्ने अठोट गर्छे । महिला माथि हुने गरेका सबै प्रकारका हिँसा र अत्याचारको विरूद्ध लड्छे । चाँदनी नोकर्नीको रूपमा काम गर्दा आफ्नै मालिकबाट बलात्कृत भएकी छे । त्यसैले ऊ पनि अरूको घरमा काम गर्ने केटीले सहनुपर्ने शारीरिक तथा मानसिक यातनाको प्रतिनिधि पात्र हो । ज्वाला, विप्लव र गञ्ज आफ्ना आफन्तलाई शाहीसेनाले अमानवीय तरिकाले नृशंस हत्या गरेपछि त्यसको विरूद्धमा क्रान्ति गरेका छन् । उनीहरू निरङ्कुश तानाशाही शासनको विरूद्ध आन्दोलन गर्ने जनताका प्रतिनिधि पात्र हुन् । यसरी यस उपन्यासका वर्गीय पात्रहरूले समाजका कुनै न कुनै वर्गको प्रतिनिधित्त्व गरेका छन्।

### ४.१.५.२ व्यक्तिगत पात्र

व्यक्तिगत पात्र भन्नाले कुनै वर्गको नेतृत्व नगरी मानवीय त्रुटी सहितका गुण भएका पात्रलाई व्यक्तिगत पात्र भनिन्छ । आफ्नो निजी स्वभाव वा वैशिष्ट्य तथा वैयक्तिकताको प्रतिनिधित्त्व गरी नवीन शैलीको सन्धान गर्ने पात्र वैयक्तिक हुन्छ । ज्वाला उपन्यासमा कविता, जर्नेल व्यक्तिगत पात्रको रूपमा देखापरेका छन् । यी पात्रहरूले कुनै वर्गको प्रतिनिधित्त्व नगरी आ-आफ्नै व्यक्तिगत समस्याको मात्र प्रतिनिधित्त्व गरेका छन् । व्यक्तिगत समस्यामै अल्झिएका छन् । कविता आफ्नो समस्याको समाधान गर्न नसकी आत्महत्या गर्दछे ।

### ४.१.६ आसन्नताका आधारमा पात्रहरू

आसन्नताको दृष्टिकोणले ज्वाला उपन्यासमा रहेका पात्रहरूलाई निम्नानुसार वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

### ४.१.६.१ मञ्चीय पात्र

उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्रलाई मञ्चीय पात्र भनिन्छ । मञ्चीय पात्र वर्तमान विन्दुमा सक्रिय रहेका हुन्छन् । ज्वाला उपन्यासमा धेरै जसो पात्रहरू मञ्चीय रहेका छन् । यस उपन्यासमा प्रयुक्त झपट, दीना, ज्वाल, विप्लव, गञ्ज, अरुणा, चाँदनी मञ्चीय पात्रको रूपमा देखापरेका छन् । यिनीहरूले उपन्यासमा प्रत्यक्ष उपस्थित भएर आफ्नो कार्यव्यापार सञ्चालन गरेका छन् । उपन्यासमा यिनीहरूको भूमिका पनि महत्त्वपूर्ण रहेको छ ।

### ४.१.६.२ नेपथ्य पात्र

उपन्यासमा कथयिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ । नेपथ्य पात्र प्राय गरेर पूर्वकालमा सक्रिय रहेका हुन्छन् । ज्वाला उपन्यासमा प्रयुक्त कविता, जर्नेल, सपना, ठकुरी, ठकुर्नी, जिम्दार, जिम्दार्नी, कृष्णबहादुर, दीनाका बहिनी, ज्वाई, बहिनीका छोरा, छोरी आदि पात्रहरू नेपथ्य पात्र हुन् ।

### ४.१.७ आबद्धताका आधारमा पात्रहरू

आबद्धताका दृष्टिकोणले ज्वाला उपन्यासका पात्रहरूलाई निम्नानुसार वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

### ४.१.७.१ बद्ध पात्र

जुन पात्रलाई उपन्यासबाट झिक्दा कथानकको संरचना भत्किन्छ त्यस्ता पात्रलाई बद्ध पात्र भनिन्छ । उपन्यासमा बद्ध पात्रको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । ज्वाला उपन्यासमा धेरै जसो पात्रहरू बद्ध पात्रको रूपमा देखा परेका छन् । यस उपन्यासका ज्वाला, झपट, अरुणा, दीना, विप्लव, चाँदनी, गञ्ज बद्ध पात्र हुन । यी पात्र मध्ये कुनै पनि पात्रलाई उपन्यासबाट झिकियो भने उपन्यासको कथानक भत्किन्छ ।

### ४.१.७.२ मुक्त पात्र

जुन पात्रलाई उपन्यासबाट झिक्दा पनि उपन्यासको कथानकमा खासै हलचल उत्पन्न हुदैन त्यस्ता पात्रलाई मुक्त पात्र भनिन्छ । विशेष गरेर उपन्यासमा आएका गौण तथा नेपथ्य पात्रहरू मुक्त पात्रको रूपमा देखा पर्दछन् । यस उपन्यासमा कविता, जर्नेल, सपना, समिर, ठकुरी, ठकुर्नी, जिम्दार, हजुरबा, हजुरआमा आदि पात्रहरू मुक्त पात्रका रूपमा देखा परेका छन्

## ४.२ ज्वाला उपन्यासको चरित्रका प्रकार

ज्वाला उपन्यासमा रहेका चरित्रलाई विभिन्न प्रकारमा वर्गीकरण गरी अध्ययन विश्लेषण गरिएको छ ।

## ४.२.१ गतिशील र गतिहीन

वातावरण वा कुनै घटनाले गर्दा परिवर्तन हुने पात्र गतिशील हुन्छ । आदिदेखि अन्त्यसम्म चारित्रिक दृष्टिले भिन्नता नआउने पात्र गतिहीन हुन्छ । ज्वाला उपन्यासमा पनि विभिन्न गतिशील र गतिहीन पात्रहरू रहेका छन् । ती मध्ये धेरै जसो पात्रहरू गतिशील छन् भने केही पात्रहरू गतिहीन छन् । यस उपन्यासका झपट, अरुणा, ज्वाला, विप्लव, चाँदनी, गञ्ज, दीना गतिशील पात्रको रूपमा उपस्थित भएका छन् । यी पात्रहरूको चरित्र वातावरण र परिवेश अनुसार परिवर्तन भएको छ । कविता तथा जर्नेल यस उपन्यासका गतिहीन चरित्र भएका पात्र हुन् ।

## ४.२.२ यथार्थ र आदर्श

समाजको वास्तविक संसारलाई प्रतिनिधित्त्व गर्ने खालको चरित्र यथार्थ हुन्छ । जसको हरएक क्षणमा पाठक संवेदित भई मनोभावनालाई यसै अनुकूल बनाउँछ । भईरहेको कुरालाई यथार्थ चरित्रले संकेत गर्दछ भने यस्तो हुनुपर्छ भन्ने कुरालाई आदर्श चरित्रले संकेत गर्दछ । ज्वाला उपन्यासमा झपट, अरुणा, जर्नेल, कविता आदर्श चरित्र हुन् भने ज्वाला, विप्लव, दीना, गञ्ज, चाँदनी यथार्थ चरित्रको रूपमा देखा परेका छन् । यी चरित्रहरूले समाजको यथार्थ अवस्थाको पहिचान गरी सोही अनुसार सभ्य समाज निर्माणमा अगाडि बढेका छन् ।

## ४.२.३ अन्तर्मुखी र बहिर्मुखी

जीवनलाई आफ्नै रचनामा ढालेर सांसारिक भद्रगोलदेखि टाढा बस्न चाहने पात्र अन्तर्मुखी हुन्छ । आफ्ना  मनका कुरा अरूलाई भनिहाल्ने र बाहिरी सम्पर्कमा रहने चरित्र बहिर्मुखी हुन्छ । ज्वाला उपन्यासमा झपट, अरुणा, जर्नेल, कविता अन्तर्मुखी चरित्रको रूपमा देखापरेका छन् । यिनीहरू जीवनदेखि वाक्क, दिक्क भई थाकेर आफ्नै संसारमा रमाएका छन् । ज्वाला, विप्लव, दीना, गञ्ज, चाँदनी बहिर्मुखी पात्रको रूपमा यस उपन्यासमा देखापरेका छन् । यिनीहरू जनताको प्रत्यक्ष सम्पर्कमा छन् । क्रान्तिमा होमिएका छन् । एकआपसमा आफ्ना  विचार र सिद्धान्तहरू साटासाट गरेका छन् । बाह्य जगतमा रमाईरहेका छन् ।

## ४.२.४ गोला र च्याप्टा

जीवनलाई जटील रूपले भोग्ने र क्षणक्षणमा विशेषता परिवर्तन गरी कथानक नै रोमाञ्चपूर्ण बनाउने चरित्रलाई गोला भनिन्छ । यस उपन्यासमा रहेका ज्वाला, विप्लव, गञ्ज, चाँदनी, दीना गोला चरित्र हुन् । जीवनलाई सपाट रूपमा भोग्ने र विशेष गरी सजिलै बुझ्न सकिने पात्रलाई च्याप्टा भनिन्छ । च्याप्टा चरित्रमा आदर्शको मात्रा गह्रौं हुन्छ भने स्रष्टाको निश्चित धारणामा अडिएका हुन्छन् । यस उपन्यासमा रहेका झपट, अरुणा, कविता, जर्नेल च्याप्टा चरित्र हुन् । यसरी यस उपन्यासमा कतिपय गोला त कतिपय च्याप्टा चरित्र भएका पात्रहरूको उपस्थिति रहेको पाईन्छ ।

### ४.२.५ सार्वभौम र आञ्चलिक

जताततै उही रूपले ग्रहण गर्न सकिने चरित्रलाई सार्वभौम भनिन्छ भने निश्चित पर्यावरणमा विशिष्ट पहिचान लिएर बसेका चरित्रलाई आञ्चलिक भनिन्छ । यस उपन्यासमा रहेका ज्वाला, विप्लव, गञ्ज, चाँदनी, दीना सार्वभौम चरित्र भएका पात्र हुन भने झपट, अरुणा, कविता, जर्नेल आञ्चलिक चरित्र भएका पात्र हुन् । यी चरित्रले आफ्नो निश्चित पर्यावरणमा विशिष्ट पहिचान लिएर बसेका छन् । यिनले निजी संस्कार र आन्तरिक रूप प्रदर्शन गरेका छन् ।

### ४.२.६ पारम्परिक र मौलिक

पूर्वपरिचित स्वभाव, आचरण र कार्यकै अनुकरणमा कुदिहिँड्ने पात्रलाई पारम्परिक चरित्र भनिन्छ । यस्ता चरित्रहरू सृजना भईसकेको परम्पराको गोरेटोमा हिड्ने गर्दछन् । नवीन ढङ्गमा जीवनको अन्वेषण गर्ने चरित्रलाई मौलिक भनिन्छ । मौलिक चरित्रले जीवनलाई नयाँ तरिकाले आस्वादन गरिरहेका हुन्छन् । पारम्परिक चरित्रमा परम्परागत अवस्थाको अनुशरण गरिएको हुन्छ । नयाँ प्रयोगको चाहना राखिएको हुदैन । ज्वाला उपन्यासमा पनि केही पारम्परिक र केही मौलिक चरित्र पाइन्छ । यस उपन्यासमा कविता, जर्नेल, अरुणा पारम्परिक चरित्र भएका पात्र हुन् भने झपट, दीना, ज्वाला, विप्लव, गञ्ज, चाँदनी आदि पात्रले मौलिक चरित्रको अनुशरण गरेका छन् ।

## ४.३ ज्वाला उपन्यासको पात्रको चरित्र चित्रण

उपन्यास भित्रका विशेषता बुझाउन व्यवस्थितरूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणी नै पात्र वा चरित्र हुन । सामान्यतया पात्रले फरक-फरक विचारलाई सम्प्रेषण गर्न एक वर्गको कार्य गरेको हुन्छ । उपन्यासलाई जीवित तुल्याएर कथानकलाई गति दिने महत्त्वपूर्ण जिम्मेवारी पात्रको रहेको हुन्छ । पात्रकै संवाद र क्रियाबाट स्रष्टाले आफ्ना मूर्त एवम् अमूर्त विचारलाई प्रकट गरेको हुन्छ । पात्र तथा चरित्र भनेका कथावस्तुलाई गति दिने बाहन हुन् । ज्वाला उपन्यासमा रहेका पात्र र चरित्रचित्रण निम्नानुसार छन् :-

### ४.३.१ प्रमुख पात्रहरू

ज्वाला उपन्यासमा रहेका प्रमुख पात्रहरू निम्न छन् :

#### ४.३.१.१ ज्वाला

ज्वाला यस उपन्यासको केन्द्रीय तथा प्रमुख पात्र हो । लिङ्गका आधारमा महिला पात्र हो । उपन्यासमा ज्वालाको अनुकुल पात्रका रूपमा भूमिका रहेको छ । सम्पूर्ण उपन्यासको कथानक ज्वालाको घटना, कार्य र परिवेशमा अगाडि बढेको छ । उपन्यासको शीर्षक पनि ज्वालाकै नामबाट राखिएकोले ज्वाला उपन्यासकी प्रमुख पात्र हो । उपन्यासको कथानक अनुसार ज्वाला जाजरकोट जिल्लाको मैदे भन्ने गाउँमा जन्मिएकी कृष्ण बहादुरकी छोरी हो । उसका बाबा कृष्ण बहादुर गाउँका स्कूलका हेडमास्टर थिए । ज्वालाले गाउँकै विद्यालयबाट एस.एल.सी. पास गरेकी थिई । क्याम्पस पढ्न ऊ नेपालगञ्ज गएकी थिई र त्यहाँ पार्ट टायम काम गर्दै पढ्दै गरेकी थिई । ज्वाला क्याम्पस पढ्दा क्रान्तिकारी विद्यार्थी राजनीतिमा पनि

क्रियाशील थिई । दशैं बिदामा ज्वाला घरमा गई टीका थापेर दशैं सकिएपछि पुन नेपालगञ्ज फर्कन्छे । दशैं सकिएको लगत्तै एकरात कृष्णबहादुरको घरमा पुलिसले घेरा हाल्छन र ढोका फोरेर भित्र पस्छन । कृष्णबहादुरलाई मझेरीको थाममा डोरीले बाँध्छन । आतङ्ककारीलाई बास दिने खाना दिने तँ आईमाई होइनस् भन्दै आमालाई बलात्कार गर्छन् । दाजुलाई समातेर कब्जा गर्छन् । दिदीलाई ६/७ जनाले बाहिर लगी पालैपालो बलात्कार गर्छन् र खोल्सामा फालिन्दिछन् । बाबा आमालाई भित्रै गोली ठोकेर मार्छन् । यसरी ज्वालाको परिवारमा ज्वाला बाहेक अरूकोही रहदैनन् । त्यसपछि ज्वालाको हृदयमा विद्रोहको ज्वाला दन्कन्छ । उसले क्याम्पसको पढाई र काम छोडछे । आफ्ना घरमा भएको त्यस नृशंस हत्या घटनाको बदला नलिई छोड्दिन भनेर ऊ लुकी लुकी क्रान्तिकारी काममा हिड्न थाल्छे । राजनीतिक र सैनिक तालिम लिन्छे । हतियार चलाउन सिक्छे । सैद्धान्तिक र राजनीतिक किताबको गहन अध्ययन गर्न थाल्छे । लडाकु छापामारलाई सैनिक प्रशिक्षण दिन्छे । ग्रामीण वर्ग संघर्ष सशस्त्र संघर्षमा विकास हुन्छ र व्यारेक, प्रहरी थाना कब्जा गर्ने काम शुरू हुन्छ । ती सबैकार्यमा ज्वाला संलग्न हुन्छे ।

ज्वालाको अनुहार हेर्दा पनि आगाको ज्वाला जस्तै देखिन्थ्यो, । नेपाल आमाको मुक्तिका लागि ऊ क्रान्तिको ज्वाला दन्काउदै हिडेकी थिई । एकदिन झपट र अरुणासँग परिचय र चिनाजानी भएपछि समय समयमा झपटको घरमा गएर बस्ने गर्थी र झपटबाट राजनीतिक सिद्धान्तका कुरा सिक्ने गर्थी । उसले झपट र अरुणालाई आफ्नै आमाबुबासरह ठान्दथी र उत्तीकै माया गर्थी । उनीहरूले पनि उसलाई आफ्नैछोरी जस्तै माया गर्थे । सल्लाह, सुझाब अर्ती, हौसला र प्रेरणा दिने काम गर्थे । जनक्रान्ति र जनयुद्धकै शीलशीलामा ज्वालाले आफूसँग कामगर्ने सहयात्री विप्लवलाई प्रेम गर्नथाली । सँगै हिडने, सँगै पार्टीको काम गर्ने क्रममा उनीहरूबीच माया झन बढ्दै गयो र एक अर्को बिना बाँच्न नसक्ने अवस्थामा पुग्छन । पार्टीमा सँगै काम गर्ने सँगै बाँच्ने र सँगै मर्ने कसम खान्छन अनि पार्टीको स्वीकृती लिएर छिट्टै पार्टी विहे गर्ने निधो गर्छन तर त्यसको केही समयपछि दुवै सदरमुकाम आक्रमण गर्न जान्छन र त्यहाँ सेनाको गोली लागेर विप्लवले वीरगति प्राप्त गर्दछ ।

विप्लवको मृत्युपछि ज्वाला अत्यन्तै चिन्तित हुन्छे । झपटको घरमा जान्छे र रात भरी रोएर बस्छे । झपट र अरुणाले सम्झाउँछन । करिव पाचँ दिनसम्म त्यहाँ बस्छे र शोकलाई शक्तिमा बदल्दै पुन पार्टी काममा नेपालगञ्जतर्फ फर्कन्छे । नेपालगञ्ज जाने क्रममा बसमा एकजना गञ्ज नाम गरेको केटासँग भेट हुन्छ र ऊ सँग परिचय कुराकानी भएपछि दुवैको मन मिल्छ । दुवै एउटै लक्ष्य लिएर एउटै बाटोमा हिडेका हुन्छन । दुवैका पीडा व्यथा उस्तै हुन्छन । त्यसपछि ज्वाला उसँग विवाह गर्न मञ्जुर हुन्छे र पार्टी स्वीकृती लिएर दुवै विवाह बन्धनमा बाँधिन्छन । विवाह भएपछि पनि ज्वाला देश र जनताका मुक्तिका लागि संघर्ष गरिरन्छे । समय परिवर्तन हुदै जान्छ । देशमा विभिन्न घटना घट्छन् । राजनीतिक परिवर्तन हुदै जान्छ । दरबार हत्याकाण्ड हुन्छ । निरङ्कुश राजतन्त्र सक्रिय हुन्छ । माओवादी र सरकारबीच शान्तिवार्ता हुन्छ । माओवादी क्रान्तकारी कार्यकर्ताले हतियार विसाएर शान्तिपूर्ण क्रान्ति गर्छन । ६२/६३ को ठूलो जनआन्दोलन हुन्छ । ज्वाला पनि हतियार विसाएर शान्तिको लडाई लड्छे। गाउँ-गाउँमा जनचेतना फैलाउँछे । जाजरकोट जिल्लाको प्रमुख भएर काम गर्छे । जाजरकोटका सम्पूर्ण गरिब दुःखी शोषित, पीडित जनता लाई मुक्ति दिलाउँछे ।

समयको परिवर्तन सँगै जाजरकोटमा पनि परिवर्तन हुन्छ । जुन घरमा उसका सबै परिवारको हत्या गरिएको थियो त्यही घरमा ज्वालाले कंशरूपी राक्षसलाई बध गर्न सक्ने कृष्णरूपी पुत्र जन्माउँछे । सबैले उसलाई शुभकामना तथा बधाई दिन्छन । जाजरकोट सदरमुकाममा वृहत आमसभा तथा कवि गोष्ठीको आयोजना गरिन्छ । ज्वालाले उत्तेजक भाषण गर्छे । ज्वालाको भाषण र कामबाट सबै प्रभावित हुन्छन । सबैले उसको प्रशंसा गर्छन् । जाजरकोट मात्र नभएर सम्पूर्ण नेपालीको हृदयमा ज्वाला लालीगुराँसको थुङ्गा जस्तै भएर बस्छे ।

यसरी यस उपन्यासको प्रमुख पात्र ज्वालाले आफ्नो सम्पूर्ण जीवन क्रान्तिमा लगाउँछे । आगाको ज्वाला जस्तै दन्केर शोषक, जाली, फटाहालाई भष्म पार्ने काम गर्छे भने अन्याय, अत्याचार र अन्धकारमा पिल्सिएका जनतालाई उज्यालो बाटो देखाइदिने काम गर्छे उपन्यासको शुरूदेखि अन्तिमसम्म नै उसको चरित्रको वर्णन भएको छ । ऊ अनुकुल, गतिशील, मञ्चीय, वर्गीय, बद्ध पात्रका रूपमा देखापरेकी छे ।

## ४.३.१.२ झपट

यस उपन्यासको दोस्रो प्रमुख पात्र झपट हो । ऊ लामो समय राजनीतिमा संलग्न भएर जीवनको उत्तरार्धमा एउटा सानो किराना सामानको पसल खोली बसेको छ र आफूले जानेका, सिकेका, भोगेका र अनुभव गरेका कुरा अरूलाई व्यक्त गर्ने गर्दछ । ऊ मध्यम वर्गीय परिवारको पात्र हो । उपन्यासको शुरूदेखि अन्त्यसम्मनै कतै प्रत्यक्ष त कतै अप्रत्यक्ष रूपमा उसको महत्त्वपूर्ण भूमिका रहेको छ दीना,ज्वाला, चाँदनी, विप्लव, गञ्ज क्रान्तिकारी जनयुद्धमा लागेका पात्रहरू हुन ।उनीहरू समय समयमा झपटको घरमा आउने जाने गरिरन्छन र झपटलाई पार्टीले गरेका विगतका काम, भावी योजना र कार्यक्रमको बारेमा बताउँछन । झपटले उनीहरूलाई उचित सल्लाह र मार्ग निर्देश गर्दछ । राजनैतिक प्रशिक्षण दिनेकाम गर्छ । सैद्धान्तिक कुराहरू सिकाउँछ । सिद्धान्तलाई व्यवहारमा उर्तानका लागि प्रेरेणा प्रदान गर्दछ । यहाँ झपटले सबैको सल्लाहकार र अभिभावकको भूमिका निर्वाह गरेको छ । दीनालाई आफ्नो वहिनीको रूपमा हेर्छ र तिहारमा दीनाको हातबाट टीकासमेत लगाउँछ । ज्वालालाई पनि आफ्नो छोरी जस्तै माया गर्छ । ज्वाला झपटलाई भेटेर जानेबेलामा अरुणाले सधैँ केही न केही पाहुर बनाएर पठाउँछे । झपट पढेलेखेको पात्र हो । उसले भारतबाट स्नातक पास गरेको छ । भारतमा पढ्न जाने क्रममै उसले अरुणासँग विवाह गर्छ । सन्तान पनि जन्माउँछ । त्यसपछि आर्थिक अभावले गर्दा पढ्ने धोको हुँदाहुँदै पनि पढाईलाई अगाडि बढाउन सक्दैन । भारतबाट गाउँमै फर्केर एउटा स्कूलमा पढाउने काम गर्छ ।

भारतमा पढ्दा देखि नै ऊ विद्यार्थी राजनीतिमा संलग्न थियो र त्यहाँबाट राजनीतिक छाप परेको थियो । शिक्षक भएर पढाउने क्रममा पनि उसले विदाको दिन छात्रछात्रालाई भेला गरेर क्रान्तिकारी कविता सुनाउने, देशको समसामयिक राजनीतिको विषयमा चर्चा गर्ने गर्न थाल्यो । त्यो कुरा थाहाँ पएर पञ्चायती निरङ्कुश प्रशासकले बोलाएर कि राजनीति छोड्नुस कि मास्टरी छोड्नुस भने पछि जागिर छोडेर पूर्ण रूपमा राजनीतिमा लाग्यो । उमेर छउञ्जेल उ सक्रिय रूपमा राजनीतिमा लाग्यो । निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य गरी वहुदल ल्याउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो । अहिले

जीवनको उत्तरार्धमा राजनीतिबाट विश्राम लिएर एउटा टुहुरे पसलमा दिन काटिरहेको छ तर अहिले पनि क्रान्ति र परिवर्तनको निम्ति कुनै न कुनै रूपबाट आफ्नो बाँकी जीवनलाई लगाईरहेको छ । राजनीति गर्ने क्रममै एक पटक राष्ट्रिय आर्थिक अस्मिता माथि लामा हात गराउन सक्ने ठाउँमा ऊ पुगेको पनि थियो । यदि त्यसो गरेको भए अहिले पजेरो र अलिशान महलको मालिक बन्ने थियो तर त्यसो गर्न चाहेन र यतिबेला झुसिलो डकार आउने जीवन जीइरहेको छ ।

चारित्रिक हिसावले हेर्दा झपट उपन्यासको अनुकुल पात्र हो । ऊ सहयोगी भावना भएको पात्र हो । गरिब, दु:खी, असहायलाई सहयोग गर्न पर्छ भन्ने भावना भएको पात्र हो । अन्याय, अत्याचार, शोषण, दमन तथा निरङ्कुशतालाई सहेर बस्नु हुदैन त्यसको विरूद्ध विद्रोह गर्नुपर्छ भन्ने भावना भएको पात्र हो । आफ्नो मनमा जतिसुकै चोट र व्यथा भएपनि त्यसलाई सहेर अरूप्रति सहानुभूति प्रकट गर्ने पात्रको रूपमा यस उपन्यासमा उपस्थित छ । यसरी झपट अनुकूल, स्थिर, मञ्चीय पात्रको रूपमा रहेको छ ।

## ४.३.१.३ दीना

यस उपन्यासकी अर्की प्रमुख पात्र हो दीना । यस उपन्यासमा दीनाको भूमिका पहिलो भागदेखि अठारौँ भाग सम्म रहेको छ भने अन्तिमका दुई भागमा उसको भूमिका देखिदैन । ऊ पित्तृसत्तात्मक समाजमा श्रीमान्‌बाट अपहेलित, घृणित र प्रताडित भएकी पात्र हो । लोग्ने समाजले गरेको घोर अन्याय, अत्याचारको मार्मिक कथावस्तुको सजीव पात्र हो दीना । उसको मन कहीँ स्थिर नभएपछि साई बाबाको शरणमा पुगेर केही शान्त भएको छ । फेरी पनि उसको अन्तरात्मामा लागेका अनगिन्ती घाउहरू कहिलेकाहिँ छुनाकिन्छन र माम्री उत्केर रगत बग्न थाले जस्तो हुन्छ । अनि उसको बोलीरूखो हुन्छ । थरिथरिको पहिरन, थरिथरिको शील र स्वभाव प्रकट हुन्छ । दीना अक्सर झपटको पसलमा आइरहन्थी । उनीहरूबीच दाजुवहिनीको सम्बन्ध कायम भएको थियो । ऊ कहिले रातो चोलो र रातै धोती पहिरेर वेहुली जस्ती बनेर पसलमा आउँथी । कहिले कपाल पनि नकोरी जटा फैलाउँदै झुत्रा लुगामा बेरिएर आउँथी । कहिले रूद्राक्षको माला, गेरूवा वस्त्र धारण गरी सन्यासीनी जस्ती भएर आउँथी ।

बाहिरी पहिरन जस्तै उसको शीलस्वभाव पनि वहुरूपी थियो । कुनै बेला मिठो मुस्कानका साथ बोल्थी भने कुनै बेला राक्षसनी जस्ती डरलाग्दी हुन्थी । उसको चरित्र हेर्दा उभित्र भयङकर, दर्दनाक पीडा भएको अनुभव हुन्थ्यो । दीना झपटको घरको नजिकै सुकुम्बासी वस्तीमा टीनको छाप्रो बनाएर बसेकी छे । दीनाको ११ वर्षको उमेरमै आफूभन्दा ३ वर्ष जेठो केटासित विवाह भएको थियो । विवाह भएको ढाइ महिनामै उसको श्रीमान् कुखत परेर मर्‍यो । त्यसपछि दीना २५ वर्षको उमेरसम्म श्रीमान्‌कै घर बसी । दीनाका सासु र ससुराको पनि मृत्यु भयो । दीना पनि चढ्दो उमेरमा प्रवेश गरेकी थिई । गाउँका मानिसले कुरा काटन थाले । दीनालाई गाउँकै फटाहाहरूले दोस्रो तेस्रो विहे गरेको दीनाभन्दा बुढो मान्छेसँग विवाह गरिदिए ।

समय वित्दै जाँदा त्यसले दीनालाई हेला गर्ने, पिट्ने, शारीरिक तथा मानसिक यातना दिन थाल्यो । श्रीमान्‌को दिनदिनैको यातना सहेर करिव ९ वर्षसम्म सँगै बसी त्यसपछि अतिनै भएर बस्न सकिने र छोडपत्र गरेर एक्लै बस्न थाली । दीनाकी एउटी बहिनी थिई । बहिनीका दुईवटा छोरा र छोरी थिए । दुबैलाई राजाका सेनाले मारिदिन्छन अनि दीना लाई असाध्यै ठूलो

चोट पर्छ त्यस पछि त्यसको बदला लिनको लागि क्रान्तिकारी अन्दोलनमा होमिन्छे । धेरै जसो झपटको पसलमा आएर झपटसँग राजनीतिका बारेमा थुप्रै कुरा जान्दछे । भूमिगत रूममा रहेर विभिन्न आमसभा र प्रशिक्षणमा सहभागी हुन्छे । पार्टीमा उसले हुलाकीको काम गर्दछे । पार्टीमा काम गर्न थाले पछि दीना झपटको पसलमा कहिले हप्तादिन त कहिले १५ दिनमा आउँछे भने कहिले दुई तीन दिन विराएर आउँछे । आउँदा कुनै न कुनै साथी लिएर आएकी हुन्छे झपटले त्यहा आउने मान्छेलाई गास तथा बासको व्यवस्था मिलाउँछ अनि राजनैतिक सिद्धान्तका कुराकानी सिकाउँछ ।

यसरी दीना पढालेखा नभएकी शुरूमा केही थाहा नभएकी अन्जान र सोझी पात्रको रूपमा उपस्थित हुन्छे । जब ऊ माथि अन्याय अत्याचार हुन थाल्छ त्यसपछि चुप लागेर बस्दिने । कुरा बुझ्दैजान्छे अन्त्यमा राजनीतिमा सक्रिय भएर सम्पूर्ण महिलाको मुक्तिका लागि बन्दुक भिरेर युद्ध गर्छे । ऊ यस उपन्यासकी अनुकूल, मञ्चीय, परिवर्तनशील पात्र हो ।

## ४.३.१.४ विप्लव

विप्लव पनि यस उपन्यामा प्रमुख पात्रको रूपमा देखा परेको छ । विप्लव पनि देश र जनताको मुक्तिका लागि मुक्तियुद्ध लड्न हिडेको प्राणी हो । विप्लव र ज्वालाको पार्टी कामका शीलशीलामा नै भेटघाट र परिचय हुन्छ । सँगै काम गर्ने शीलशीलामा दुवैले एकअर्कोलाई प्रेम गर्न थाल्छन । उनीहरूको प्रेमसम्बन्ध बारे पार्टीलाई पनि थाहा हुन्छ । विप्लवले ज्वाला सँगसँगै पार्टीमा काम गर्छ ।

एक दिन ज्वालाको साथमा विप्लव पनि झपटको घरमा जान्छ । झपट सँग परिचय गर्छ । झपटले ऊ सँग राष्ट्रिय-अन्तर्राष्ट्रिय राजनीतिक परिस्थितिको विषयमा पार्टीको धारणबारे जिज्ञासा राख्छ । विप्लवले आफूले जाने जतिका कुरा झपटलाई बताउँछ । झपटले पनि आफूले जानेका र अनुभव गरेका कुरा उसलाई बताउँछ । झपटको विचार सुनेपछि विप्लवले नयाँ योजना र सोचका साथ अघिबढ्ने निर्णय गर्छ । झपटसँग परिचय भएपछि विप्लव पनि कहिले एक्लै त कहिले ज्वालालाई साथमा लिएर झपटको घरमा अक्सर गइरहन्छ । देशको समसामयिक, राजनीतिक र वैचारिक विषयमा उनीहरूबीच गहन छलफल र कुराकानी हुन्छन । एकदिन विप्लव सदरमुकाम आक्रमण गर्न जान्छ । त्यहाँ शाहीसेना र माओवादी सेना बीच ठूलो भिडन्त हुन्छन । दुवै पक्षका सेनाहरू मारिन्छन । विप्लव अन्तिम सम्म वहादुरीका साथ लड्छ । अन्त्यमा सदरमुकाम माओवादीले कब्जा गर्छन । लडाईमा विजय हासिल गर्छन र विजयउत्सव मनाउँदै फर्कन्छन् । फर्कने क्रममा आकाशमा सेनाको हेलिकप्टर आउँछ र बम हान्न थाल्छ । माओवादी सेनाहरू जङ्गलतर्फ लुक्न दौड्न्छन । दौड्ने क्रममै विप्लवको टाउकोमा बम खस्छ र उसले त्यही वीरगति प्राप्त गर्दछ ।

यसरी यस उपन्यासमा आएको विप्लव पनि अनुकूल चरित्र भएको पुरूष पात्र हो । कर्तव्य पालनाको क्रममै उसले ज्यान गुमाउन पुग्छ । उसको भूमिका उपन्यासको बीच भागबाट शुरू भई बीचमा नै समाप्त भएको छ । ऊ स्थिर पात्रको बीचमा रहेको छ । साथै वर्गीय पात्र पनि हो ।

### ४.३.१.५ गञ्जवहादुर

यस उपन्यासको अर्को प्रमुख पात्र हो गञ्जवहादुर । गञ्जवहादुरको पहाडघर तथा जन्मस्थान जाजरकोट जिल्लाको कार्की गाउँ हो भने पछि उसको बसोबास वर्दीयाको गुलरियामा रहेको छ । त्यहाँ उसले पेटका लागि पार्टटायम काम गर्छ भने बाँकी समय देश र जनताका लागि समर्पित भएको पात्र हो । ऊ पनि माथिका अरू पात्र जस्तै देश र जनताका लागि भन्दै क्रान्तिमा होमिएको पात्र हो । उसको जीवन कहानी पनि छुट्टै दर्दनाक रहेको छ ।

उसले आफ्नो बाल्यकाल कार्की गाउँमै विताएको थियो । गाउँमै वन-पात, घाँस-दाउरा र गोठालो जाँदा आफूभन्दा उमेरले ३-४ वर्षले कान्छी सपना पुन नामकी केटी सँग पिरती गाँस्छ ।जीवन भर नछुट्टिने बाचा गरेर दुई दिललाई एक दिल बनाएका थिए । दुवैको सपना देशलाई तनाशाही जञ्जीरबाट मुक्त भए पछि प्रणयसुत्रमा आवद्ध हुने थियो । सँगै बाच्ने र सँगै मर्ने कसम खाएर आ-आफ्नो कार्य क्षेत्रमा क्रियाशील थिए । शाही सरकारको जङ्गल सर्च मा सपना पुन समातिन्छे । जाजरकोटमा टिक्न बस्न नभएपछि गञ्ज बर्दिया झर्छ र पार्ट टाइम जब गर्दै सपनाको खोजीगर्न थाल्छ । सपनालाई सदरमुकाम खलङ्गाबाट सरूवा गरी नेपालगञ्ज थानामा पुऱ्याएका रहेछन् र ऊ भेट्न भनी त्यहाँ जान्छ । गञ्जको एकजना साथी उक्त थानामा थियो र त्यो सँग सोधपुछ गदा उसले सपना पुन नाम गरेकी केटी र अरू २ जना केटीलाई मध्यरातमा जङगलमा लगेर उनैललाई खाडल खन्न लगाईयो । खाडल खनिसकेपछि डि.एस.पी.ले सपना पुन र अरू २ जनालाई इन्स्पेक्टर र हवल्दारले बलात्कार गरी खाडलमा हाले अनि गोली ठोकेर खाडलमा पुरिदिए भन्ने कुरा बतायो । यसरी गञ्जले आफ्नो प्रियतमलाई गुमाउँछ र उसको जीवनको सपना पनि चकनाचुर हुन्छ । त्यसपछि गञ्ज पनि पूर्णरूपमा क्रान्तिमा होमिन्छ ।

कामकै शीलशीलामा नेपालगञ्ज जाने क्रममा ज्वाला र गञ्ज एउटै बसको एउटै सिटमा पर्छन । यात्राका क्रममा गञ्जले ज्वालासँग परिचय गर्छ । आफ्नो र ज्वालाको कथा व्यथा एउटै भएको अनुभव गर्छ । ज्वालाले भरखर आफ्नो प्रेमी विप्लवलाई गुमाएकी थिई भने गञ्जले प्रेमिका सपना पुनलाई गुमाएको थियो । परिचय पछि गञ्जले ज्वालाको रूपमा आफ्नो प्रेमिका सपनाको प्रतिबिम्ब देख्दछ भने ज्वालाले पनि गञ्जको रूपमा आफ्नो प्रेमी विप्लवको प्रतिबिम्ब देख्नपुग्दछे । यसै क्रममा ज्वालाले गञ्जलाई भन्छे “म तपाईलाई विप्लवको रूपमा आफ्नो मुटुमा गाँस्न चाहन्छु । हामी दुवै जना राजनीतिक र व्यक्तिगत जीवनका सहयात्री भएर अघि बढ्ने विषयमा तपाईको के विचार छ ?।” गञ्जले भन्छ “म पनि सपनाको वियोगले हृदयमा पारेको गहिरो घाउमा तपाईको मायाको मल्हम लगाएर निको गराउन चाहन्छु ।”[१] त्यसपछि गञ्जले पार्टी स्वीकृती लिएर ज्वालासँग विवाह गर्दछ र देश र जनताको मुक्तिका लागि सँघर्ष गरिरहन्छ ।

यसरी गञ्जवहादुर यस उपन्यासको सकारात्मक तथा मञ्चीय पात्र हो । ऊ अनुकुल पात्र हो । विप्लवको वियोग पीडामा छटपटाएकी ज्वालालाई वरण गरेर राम्रो भूमिका निर्वाह गरेको छ भने ज्वालालाई पार्टी काममा पनि सहयोग पुऱ्याएको छ । त्यस्तै ज्वाला गर्भवती भएको बेलामा पनि निकै ध्यान पुऱ्याउँछ । पार्टी कामबाट केही समयका लागि विदा लिई

गुलरीयामा नै आराम गरेर बस्न लगाउँछ तर ज्वाला मान्दिने त्यस पछि ज्वालालाई पूर्णरूपमा सहयोग गर्दै आफ्नो जिम्मेवारीलाई अगाडि बढाउँछ ।

## ४.३.२ सहायक पात्रहरू

यस उपन्यासमा केही सहायक पात्रहरू पनि रहेका छन् । जुन निम्नानुसार रहेका छन् ।

### ४.३.२.१ अरुणा

अरुणा झपटकी श्रीमती हो । ऊ निम्न मध्यम किसान परिवारमा जन्मेहुर्केकी आमा-बाबाकी काँहिली छोरी हो । ऊ अलिअलि जान्ने बुझ्ने हुँदा बाउ २०१५ सालको चुनावमा कम्यूनिष्ट पार्टीको प्रचारमा हिँडेको देखेकी थिई । घरमा पार्टीका नेताहरू आउने दलानमा बसेर गुडगुडे हुँक्कामा तमाखु तान्दै राजनीतिक गफ गरेको उसले मुलढोका भित्र कुनामा लुकेर सुनेकी थिई । थाहै नपाई उसको बाल मास्तिष्कमा राजनीतिक संस्कारको वीजारोपण भएको थियो । केही समय उसले गाउँको स्कूलमा अलिअलि ककनन पनि गरेकी थिई । तर खुट्टा नकाटेका साधारण अक्षर चिन्नु सिवाय अरू पढाई अगाडि बढाउन पाइने । त्यति बेला आईमाईले पढ्ने चलनै थिएन । अहिले पनि अरुणा कनी कनी नेपाली पढ्न र आफ्नो नामसम्म लेख्न सक्छे ।

झपटसँग विवाह गर्दा अरुणाको उमेर सानै थियो झपट पढ्नका लागि भारत जान्थ्यो । झपटको अनुपस्थितिमा अरुणाले कहिले घर त कहिले माईत गर्दै दिन कटाइरहेकी थिई । जब झपट स्नातकको परीक्षा सकेपछि गाउँमै मास्टरी काम गर्न थाल्यो त्यति बेला अरुणा गर्भवती थिई । त्यो समयमा उसले श्रीमान्‌को सहयोग पाई र दुवै मिलिजुली काम गर्न थाले । उमेर छउञ्जेल अरुणा पनि झपटलाई सहयोग गर्दै राजनीतिमा लागी महिलाहरूको तर्फबाट उसले नेतृत्व समेत गरेकी थिई । आजभोलि उसको घँुडा दुख्ने गर्दछ । घँुडामा परेको वुटको कठोर बज्र यतिबेला बुढेसकालमा उकल्भिएर करकरी खान्छ ।निरङ्कुशतन्त्रको विरोध र लोकतन्त्रको पक्षमा संघर्ष गर्दा राजाका पाल्तु पुसिहरूले पक्राउ गरेर हिरासतमा राखी बुटले त्यतिबेलाको उमेरमा औषधिले थामथुम भएको भएपनि यतिबेला बुढेसकालमा व्यथा उकल्भिएर अरुणालाई सताइरहेको छ ।

! रामचन्द्र भट्टराई, ज्वाला, पूर्ववत, पृ.९१

अरुणाले घरको सामान्य काम गर्दै एक असल आमाको भूमिका निर्वाह गरिरहेकी हुन्छे । घरमा आउँने जोकोही मानिसलाई पनि पाहुनालाई जस्तै सम्मान र सत्कार गर्ने उसको बानी छ । उसको घरमा आएको कोही मानिसलाई पनि विमुख पठाउँदिने । अरुणाले ज्वालालाई आफ्नी छोरीलाई जस्तै माया गर्दै हौसला र प्रेरणा दिन्छे । ज्वालाले पनि अरुणालाई आफ्नो मनको पीर व्यथा बुझ्ने एक सच्चा आमाको रूपमा हेरेकी छे । हरेकपटक अरुणाले ज्वालालाई केही न केही पाउर बनाएर मात्र पठाउँने गर्छे । झपटलाई भेट्न आउँने अरुणा, ज्वाला, विप्लव, दीना, गञ्ज, चाँदनी सबैलाई राम्रो व्यवहार गर्दछे । घरमा आएको बेलामा उनीहरूलाई राम्रो सँग खाना खुवाएर सुताउँछे र विहानपख केही खानेकुरा बनाएर तिनीहरूको उद्देश्य पूरा होस् भन्दै विदा गर्ने गर्छे ।

यसरी यस उपन्यासमा शुरूदेखि अन्त्य सम्मनै अरुणाको महत्त्वपूर्ण भूमिका रहेको छ । जनक्रान्ति सफल पार्नमा पचास प्रतिशत भूमिका अरुणाको रहेको छ । अरुणालाई उपन्यासबाट अलग राख्ने हो भने उपन्यासनै अपुरो जस्तो हुन्छ । अरुणा अनुकुल, स्थिर चरित्र भएकी नारी पात्र हो ।

## ४.३.२.२ चाँदनी

चाँदनी उस उपन्यासकी अर्की सहायक पात्र हो । यो गतिशील चरित्रकी पात्र हो । चाँदनी उपन्यासको बाह्रौं भागदेखि देखापर्छे । ऊ बर्दियाको थारू परिवारमा जन्मेकी हो । अरुणाले चाँदनीको बारेमा सोध्दा उसले बताउँछे "म त सानैदेखि टुहुरी मैले मातापितालाई जान्दै जान्दिन । म जान्ने हुँदा दिदी जिम्दारकहाँ वर्गेनी थिइन । दाइ चरवा थिए । म ११ वर्षकी भएपछि बर्दियाको जिम्दार ठकुरी बाबु साहेवले काठमाडौं आफ्नो घरमा छोराछोरीको धरालो गर्ने र पढ्ने भनेर मलाइ लगे । मैले ३ पास गरेकी थिएँ । पढ्न पाइन काममै दलिएकी दलियै भएँ ।"[२] यसरी चाँदनी घरको आर्थिक अवस्था नभएपछि पढ्न पाइने र सानैमा साहुको घरमा काम गर्न बसी । समय वित्दै गयो चाँदनी पनि जवान हुदै गई । एकदिन चाँदनीलाई जरसाहेवनीले आफ्नो घरमा राख्न मागिन् र जिम्दार्नीले चाँदनीलाई जरसाहेवनीका घरमा जिम्मा लगाइन । साहेवनीले चाँदनीलाई खाना पकाउँनेदेखि लिएर घरको सम्पूर्ण काम गर्न सिकाइन् । शुरूका केही दिनमा त चाँदनीलाई राम्रै भयो । दिन वित्दै जाँदा उसलाई त्यहाँ बस्न गाह्रो भैरहेको थियो । कारण जरसाहेब सधै टन्न रक्सि खाएर बस्दथ्यो र चाँदनीको यौवन प्रति कुदृष्टि लगाउँथ्यो । एकदिन मौका पारेर रक्सिको नशामा मातेरचाँदनीको अस्मिता लुट्यो । त्यस पछि चाँदनीलाई साहेवनीले एउटा बूढाबूढी मात्रै भएको घरमा काम गर्ने व्यवस्था मिलाइदिई । चाँदनीले केही समय त्यहाँ काम गरी एकदिन ती बूढाबूढी दुवैको मृत्यु भयो । त्यस पछि चाँदनीको आफ्नो कोही भएन । काठमाडौंमा एक्लै चाँदनीलाई आफ्नो

[२] रामचन्द्र भट्टराई, पूर्ववत, पृ.५४

अस्मिता जोगाउन पनि गाह्रो भयो । त्यसपछि ऊ माओवादी पार्टी संगठनमा प्रवेश गरी । संगठनमा प्रवेश गर्नभन्दा पहिले बूढाबूढीको घरमा बस्दा हजुरबुबालाई भेट्न आउने मान्छेसित चाँदनीको परिचय हुन थालेको थियो । उनीहरूले उसलाई कार्यक्रममा बोलाउथे । फुर्सद निकालेर ऊ कार्यक्रममा जान्थी । त्यहाँबाट उसले सैद्धान्तिक र राजनीतिक प्रशिक्षण लिन्थी । सैद्धान्तिक र राजनीतिक प्रशिक्षण, कामको अनुभव, अध्ययन, ऊ माथि भएको बज्रपात र उसको सर्वहारा वर्गीय आधार भएकोले उसलाई पार्टी प्रवेश गर्न सजिलो भयो ।

पार्टीमा काम गर्न थालेपछि उसको भेट दीना, ज्वाला सँग हुन्छ । दीनाले उसलाई झपट र अरुणा सँग परिचय गराउँछे । चाँदनीको विगत कहानी सुनेपछि झपटले भन्छ "यस्तैले त हो क्रान्तिको रथ हाँक्ने । यस्ता मानिस कस्तै आपत-विपत पर्दा पनि क्रान्तिबाट पछि हट्दैनन । यस्तैयस्तैको बलिदानी र संघर्षबाट नै आज देशमा अभूतपूर्व क्रान्तिकारी उथलपुथल मच्चिँदै गइरहेको छ । सयौं वर्षदेखिको बादशाही सत्ताको जग खल्बलिदै गएको छ ।"[३] यसरी चाँदनी पनि मुक्तिको युद्धमा होमिएका पात्रहरूको सहायक भएकी छे । उसमा पनि जर्नेलबाट बलात्कृत हुनु, अरूको घरमा हेला भएर जुठो भाँडा माझेर बस्ने जुन घृणित

कार्य गरेकी थिई त्यसैको प्रतिशोधले क्रान्तिमा लाग्ने भावना जाग्दछ । चाँदनी उपन्यासको अनुकुल पात्रकारूपमा देखा पर्छे ।

### ४.३.३ गौण पात्रहरू

यस उपन्यासमा प्रमुख पात्र, सहायक पात्रका अतिरिक्त केही गौण पात्र पनि रहेका छन । जुन निम्नानुसार छन् ।

### ४.३.३.१ कविता

कविता यस उपन्यासमा देखापरेकी गौण पात्र हो । कविता दीनाको वस्तीको एउटा छाप्रोमा बस्ने महिला हो ।ऊ झपटको छिमेकी पनि हो। हेर्दा छाप्राको अवस्था भाटाले बारेको वर्षादको पानी छचल्किएर पोखरीपरेको भुई, ढोका र झ्याल नभएका प्वालबाट उज्यालो छिर्ने भित्तो खिया लागेर पत्रैपत्र परेको टीनले छाएको करिब तीन हात वित्ताको छाप्रो, तल खोलो उर्लिरहेको, माथि ढुङगाको बुको पर्खाल भत्केर टाउकोमा काल बनेर घोप्टिने होकि भन्ने जग्जगी थियो । ८ वर्षकी छोरी र ६ वर्षको छोराकी आमा कविताले जेनतेन गुजारा गरिरहेकी थिई । उसको छाप्रोको अवस्था हेर्दा नै ऊ चरम गरिबीमा पिलसिएर बँाचेको प्रतीत हुन्छ । उसको लोग्ने कहाँ छ ? के गर्छ ? स्वास्नीलाई भोग गरेर सन्तान जन्माई वेवारिसे बनाएर कहाँ कुन दुनियाँमा पुगेको छ ? कुनै खबर छैन, कुनै सहयोग सहानुभूति छैन । यस्तो अवस्थामा कविताले फेरी पनि मिहिनेत गरेर प्यूसाप्यूसीको प्राण धानिरहेकी थिई । ऊ कहिले खोलाको बालुवा गिटी बोक्थी, कहिले बनमा गएर दाउरा ल्याउँथी र बेच्थी । आफ्नो हाडखोर घोटेर जसोतसो जिन्दगीलाई घिसारीरहेकी थिई ।कविता विगतका दिनलाई सम्झदै पश्चाताप गर्थी । विगतमा चुनावको बेलामा कविताका दुवै जना चुनावी प्रचारमा हिँडे । गरिबीको पक्ष लिने उमेद्वारलाई जिताउन कम्मर कसेर लागे । गरिबको पक्षमा भाषण गर्ने उमेद्वारले

[3] ~~रामचन्द्र भट्टराई, पूर्ववत, पृ.५५~~

जितेमा हामी जस्ता गरिबको दिन आउँछन भन्ने सोचाई उनीहरूको थियो । उमेदवार हुने नेताले पनि उनीहरूलाई खुब आश्वासन देखाए । नेताले चुनाव जितेर काठमाडौँ गए त्यो गाउँमा कहिल्यै फर्केनन । गरिबका कथा व्यथा उस्तै रहे । कविताको जीवन झन कष्टकर हुँदै गयो । सन्तान जन्मिए, आहारा बढ्यो । गरिबीले च्याप्दै लग्यो ।बच्चाबच्ची जन्मिएपछि कविताले आफ्नो लोग्नेलाई पहिला जस्तै यौन सन्तुष्टि दिन सकिने । लोग्ने स्वास्नीबीच त्यस विषयमा झगडा हुन थाल्यो । लोग्ने घर छोडेर हिड्यो । कविता बाँच्न नसक्ने अवस्थामा आई र एकदिन भेलीको ठर्रा धोकेर आफ्नो छाप्रोमा पासो लगाएर आत्महत्या गरी ।

यसरी कविताको चरित्र चित्रण गर्दा सङ्कट परेको अवस्थामा संघर्ष गरेर बाँच्न नसक्ने निरिह पात्रको रूपमा आएकी छे । अरू पात्रहरू बाँच्नको लागि संघर्ष गर्छन , क्रान्तिमा होमिन्छन भने यो मृत्युको बाटो रोज्दछे र आफै आत्महत्या गर्दछे । चरम गरिबीको कारणले गर्दा धेरैले आत्महत्या गरिरहेका छन् भन्ने कुराको उदाहरण कविता देखा परेकी छे । चुनाब जित्नको लागि झुटा भाषण छाट्ने र चुनाव जितेपछि उनीहरूका कुरा भाषणमै मात्रै सीमित रहने आफ्नो स्वार्थ हेर्ने, गरिब दु:खीलाई नहेर्ने भ्रष्ट नेताको चरित्र यहाँ औल्याइएको छ । अरू पात्रहरू त्यस्ता भ्रष्टँचारी तथा घुसखोरीको विरूद्ध क्रान्ति गरेका छन् भने कविता जीवन देखि विक्षिप्त भएर आत्महत्याको बाटो रोज्दछे ।

## ४.३.३.२ जर्नेल

जर्नेल  पनि यस उपन्यासमा गौण पात्रको रूपमा देखा परेको छ । यो उपन्यासमा प्रतिकूल पात्रको रूपमा देखा परेको छ। अनैतिक पात्रको रूपमा उपन्यासमा आएको छ । जर्नेल राजदरबारको नजिकको मान्छे हो । उसलाई राजदरबारमा भएका सवै कुराको जानकारी हुने गर्दछ । बेलुकी रक्सी खाएर मातेको झोकमा आफ्नो दुलहीसँग राजदरबारमा भएका अत्यन्त गोप्य कुरा पनि गर्दछ । गरिब दुःखी लाई शोषण गरेर आफूले मोजमस्ती गर्ने सामन्ति प्रवृत्ति भएको पात्रको रूपमा ऊ देखा परेको छ । उसले चाँदनीलाई आफ्नो घरमा काम गर्न राखेको छ । चाँदनीको नाम उसले जमुनी राखिदिएको छ । बेलाबेलामा सुन्दरी भनी बोलाउने पनि गर्थ्यो । साहेवनीलाई पनि रक्सी पिउने लत बसेको थियो । राति दुवैजना सँगै रक्सि पिउँथे । जमुनीले खानाका विभिन्न परिकार पकाएर खुवाउने गर्थी ।

एकदिन जर्नेल राति १० बजे दरबारबाट रातो पिरो भएर आयो श्रीमतीलाई बैठक कोठामा बोलाएर जरूरी कुरा गर्न छ भन्यो । दुवै बैठक कोठामा बसे जमुनीले मृगको सुकुटी र अचार तयार पँरिदिई । जर्नेलले दराजबाट ठूलो रक्सिको बोतल झिक्यो र दुईवटा गिलासमा खनायो दुबैले पिउन थाले । जर्नेलले आफ्नो पदोन्नति भएको खबर सुनायो । यस खुसीयालीमा खुब पिउनुपर्छ भनेर श्रीमतीलाई पनि हौस्यायो । पिउँदै जाँदा उसले दरबारमा कचिङ्गल फैलिएको र भविष्यमा रगतको खोलो बग्ने कुरा पनि बतायो । रक्सि धेरै लागेपछि श्रीमती त्यहीँ पल्टी र उसले उठाएर कोठामा लगेर सुतायो त्यस पछि उसले बसेर अझै पिउन थाल्यो । उसले बोतलको सबै रक्सि सिध्यायो । रक्सिले खुब मातिएपछि जमुनीको कोठा भित्र पस्यो र जमुनीलाई चरप्प समात्यो । उसको अस्मिता लुटयो र शिथिल भएर आफ्नो कोठामा गयो र फेरी त्यहाँ पनि श्रीमतीलाई झम्टियो र केही बेरपछि घुर्न थाल्यो ।

यसरी जर्नेल कामुक प्रवृत्ति भएको व्यक्ति हो । उसले आफ्नो घरमा काम गर्ने नारी जमुनीको अस्मिता लुटेर उसलाई विचल्ली बनायो । जर्नेल  यस उपन्यासमा खलनायकको रूपमा उपस्थित छ ।

## ४.३.४ अन्य पात्रहरू

प्रमुख र सहायक पात्रका अतिरिक्त यस उपन्यासमा थुप्रै अन्य पात्रहरू रहेका छन् । उनीहरूको उपन्यासमा खासै महत्वपूर्ण भूमिका नभए पनि उपन्यासको कथानकलाई अगाडि बढाउन र विकास गर्नमा सहयोग गरेकाछन् । अन्य पात्रहरूमा ठकुरी, ठकुर्नी, जिन्दार्नी, हजुरबुबा, हजुरआमा, दीनाका वहिनी ज्वाई, ज्वालाका पिता कृष्णबहादुर, ज्वालाको छोरो, सपना, समीर विभिन्न बुद्धिजीवि, साहित्यकार तथा कविहरू, कलाकारहरू रहेका छन् ।

## ४.४ पात्र र चरित्र चित्रणको तालिका

ज्वाला उपन्यासमा प्रयुक्त पात्र तथा चरित्र चित्रणलाई तालिकामा निम्नानुसार देखाइएको छ :-

**तालिका नं. २**

| क.स | पात्र | लिङग | भूमिका | प्रवृत्ति | स्वभाव | जीवनचेतना | आसन्नता | आवद्वता |
|---|---|---|---|---|---|---|---|---|
| १ | ज्वाला | स्त्री | प्रमुख | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्व |
| २ | झपट | पुरूष | प्रमुख | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्व |
| ३ | दीना | स्त्री | प्रमुख | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्व |
| ४ | विप्लव | पुरूष | प्रमुख | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्व |
| ५ | गञ्जबहादुर | पुरूष | प्रमुख | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्व |
| ६ | अरुकणा | स्त्री | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्व |
| ७ | चाँदनी | स्त्री | सहायक | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्व |
| ८ | कविता | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ९ | जर्नेल | पुरूष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |

## ४.५ निष्कर्ष

उपन्यास सिद्धान्तले आत्मसात गरेको विभिन्न संरचक अवयवमध्ये पात्र एक अपरिहार्य तत्त्व हो । सर्जकको चिन्तन, विचार र दृष्टिकोणलाई निश्चित स्थानबाट ग्रहण गरेर निर्दिष्ट स्थान सम्म यात्रा गराउने साधन विशेषका रूपमा पात्रको महत्तालाई स्वीकारिन्छ । निश्चित अवस्थामा शून्यप्राय: स्थितिमा रहेका विविध विषयहरूलाई गति प्रदान गर्दै अनुकूल र प्रतिकूल अवस्थाहरूबाट द्वन्द्वको सिर्जना गरी निश्चित अवस्था सम्म पाठकलाई समेत डोऱ्याउने अग्रपङ्तिका रूपमा उपन्यासमा पात्रको अनिवार्यता रहन्छ । विषयवस्तुले गति प्राप्त नगरून्जेल द्वन्द्वको सिर्जना सम्भव छैन र पात्रको अभावमा विषयवस्तु गतिहीन हुन्छ यस प्रकार दुवैखाले अभावमा भाव ल्याउन पात्रको विकल्प खोज्न सकिन्न । त्यसैले उपन्यासमा पात्र अलग गर्न नसकिने गरी अभिन्न रूपले अन्तर्निहित भएको हुन्छ ।

सर्जकले उपन्यासमा जीवनजगत सम्बन्धी कुनै पनि घटना, कार्यविषय आदिलाई प्रस्तुत गर्न खडा गरेको प्राण धारी व्यक्तिलाई नै पात्र भनिए तापनि कुनै कुनै स्थानमा मानवेतर प्राणीलाई पनि पात्रका रूपमा प्रयोग गर्न सकिन्छ । यसरी हेर्दा पात्र वा चरित्र भन्नँले त्यो मानव वा मानवेतर संवाहक शक्तिलाई बुझाउँछ, जसले कथावस्तुका सम्पूर्ण सन्दर्भ र अवस्थालाई बोकेर आद्योपान्तको यात्रा गर्छ र सो यात्राको समष्टिबाट सिङ्गो उपन्यासको निर्माण हुन्छ । चरित्र उपन्यासको कथारूपी शरीरलाई गति प्रदान गर्ने अवयव हो वास्तवमा चरित्रको क्रियाकलापद्वारा नै कथानकको निर्माण हुन्छ । चरित्र जति सक्रिय र जीवन्त हुन्छ, उपन्यास त्यतिनै प्रभावशाली र रोचक सिद्ध हुन्छ । पात्रको दृष्टिले उपन्यासको सफलता तिनको संख्यामा निर्भर हुन्छ जुन पात्रबाट कथावस्तुको विकास र उपन्यासको उद्देश्यको सिद्धिमा सहायता मिल्छ, त्यही पात्रलाई मात्र उपन्यासमा राख्नु उपयुक्त हुन्छ । अनावश्यक पात्रहरूको भिडले उपन्यासलाई विशृङ्खल बनाएर बोझिलो तुल्याइदिन्छ ।

यस उपन्यासमा रहेका पात्रहरूलाई प्रमुख, सहायक, गौण र अन्य पात्रहरूमा वर्गीकरण गरी विश्लेषण गरिएको छ । प्रमुख पात्रका रूपमा ज्वाला, झपट, दीना रहेका छन् । सहायक पात्रका रूपमा अरुणा, चाँदनी रहेका छन् । गौण पात्रको रूपमा कविता, जर्नेल रहेका

छन् । अन्य पात्रहरूमा ठकुरी, ठकुर्नी, सपना, समीर, कृष्णबहादुर, हजुरबा, हजुरआमा आदि रहेका छन् । पात्रको चरित्र चित्रणलाई विभिन्न आधारमा विश्लेषण गरिएको छ । लिङ्गका आधारमा स्त्री र पुरूष पात्र, भूमिकाको आधारमा प्रमुख, सहायक र गौण पात्र, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल पात्र, स्वभावका आधारमा गतिशील र स्थिर पात्र, जीवनचेतनाका आधारमा वर्गीय र व्यक्तिगत पात्र, आसन्नताका आधारमा मञ्चीय र नेपथ्थीय पात्र, आवद्धताका आधारमा वद्ध र मुक्त पात्र ।

झपट, विप्लव र गञ्ज यस उपन्यासमा प्रयुक्त पुरूष, प्रमुख, अनुकूल, वर्गीय, वद्ध पात्र हुन् । विप्लव र गञ्ज परिवर्तनशील पात्र हुन भने झपट स्थिर पात्र हो । दीना यस उपन्यासकी स्त्री, प्रमुख, अनुकूल, गतिशील, वर्गीय, मञ्चीय र वद्ध पात्र हो । अरुणा र चाँदनी भने स्त्री, सहायक, अनुकूल, वर्गीय, मञ्चीय र वद्ध पात्र हुन् । अरुणा स्थिर पात्र हो भने चाँदनी गतिशील पात्र हो । कविता स्त्री तथा गौण पात्र हो ऊ अनुकूल स्थिर, व्यक्तिगत, नेपथ्य र मुक्त पात्र हो । जर्नेल यस उपन्यासको पुरूष, गौण, प्रतिकूल, स्थिर, व्यक्तिगत, नेपथ्य र मुक्त पात्र हो । यसरी यस उपन्यासमा प्रयुक्त विभिन्न पात्रहरूले उपन्यासको गति प्रदान गर्नुका साथै उपन्यासलाई रोचक बनाएका छन् ।

# अध्याय पाँच

## ज्वाला उपन्यासको परिवेश, उद्देश्य, विचार र भाषाशैलीको अध्ययन

### ५.१ परिचय

उपन्यासमा पात्र वा चरित्रले कार्यव्यापार गर्ने स्थान समय र वातावरण अथवा घटनाहरू घटित हुने वस्तुजगत्लाई परिवेश भनिन्छ । परिवेश भित्र देशकाल र वातावरण दुई तत्त्व पर्दछन् । यसमा सम्पूर्ण पर्यावरण समाविष्ट हुन्छ अर्थात उपन्यासमा चरित्रले जुन धरातलमा रहेर कार्य गर्दछ । त्यस्तो काल वा समयको वरिपरिको आन्तरिक तथा बा⊳य स्थितिलाई देशकाल र वातावरण भनिन्छ । यस अनुसार व्यक्तिगत व्यवहार, सामाजिक परम्परा, रीति स्थिति, प्रथा, सँस्कार, जनजीवनका रहनसहनका साथै नैतिक तथा प्राकृतिक पृष्ठभूमि, वातावरण आदि परिवेश भित्र पर्दछन् । उपन्यासको परिवेश अर्थात देशकाल, देशकाल र वातावरण समय र स्थानको सीमा हो । यसै अन्तर्गत उपन्यासले आफ्नो अधारभूमि सिर्जना गर्दछ । परिवेशलाई आन्तरिक तथा बा़य गरी दुई भागमा वर्गीकरण गरिन्छ । बा़य परिवेशमा सामाजिक, राजनैतिक तथा प्राकृतिक पर्दछन् र आन्तरिक परिवेशमा व्यक्तिको वैयक्तिक मनोजगत् पर्दछ । **ज्वाला** उपन्यास बा़य राजनीतिक परिवेश भएको उपन्यास हो । परिवेश चित्रणले उपन्यासको लोकप्रियता तथा विश्वसनीयतालाई बढाएको पाइन्छ । यसले मानव विश्वमा कुनै समयमा घट्ने सामाजिक, धार्मिक, राजनैतिक, आर्थिक, बौद्धिक परिवेश र यसैको सेरोफेरोमा व्यक्तिको आन्तरिक परिवेशको जीवन्त चित्रण गरेको पाइन्छ । परिवेशको सजीव चित्रणले उपन्यासलाई साहित्यिक, काव्यात्मक र आलङ्कारिक समेत बनाउँछ । यसर्थ परिवेश उपन्यासको एक अभिन्न अङ्गका रूपमा देखा पर्दछ ।

भाषा साहित्यिक अभिव्यक्तिको मार्ग हो । भाषाका यही गुणले वाङ्मय र अन्य कलालाई छुट्याउँछ । भाषाले उपन्यासका सबै तत्त्वहरूलाई सङ्गठित गर्दछ । शैली भाषाका माध्यमले गरिने अभिव्यक्तिको निजी तरिका हो । उपन्यासकारको निजत्त्वको विशिष्ट रूप नै शैली हो । 'रचनाकारको विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ, जसमा भाषिक एकाईको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवं विषयका दृष्टिबाट विचलन हुन्छ' भन्ने समीक्षक मोहनराज शर्माको विचार छ । शैली उपन्यासको शूक्ष्म तत्त्व हो भने भाषा यसको स्थूल तत्त्व हो । शैली भाषा प्रयोगको मौलिक तरिका भएकाले भाषा र शैली एकै तत्त्व हो । भाषा साहित्यको सर्वस्व हो । भाषाको शक्तिमै उपन्यासको गौरव अडेको हुन्छ । उपन्यासकारले भाषालाई नयाँ र मौलिक ढङ्गले प्रयोग गर्दछ । भाषाको त्यही मौलिकत्त्व नै उपन्यासकारको प्रस्तुतिको शैली हो । उपन्यासको भाषा गद्य हुन्छ तर यसप्रकारको भाषालाई पनि आलङ्कारिक तथा काव्यात्मक बनाउनु उपन्यासकारको निजी शैली हो ।

उपन्यासमा व्याकरणिक मानक भाषालाई भाँचभुँच गरी कथ्य भाषा समेतको प्रयोग गरिन्छ । कथावस्तुलाई रोचक र यथार्थ बनाउन पात्रको स्तर अनुसारको भाषा प्रयोग गरेर उपन्यासकारले नयाँ शैली देखाउन खोज्छ । आधुनिक उपन्यासको भाषामा नयाँ नयाँ शैलीको प्रयोग भएको देखिन्छ । वर्णनात्मक, विवरणात्मक, आत्मकथात्मक, नाटकीय, पत्रात्मक, दैनिकी

तथा चेतना प्रवाह शैलीको प्रयोग हुनु आधुनिक उपन्यासको भाषा शैलीगत उपलब्धी मान्नुपर्ने हुन्छ । उपन्यासमा भाषा र शैली एक अर्काका पूरक र अनिवार्य तत्त्व हुन् ।

उपन्यासमा परिवेश, भाषा शैलीका अतिरिक्त उद्देश्य र विचार पक्ष पनि रहेको हुन्छ । उद्देश्य र विचार विना कुनै पनि साहित्यको रचना हुन सक्दैन । उपन्यासमा प्रत्यक्ष आरोपित् होस् वा नहोस् उपन्यासकारको उपन्यास लेखनको कुनै न कुनै उद्देश्य हुन्छ । कृष्णचन्द्र सिंह प्रधानका विचारमा उपन्यासमा खासगरी सामाजिक समस्या र वैयक्तिक जीवनका विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरूको यथातथ्य वर्णन मात्र नभएर तिनीहरूका माध्यमबाट जीवनजगत् प्रतिको कुनै विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरिएको हुन्छ । यसरी हेर्दा उपन्यासमा चित्रित जीवनजगत्को दर्शन नै उपन्यासको उद्देश्य हो ।

पाठकलाई आनन्द दिनुका साथै समाज तथा व्यक्तिको चित्रण गरेर त्यसबाट निश्चित निष्कर्ष निकाल्दै पाठकलाई शिक्षा वा सन्देश दिनु नै उपन्यास लेखनको उद्देश्य हो । उपन्यासको विषय अनुसार पाठकलाई आनन्द तथा मनोरञ्जन दिनु, धार्मिक सन्देश दिनु, पुण्य कमाउनु र आर्थिक लाभ गर्नु उपन्यास लेखनको पारम्परिक उद्देश्य हो भने समाजलाई चेतनशील बनाएर परिवर्तनको बाटोमा डोहोऱ्याउनु उपन्यास लेखनको आधुनिक उद्देश्य हो । यसर्थ समाजलाई सुधारको सन्देश दिनु, सामाजिक समस्याको यथार्थ चित्रण गर्दै त्यसको निकास खोज्नु, व्यक्ति तथा समाजमा विद्यमान विकृति र विसङ्गतिको चिरफार गर्नु, राजनैतिक, सँास्कृतिक, आर्थिक चेतनाका लागि प्रचारप्रसार गर्नु र ऐतिहासिक घटनाका बारेमा प्रकाश पार्नु उपन्यास लेखनको उद्देश्य हो । यसरी कुनै विशेष सन्देश दिनु उपन्यास लेखनको एक पाटो हो भने पाठकको सौन्दर्य, चाहनाको पूर्ति गर्नु यसको अर्को पाटो हो।

निष्कर्षमा एउटा खास जीवन दर्शनमा आधारित रही पुन: सिर्जना गरिएको बृहत् आख्यानका माध्यमबाट पाठकलाई खास संज्ञा प्रदान गर्नुका साथै उसको सौन्दर्य, रूचि वा आकाङ्क्षा समेतको समन वा विरेचन गर्नु उपन्यास लेखनको उद्देश्य हुन आउँछ । प्रत्येक उपन्यासका उद्देश्यबीच भिन्नता रहन सक्ने ठाउँ भनेको आख्यान सामग्रीको चयन र प्रस्तुतिका लागि अँगालिने जीवनदर्शन नै हो । उपन्यासकारका भिन्नभिन्न जीवनदर्शनले उपन्यासको उद्देश्यलाई सोहीअनुरूप भिन्नभिन्न बनाउन सक्ने अवस्था रहन्छ । यसरी सामाजिक समस्या वा जीवनजगत्का विभिन्न विकृतिलाई जोड दिएर लेखिए तापनि मुख्य रूपमा जीवनजगत्का चित्र उतार्नु उपन्यास लेखनको मुख्य उद्देश्य हुन पुगेको छ ।

## ५.२ ज्वाला उपन्यासको परिवेश

उपन्यासमा पात्रहरूको कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई परिवेश भानिन्छ । परिवेश एउटा परिस्थिति पनि हो जसले पाठकलाई बाँध्ने काम गर्छ। परिवेशलाई देशकाल र वातावरण पनि भनिन्छ अर्को शब्दमा यसलाई पर्यावरण पनि भनिन्छ ।

ज्वाला उपन्यासमा प्रयुक्त परिवेशको विश्लेषण गर्दा विशेष गरेर यसमा नेपालको राजनीतिक परिवेशको चित्रण गरिएको छ । वि.सं. २०१७ साल देखि गणतन्त्र स्थापना हुँदा सम्म अथवा वि.सं. २०६५ साल सम्मको नेपालको राजनैतिक, सामाजिक, आर्थिक परिवेशको चित्रण यसमा गरिएको छ र त्यसमा पनि मुख्य रूपमा यो उपन्यास वि.सं. २०५२ सालमा माओवादी जनयुद्ध शुरू भएपछिको २०६२ सालसम्मको १० वर्षे माओवादी जनयुद्धमा भएगरेका कार्य र घटनाको सफल चित्रण यसको परिवेशले गरेको छ । यो उपन्यासमा नेपालका विभिन्न गाउँको वर्णन गरिएको छ । उपन्यासको शुरूवात दीना र झपटको वस्तीबाट शुरूभएको छ । यसले मुख्य गरेर नेपालको दुर्गम जिल्ला जाजरकोट त्यस जिल्ला अन्तर्गत रहेका मैदे गाउँ, कार्की गाउँ, लगायतका ठाउँहरू तथा नेपालको तराई क्षेत्रमा पर्ने बर्दियाको गुलरिया, नेपालगञ्जका साथै सहरमा काठमाडौँ, बुटवल, भैरहवा आदि ठाउँको चित्रण गरिएको छ भने नेपाल बाहिर भारतको गोरखपुर पनि यो उपन्यासमा देशकालको रूपमा आएको छ । दीना र कविता जस्ता पात्रहरूलाई उपस्थित गराएर ग्रामीण क्षेत्रका सुकुमवासी वस्तीको चित्रण पनि यस उपन्यासमा रहेको छ । दीना र कविता सुकुमवासी वस्तीमा छाप्रा वनाएर बसेका छन भने झपट त्यही सुकुमवासी वस्तीको नजिकै एउटा सानो घर बनाएर त्यसैमा टुहुरे पसल खोलेर बसेको छ । ज्वालाको जन्मस्थान जाजरकोटको मैदे हो भने कर्मघर बर्दियाको गुलरिया हो । गञ्जको पनि जन्मस्थान जाजरकोट जिल्लाकै कार्की गाउँमा रहेको छ।

नेपालको दुर्गम जिल्ला जाजरकोट माओवादी जनक्रान्तिको उर्वर भूमि मानिन्छ । जाजरकोटबाट थुप्रै जनक्रान्तिकारी योद्धाहरू जन्मिएको प्रसङ्ग उपन्यासमा छ र पछिल्लो समय जाजरकोट सदरमुकाम खलङ्गा तथा पूरै जाजरकोट नै क्रान्तिका लागि जुर्मुराएर उठेको अवस्था छ । जाजरकोटको भौगोलिक परिवेश पनि विचित्रको छ । त्यहाँ एक वडाबाट अर्को वडामा पुग्न दिन भरिको उकालो ओरालो बाटो हिड्नु पर्छ । त्यहाँ अहिले सम्म पनि आधुनिक सभ्यताको रोशनी छिरेको छैन । सदरमुकाम खलङ्गा आफै खण्डहर जस्तो छ । त्यहाँका शुरक्षावल र प्रशासक आफूलाई विना श्रीपेचका राजा मान्दछन र जनतालाई रैती ठान्दै हुकुम चलाउँछन । पुलिस प्रशासन र गाउँका ठूला ठालु सामन्तिहरूको मिलोमतोमा गरिब जनता माथि शोषण-दमन बढ्दै गएपछि भित्रभित्रै असन्तोसको आगो सल्कदै जान्छ । जनता त्यसका विरूद्ध संगठित हुन थाल्छन । हुँदा हुँदै जाली, फटाहा र पुलिस प्रशासन विरोधि आन्दोलन शुरू हुन्छ । जाजरकोट राजधानीको आँखामा पर्छ । केन्द्रीय शाही सरकारले त्यहाँको न्यायपूर्ण आवाजलाई बन्द गर्न विशेष सर्च अभियान सञ्चालन गर्छ । त्यसपछि त्यहाँ जनक्रान्तिकारी योद्धा जन्मन्छन र युद्ध शुरू हुन्छ ।[१]

नेपालमा २०१७ सालमा पञ्चायती व्यवस्था शुरू हुन्छ । निरङ्कुश पञ्चायती

[१] रामचन्द्र भट्टराई, ज्वाला, पूर्ववत,पृ.४

व्यवस्थाको विरूद्धमा कम्यूनिष्ट आन्दोलन चर्किदै जान्छ । त्यही पञ्चायती व्यवस्था विरूद्ध चर्किएको कम्यूनिष्ट आन्दोलनमा झपट र अरुणा पनि सहभागी हुन्छन । झपटले आफ्नो जागिर नै छोडेर राजनीति र आन्दोलनतर्फ लाग्दछ । अरुणा पनि आन्दोलन गर्ने क्रममा जेलसमेत पर्छे । उनीहरू जस्तै व्यक्तिको आन्दोलनबाट नै २०३६ सालमा जनमत संग्रह हुँदै २०४६ सालमा निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य भई बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको

शुरूवात हुन्छ । फेरी २०५२ सालमा माओवादी जनयुद्धको शुरू हुन्छ । तत्कालीन सरकारले जनतामा ४० बुँदे मागलाई वेवास्ता गरी फालिदिन्छ । गाउँ-गाउँमा अन्याय, अत्याचार, शोषण र दमन बढ्दै जान्छ । पुलिस तथा प्रशासनको ज्यादती बढ्छ । त्यसका विरूद्ध गाउँ-गाउँमा जनता एकजुट हुन्छन र सशस्त्र क्रान्ति गर्न थाल्छन । यस उपन्यासमा उक्त सशस्त्र क्रान्तिको नेतृत्व जाजरकोटबाट ज्वालाले गरेकी छे भने झपटले सल्लाहकारको रूपमा काम गरेको छ । ज्वालाले आफूजस्तै सयौँ क्रान्तिकारीयोद्धा जन्माएकी छे । दीना, चाँदनी, विप्लव, गञ्जवहादुर जस्ता पात्रहरू क्रान्तिमा होमिएका छन ।विप्लव प्रतिक्रियावादी सत्ताको विरूद्ध लड्दा लड्दै सहीद बन्नपुग्छ ।

झपट स्नातक पढ्नको लागि भारतको गोरखपुर जान्छ । त्यही प्रसङ्गमा भारतको परिवेशको चित्रण यहाँ गरिएको छ । पढेर आएपछि ऊ पञ्चायती शासनको विरूद्ध आन्दोलन गर्न भैरहवा हुँदै काठमाडौँ जान्छ भने चाँदनी कामको शीलशीलामा काठमाडौँ पुग्छे । जर्नेलका माध्यमबाट तत्कालीन शाही परिवारको अवस्थाको पनि चित्रण गरिएको छ । यसरी यसमा काठमाडौँली परिवेश पनि आएको छ । नेपालको राजनीतिक समसामयिक परिवेशका साथै नेपालका बाटा घाटा नेपालमा चल्ने गाडी तथा यात्रु ओसारपसार गर्ने बसको अवस्थालाई पनि देखाइएको छ । पुराना बस ५० जना यात्रुको क्षमता भएमा १०० जना भन्दा बढी चढाउने अवस्था यहाँका बसको छ । त्यस्तै बसपार्क तथा बीच बाटोमा खाना खाने राम्रो व्यवस्था नभएको खाना वासी तथा महङ्गो, सर्वसाधारण जनतालाई ठग्ने प्रवृत्ति पनि यहाँ रहेको छ।

यसरी यस उपन्यासको मुख्य परिवेश १० वर्षे माओवादी जनयुद्धमा केन्द्रित छ । माओवादी जनयुद्ध कसरी शुरूवात भयो ? जनयुद्धको प्रमुख उद्देश्य के थियो ? भन्ने कुरा यहाँ औल्याइएको छ र कसरी जनताहरू जनयुद्धमा लागे । जनयुद्धमा के कस्ता घटना घटे?राज्यपक्षबाट केकस्ता ज्यादती भए ?कसरी निहत्था तथा सर्वसाधारण जनताको हत्या गरियो ? र अन्त्यमा १०/१२ हजार जनताको बलिदानी पछि युद्धविराम र शान्ति वार्ता भयो र शान्ति वार्ता पछि राजनीतिक घटनाक्रम कसरी अगाडि बढ्यो भन्ने कुरा नै यसको परिवेश रहेको छ। ज्वाला उपन्यासको परिवेशलाई देश, काल र वातावरणमा विभाजन गरेर निम्नानुसार अध्ययन, विश्लेषण गरिएको छ ।

## ५.२.१ देश

ज्वाला उपन्यासको देश अन्तर्गत नेपालका विभिन्न ठाउँ र नेपाल बाहिर भारतका विभिन्न ठाउँको उल्लेख गरिएको छ । विशेष गरेर यस उपन्यासमा नेपालको दुर्गम जिल्ला मानिने जाजरकोट जिल्ला र त्यहाँका मैदे लगायतका अन्य गाउँको उल्लेख गरिएको छ । नेपालको तराईका जिल्लाहरूमा बर्दिया तथा रूपन्देही जिल्लाको पनि उल्लेख यसमा गरिएको छ । नेपालगञ्ज, भैरहवा तथा काठमाडौँ सहरको पनि उल्लेख यसमा गरिएको छ । गुल्मी, अर्घाखाँची र प्युठानको स्थानगत परिवेशको चित्रण पनि यस उपन्यासमा गरिएको छ । भारतको गोरखपुर, बनारस आदि ठाउँ पनि स्थानगत परिवेशमा आएका छन् । यसरी यस

उपन्यासमा सहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रको चित्रण बढी गरिएको छ । ग्रामीण सामाजिक, आर्थिक राजनैतिक परिवेशको चित्रण यो उपन्यासले गरेको छ ।

## ५.२.२ काल

काल भन्नाले समयलाई जनाउँ छ । यस उपन्यासमा वि.सं. २००७ सालपछि २०६२ सालसम्मको समयको उल्लेख गरिएको छ । वि.सं. २००७ साल पछि २०६२ साल सम्मको नेपालको राजनीतिक परिवेशको चित्रण यस उपन्यासले गरेको छ । त्यसमा पनि विशेष गरेर २०५२ सालदेखि २०६२ सालसम्मको १० वर्षे माओवादी जनयुद्धकालीन समयलाई उपन्यासले समातेको छ । उक्त १० वर्षको अवधिमा नेपालमा घटेका राजनीतिक घटनाक्रंम, निरङ्कुश राजतन्त्रको अवस्था, सर्वसाधारण जनताको अवस्था, सामाजिक, आर्थिक अवस्था आदिको बारेमा उपन्यासमा चित्रण गरिएको छ । उपन्यासमा अरुणा र झपटको बाल्यकालको बारेमा पनि चर्चा भएकोले वि.सं. २००२ साल भन्दा पहिलेको समयको झल्को पनि पाइन्छ ।

## ५.२.३ वातावरण

ज्वाला उपन्यासको औपन्यासिक वातावरण समसामयिक राजनीतिक, सामाजिक परिवेश हो। जनयुद्ध कालीन समय यसको वातावरण बनेको छ । नेपालमा वि.सं. २०५२ सालमा माओवादी सशस्त्र जनयुद्धको सुरूवात भएको थियो । २०५२ सालमा जन्मिएको माओवादी पार्टीले भूमिगत रूपमा देशभर सशस्त्र क्रान्तिको सुरूवात गऱ्यो । समयक्रम अनुसार एकातिर माओवादी जनयुद्ध चर्कंदै गयो भने अर्कोतिर सरकारी पक्षमा चर्को दमन हुँदै गयो । सर्वसाधारण जनता दोहोरो युद्धको मारमा परे । जताततै विकृति, अन्याय, अत्याचार, अशान्ति, डर, त्रास, लडाई, झगडा फैलियो । दिनका दिन मर्ने र मार्ने क्रम बढ्दै गयो । बम, गोली र बारूदका अवाज मात्र गुञ्जिन थाले । देशमा सङ्कटपूर्ण वातावरणको सृजना भयो । निहत्था व्यक्तिहरू नृशंस हत्या र पाशविक बलात्कारको सिकार बने । त्यही वातावरणको समग्ररूपमा यस उपन्यासमा चित्रण गरिएको छ ।

## ५.३ ज्वाला उपन्यासमा उद्देश्य र विचार

उपन्यासमा प्रयुक्त उद्देश्य र विचारलाई सारवस्तु पनि भनिन्छ । उपन्यासमा समाविष्ट रहने केन्द्रीय वा आधारभूत तत्त्वलाई विचार भनिन्छ । कुनै पनि उपन्यासकारले मूल विचारलाई नाटकीकरण गरेर साधारणीकृत अवस्थामा पुऱ्याएको हुन्छ र त्यसैको बोध पाठकले गर्दछ । उपन्यासको उद्‌भवको बीज र उद्देश्य वा परिणती पनि सारवस्तु नै हो । यसले नै लेखकको जीवनको दर्शनको भार पनि वहन गरेको हुन्छ । यसैले लेखकको विचार र उद्देश्यमा नै पात्रहरूले पौडिने र खेल्ने स्वतन्त्रता प्राप्त गर्दछन । लेखकले तिनकै माध्यमबाट आफ्नो धारणाहरूलाई समुचित विन्यास र सम्प्रेषण गरिरहेका हुन्छन । सारवस्तुलाई सिधै उपदेशका रूपमा व्यक्त गरियो भने त्यसलाई विचार वाक्य भनिन्छ । उपन्यासको अर्थ केवल एउटा विचारको प्रतिपादन गर्ने साधन होइन बरू कुनै विचारप्रतिको धारणा उद्‌घाटन गर्ने साधन हो । सारवस्तुकै माध्यमले उपन्यासमा उद्देश्य वा सन्देशको अनावरण हुन्छ । किनभने सारवस्तुको कलात्मक प्रस्तुति नै उपन्यासको उद्देश्य वा सन्देश हो । आजकलका उपन्यासमा

यथार्थको शूक्ष्म निरीक्षण गर्नु नै सारवस्तु रहेको हुन्छ भने त्यसको कलात्मक प्रस्तुतिकरण नै उद्देश्यको रूपमा व्यक्त हुन्छ।[२]

ज्वाला उपन्यासको मुख्य उद्देश्य भनेको निरङ्कुशताको अन्त्य गरी देश र जनतालाई मुक्ति दिलाउने हो भने सामन्ती प्रतिक्रियावादी राज्य सत्ताको अन्त्य गरी नयाँ नेपाल निर्माण गरेर देशमा भैरहेका सबैप्रकारका भ्रष्टाचारी घुसखोरी प्रवृतिको अन्त्य गर्ने यसको मुख्य विचार हो । यस उपन्यासमा लेखकले आफ्नो सम्पूर्ण विचारहरू झपटका माध्यमबाट व्यक्त गरेका छन् । क्रान्ति गरेर देशमा शान्ति स्थापना गर्नु नै यस उपन्यासमा रहेको लेखकको मुल विचार हो । भूपि शेरचनले "हुदैन विहान मिर्मिरमा तारा झरेर नगए, बन्दैन मुलुक दुईचार सपुत मरेर नगए" भनेझैँ यहाँ पनि लेखकले देशमा शान्ति ल्याउन क्रान्ति गर्नुपर्छ र देशका लागि ज्यान अर्पण गर्न तयार हुनुपर्छ । जबसम्म रक्तपातपूर्ण भीषण क्रान्ति गरिदैन तबसम्म स्थायी शान्ति र अमन चयनको अनुभव जनताले गर्न सक्दैनन भन्ने उद्देश्य लेखकको रहेको छ । दीनाले आफ्नो बहिनीका छोरालाई शाहीसेनाले मारिदिएपछि झपटसँगै रूँदै शोक व्यक्त गर्दछे र झपटले आक्रोश पोख्छ "जहाँ जङ्गली राज हुन्छ त्यहाँ पाशविक हत्या सिवाय अरू के हुन्छ ? हिटलर र मुसोलिनी यही देशमा छ ग्यास च्याम्बर पनि यही देशमा छ । त्यसैले त यहाँ नेपाल आमाका हजारौँ सर्वश्रेष्ठ छोरा छोरी वलिवेदीमा चढ्दै छन् । जन्मे पछि मृत्यु अनिवार्य भए जस्तै हिटलरी शासनको अन्त्य पनि एकदिन अवश्य हुनेछ । देशको आकाशमा घुमेको यो कालो बादल एकदिन पक्कै हट्नेछ । त्यसका लागि सपुतहरूले अरू रगत बगाउँ नुपर्दछ ।"[३]

त्यस्तै नेपाली समाजमा सानै उमेरमा विवाह गर्ने प्रचलन प्रति विरोध गर्ने उद्देश्य पनि रहेको छ । उक्त कुरा झपटको निम्न भनाईबाट स्पष्ट हुन्छ । "उति बेलाको चलन छोरी पर सरी भने गाउँलेले कुरा काट्ने अन्धविश्वासी समाज पर नसर्दै कन्यादान गर्न नपाए पापमा परिएला की भन्ने सन्तापले सताउँने ।"[४]क्रान्ति गरेरै तानाशाहका अन्त्य गर्ने कुरा लाई निम्न उद्धरणले पनि स्पष्ट पार्छ ।"दशैँमा भक्कुको रागो झैँ भकाभक जनतालाई ढलाएर लाशैलाशको रासमा बसेर कतिदिन राज गर्छ तानाशाहले ? के मान्छे मार्दैमा क्रान्ति रोकिन्छ र ? एउटा मर्छ उसको रक्तबीजबाट हजारौँ जन्मन्छन ।"[५] क्रान्तिकारी जनयोद्धाहरूको जन

२ कृष्ण हरि बराल र नेत्र एटम, उपन्यास सिद्वान्त र नेपाली उपन्यास पूर्ववत, पृ.४२

३ रामचन्द्र भट्टराई, ज्वाला पूर्ववत, पृ.४

४ रामचन्द्र भट्टराई, ज्वाला, पूर्ववत, पृ.५

५ ऐजन पृ. १६

आवाज नै यसले वहन गरेको सारवस्तु र लेखकीय उद्देश्य रहेको छ । जनयोद्धाको जनआवाज यसरी उद्घाटित भएको छ ।

"जल्लादहरू! तिमीहरूको अत्याचारी शासनबाट जनता वाक्क भएका छन तर तानाशाही बुट र बन्दुकको सङगित सुन्दा-सुन्दा दिक्क भएका छन । जनताको रोदन क्रन्दन र चित्कार सुन्दा-सुन्दा असह्य भएको छ । अब मान्छेहरू तिम्रो कर्कस वीभत्स सङ्गीत सुन्ने पक्षमा छैनन् । कुकुरलाई काखमा राखेर मान्छेलाई छि:छि: दूर-दूर गर्ने तिम्रो भद्दा र अश्लिल व्यवहारको हामी भण्डाफोर गर्छौं । मानिसलाई अनिकाल भोकमरी र रोग व्याधिमा तड्पाएर आफूले मोजमस्ती गर्ने तिम्रो अन्यायी राजसत्ता हामीलाई चाहिँदैन । कति क्रुर र निर्दयी छौ तिमीहरू नारीलाई दासी र बेश्या बन्नबाध्य पार्छौ । समाजलाई कति दुर्गन्धित बनाएका छौ तिमीहरूले ? मान्छेको जिन्दगीको उपहास गर्दै दरबारको अग्लो अट्टालिकामा बसेर अट्टहास

गर्छौ । जीवनको सुन्दरतालाई लुटेका छौ । बाजे लखपती थियो । बाबु करोडपती बन्यो दाजु अर्वपती थियो, भाइ स्वघोषित नरनारायण खर्वपतिबनेको छ । यो हाम्रै रगत पसिना लुटेर भएको हो । अव हामी यो सव हुन दिने वाला छैनौँ । हामीहरू जहाँ बसेका छौँ । त्यहीँ वरिपरि तिम्रो मृत्यु घुमिरहेको छ ।

सुरक्षाकर्मीको सुरक्षामा खोपी भित्र लचकदार बालिष्टरमा सुते पनि सिरकमा गुटमुटिएर तिम्रो काल करेत सर्प बनेको छ । रक्षक नै भक्षक नाग बनेर तिमीलाई डस्न तम्तयार छ । साम्राज्यवादको सहयोगमा नरसंहार गर्न झिकाएका तिम्रा ती हतियारमा खिया लाईसकेको छ । बहुसंख्यक सुरक्षाकर्मी अब तिम्रो छैन , हाम्रो सुरक्षागर्ने पक्षमा छन । दास युगमा हामी तिम्रा दास थियौँ । सामन्ती युगमा कृषि मजदुर बन्यौँ । पूँजीवादी युगमा औद्योगिक मजदुर बन्यौँ । आज तिमीहरू प्रजातन्त्रको खोल ओढेर हामीमाथि शोषण दमन र नरसंहार गर्दैछौ । खबरदार एक्काइसौँ शताब्दीको हाम्रो चेतना अब ठगिने वाला छैन । हजारौँ वर्षको जर्जर तिम्रो सामन्ती दरबार भत्काउन हामी तम्तयार छौँ । हाम्रो पसिना र रगत चुसेर थुपारेको पैसाले किनेका ती हतियार खोसेर तिनै शस्त्र प्रयोग गरी तिमीहरूको सर्वनाश गर्दैछौँ । एकदिन वादशाह घोडाबाट पक्कै झर्नेछ । अब त्यो दिन टाढा छैन ।" ६

उपर्युक्त उद्देश्यका साथ २०५२ सालमा माओवादी जनयुद्धको शुरूवात भएको थियो । माओवादी पार्टीले तत्कालिन समयमा राखेको विचार नै यस उपन्यासको उद्देश्य बनेको छ । उपन्यासले राष्ट्रवादी चिन्तनलाई कम्युष्टिहरूको अनिवार्यता हो भन्ने दृष्टिकोण अगाडि सारेको छ । पूँजीवादी राष्ट्रहरूको साम्राज्यवादी नीतिले विश्वभर नङ्ग्रा गाडिरहेको वर्तमान परिप्रेक्ष्यमा साम्राज्यवादको सशक्त प्रतिकारका लागि राष्ट्रियताको चेतनाको विकास अनिवार्य भएको कुरा उपन्यासले स्पष्ट गरेको छ । राष्ट्रियतालाई अन्तर्राष्ट्रियताको पूरकको रूपमा लिएर श्रमजीवी किसान मजदुर वर्गमा चेतनाको विकास र राष्ट्रिय अखण्डता र स्वार्थमा विदेशी आक्रमणका विरूद्ध लड्न सचेत बनाउनुपर्ने चिन्तनलाई लेखकले अगाडि सारेका छन ।

यसरी समग्रहमा भन्दा वर्ग संरचनाले युक्त नेपाली समाजका असमानताका पर्खालहरू भत्काउन वर्गद्वन्द्व नै एकमात्र विकल्प हो । शोषण र उत्पीडनबाट मुक्तिका लागि सङ्गठित र

६ रामचन्द्र भट्टराई , ज्वाला, पूवर्वत, पृ.५

निर्देशित क्रान्ति आवश्यक छ । विचारद्वारा निर्देशित सङघर्षबाट नै मानव मुक्ति सफल हुन्छ भन्ने विचारको केन्द्रियता यस उपन्यासमा पाइन्छ । यस उपन्यासमा कम्युनिष्ट आदर्शलाई ग्रहण गर्दै विचार सहितको सशस्त्र क्रान्तिबाट नै रूपान्तरित समाज निर्माण गर्न सकिने दृष्टिकोण प्रस्तुत गरिएको छ । पसिना बगाउँने वर्ग नै सच्चा मालिक हुन् ।पसिनाको सत्य र श्रमको सत्य नै हाम्रो सत्य हो र जमिन माथि जसले पसिना वगाउँछन, त्यही वर्ग नै त्यस जमिनका सच्चा आधिकारवाला हुन् भन्ने लेखकको धारणा रहेको छ ।

अर्काको श्रम र पसिनामा रजाइँ गर्ने वर्गहरूको समूल अन्त्य नगरेसम्म समानता मूलक समाजको निर्माण गर्न सकिदैन भन्ने विचारलाई प्रमुख रूपमा उपन्यासमा उपस्थान गरिएको छ । नेपाली जनताको त्याग र बलीदानबिना सामन्ती सत्ता, संस्कृति र तिनको सम्पूर्ण

संरचनालाई ढाल्न नसकिने हुदाँ त्याग र बलिदान आवश्यक परेको र त्यसका लागि समाजका सवै उत्पीडित र पछि परेका वर्गको सामूहिक एकता र सामूहिक विचार धारा आवश्यक भएको दृष्टिकोण उपन्यासले राखेको छ । शोषक वर्गको विरूद्धमा गरिने सङ्गठित आन्दोलनबाट नै निम्नवर्गको मुक्ति हुन्छ भन्ने मूल विचारबाट उपन्यास निर्देशित छ । सामन्तवाद र पूजीवादी व्यवस्थाको अन्त्य नै निम्नवर्गको मुक्ति हो र वर्गीय संघर्षबाट नै मानव मुक्ति सम्भव हुन्छ भन्ने मुल विचार यस उपन्यासमा पाइन्छ । विचारद्वारा निर्देशित सशस्त्र क्रान्तिबाट नै सामाजिक, आर्थिक, राजनीतिक रूपान्तरण गर्न सकिन्छ र सर्वहारावादी राज्य व्यवस्थाको निर्माण गर्न सकिन्छ भन्ने विचार तथा उद्देश्य यसले प्रक्षेपित गरेको छ ।

## ५.४ ज्वाला उपन्यासको भाषाशैली

उपन्यासभाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्तिशाली बन्दछ । यथार्थलाई वरण गर्ने साहित्यिक विधा भएकाले यसमा गद्य भाषाको प्रयोग गरिन्छ । उपन्यासमा कथ्य र लेख्य दुवै भाषाको प्रयोग आवश्यकताअनुरूप हुने गर्दछ । अन्य साहित्यिक विधाभन्दा जीवनको विस्तृत आयामलाई समेट्ने हुँदा यसमा भाषाको सम्पूर्ण शक्तिको प्रयोग पनि गरिन्छ । उपन्यासमा भाषाको प्रयोग मूलत: दुई किसिमबाट भएको हुन्छ । पहिलो किसिमको भाषा उपन्यासकार आफैले प्रयोग गरेको हुन्छ । यस्तो भाषा अपेक्षाकृत नियमवद्ध र लेखकीय स्तरअनुरूप हुन्छ । दोस्रो किसिमको भाषा उपन्यासका पात्रहरूको संवादमा प्रयोग गरिन्छ । संवाद पात्रहरूको स्तर र परिवेश अनुकुल हुनुपर्ने भएकाले यसमा प्रशस्त विविधता पाइन्छ ।[७]

ज्वाला उपन्यासमा प्रयोग गरिएको भाषा सरल र सरस छ । विशेष गरेर यो उपन्यास संवादात्मक शैलीमा रचना गरिएको छ । विभिन्न लामा र छोटा संवादहरू यसमा आएका छन । पात्र अनुसारको संवाद यसमा प्रयोग भएको छ र भाषा प्रयोग पनि पात्र अनुसारकै गरिएको छ । कतै कतै हिन्दी र अंग्रेजी भाषाको पनि प्रयोग भएको छ । ग्रामीण क्षेत्रमा बस्ने मानिसको भाषालाई जस्ताको तस्तै टिपेर राखिएको छ भने शहरीया तथा उच्च कुलीन वर्गले प्रयोग गर्ने भाषा पनि यहाँ प्रस्तुत गरिएको छ । त्यस्तै कवि, कलाकार

[७] कृष्णहरि बराल र नेत्र एटम, पूवर्वत, पृ.

तथा साहित्यकारले प्रयोग गर्ने भाषा तथा सैनिक, पुलिस र माओवादी छापामारहरूले प्रयोग गर्ने भाषा पनि यस उपन्यासमा प्रयुक्त छ ।'मेरे पास पैसा नहीं मै आपको इसकी दक्षिणा नहीं देसकता गुरूजी । कोई बात नहीं पैसेवेसे की वात छोडो, रक्षाबन्धन तो बाँधो बेटा । तुम कहाँ के रहने वाले हो, क्या आफ मेरा उद्धार कर सकेगें ?ठीक है बेटा , ब्राहमण हो , विद्यार्थी हो तुम । हम तुम्हारी मद्दत करेंगे।'[८] आदि जस्ता संवादहरू झपट भारतको गोरखपुर रेलवे स्टेशनमा पैसा नभएर अलपत्र पर्दा त्यहाँको एकजना ब्राहमण सँग भएका छन् ।यसरी यस उपन्यासमा हिन्दीका संवाद पनि प्रशस्त छन् ।

ग्रामीण समाजमा बोलिने भाषा पनि यहाँ दीनाका माध्यमबाट यसरी प्रयोग भएको छ । "म उनीहरूको कार्जेक्रममा गाँकी थे ।त्यहाँ थुप्रै मान्छे आथे । ठूलै नेता पनि आथे । दाइ के छ हाल चाल ? म त गामतिर गाकी बोलाथे, राम्रै भो तपैलाई सोध्थे । दाइ काठमाडौं, नेपालको राजधानी कस्तो छ त्यो ठाम" [९] आदि जस्ता शब्द शब्दवली जुन ग्रामीण समाजका मानिसले बोल्ने गर्छन त्यसलाई जस्ताको तस्तै उपन्यासमा उतारिएको छ ।त्यस्तै यस उपन्यासमा शहरी उच्च कुलीन वर्ग तथा सामन्तीहरूले बोल्ने भाषा प्रयोग भएको कुरा निम्न

संवादबाट स्पष्ट हुन्छ ।"महारानीले आफ्नो आँखाले रंगरस गरेको देखिबक्से छ । बस के चाहियो ?तत्काल जागिरबाट चट् ।माइला सरकार अर्के धुनमा होइबक्सन्छ । सुन्दरी सुकुटी अचार ल्याऊ"[१०] आदि वाक्यांशहरू जर्नेलका माध्यमबाट व्यक्त भएका छन ।

यस उपन्यासमा कवितात्मक, तथा गीतका भाषा र लय पनि प्रस्तुत गरिएका छन् । विप्लवले ज्वालालाई भनेको गीतको भाका यसप्रकार छ :-

"परेलीका कोशभित्र माया साँची राख

मुक्तियुद्ध लडौं पहिले अहिले पर्खिराख"

त्यस्तै ज्वालाले भन्छे ,

" सङ्घर्ष हो जीवन, जीवन सङ्घर्ष हो,

जीवन देखि हारेर मर्छु नभन ।"[११]

ज्वाला र गञ्ज एकदिन सँगै बस्दा निम्न अभिव्यक्ति प्रस्तुत भएको छ ।

"कठोर बज्र भो या त्यो आगोमा घिउझैं भयो ,

के भयो कुन्नि त्यो रात ?

रात त्यो अनिदो भयो ।''

जनताद्वारा लगाइएका नारा पनि यहाँ प्रस्तुत भएका छन् ।

''बेपत्ता पारिएकाको स्थिति सार्वजनिक गर

बलात्कारी र हत्यारालाई कारबाही गर

---

८ रामचन्द्र भट्टराई, ज्वाला, पूर्ववत, पृ.२८
९ रामचन्द्र भट्टराई ज्वाला, पूर्ववत, पृ.११

१० रामचन्द्र भट्टराई, ज्वाला, पूर्ववत, पृ.५५
११ रामचन्द्र भट्टराई, ज्वाला, पूर्ववत, पृ.७

सहिद परिवारलाई क्षतिपूर्ति दे''[१२]

कवितात्मक लय तथा शैली पनि यहाँ यसरी व्यक्त गरिएको छ ।

''मेरो शरीरको मासु तँलाइ लुछ्न दिन्न म

खरानी बनूँला, किन्तु मलाई लुट्न दिन्न म

नालापानी निलिस कालापानी कोपर्न दिन्न म

टिस्टा र कागँडा खाइस, सुस्ता यो खान दिन्न म'' [१३]

कलाकारबाट गीतका शब्दगुञ्जन पनि यस उपन्यासमा प्रस्तुत गरिएको छ । जस्तैः-

"गाउँगाउँबाट उठ बस्तीबस्तीबाट उठ

देशको माटो रक्षाका लागि उठ....।" [१४]

यसरी समग्रहमा भन्दा प्रस्तुत उपन्यासको भाषाशैली सरल र सरस छ तापनि कतै कतै हिन्दी तथा अंग्रेजी शब्द प्रयोग भएका छन् भने कतैकतै राजनीतिक तथा सैद्धान्तिक

भाषाको प्रयोग भएकोले सामान्य पाठकले अर्थ्याउन नसक्ने अवस्था पनि छ । अलि दुर्वोध्य बन्न खोजेको जस्तो अनुभव पनि हुन्छ । उपन्यासको शैली मूलत : विवरणात्मक रहेको छ ।विभिन्न पात्रहरूले आत्मपरक ढङ्गले कथा र घटनाक्रमहरूको उद्घाटन गर्दछन् । कतिपय अवस्थामा कथावाचनको शैली रोचक र नाटकीय रहे पनि आवश्यकता भन्दा बढी संवादले उपन्यास भरिएको अनुभूत हुन्छ ।कतिपय संवादहरू बैचारिकरूपले सही हुँदाहुँदै पनि उपदेशमूलक र पट्यार लाग्दा छन् ।[१५]

## ५.५ ज्वाला उपन्यासको दृष्टिविन्दु

उपन्यासमा सर्जकले कथानक,पात्र, परिवेश आदिको वर्णन गर्नका लागि रोजेको कथन भूमि वा स्थान नै दृष्टिविन्दु हो । अथवा कुनै उपन्यास कसको हो त्यसलाई पाठकसामु वर्णन गर्ने वाचक को हो र उसले कसरी भनिरहेको छ भन्ने कुरा नै दृष्टिविन्दु हो । यसलाई अझ स्पष्ट पार्दा उपन्यासका सम्पूर्ण घटनाक्रमलाई देखाउने बिन्दुका रूपमा कसले कहाँ बसेर भनिरहेको छ भन्ने कुराको पहिचान नै दृष्टिविन्दु हो ।मुख्य गरेर उपन्यासमा प्रयुक्त हुने दृष्टिविन्दु २ प्रकारका हुन्छन :- प्रथम पुरूष वा आन्तरिक र तृतीय पुरूष वा बाह्य । प्रथमपुरूष वा आन्तरिक दृष्टिविन्दु पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारका हुन्छन भने तृतीय पुरूष वा वाह्य दृष्टिविन्दु सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन प्रकारका हुन्छन् ।

प्रथमपुरूष दृष्टिविन्दु भएको उपन्यासमा उपन्यासको कथा वाचका रूपमा 'म' वा 'हामी' पात्र आएको हुन्छ । यस्तो पात्र उपन्यासको प्रमुख, सहायक वा गौण जे भएपनि उसले

---

१२ पूवर्वत, पृ. ९३
१३ पूवर्वत, पृ. ११९
१४ पूवर्वत, पृ. ११९
१५ बाबुराम भट्टराई, ज्वाला, भूमिका,

आफू लगायत अरूको पनि कथा भन्न सक्दछ । यसमा पनि 'म' वा 'हामी' पात्र यदि उपन्यासको प्रमुख पात्र छ र उसले आफ्नो कथा सबैभन्दा धेरै भनिरहेको छ भने त्यो प्रथम पुरूष केन्द्रीय दृष्टिविन्दु हुन्छ 'म' वा 'हामी' पात्र उपन्यासको प्रमुख पात्र होइन केवल प्रत्यक्ष प्रसारणको रूपमा आफ्नो थोरै र अरूको धेरै कथा भनिरहेको छ भने त्यो प्रथम पुरूष परिधीय दृष्टिविन्दु हुन्छ । उपन्यासभित्रको कथालाई उपन्यास भन्दा अलग्गै बाहिरपट्टि बसेर कुनै वाचकले ऊ, उनीहरू, काशी, विमला, गणेश आदिसँगै जोडेर प्रत्यक्ष दर्शीकै रूपमा भनिरहेको छ भने त्यो तृतीय पुरूष दृष्टिविन्दु हुन्छ । तृतीय पुरूष सीमित दृष्टिविन्दु भएको उपन्यासमा कथावाचकले आफूलाई उपन्यासकै कुनै पनि पात्रमा समाहित गर्दै वर्णन गर्छ भने सर्वदर्शीमा वाचकले पात्र र घटनाहरूका बारेमा सम्पूर्ण विषयमा विज्ञता हासिल गरेको हुन्छ । यसमा वाचकले सबै कुरा आफ्नो नियन्त्रणमा राखेर केही लुकाउने र केही बढाउने समेत गर्न सक्छ । त्यसै गरी उसले पात्रका बारेमा धेरथोर टिप्पणी पनि गर्न सक्छ ।

ज्वाला उपन्यासमा वाह्य तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग भएको छ । यहाँ आएका विभिन्न पात्रहरूका बीच ठाउँठाउँमा विभिन्न संवाद भएका छन् । संवादै संवादले यो उपन्यास भरिएको छ । कथावाचकले झपटलाई प्रमुख पात्र बनाएर झपटका माध्यमबाट आफ्नो विचारहरू व्यक्त गरेका छन् । त्यसैले यो वाह्य दृष्टिविन्दु र त्यसमा पनि सर्वदर्शी दृष्टिविन्दुको

प्रयोग भएको छ । सम्पूर्ण घटनाको तारतम्य मिलाउने काम उपन्यासको प्रमुख पात्र झपटले गरेको छ । ऊ राजनीति प्राणी भएकोले अन्य पात्रलाई राजनीतिक सिद्धान्त सिकाउने र परामर्श दिने काम गर्छ । उपन्यासको सम्पूर्ण कथावस्तु तृतीय पुरूष पात्र झपट, अरुणा, ज्वाला र दीनाको संवादमा समेटिएको छ । देशको राजनीतिक विषयमा उनीहरूबीच भएका कुराकानी नै उपन्यासको कथानक बनेको छ । दीना र झपटको संवादबाट उपन्यासको कथानक शुरू हुन्छ । यस उपन्यासमा सबै पात्रका कार्यको यथार्थ रूपमा वर्णन संवादका रूपमा आफै अरूपात्र समक्ष गरेका छन् । उपन्यासकी केन्द्रीय पात्र ज्वालाले धेरै ठाउँमा एकतर्फीरूपबाट भाषण गरेकी हुनाले कतैकतै आन्तरिक दृष्टिविन्दु भएको जस्तो पनि आभाष हुन्छ तर समग्ररूपमा हेर्दा रामचन्द्र भट्टराईद्वारा रचित यस उपन्यासमा वाह्य तृतीयपुरूष सर्वदर्शी दृष्टिविन्दुको प्रयोग सहजरूपमा गरिएको छ । भाषाशैली पनि सरल र सहज खालको नै रहेको छ । पात्र अनुकुल चरित्र भएकोले भाषाशैली दृष्टिविन्दु र कथानकका बीचमा तालमेल मिलेको छ ।

## ५.६ ज्वाला उपन्यासमा कौतूहलता

ज्वाला उपन्यास कौतूहलपूर्ण उपन्यास हो । यसमा घटनाहरू एकपछि अर्को गर्दै घट्दै गएकोले ती घटनाहरूको संयोजन कौतूहलपूर्ण तरिकाबाट भएको छ । यस उपन्यासमा विभिन्न पात्रहरूका आ-आफ्नै कथा व्यथा छन् । हरेक पात्रका छुट्टाछुट्टै घटनाबाट उपन्यास पूर्ण बनेको छ । झपटको जीवनमा घटेका घटना, ज्वालाको जीवनमा घटेका घटना, दीनाको जीवनमा घटेका घटना, विप्लव को जीवनका घटना, गञ्जको जीवनका घटनाहरूको संयोजनबाट उपन्यासको रचना भएकोले यो उपन्यास कौतूहलपूर्ण बनेको छ । उपन्यास पढ्दै जाँदा पाठकको मनमा अर्को औपन्यासिक घटनाले तान्दै अगाडि बढाउँछ । पाठकको मनमा अब के होला ? भन्ने खुल्दुली रहिरहन्छ ।

दीनाले ...साई राम दाइ साई राम (पृ. १) भन्दै झपटको पसलमा ठिङ्ग उभिँदा झपट केही नबोली उँधो मुन्टो लगाएर बस्छ । यसबाट पाठकको मनमा झपट किन नबोलेको होला भन्ने कौतूहल पैदा हुन्छ । निरङ्कुश पञ्चायती प्रशासकले झपटलाई बोलाएर “तपाईं मास्टर हो कि राजनीति नेता ? नेता हो भने मास्टरी छोड्नुस् र पुष्पलालले झैँ बनारसमा बसी चना खाएर राजनीति गर्नुस् । मास्टर हो भने विद्यार्थीलाई भड्काउने काम बन्द गरेर खुरूखुरू कोर्सका किताब पढाउनुस् । अन्यथा म तपाईंलाई थुन्छु (पृ. १४)” भन्दा झपटले राजनीति छोड्ला कि मास्टरी छोड्ला ? भन्ने कौतूहल पैदा हुन्छ । इन्सपेक्टर र पुलिस एक्कासी झपटको कोठामा पस्दा पुलिस किन आएका होलान् ? अब के हुन्छ ? झपटलाई के गर्छन् ? भन्ने कौतूहल जाग्दछ । दीनासँग झपटको घरमा सर्टपाईन्ट लगाएर आएकी केटी को होली ? ज्वाला किन र कसरी क्रान्तिमा हाम फाली भन्ने कुराको मनमा खुल्दुली रहन्छ ।

ज्वाला र विप्लव प्रेमीप्रेमिका भएपछि उनीहरूको जीवन कसरी बित्छ ? विवाह हुन्छ कि हुदैन भन्ने खुल्दुली आम पाठकको मनमा रहन्छ । ज्वाला र विप्लव सदरमुकाम आक्रमण गर्न जाँदा अब के हुने हो?युद्ध सफल हुने हो कि होइन ? ज्वाला, विप्लव बाँच्छन् कि मर्छन् ? भन्ने कुराको त्रास सबै पाठकको मनमा रहन्छ । दशैं सकिए लगत्तै राति ११ बजे पुलिसले

ज्वालाको घर घेरा हाल्दा अब के हुने हो ? भन्ने कौतूहलता उत्पन्न हुन्छ । नेपालगञ्ज पढ्न बसेकी ज्वालाले घरका सम्पूर्ण परिवारको हत्या भएको खबर सुन्दा अब उसले के गर्ली ? भन्ने कौतूहल हुन्छ । सदरमुकाम आक्रमणमा विप्लवको मृत्यु हुन्छ । विप्लवको मृत्यु भएपछि ज्वालाले विवाह गर्ली कि नगर्ली भन्ने अवस्था उपन्यासमा सृजना भएको छ । ज्वाला नेपालगञ्ज जाँदा बसमा एकजना केटा सँगैको सिटमा बसेको हुन्छ । ऊ त्यो केटासित बोल्छे कि बोल्दिने ? कस्तो व्यवहार गर्छे ? भन्ने कौतूहलता उत्पन्न हुन्छ । जङ्गल सर्चका क्रममा सपना पुनलाई पुलिसले पक्रिएपछि अब के होला भन्ने मनमा त्रास रहन्छ ।

अरुणाले दीनालाई "तपाइँ अधबैंसे आईमाई मान्छे, पार्टीका मान्छे भनेर हुन्न, क्वै कस्ता क्वै कस्ता, विचार र उमेर मिल्दो सँग विहे गर्नुस् नानी !(पृ. १०३)" भन्दा दीनाले के जवाफ फर्काउली भन्ने खुल्दुली रहन्छ । "एकदिन अकस्मात ज्वाला थला परी । खलङ्गामा डाक्टर थिएनन् । अस्पताल भूतवंगला जस्तो थियो । गाउँलेले जङ्गलका जडीबुटी, झारपात पिसेर खुवाए तर बीसको उन्नीस भएन (पृ. ११५) ।" यसरी माथि उल्लेखित घटनाक्रम, भनाइ र वाक्यांशले गर्दा यो उपन्यास कौतूहलपूर्ण छ ।

## ५.७ ज्वाला उपन्यासमा द्वन्द्व

ज्वाला उपन्यासमा द्वन्द्वको सबल प्रयोग भएको छ । उपन्यासमा देखापर्ने द्वन्द्वलाई मान्छेका बाहृय जीवनमा आइपर्ने बिसङ्गतिका कारणले दुबैका बैमनस्य जन्माउने द्वन्द्व, मान्छे मान्छे सँगका विषमताका कारणले दुबैमा बैमनस्य जन्माउने द्वन्द्व, मान्छेको आफै भित्र देखापर्ने द्वन्द्व गरी तीन तहमा विभाजन गरिएको हुन्छ । यस उपन्यासमा पनि तीनै तहका द्वन्द्वको प्रयोग भएको पाइन्छ ।

ज्वाला उपन्यासकी ज्वालामा देखापरेको द्वन्द्व मान्छे मान्छेसँगका विसमताका कारणले दुबैमा बैमनस्य जन्माउने द्वन्द्व हो । ज्वालाका सम्पूर्ण परिवारलाई शाहीसेनाले निर्मम तरिकाले हत्या गरेपछि निरङ्कुश शाही सत्ताप्रति उसको द्वन्द्व रहन्छ । दीनाको पितृसत्तात्मक नेपाली समाज प्रतिको द्वन्द्व रहेको छ । उसले लोग्ने मानिसले स्वास्नी मानिसप्रति गर्ने अन्याय, अत्याचारको विरूद्धमा द्वन्द्व गरेकी छे । रात दिन रक्सी पिएर दीनालाई श्रीमान्ले कुट्दा लोग्ने स्वास्नीका बिचमा ठूलो द्वन्द्वको सृजना भएको छ । चाँदनीको कोठामा जर्नेल पसी चाँदनीलाइ बलात्कार गर्दा त्यहाँ द्वन्द्वको सृजना भएको छ । दीनासँग सँगै हिडेको मान्छेले दीनाको छातीमा हात लैजाँदा द्वन्द्व भएको छ ।"एकदिन ज्वाला कार्की गाउँ जान लाग्दा हिँड्दा हिँड्दै बीच बाटोमा मण्डलेका फेला परी । मण्डलेले ज्वालालाई बलात्कार गर्न खोज्यो । ज्वालाले साथमा भएको सानो पिस्तोल झिकेर उसको छातीमा एक राउण्ड गोली हानी । ऊ त्यहीँ सोत्र्यान पर्‍यो । देख्ने कोही थिएन । ज्वाला बाटो छोडेर जङ्गलै जङ्गल फर्की (पृ.९२)।" यसरी यस उपन्यासमा द्वन्द्वको प्रशस्त मात्रामा प्रयोग भएको छ । समग्ररूपमा उपन्यास नै माओवादी जनयुद्धकालीन परिवेशलाई समेटेर लेखिएकोले द्वन्द्व हुनु स्वभाविक नै रहन्छ ।

## ५.८ ज्वाला उपन्यासको रूपविन्यास

ज्वाला उपन्यास कवि तथा उपन्यासकारका रूपमा परिचित रामचन्द्र भट्टराईद्वारा लेखिएको हो । यो उपन्यासको प्रकाशन वि.स.२०६४ साल चैत २४ मा भएको हो ।[१६] लेखकस्वयम् कै प्रकाशकत्त्वमा प्रकाशित यो उपन्यासको मुद्रण प्रतिक अपसेट प्रेस बुटवलबाट भएको हो । आवरणमा अमर पौडेल र आवरण तस्विरमा लेखनाथ सजग रहेका छन् । यस उपन्यासको मूल्य रू.१०० राखिएको छ ।उपन्यासको मुख पृष्ठ अथवा वाहिरी गातामा माओवादी जनयुद्वको शैनिक पोसाक लगाएकी, सानो बच्चालाई कोखिलामा उचालेकी बन्दुक रझोला भिरेकी एक जना महिलाको चित्र छ , साथै विहानको लाली किरण छर्दै सूर्य उदाएको रातो दृश्य देखाइएको छ जसले क्रान्तिको सङ्केत गरेको छ साथै देशमा क्रान्ति गरेर नौलो विहानी ल्याउने आशामा ती महिला हिडेको आभाष हुन्छ । यो उपन्यास जम्माजम्मी २० भाग तथा १२० पृष्ठमा संरचित छ । यो उपन्यासले राष्ट्रियताको दुरावस्था, निरङ्कुश शासन प्रणालीप्रतिको विद्रोह र स्वतन्त्रता प्राप्तिको लडाइँ मा हुन सक्ने देशभक्तहरूको वलिदानलाई प्रस्तुत गरेको छ । २० भागमा विभाजित यस उपन्यासका न्युनतम २ पृष्ठदेखि अधिकतम १७ पृष्ठसम्मका भागहरू रहेका छन् ।

## ५.९ निष्कर्ष

उपन्यास शून्यमा सिर्जना हुन सक्दैन । जुन सामजका पात्रहरूद्वारा घटनाहरू घटित हुन्छन्, त्यसै समाजको भौतिक तथा भावनात्मक परिवेशले उपन्यासको सत्यपनको सिर्जना

[१६] रामचन्द्र भट्टराई, ज्वाला, बुटवल: ले.स्व.२०६४

गरी विश्वसनीयतामा अभिवृद्धि गर्दछ । वस्तु जगत्मा विभिन्न घटनाहरूलाई चलायमान बनाउनको लागि आउने पात्रका आफ्नै अवस्था र परिस्थितिहरू हुन्छन् तर सो परिस्थितिको निर्माण गर्ने कार्यमा तत्कालीन समयले अहम् भूमिका निर्वाह गर्दछ । यसरी उपन्यासमा प्रयुक्त हुने स्थान समय र पात्रको सामाजिक र मानसिक अवस्था आदिको संयोजनलाई नै देश, काल, वातावरण र परिवेश वा कार्यपीठिका भनी नामाकारण गरिएको पाइन्छ । परिवेश अन्तर्गत समेटिन आउने स्थान, समय, रीतिरिवाज, रहनसहन, भेषभूषा, विचार, चिन्तन तथा प्राकृतिक पृष्ठभूमि सबैलाई दृष्यात्मकताका आधारमा आन्तरिक र बाह्रय गरी दुबै भागमा विभाजन गर्न सकिन्छ । आन्तरिक परिवेश अन्तर्गत पात्रका मनोलोकमा देखिन आउने डर, त्रास, पीडा, क्रोध, रीस, हासो, उत्तेजना, निराशा, चिन्ता जस्ता कुराहरू पर्दछन् । बाÞय परिवेशलाई प्राकृतिक वा धरातलीय, सामाजिक साँस्कृतिक आदि भागमा उपविभाजन गर्न सकिन्छ ।

हिमालय, तराई, बाटो, ओराली, देउराली, घरआँगन, बारी, बगैँचा, गरिबी, समानता, वर्गीय विभाजन र द्वन्द्व आदि कुराहरू सामाजिक परिवेश हुन् । त्यसै गरी उपन्यासले बहन गरेको सम्पूर्ण समय र त्यस भित्रको योगलाई कालिक परिवेश मान्न सकिन्छ । यसरी उपन्यासमा देखिन आउने सामाजिक, साँस्कृतिक, कालिक र मानवजगत्का सम्पूर्ण परिवेश समय र त्यस भित्रको योगलाई कालिक परिवेश मान्न सकिन्छ । त्यस्तै उपन्यासमा राजनीतिक विचार धारा र चिन्तन पनि परिवेशको रूपमा आउन सक्छ । यस उपन्यासको परिवेश पनि राजनीतिक चिन्तनका साथै सामाजिक पृष्ठभूमि हो । विचार आदानप्रदान गर्ने माध्यम भाषा

भएकोले उपन्यासमा उपयुक्त भाषाको आवश्यकता पर्दछ । भाषिक कलाको अभिव्यक्ति गर्नका लागि शकैलीको पनि आवश्यकता पर्दछ । शैली उपन्यासको त्यो गहना हो जसले निर्धारित लक्ष्य प्राप्ति सम्मको यात्रामा  सौन्दर्यको अभिवृद्धि गर्दछ । हरेक स्रष्टाको आफ्नै शैलीगत विशिष्टता रहन्छ । कुनै पनि उपन्यासको शैली विश्लेषण गर्नका लागि उपन्यासमा प्रयुक्त भाषाको प्रयोगगत ढाँचा र संरचक अवयवहरूको संयोजनगत ढाँचालाई हेर्नु जरूरी हुन्छ ।

उद्देश्य वा विचार र दृष्टिबिन्दु पनि उपन्यासका आवश्यक तत्त्व रहेका छन् । उपन्यासका माध्यमबाट लेखकले जीवन र जगतसम्बन्धी दिन खोजेको अभिव्यक्ति नै वास्तवमा उपन्यासको उद्देश्य हो । समाजमा रहेका वास्तविकताहरूलाई आफूमा समाहित गर्दै व्यक्ति र समाजका अन्तरकुन्तर सम्म पुगेर जीवन र जगत सम्बन्धी व्यापक दृष्टिकोण तय गर्नु नै वास्तवमा आजका उपन्यासको उद्देश्य रहेको पाइन्छ । उपन्यासमा सर्जकले कथानक, पात्र, परिवेश आदिको वर्णन गर्नका लागि रोजेको कथनभूमि वा स्थान नै दृष्टिबिन्दु हो । कुनै उपन्यास कसको हो ? त्यसलाई पाठकसामु वर्णन गर्ने वाचक को हो ? र उसले कसरी भनिरहेको छ भन्ने कुरानै दृष्टिबिन्दु हो । दृष्टिबिन्दुलाईं प्रथमपुरूष वा आन्तरिक र तृतीय पुरूष वा बा्य भनी वर्गीकरण गर्न सकिन्छ । प्रथम पुरूष दृष्टिबिन्दु पनि केन्द्रीय र परिधीय हुन्छन् भने तृतीय पुरूष दृष्टिबिन्दु सर्वज्ञ र सीमित हुन्छन् ।

प्रस्तुत शोधपत्रको यस अध्यायमा ज्वाला उपन्यासमा रहेको परिवेश, उद्देश्य, विचार, भाषाशैलीको बारेमा चित्रण गरिएको छ । ज्वाला उपन्यासमा २०१७ साल पछि २०६२ साल सम्मको नेपालको समसामयिक राजनीति, सामाजिक, आर्थिक अवस्था र उक्त समयावधीभित्र जनताले भेल्नु परेका दु:ख पीडालाई परिवेश बनाइएको छ । २०१७ साल देखि २०६२ साल सम्मको समयावधिको राजनीतिक घटना र त्यस राजनीतिक घटनाभित्र भएगरेका सम्पूर्ण क्रियाकलाप, घटना नै यस उपन्यासको मूल कथानक बनेको छ ।

उपर्युक्त परिवेशमा रचित उपन्यासको उद्देश्य रहेको छ समाजमा रहेका सबै प्रकारका अन्याय र अत्याचारको अन्त्य गर्नु । शोषक, जाली, फटाहा र सामन्ती विरूद्ध लडाइँ  गरी समुन्नत नेपालको निर्माण गर्नु, अन्याय र अत्याचारमा पिल्सिएका गरिब, दु:खी, असहाय व्यक्तिलाई न्याय दिलाउनु र उनीहरू स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको खोजी गर्नु नै ज्वाला उपन्यासको मुख्य उद्देश्य रहेको छ ।

ज्वाला उपन्यासमा प्रयोग भएको भाषाशैली पनि पात्र अनुकूल सुहाउँदो किसिमको छ । सरल भाषाशैलीमा ज्वाला उपन्यास रचित छ । कतैकतै हिन्दी तथा काव्यात्मक भाषाशैली र संवादको पनि प्रयोग गरिएको छ जुन पात्रसङ्गत नै रहेको छ । यस उपन्यासमा बाÞय, तृतीय पुरूष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यसरी समग्रहमा भन्दा यस उपन्यासको परिवेश, उद्देश्य, भाषाशैली यथार्थ सङ्गत नै रहेको छ ।

# अध्याय छ

# शोध निष्कर्ष

## ६.१ सारसङ्क्षेप

प्रस्तुत शोधपत्र मूलत: तीन भाग तथा त्यस अन्तर्गत ६ अध्यायमा संरचित गरिएको छ । प्रारम्भिक भागअन्तर्गत मुख पृष्ठ, स्वीकृतिपत्र, शोध निर्देशकको मन्तव्य कृतज्ञताज्ञापन, विषयसूची रहेका छन् । मूलपाठ अन्तर्गत एकदेखी छ अध्यायसम्म विषय समाविष्ट छन् । त्यसै गरी अन्त्य भागमा सन्दर्भ ग्रन्थ सूची प्रस्तुत गरिएको छ ।

पहिलो अध्यायमा शोधपरिचय राखिएको छ । यसमा ज्वाला उपन्यासलाई लक्षित गरी यसका बारेमा भएका पूर्वकार्य तथा समस्याकथन र उद्देश्यलाई प्रस्तुत गरिएको छ । यस अध्यायमा प्रस्तुत शोधकार्यलाई औपचारिक स्वरूप प्रदान गरी सम्पूर्ण शोधप्रबन्धको सैद्धान्तिक ढाँचालाई प्रस्तुत गरिएको छ ।यस अध्याय अन्तर्गत **ज्वाला उपन्यासको कृतिपरक अध्ययन** विषयक शोध शीर्षक राखिएको छ । त्यस्तै ज्वाला उपन्यासमा रहेको कथानक, पात्र र चरित्र, परिवेश, उद्देश्य, विचार र भाषाशैली केकस्तो रहेको छ ? भन्ने कुरालाई समस्याकथन अन्तर्गत समेटिएको छ । शोधकार्यको उद्देश्य अन्तर्गत ज्वाला उपन्यासको कथानकको विश्लेषण गर्ने, ज्वाला उपन्यासमा रहेका पात्र तथा चरित्र चित्रणको व्याख्या विश्लेषण गर्ने, ज्वाला उपन्यासको परिवेशको व्याख्या गर्ने, यस उपन्यासको उद्देश्य र विचारको बारेमा प्रकाश पार्ने रहेको छ ।

पूर्व कार्यको समीक्षा गर्दै यस उपन्यासको बारेमा अहिले सम्म प्रयाप्त मात्रामा चर्चा परिचर्चा नभएको र यस किसिमका उपन्यासको बारेमा हालसम्म शोधकार्य नभएकोले यस उपन्यासको बारेमा शोध गर्नु आफैमा उपयोगिता मुलक, औचित्यपूर्ण र महत्त्वपूर्ण रहेको छ । पुस्तकालयीय विधिद्वारा सामग्री सङ्कलन गरी ज्वाला उपन्यासलाई उपन्यास विधा र तत्त्वका रूपमा विश्लेषण गर्नु यस शोध कार्यको सीमा रहेको छ । वर्णनात्मक विधि र उपन्यासको सैद्धान्तिक तत्त्वका आधारमा यो शोधपत्र तयार गरिएको छ ।

दोस्रो अध्यायमा उपन्यासका सैद्धान्तिक स्वरूपका बारेमा चर्चा परिचर्चा गरिएको छ । यस अन्तर्गत उपन्यासको परिचय, परिभाषा, तत्व, विकासक्रम, वर्गीकरण आदिको बारेमा विश्लेषण गरिएको छ । तेस्रो अध्यायमा ज्वाला उपन्यासमा कथानक के कस्तो रहेको छ ? त्यसका बारेमा विश्लेषण गरिएको छ । २० भागमा संरचित ज्वाला उपन्यासको प्रत्येक भागको कथावस्तुलाई क्रमिकरूपले प्रस्तुत गरिएको छ ।

चौथो अध्यायमा ज्वाला उपन्यासमा पात्र र चरित्रचित्रण कस्तो रहेको छ ? त्यसका बारेमा प्रष्ट्याइएको छ । ज्वाला उपन्यासमा रहेका प्रमुख पात्र, सहायक पात्र, गौण पात्र र अन्य पात्रहरूको चरित्रलाई चित्रण गर्ने काम यस अध्यायमा भएको छ ।

पाँचौ अध्यायमा ज्वाला उपन्यासमा परिवेश केकस्तो रहेको छ ? यस उपन्यासले केकस्ता विचार सम्प्रेषण तथा ग्रहण गरेको छ र यसको मुख्य उद्देश्य के रहेको छ भन्ने कुरालाई विश्लेषण गरिएको छ ।

छैठौं अध्यायमा शोधपत्रको निचोड प्रस्तुत गर्दै समग्र निष्कर्षलाई समावेश गरिएको छ । ज्वाला उपन्यासको कृतिपरक अध्यनबाट प्राप्त भएका तथ्यहरूलाई समग्ररूपमा यस अध्यायमा प्रस्तुत गरिएको छ ।

## ६.२ निष्कर्ष

**ज्वाला** उपन्यासका उपन्यासकार रामचन्द्र भट्टराई हुन् । उनको जन्म वि.सं १९९८ साल असोज ९ गते शनिवारका दिन पाल्पा जिल्लाको भुवन पोखरी गा.वि.स. वडा नं. ९ गोखुङ्गा झिरवास भन्ने गाउँमा भएको हो । पिता विष्णुप्रसाद भट्टराई तथा माता दुर्गादेवी भट्टराईका जेठा सुपुत्रका रूपमा उनको जन्म भएको हो । उनको न्वारनको नाम टुकराज भट्टराई हो भने वाल्यकालको नाम भुन्टे हो । उनी साहित्यिक क्षेत्रमा रामचन्द्र भट्टराई नामले परिचित छन् । उनको वाल्यकाल पाल्पाकै झिरबासमा बितेको थियो । मातापिताका पहिलो सन्तान भएको कारण घरपरिवारबाट प्रशस्त माया पाएका थिए । उनी बाल्यकालमा एकछिन पनि शान्त भएर बस्न नसक्ने चञ्चले स्वभावका थिए । सानैदेखि उनी विद्रोही र हठी स्वभावका थिए आफूले गरेका कार्यमा गौरवान्वित ठान्ने भट्टराई आ फ्नो अस्मितामा चोट पुऱ्याउने प्रयास गरेमा कडा प्रतिक्रिया जनाउने हठी स्वभाव उनमा थियो ।

गाउँकै पण्डितबाट उनले प्रारम्भिक शिक्षा हासिल गरे र एघार बर्षको उमेरदेखि अर्घाखाँची खिदिमको हरिहर पाठशाालामा अध्ययन गर्न थाले । त्यहाँ एकवर्ष पढेपछि उनलाई पढाउने गुरूको मृत्यु भयो र उनी रिडी गएर पढ्न थाले । रिडीमा साधुको ब्रम्हचार्य आश्रममा बसी केही समय पढेपछि फेरि उनी भारतको हरिद्वारमा गएर पढ्न थाले । त्यहाँबाट उनले उत्तरमध्यमा उर्त्तीण गरे त्यसपछि उनी गोरखपुर स्थित गोरखनाथ विद्यापीठमा भर्ना भएर शास्त्रीसम्मको अध्ययन पूरा गरे । यसरी उनले औपचारिकरूपमा शास्त्रीसम्मको अध्ययन पूरा गरे त्यसपछि निरन्तर स्वअध्ययनमा लागि विशिष्ट ज्ञान प्राप्त गर्दै लेखनकार्यतर्फ अघि बढे ।

वि.सं. २०१८ सालमा उनी मैंया भट्टराई सँग विवाह बन्धनमा बाँधिए । उनका तीन छोरा र दुई छोरी रहेका छन् । उनी विभिन्न पत्रपत्रिका तथा सामाजिक सङ्घसंस्था सँग आवद्ध रहेका छन् । वि.सं. २०१९ सालदेखि उनी साहित्यिक यात्रामा लागेका थिए । **भाँचेको तामा** (२०२०) नामक फुटकर कविताबाट उनले साहित्यिक यात्रा आरम्भ गरेका थिए । उनले थुप्रै फुटकर कविता, कवितासङ्ग्रह, गीतिकाव्य र उपन्यासको रचना गरेका छन् । उनका हालसम्म प्रकाशित कृतिहरूमा **हलो** (२०३९), **हृदयका फूलहरू** (२०४६), **झिङ्गे माछो** (२०४७), **आगोका फूलहरू**(२०६१), **सेतो हात्ती** (२०६४) कविता संग्रह त्यस्तै **बोई** (२०३३) गीतिकाव्य, **सुखानीको रगत** (२०४९) गीत संग्रह, **ज्वाला** (२०६४) उपन्यास आदि रहेका छन्। उनी वि.सं. २०३० सालमा राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित कविता प्रतियोगितामा प्रथम भई स्वर्ण पदक प्राप्त गरेका छन् ।

पहाडी खोलानाला, झरना र वनपाखामा उकाली ओराली गर्दै हुर्केका भट्टराई विद्यार्थी जीवनदेखि नै सिर्जनामा चलमलाउन थालेका थिए । प्रारम्भमा संस्कृत साहित्यबाट उत्प्रेरित भई कविताको पूर्वाभ्यास गर्न थालेका कवि भट्टराईको औपचारिक सृजनायात्रा वि.स. २०२० सालदेखि प्रारम्भ भएको थियो । त्यसपछि उनी निरन्तर साहित्य साधनामा लागेको पाइन्छ ।

साहित्यकार रामचन्द्र भट्टराईले २०२० सालदेखि हालसम्म करिव पाँच दशक लामो साहित्य यात्रा पूरा गरेका छन् । यस समयावधिमा उनले रचना गरेका साहित्यिक कृतिहरूलाई अध्ययन गर्दा उनी मूलत : नेपाली साहित्यमा मार्क्सवादी चिन्तन भएका प्रगतिवादी फाँटका सशक्त क्रान्तिकारी साहित्यकारको रूपमा स्थापित हुन पुगेका छन् । आधुनिक नेपाली कविताको उत्तरार्ध चरणमा प्रगतिवादी काव्य स्रष्टाका रूपमा सक्रिय भट्टराईका आजसम्म प्रकाशित कविता, गीतीकाव्य तथा उपन्यासको अध्ययन तथा विश्लेषण गर्दा मार्क्सवादी चिन्तन, प्रगतिवाद, क्रान्तिचेत तथा विद्रोहात्मक विशेषता उनका कृतिमा पाउन सकिन्छ । आफ्नो साहित्यिक रचनामा प्रगतिवादी स्वर, वैचारिकता, सुन्दर कलात्मक अभिव्यक्ति प्रस्तुत गरेका छन् । सामाजिक असमानता र शोषणप्रति तीक्ष्ण व्यङ्ग्य विद्रोह प्रकट गर्दै श्रमजीवी जनताका पक्षमा कलम चलाएका छन् । विज्ञानविरोधी चिन्तन र सिद्धान्तहरूका आडमा गरिने विभिन्न किसिमका शोषणहरूको चित्रण गर्दै नवीन गतिशील र न्याय पूर्ण समाजको आकाङ्क्षा उनका साहित्यिक कृतिमा प्रकट भएको छ ।

उनका साहित्यिक कृतिका विधागतरूपमा विशेषता केलाउँदा कविता तथा गीतिकाव्यमा पाइने विशेषता हुन् :- सामाजिक असमानता, शोषण, दमन, अन्याय, अत्याचार, उत्पीडित प्रवृतिका विरूद्ध संघर्ष गर्नु, शताब्दीयौँदेखि उत्पीडनमा पिल्सँदै आएका जनताको दासतापूर्ण मनोवृतिलाई जगाउनु, शोषणका विरूद्ध जनमनोभावना तयार पार्नु,त्यसलाई विद्रोहशील बनाई दीर्घकालीन संघर्षका अभियानमा प्रयोग गर्नु उनको विद्रोहको मुख्य प्रयोजन रहेको देखिन्छ । भट्टराईका कविताहरूमा सामन्तवाद र साम्राज्यवादको विध्वंशको चाहनामात्र होइन , एउटा न्यायपूर्ण समाज सिर्जनाको आकाङ्क्षा पनि अभिव्यक्त भएको देखिन्छ । उनका कविता तथा गीतिकाव्यले राष्ट्रिय पुनर्निर्माणको आकाङ्क्षालाई पनि अभिव्यक्त गरेको छ ।

भट्टराईका कविता तथा गीतिकाव्य देशप्रेम वा देशभिक्तका भावनाले पनि प्रयाप्त सिञ्चित छन् । उनी देशको स्वतन्त्र, सार्वभौमिकता र पसिनाबाट मत्त बनेकाहरूबाट देश दिनप्रतिदिन सङ्कटतिर फस्दै गइरहेकोमा उनलाई ठूलो चोट लागेको छ । त्यसैले भट्टराईले आफ्नो कवितामार्फत जनतालाई देश र देशमा आइलागेका सङ्कटप्रति सचेत रहन पनि आह्वान गरेका छन् । उनका अधिकांश कविताहरू स्वदेशका समस्याසँग गाँसिएका छन् । एउटा समृद्ध र सम्पन्नशील राष्ट्रको चाहना उनका कविता र गीतकाव्यमा मुखरित भएको पाइन्छ ।रामचन्द्र भट्टराईको पछिल्लो कडीका रूपमा प्रकाशित एकमात्र उपन्यास **ज्वाला** हो । विशेषत : कविको रूपमा परिचित कवि भट्टराईले पछिल्लो समयमा नेपालको समसामयिक राजनीतिक परिवेशलाई समेटेर यो उपन्यासको लेखन तथा प्रकाशन गरेका छन् । भट्टराईद्वारा लिखित उक्त एकमात्र उपन्यास ज्वालाको विभिन्न कोणबाट अध्ययन विश्लेषण गर्ने क्रममा प्रस्तुत शोधप्रबन्ध तयार हुन पुगेको छ । यस खण्डमा शोधकार्यको समग्र निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

**ज्वाला** उपन्यासको प्रकाशन वि.स. २०६४ सालमा लेखक स्वयम्कै प्रकाशकत्त्वमा भएको हो । यसको भूमिका डा.बाबुराम भट्टराईले लेखेका छन् । यो उपन्यास २० भाग तथा १२० पृष्ठमा संरचित छ । उपन्यासको शीर्षककी ज्वाला पात्र जनयुद्ध र उपन्यासकी प्रमुख नायिका हो । जजारकोट मैदे गाउँकी मगर परिवारकी ती युवती आफ्नो हेडमास्टर बाबु,

गृहिणी आमा, दाज्यू र  दिदी प्रतिक्रियावादी सत्ताद्वारा नृशंस ढङ्गले मारिदिएपछि बदलाभावले अभिप्रेरित भएर जनयुद्धमा होमिन्छे र अन्त्यसम्म नै क्रान्तिकारी आन्दोलनमा निरन्तर लागिरहन्छे । दीना पितृसत्तात्मक नेपाली समाजमा आफ्नो श्रीमान्‌को रातदिनको यातनाबाट आहत बनेर एक्लै बस्छे र उसलाई साथदिने उसका वहिनीका छोराछोरीलाई शाहीसेनाले मारेपछि त्यसको बदलाभावमा क्रान्तिमा होमिन्छे ।

चाँदनी जर्नेलको घरमा काम गर्दा जर्नेलबाट नै बलात्कृत भएपछि क्रान्तिमा होमिन्छे । कविता चरम गरिवीका कारणले बँाच्न नसक्ने अवस्थामा पुग्छे र क्रान्तिमा लाग्नुको साटो विपरित बाटो अंगाली आत्महत्या गर्न पुग्छे । गञ्जकी प्रेमिका सपनालाई सेनाले पक्राउ गरी मध्यरातमा जङ्गलमा लगेर उसैलाई खाडल खन्न लगाउँछ र बलात्कार गरेर जिउँदै खाडलमा पुरी कञ्चटमा गोली ठोकेर मार्छ । त्यसैको बदलाभावमा गञ्ज क्रान्तिमा होमिन्छ । झपट २०१७ सालदेखि २०४७ सम्मको राजनीतिमा सक्रिय हुन्छ । ३० वर्षे निरङ्कुश पञ्चायती व्यवस्था विरूद्ध कम्युनिष्ट आन्दोलन गर्छ र जीवनको उत्तरार्धमा टुहुरे पसल खोलेर कुटेखेलो गर्दै बाँकी जीवनलाई क्रान्तिमा लागेका असली क्रान्तिकारीहरूलाई ३० वर्ष लामो राजनीतिक जीवनबाट आफूले जाने बुझेका ज्ञान र अनुभव बाँड्ने काममा लगाइरहेको छ ।

झपटकी श्रीमती अरुणा उमेर छउन्जेल झपटसँगै महिलाका तर्फबाट राजनीतिमा लाग्छे । पञ्चायती व्यवस्था विरूद्ध आन्दोलन गर्दा जेल जान्छे पुलिसको यातना भोग्छे । जसले गर्दा अहिले बुढेसकालमा उठ्दै ऐया, बस्दै ऐया भन्दै जीवन रथलाई घिसारिरहेकी छे । यसरी यस उपन्यासमा आएका सबै पात्रहरू कुनै न कुनै कोणबाट प्रतिक्रियावादी राज्य सत्ताबाट पीडित छन् । अन्याय, अत्याचार, चर्को शोषण, दमनमा परेका छन् । जसको प्रतिकारस्वरूप क्रान्तिमा होमिन्छन र प्रतिक्रियावादी राज्यसत्तालाई ढलाएर सम्पूर्ण शोषित पीडित जनतालाई मुक्ति दिलाउने महान् उद्देश्य लिन्छन् ।

वि.स. २०१७ सालदेखि वर्तमान समयसम्मको राजनीतिक पृष्ठभूमि ज्वाला उपन्यासको परिवेश भएपनि मुख्य गरेर १० वर्षे जनयुद्धलाई यस उपन्यासले सफल चित्रण गरेको छ । सामन्तवादी र साम्राज्यवादी आर्थिक, राजनीतिक र साँस्कृतिक सँरचनाका विरूद्ध महान विद्रोहका रूपमा सञ्चालित सशस्त्र जनयुद्धमा देखेका, भोगेका पढेका, सुनेका र अनुभव गरेका कुराहरूको यथार्थ चित्रण यस उपन्यासले गरेको छ । क्रान्तिकारी योद्धाहरू भूमिगत रहेर के कस्तो अवस्थामा कसरी मुक्तियुद्ध लडेका थिए भन्ने कुरा स्पष्टरूपमा यस उपन्यासमा उतारिएको छ ।

२०४७ सालको परिवर्तनपछि विभिन्न दल बदलेर उनै अघिल्लो कालखण्डका पञ्चहरू बहुदलीय सत्तामा आरोहित भएर सत्ताको दुरूपयोग गरेका कारण उपेक्षित र लक्षित वर्गले आफ्नो काम र आवश्यक योजना सम्पन्न गर्न नपाउनाले विद्रोही चेतना विकास भएको कथ्य उपन्यासले प्रस्तुत गरेको छ । राजनीतिक र आर्थिक मूल्यलाई आफ्नो हातमा लिएर दुरूपयोग गर्न पल्केका स्थानीय नेता र कार्यकर्ताहरू विकृतिका प्रजनकबनेका छन । देशको समग्र सार्वभौमिकता र आर्थिक तथा प्राकृतिक स्रोतहरू, उद्योग र व्यापारका स्रोत विदेशीलाई हस्तान्तरण  गरेर मुलुकलाई विनाशतिर धकेल्ने परम्पराबाट विक्षुब्ध बनेका युवाहरू विद्रोहको मोर्चातिर जुटेका समुदायलाई माओवादी  तथा आतङ्ककारीको संज्ञा दिएर राज्यपक्षले व्यापक

सर्च अभियान सञ्चालन गरी त्यस्ता युवा तथा कार्यकर्तालाई पक्राउ गरेर कार्वाही गरेका कुराहरूलाई यथार्थरूपले यस उपन्यासमा चित्रण गरिएको छ । खल चरित्रका हातमा परेका शासनसत्ताले प्रताडना गरेपछि स्थापित सत्ताको प्रतिपक्षमा रहनेहरू विद्रोही र आतङ्कारीका नाममा परिभाषित हुँदै गएको तथ्य उपन्यासकारले प्रस्तुत गरेका छन् ।

प्रहरीका तर्फबाट आपराधिक चरित्रको अनुसन्धान नगरी सुराकीका गलत सूचनामा कारबाही गर्नाले निर्दोष मान्छेको मृत्यु हुने र प्रहरी, सेना र शासनाधिकारीहरूको आक्रमणबाट हुने मृत्युको भयावह स्थिति गाउँदेखि सहरसम्म विस्तार भएको कुरा उपन्यासले प्रस्तुत गरेको छ । वैचारिक र भौतिक दुवै अभियानको क्रियाशीलताको कारणले असङ्गठित जनसमुदाय क्रमश : सङ्गठित राजनीतिक कार्यकर्ता र सैन्यदस्तामा परिणत बन्दै गएको वस्तु उपन्यासले अघि सारेको छ । माओवादी जनयुद्धका विविध पाटाहरूको यथार्थ चित्रण गरेको यस उपन्यासले बहुदलीय व्यवस्थाको स्थापना भएपछि देखिएका सामाजिक, आर्थिक विकृतिहरू र त्यसले जन्माएको जनस्तरको आन्दोलनलाई मुख्य विषय बनाएको छ । राष्ट्रियताको रक्षाका लागि सामूहिक सङ्घर्ष गर्नुपर्ने धारणा राखिएको छ ।

आफ्नो देशको स्वाभिमानबाट हाम्रो व्यक्तिगत स्वाभिमान निर्मित हुने हुनाले मान्छे जस्तै राष्ट्रपनि शोषण र दमनबाट मुक्त हुनुपर्ने दृष्टिकोण उपन्यासकारको छ । यस उपन्यासका सबै सतपात्रहरूमा समग्र मानव मुक्तिका साथै राष्ट्रप्रति गहन जिम्मेवारी बोध छ। जनताको मुक्तिका लागि लड्ने कम्युनिष्टहरूको युद्ध राष्ट्रियताको युद्ध पनि हो भन्ने धारणा उपन्यासमा आएका पात्रहरूले व्यक्त गरेका छन । यसै प्रसङ्गमा ज्वालाले निम्न अभिव्यक्ति प्रकट गर्दछे । "देशै रहेन भने न रह्यो बाँस, न बज्यो बाँसुरी हुन्छ । त्यसैले भिन्न भिन्न वादको विवादमा नअल्झिएर यतिबेला नेपाल वादका निम्ति एकजुट हुनु आवश्यक छ । मुख्य कुरा राष्ट्रिय एकता र माटोको रक्षाका लागि माटोमा मिल्न तयार हुनेकी नहुने ?"त्यसै गरी अर्को ठाउँमा "जब अन्याय, अत्याचार, चरम हुन्छ , तब मान्छे ज्यानको माया मारेर जाइलाग्न थाल्छ । जनताको त्यो आक्रोशको बाढीलाई विचारको कुलोमा पट्याएर लगाउने हो भने त्यसबाट क्रान्ति र परिवर्तनको खेती सिञ्चन गर्न सकिन्छ । हामीले आवेग र आक्रोशात्मक क्रान्किारी विचारको लगाम लगाएर लचकदार भई क्रान्तिको घोडा दमाल्न सक्यौँ भने मात्र सहिदहरूका सपना साकार पार्न सक्नेछौँ ।"

वैचारिक रूपमा यो उपन्यास निकै सशक्त र क्रान्तिकारी छ । यो नै उपन्यासको सबभन्दा सबल र महत्वपूर्ण पक्ष हो । शुरूदेखि अन्त्यसम्म सर्वहारावादी क्रान्तिप्रति पूर्ण प्रतिबद्ध र आशावादी रहनु र वस्तुवादी ढङगले राष्ट्रिय र अन्तर्राष्ट्रिय शक्ति सन्तुलनको सही आँकलन गरेर क्रान्तिको रणनीति र कार्यनीतिको सही समायोजन गर्न सक्नु उपन्यासको निकै ठूलो वैचारिक उपलब्धि हो । सशस्त्र शक्तिले सिंचित प्रतिक्रियावादी दुश्मन वर्गको मुकाबिला शोषित, उत्पीडितहरूले पनि सशक्त प्रतिरोधकै बाटो अपनाउनुपर्छ भन्ने सन्देश दीनाले आफ्नो वहिनीकी छोरी अनि छोरालाई समेत प्रतिक्रियावादी सेनाले मारेपछि आक्रोशपूर्ण ढङगले व्यक्त गरेका यी भनाईले दिन्छन । दाइ "अब म रूद्राक्षको माला होइन बन्दुक भिर्छु बन्दुक बुझ्नुभो ? यी राक्षसहरूलाई बातले हुन्न लात नै चाहिन्छ लात ।" त्यसरी नै बन्दुकमाथि विचारको नियन्त्रण चाहिन्छ भन्ने झपटको उत्तर पनि उत्तिकै सटिक र सही छ – "बन्दुकलाई परास्त

गर्न बन्दुक भिर्ने तिम्रो अठोटप्रति मेरो कत्ति पनि विरोध छैन वहिनी  तर बन्दुकलाई सिद्धान्त र राजनीतिको अधिनमा राख्न सकिएन भने त्यो भोलि आफ्नो छातीमा पड्कन सक्छ ।" क्रान्तिकारी विचारको निरन्तर विकास भैरहन जरूरी छ भन्ने कुरालाई निकै सशक्त ढङ्गले यहाँ  उठाइएको छ ।

यसरी समग्रमा भन्दा यो उपन्यासले परिवर्तन गर्नका लागि क्रान्ति गर्नुपर्छ । क्रान्तिबिना शान्ति हुँदैन । क्रान्ति अवस्यम्भावी छ । देशको आमूल परिवर्तन गर्न देशका लागि जीउ ज्यान दिने शहिद तयार हुनुपर्दछ । अन्याय, अत्याचार, शोषण र दमन सहेर बस्नु हुदैन । निरङकुशताको जरो उखेल्नु पर्दछ । स्वतन्त्र स्वाभिमानपूर्वक बाँच्न पाउनु पर्दछ । राष्ट्र र राष्ट्रियतालाई सबैले बचाउनु पर्छ भन्ने सन्देश दिन खोजेको छ । अन्त्यमा यस उपन्यासको बारेमा सोध गर्न चाहने शोधार्थीहरूका लागि निम्नलिखित सामान्य शोधशीर्षक हुन सक्नेछन् ।

–ज्वाला उपन्यासमा पात्र विधान

–उपन्यास तत्त्वका आधारमा ज्वाला

–ज्वाला उपन्यासको समसामयिक परिवेश

–प्रगतिवादी उपन्यासको कसीमा ज्वाला

# सन्दर्भ सामग्री सूची


अवस्थी, महादेव, **नेपाली कथा भाग-२**, काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

आचार्य, कृष्णप्रसाद र कृष्णप्रसाद बस्नेत, **आधुनिक नेपाली उपन्यास र कथा** ( सैद्धान्तिक विश्लेषण), काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार, २०६३ ।

आचार्य, गोविन्द प्रसाद, "रामचन्द्र भट्टराइको कवित्व र व्यक्तित्व", अप्रकाशित, शोधपत्र, स्नातकोत्तर, नेपाली केन्द्रीय विभाग, त्रि.वि.कीर्तिपुर, २०५६ ।

ओझा, रामनाथ र मधुसुदन गिरी, **शोध सिर्जना र संस्कृतकाव्यशास्त्र**, काठमाडौँ : न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०६० ।

खनाल, यदुनाथ, **समालोचनाको सिद्धान्त**, ललितपुर : साझा प्रकाशन २०४९ ।

गौतम, देवीप्रसाद, **नेपाली कथा**, काठमाडौँ : नवीन प्रकाशन, २०५४ ।

गौतम, ध्रुवचन्द्र, **अलिखित**, (चौथा‡ संस्क. ,, काठमाडौँ : साझा प्रकाशन, २०५४ ।

गौतम, रमेशप्रसाद,"वामदेव पहाडीको उपन्यास कैदी र झ्याल खानाको अध्ययन र विश्लेषण" अप्रकाशित शोधपत्र, स्नातकोत्तर नेपाली विभाग, त्रि.वि.भैरहवा बहुमुखी क्याम्पस, भैरहवा, २०६५।

घर्ती, दुर्गाबहादुर **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्र विधान**, काठमाडौँ : साझा प्रकाशन, २०६७ ।

चापागाईं, नरेन्द्र, **उपन्यास शिल्प र विश्लेषण**, विराटनगर, जानुका प्रकाशन, २०३३ ।

ढकाल, घनश्याम, **रातो आकाश**, काठमाडाँ ८, लेखक स्वयम्, २०५६ ।

थापा, हिमांशु, **सहित्य परिचय** (तेस्रो संस्क. ), काठमाडौँ : साझा प्रकाशन, २०४७।

देवकोटा, काशीराम, **आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाको कथा र उपन्यासको विश्लेषण,** काठमाडौँ : लुम्बिनी प्रकाशन ,२०६५ ।

न्यौपाने, घनश्याम, 'परिश्रमी', 'प्लेटोको परिचय र उनको कला साहित्य सम्बन्धी अवधारणा' **भैरहवा क्याम्पस जर्नल**, (वर्ष २ अङ्क २०६८ ,पृ ८) ।

न्यौपाने, नेत्रप्रसाद र नारायणप्रसाद शर्मा गैरे, **नेपाली कथा र उपन्यास सिद्धान्त र समीक्षा,** काठमाडौँ : आशिष बुक्स हाउस प्रा.लि., २०६८ ।

पराजुली, चक्रबहादुर 'माओवादी ध्वंसको क्षति र विपत्ति,' **नवयुग,**(वर्ष २१ अङ्क ७), २०६८ , पृ. ५३-५५ ।

पहाडी, वामदेव ,**कैदी र झ्यालखान**, भैरहवा, राजकुमार श्रेष्ठ, २०३६ ।

पौड्याल, कृष्णविलास, **भाषा विज्ञान र साहित्य सिद्धान्त**, काठमाडौँ : नवीन प्रकाशन, २०६६ ।

पौडेल, रमा, ''कविता पौडेलको हीरा उपन्यासको कृतिपरक अध्ययन'', अप्रकाशित शोधपत्र, रूपन्देही : भैरहवा बहुमुखी क्याम्पस, २०६९ ।

प्रधान, कृष्णचन्द्र, **नेपाली उपन्यास र उपन्यासकार**, काठमाडौँ : साझा प्रकाशन, २०५२ ।

बरई, त्रिभुवन, 'भुन्टीको भविष्य कथाको रचनाविधान,'**भैरहवा क्यापस जर्नल**(वर्ष २ अङ्क २) २०६८ ,पृ.२०-२६ ।

बरई, त्रिभुवन, 'कथाका रचनाविधानका अङ्गीभूत उपकरणहरू',**शब्दसिन्दु**, (वर्ष २ पूर्णाङ्क ६), २०६७, पृ. २०-३४ ।

बराल, ऋषिराज, **उपन्यासको सौन्दर्यशास्त्र**, काठमाडौँ : साझा प्रकाशन, २०५६ ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** काठमाडौँ : साझा प्रकाशन, २०५६ ।

बस्नेत, कल्पना, ''बोई गीतिकाव्यको कृतिपरक अध्ययन'' अप्रकाशित शोधपत्र स्नातकोत्तर नेपाली विभाग ,भैरहवा बहुमुखी क्यापस ,२०६६ ।

भट्टराई रामचन्द्र, **ज्वाला**, बुटवल ,लेखक स्वयम्., २०६४ ।

............, ........... **बोई** गीतिकाव्य , काठमाडौँ : लुम्बिनी प्रकाशन, २०४७ ।

............, ..................**सेतो हात्ती** कविता संग्रह, बुटवल: मैया भट्टराई, २०६४ ।

............, ..................**झिङ्गे माछो**, काठमाडौँ : पैरवी प्रकाशन, २०४७ ।

............, ..................**हृदयका फूलहरू**, काठमाडौँ : लहर प्रकाशन, २०४६ ।

भट्टराई, शरद्चन्द्र, **माध्यमिक नेपाली गद्याख्यान**, काठमाडौँ : ने.रा.प्र.प्र, २०५० ।

राई, इन्द्रबहादुर, **नेपाली उपन्यासका आधारहरू** दार्जिलिङ् : नेपाली साहित्य परिषद, सन. १९७४ ।

लामिछाने, यादव प्रकाश, **नेपाली कथा र उपन्यास,** काठमाडौँ : आठराई प्रकाशन, २०५४ ।

लामिछाने, यादव प्रकाश, ''आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध'', विद्यावारिधि शोधप्रवन्ध, त्रि.वि. , कीर्तिपुर ,२०६० ।

शर्मा, अमृता, **नेपाली प्रगतिवादी उपन्यास**, काठमाडौँ : विवेक सिर्जनशील प्रा.लि., २०६६ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास**, (त‡स्रा‡ संस्क. ,, काठमाडौँ : नवीन प्रकाशन, २०४० ।

शर्मा, मोहनराज, **नेपालीका केही आधुनिक साहित्यकार** (दोस्रा‡ संस्क. ,, काठमाडौँ : सहयोगी प्रेस, २०४० ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **शोधविधि** (चौथो संस्करण), काठमाडौँ : साझा

प्रकाशन, २०६६ ।

शर्मा, गीतादेवी, "भागीरथी श्रेष्ठका उपन्यासमा नारीवाद", अप्रकाशित, स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, भैरहवा, २०६७।

श्रेष्ठ, कृष्णदास, **मार्क्सवादका अभिन्न अङ्गहरू,** काठमाडौं : प्रगति प्रकाशन, २०४५ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको इतिहास,** काठमाडौं : प्रगति प्रकाशन, २०४५ ।

सिंह अभिनव राज, 'जापानी सैनिकहरूको देशभक्ति'**कान्तिपुञ्ज,** तेस्रो मुखपत्र, (वर्ष ३ अङ्क ३) २०६६, पृ. ७३-७४ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** वाराणसी, भूमिका प्रकाशन, २०५३ ।

सुवेदी, श्रमिक धनप्रसाद, **नेपाली उपन्यासमा आञ्चलिकता**, खोटाङ, यादेवी ढकाल, २०५६ ।